# मध्यमकालीन खर्च संरचना

(आ.व.२०८२/८३- आ.व.२०८४/८५)

लुम्बिनी प्रदेश सरकार

## लुम्बिनी प्रदेश योजना आयोग

राप्ती उपत्यका (देउखुरी), नेपाल

जेष्ठ, २०८२

# भूमिका

लुम्बिनी प्रदेश दोस्रो आवधिक योजना (२०८१/८२—२०८५/८६) लागू भई हाल दोस्रो वर्षको कार्यान्वयनमा रहेको छ। यस योजनामा उल्लिखित सोच, रणनीति र लक्ष्यहरू हासिल गर्न आवश्यक स्रोतको आकलन र सो स्रोतको कुशल विनियोजन गर्नु आवश्यक हुन्छ।यसै सन्दर्भमा, आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमहरूबीच तादाम्यता तथा सामयञ्जस्यता स्थापित गर्न मध्यमकालीन खर्च संरचना एक प्रभावकारी उपकरणको रूपमा उपयोग हुँदै आएको छ। यसले विकास कार्यक्रम तथा आयोजनाबाट अपेक्षित परिणामहरू हासिल गर्न उपलब्ध स्रोत र साधनहरूको कुशल विनियोजन गर्दै न्यायोचित वितरणको सुनिश्चितता गर्छ। साथै, यसले आर्थिक प्रणालीमा आकस्मिक रूपमा देखा पर्ने उतारचढावलाई समेत ध्यानमा राख्दै आय र खर्चको अनुमानलाई यथार्थपरक बनाउँछ। यसबाट उपलब्ध स्रोतलाई प्राथमिकताका आधारमा विनियोजन गर्दै वार्षिक बजेट निर्माण प्रक्रियालाई यथार्थपरक र नतिजामुखी बनाउन सहयोग पुऱ्याउँछ। यसबाट बजेट विनियोजन पारदर्शी हुनुका साथै वित्तीय अनुशासनमा समेत सुधार आउँछ ।फलतः यसको सकारात्मक प्रभावहरू सार्वजनिक वित्त व्यवस्थामै सीमित नरही समग्र आर्थिक र वित्तीय स्थायित्वमा पनि देखिन्छन्।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले तीनै तहका सरकारले वार्षिक बजेट तथा कार्यक्रम निर्माण र सार्वजनिक आय-व्ययको विवरण प्रस्तुत गर्दा अनिवार्य रूपमा आगामी तीन आर्थिक वर्षको स्रोत तथा खर्चको अनुमान र प्रक्षेपणसहितको मध्यमकालीन खर्च संरचनासमेत तयार गर्नुपर्ने व्यवस्था गरेको छ।साथै प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन, २०८१ ले वार्षिक राजस्व र व्ययको अनुमान तयार गर्ने क्रममा योजना आयोगले आर्थिक मामिला तथा योजना मन्त्रालयसँगको समन्वयमा आवधिक योजनाका आधारमा प्रत्येक आर्थिक वर्षमा आगामी तीन आर्थिक वर्षको समष्टिगत वित्त खाका, बजेट तथा कार्यक्रमको खाका र नतिजा खाकासहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने कानूनी प्रावधान रहेको छ।उल्लिखित कानूनी प्रावधान एवम् विगतको अभ्याससमेतका आधारमा यस **मध्यमकालीन खर्च संरचना (आर्थिक वर्ष २०८२/८३-२०८४/८५)** तयार पारिएको छ।

यस मध्यमकालीन खर्च संरचना आवधिक योजनामा उल्लिखित सोच, लक्ष्य र उद्देश्य प्राप्ति तथा क्षेत्रगत नीति, रणनीति र कार्यनीतिलाई ध्यानमा राख्दै तयार गरिएको छ। कार्यक्रम तथा आयोजनाको

प्राथमिकता निर्धारण गरी आगामी तीन आर्थिक वर्षको स्रोत र खर्चको अनुमान र प्रक्षेपणसहितको चक्रिय बजेटको रूपमा गरिएको छ। मध्यमकालीन खर्च संरचनालाई यथार्थपरक बनाउन समष्टिगत वित्त खाका, बजेट तथा कार्यक्रम खाका र नतिजा खाकाका साथै विषय क्षेत्रगत नतिजा सूचकका आधारमा मध्यमकालीन लक्ष्य निर्धारण गरी विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय प्रक्षेपण गरिएको छ। नतिजा सूचक तयार गर्दा दोस्रो आवधिक योजनाका मार्गदर्शनका साथै अर्थतन्त्रका वर्तमान र भावी परिदृश्य, सम्भावित असर तथा प्रभाव, विषय क्षेत्रगत गुरुयोजना, रणनीतिक योजना, दिगो विकास लक्ष्य आदिलाई आधार लिइएको छ। निर्धारित लक्ष्य हासिल गर्न वार्षिक विकास कार्यक्रम तथा आयोजनाको प्रभावकारी कार्यान्वयन गर्दै जानुपर्ने र अनुगमन तथा मूल्याङ्कनलाई थप सुदृढ तथा नतिजामूलक बनाउनुपर्ने विषयलाई जोड दिइएको छ।

अन्त्यमा, यस मध्यमकालीन खर्च संरचना (MTEF) तर्जुमा कार्यमा संलग्न हुनु हुने प्रदेश योजना आयोग तथा आर्थिक मामिला तथा योजना मन्त्रालयका सबै पदाधिकारी तथा कर्मचारीप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछौं। यस खर्च संरचना तयारी प्रक्रियामा निर्देशन, प्राविधिक तथा मन्त्रालयगत समितिमा संलग्न रही योगदान पुऱ्याउनु हुने सबैप्रति विशेष आभार प्रकट गर्दछौं। साथै, यो कार्य सम्पन्न गर्नका लागि बेलायत सरकारबाट प्राप्त प्राविधिक सहयोगप्रति समेत हार्दिक धन्यवाद तथा कृतज्ञता व्यक्त गर्दछौं।

**लुम्बिनी प्रदेश सरकार**
**प्रदेश योजना आयोग**
**राप्ती उपत्यका (देउखुरी), नेपाल**

# विषयसूची

**परिच्छेद १: परिचय** ........ १

१.१ पृष्ठभूमि ........ १

१.२ मध्यमकालीन खर्च संरचनासम्बन्धी कानूनी प्रावधान ........ २

१.२.१ अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को प्रावधान ........ २

१.२.२ सङ्घीय आर्थिक कार्यविधिसम्बन्धी ऐन तथा नियमावलीको प्रावधान ........ २

१.२.३ प्रदेश आर्थिक कार्यविधिसम्बन्धी ऐनको प्रावधान ........ ४

१.३ लुम्बिनी प्रदेशमा मध्यमकालीन खर्च संरचनाको अभ्यास ........ ५

१.४ मध्यमकालीन खर्च संरचनाका उद्देश्यहरू ........ ६

१.५ मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया ........ ७

१.६ प्रतिवेदनका मान्यता र सीमाहरू ........ ९

**परिच्छेद २: मध्यमकालीन खर्च संरचना** ........ १२

२.१ पृष्ठभूमि ........ १२

२.२ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति ........ १२

२.२.१ सोच ........ १३

२.२.२ लक्ष्य ........ १३

२.२.३ उद्देश्य ........ १३

२.२.४ समष्टिगत रणनीति....................................................................१४

२.२.५ विकासका संवाहक....................................................................१५

२.३ मध्यकालीन आर्थिक खाका....................................................................१५

२.४ मध्यकालीन वित्त खाका....................................................................१७

२.५ बजेट विनियोजन र बाँडफाँटको प्रक्षेपण ....................................................................२०

२.५.१ मन्त्रालय तथा निकायगत अनुमान तथा प्रक्षेपण....................................................................२०

२.५.२ दिगो विकास लक्ष्यको आधारमा अनुमान तथा प्रक्षेपण....................................................................२२

२.५.३ लैङ्गिक संकेतको आधारमा बजेट बाँडफाँट ....................................................................२४

२.५.४ जलवायु परिवर्तनको आधारमा बजेट बाँडफाँट ....................................................................२४

२.६ अन्तरसरकारी वित्त हस्तान्तरणको अनुमान र प्रक्षेपण....................................................................२५

**परिच्छेद ३: आर्थिक क्षेत्र ....................................................................२७**

३.१ कृषि, पशुपन्छी तथा मत्स्य ....................................................................२७

३.२ भूमि व्यवस्था....................................................................३६

३.३ खाद्य सुरक्षा तथा पोषण....................................................................४०

३.४ उद्योग, वाणिज्य र खानी....................................................................४२

३.५ पर्यटन....................................................................५३

३.६ वित्तीय समावेशिता तथा सहकारी....................................................................५७

**परिच्छेद ४: सामाजिक क्षेत्र** ........ ६३

४.१ स्वास्थ्य र पोषण ........ ६३

४.२ शिक्षा ........ ६९

४.३ युवा तथा खेलकुद ........ ७३

४.४ विज्ञान तथा प्रविधि ........ ७६

४.५ भाषा, साहित्य, कला र संस्कृति ........ ८०

४.६ लैङ्गिक समानता, महिला तथा बालबालिका ........ ८४

४.७ सामाजिक सुरक्षा र संरक्षण (अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, यौनिक तथा लैङ्गिक अल्पसंख्यक) ८८

४.८ समावेशीकरण, सामाजिक न्याय र समता ........ ९०

**परिच्छेद ५: पूर्वाधार विकास** ........ ९२

५.१ यातायात पूर्वाधार ........ ९२

५.२ सिँचाइ ........ ९७

५.३ जल उत्पन्न प्रकोप व्यवस्थापन ........ १०१

५.४ खानेपानी तथा सरसफाइ ........ १०५

५.५ ऊर्जा ........ १०८

५.६ सूचना तथा सञ्चार ........ १११

५.७ ग्रामीण तथा सहरी विकास ........ ११५

**परिच्छेद ६: वन तथा वातावरण क्षेत्र ........ १२०**

६.१ हरित अर्थतन्त्र ........ १२०

६.२ वन व्यवस्थापन ........ १२२

६.३ जलाधार क्षेत्र संरक्षण ........ १२६

६.४ जडीबुटी र कृषि वन ........ १२९

६.५ जलवायु परिवर्तन ........ १३१

६.६ मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन ........ १३३

**परिच्छेद ७: शासकीय प्रबन्ध र सुशासन क्षेत्र ........ १३८**

७.१ शासकीय सुधार ........ १३८

७.२ भ्रष्टाचार निवारण र सुशासन ........ १४०

७.३ शान्ति, सुरक्षा र सुव्यवस्था ........ १४२

७.४ मानव संसाधन विकास ........ १४३

**परिच्छेद ८: अन्तरसम्बन्धित विषय क्षेत्र ........ १५१**

८.१ तहगत एवं अन्तरनिकाय समन्वय र सहकार्य ........ १५१

८.२ गरिबी निवारण ........ १५३

८.३ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ........ १५५

८.४ श्रम तथा रोजगार ........................................................................................१५९

८.५ जनसंख्या तथा बसाइँसराइ व्यवस्थापन ..............................................................१६३

**परिच्छेद ९: संवैधानिक तथा अन्य निकायहरू.......................................................................१६६**

९.१ प्रदेशसभा.....................................................................................................१६६

९.२ प्रदेश लोक सेवा आयोग ...............................................................................१७०

९.३ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सो सम्बद्ध निकायहरू.................................१७५

९.४ प्रदेश योजना आयोग.......................................................................................१८५

**अनुसूची १: विषयगत तथा निकायगत प्रमुख कार्यक्रम तथा क्रियाकलापगत विवरण.......................१९१**
**अनुसूची २ : प्रतिएकाइ लागत अनुमान..........................................................................२४९**

# परिच्छेद १ः परिचय

## १.१ पृष्ठभूमि

सीमित रूपमा उपलब्ध स्रोत-साधनको विवेकपूर्ण, परिणाममुखी र प्राथमिकताका आधारमा उपयोग गर्नु प्रभावकारी वित्तीय व्यवस्थापनको एक महत्त्वपूर्ण पाटो हो। यस उद्देश्यका लागि सरकारले दीर्घकालीन विकास लक्ष्य, आवधिक योजना, क्षेत्रगत नीति तथा रणनीतिहरू तर्जुमा गर्ने गर्दछ। निर्दिष्ट लक्ष्यहरू प्राप्त गर्न आवधिक योजना र वार्षिक बजेटबीच समन्वय आवश्यक हुन्छ।

आवधिक योजनामा उल्लिखित लक्ष्यहरूलाई थप परिणाममुखी र नतिजामुखी बनाउन बजेट स्रोतहरूको यथोचित मूल्यांकनसहित बजेट निर्माण प्रक्रिया अघि बढाउनुका साथै मन्त्रालय तथा निकायहरूको बजेट निर्माणमा सन्तुलन कायम गर्नु आवश्यक हुन्छ। यसका साथै, आर्थिक प्रणालीमा आकस्मिक रूपमा देखिने उतारचढावका कारण राजस्व प्रक्षेपणहरूमा आउने परिवर्तनलाई ध्यानमा राखी, आवधिक योजनाका लक्ष्यहरूलाई यथार्थपरक रूपमा समायोजन गरी व्यावहारिक रूपमा कार्यान्वयन गर्नुपर्ने हुन्छ।

यस सन्दर्भमा, मध्यमकालीन खर्च संरचना (Medium-Term Expenditure Framework – MTEF) वार्षिक बजेट र आवधिक योजनाबीचको तादम्यता कायम गर्ने एक उपकरण रहिआएको छ। यस खर्च संरचनाले सरकारका वार्षिक बजेट र कार्यक्रमहरूलाई दीर्घकालीन विकास लक्ष्य, आवधिक योजना, क्षेत्रगत नीति तथा विकास कार्यक्रमहरूसँग समन्वय गर्न सहयोग पुऱ्याउँछ।यसमा आगामी आर्थिक वर्षको बजेट निर्माणका साथै त्यसपछिका दुई आर्थिक वर्षहरूको सम्भावित आय-व्यय, प्रमुख कार्यक्रमहरू, र तिनबाट प्राप्त हुने अपेक्षित परिणामहरूको समग्र खाका प्रस्तुत गर्दछ। यही कारणले यसलाई "चक्रिय बजेट (Cyclical Budget)" पनि भनिन्छ।

यस संरचनाको मूल उद्देश्य योजनागत लक्ष्यहरू प्राप्त गर्न आवश्यक स्रोतहरूको स्पष्ट पहिचान, तिनको अधिकतम सदुपयोग, वार्षिक आयोजना तथा कार्यक्रमहरूको प्राथमिकता निर्धारण, पारदर्शी छनोट प्रक्रिया तथा कार्यक्रमहरूको अपेक्षित नतिजा मूल्यांकन गर्नु हो। साथै, यसले स्रोत विनियोजनलाई परिणाममुखी बनाउन, वित्तीय अनुशासन कायम राख्न र संस्थागत क्षमता अभिवृद्धिमा समेत उल्लेखनीय योगदान पुऱ्याउँछ।

## १.२ मध्यमकालीन खर्च संरचनासम्बन्धी कानूनी प्रावधान

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले संघ, प्रदेश तथा स्थानीय तहहरू सबैका लागि आगामी तीन आर्थिक वर्षसम्मको सम्भावित खर्चसहितको मध्यमकालीन खर्च संरचना तयार गर्न अनिवार्य व्यवस्था गरेको छ। त्यसैगरी, प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ ले पनि मध्यमकालीन खर्च संरचना निर्माण गर्नुपर्ने व्यवस्था गरेको छ। यस अनुरूप आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपणसहित निम्नबमोजिमका विवरण खुलाइएको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेछ :

### १.२.१ अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को प्रावधान

(क) प्रस्तावित योजनाको उद्देश्य,

(ख) प्रस्तावित योजनाको लागि सम्भाव्यता अध्ययन गर्न वा खर्च छुट्याउन आवश्यकताको पुष्ट्याइँ,

(ग) प्रस्तावित योजना कार्यान्वयन हुन सक्ने आर्थिक वर्ष र त्यसपछिका दुई आर्थिक वर्षमा प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धि,

(घ) प्रस्तावित योजना लागू गर्न आवश्यक पर्ने खर्चको विवरण,

(ङ) खर्च बेहोर्ने स्रोत र खर्च गरिएको रकमबाबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धिको प्रक्षेपण,

(च) प्रस्तावित योजनाको मध्यम अवधिको खर्चको रणनीति र त्यसको वार्षिक खर्चसँगको तादाम्यता,

(छ) सञ्चालित योजना भए गत आर्थिक वर्षमा छुट्याइएको खर्चअनुसार लक्ष्य हासिल भयो, नभएको यथार्थ विवरण।

### १.२.२ सङ्घीय आर्थिक कार्यविधिसम्बन्धी ऐन तथा नियमावलीको प्रावधान

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६ मा उल्लेख भएअनुसार राष्ट्रिय योजना आयोगले आवधिक योजनाको आधारमा प्रत्येक आर्थिक वर्षमा तीन वर्ष अवधिको मध्यमकालीन खर्च संरचनाको खाका तयार गर्नुपर्ने प्रावधान छ। यस प्रयोजनका लागि प्रत्येक मन्त्रालयले आवधिक योजना र क्षेत्रगत नीति तथा तथा योजनाको आधारमा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपणसहितको मध्यमकालीन खर्च संरचना तयार गरी राष्ट्रिय योजना आयोग र सङ्घीय अर्थ मन्त्रालयमा पठाउनुपर्ने व्यवस्था छ ।

राष्ट्रिय योजना आयोगद्वाद्वारा मध्यमकालीन खर्च संरचनाको खाका तयार गर्दा निम्न विषयहरूलाई समेट्नुपर्नेछ :

(क) आगामी तीन वर्षको समष्टिगत वित्त खाका,

(ख) बजेट तथा कार्यक्रमको खाका,

(ग) नतिजाको खाका,

(घ) प्रस्तावित आयोजना वा कार्यक्रमको क्रियाकलापगत विवरण,

(ङ)) क्रियाकलापको अनुमानित प्रतिएकाइ लागत,

(च) आयोजना वा कार्यक्रम सञ्चालनमा लाग्ने अनुमानित समय तथा सोबाबाट प्राप्त हुन सक्ने प्रतिफल खुलाई प्रत्येक आयोजना वा कार्यक्रमको प्राथमिकीकरण ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ११ मा उल्लेख भएअनुसार राष्ट्रिय योजना आयोगले मध्यमकालीन खर्च संरचनाको खाका तयार गर्दा आर्थिक अनुशासन, कार्यान्वयन क्षमता, विनियोजन कुशलता र समष्टिगत आर्थिक स्थायित्व कायम हुने गरी समष्टिगत वित्त खाका, बजेट खाका र नतिजा खाका समावेश गरी माघ मसान्तभित्र तयार गर्नुपर्नेछ । सबै केन्द्रीय निकायले राष्ट्रिय योजना आयोगबाबाट उपलब्ध खाकाको आधारमा देहायका विवरण समावेश गरी मध्यमकालीन खर्च संरचना तयार गरी फागुन मसान्तभित्र राष्ट्रिय योजना आयोग र सङ्घीय अर्थ मन्त्रालयमा पठाउनुपर्नेछः

(क) आयोजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, प्रतिएकाइ लागत, कार्यान्वयन अवधि र अपेक्षित प्रतिफल,

(ख) तीन वर्षको आयोजना वा कार्यक्रमगत अनुमानित वार्षिक विवरण,

(ग) गत आर्थिक वर्षको यथार्थ खर्च र चालू आर्थिक वर्षको विनियोजनसहितको बजेट खाका,

(घ) तीन आर्थिक वर्षमा हासिल हुने अपेक्षित प्रतिफल, असर र प्रभावसहितको नतिजा खाका ।

उपर्युक्तबमोजिम तयार गरिएको मध्यमकालीन खर्च संरचनासम्बन्धी विवरणलाई सम्बन्धित केन्द्रीय निकायले मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) मा प्रविष्ट गर्नुपर्नेछ ।

### १.२.३ प्रदेश आर्थिक कार्यविधिसम्बन्धी ऐनको प्रावधान

लुम्बिनी प्रदेशको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा ५ मा मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धमा निम्नबमोजिमका चरणहरू उल्लेख गरिएका छन्ः

(क) प्रदेश योजना आयोगले प्रदेश आर्थिक मामिला मन्त्रालयसँगको समन्वयमा आवधिक योजनाको आधारमा प्रत्येक आर्थिक वर्षमा आगामी तीन वर्षको अवधिको मध्यमकालीन खर्च संरचनाको खाका तयार गर्नुपर्नेछ,

(ख) सम्बन्धित मन्त्रालयले क्षेत्रगत नीति तथा आवधिक योजनाको आधारमा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपणसहितको मन्त्रालयगत मध्यमकालीन खर्च संरचना तयार गरी लुम्बिनी प्रदेश योजना आयोग र आर्थिक मामिला मन्त्रालयमा पठाउनुपर्नेछ,

(ग) माथि उल्लेख भएबमोजिम सम्बन्धित मन्त्रालयबाबाट क्षेत्रगत विवरणहरू प्राप्त भएपछि प्रदेश योजना आयोगले प्रदेश आर्थिक मामिला मन्त्रालयसँगको समन्वयमा प्रदेशस्तरीय मध्यमकालीन खर्च संरचना निम्नबमोजिम तयार गरिनुपर्दछ,

क) आगामी तीन वर्षको समष्टिगत वित्त खाका,

(ख) बजेट तथा कार्यक्रमको खाका,

(ग) नतिजाको खाका,

(घ) प्रस्तावित आयोजना वा कार्यक्रमको क्रियाकलापगत विवरण,

(ङ)) क्रियाकलापको अनुमानित प्रतिएकाइ लागत,

(च) आयोजना वा कार्यक्रम सञ्चालनमा लाग्ने अनुमानित समय तथा सोबाबाट प्राप्त हुन सक्ने प्रतिफल खुलाई प्रत्येक आयोजना वा कार्यक्रमको प्राथमिकीकरण ।

द्रष्टव्यः लुम्बिनी प्रदेशको आफ्नै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनमा मध्यमकालीन खर्च संरचनासम्बन्धी कतिपय प्रावधानहरू संघीय कानूनअनुसार समान भए तापनि सङ्घीय आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियमावलीका भएका अतिरिक्त प्रावधानहरू प्रदेशका लागि पनि मान्य हुनेछन्।

माथि उल्लेख गरिएबमोजिम प्रदेशको मध्यमकालीन खर्च संरचना तयारी कार्य चरणबद्ध रूपमा सम्पन्न गर्ने अभ्यास रहिआएको छ । जसअनुसार सर्वप्रथम प्रदेश योजना आयोगले मध्यमकालीन खर्च संरचनाको खाका क्षेत्रगत निकायहरूलाई उपलब्ध गराएपछि सोको आधारमा सबै क्षेत्रगत निकायले तोकिएबमोजिमका विवरण समावेश गरी आआफ्नो मध्यमकालीन खर्च संरचना प्रदेश योजना आयोगमा पठाउने व्यवस्था छ। प्राप्त क्षेत्रगत विवरणहरूलाई समेटेर यसपछि प्रदेश योजना आयोगद्वारा एकीकृत मध्यमकालीन खर्च संरचनालाई अन्तिम रूप दिइनेछ ।यसबाट स्पष्ट हुन्छ कि आगामी आर्थिक वर्षको मध्यमकालीन खर्च संरचना तयारीको प्रारम्भ चालु आर्थिक वर्षको अर्धवार्षिक लगत्तै सुरु गरी नयाँ आर्थिक वर्षका लागि प्रदेशको नीति तथा कार्यक्रम र बजेट तर्जुमा कार्यका लागि प्रत्यक्ष सघाउनुपर्ने हुन्छ । तथापि प्रदेशको मध्यमकालीन खर्च संरचना तयारी कार्य एउटा बृहद् कार्य भएकोले यसका लागि संस्थागत रूपमा आवश्यक क्षमता विकास भई समयमा नै कार्यसम्पन्न गर्ने गरी पूर्णता हासिल नहुँदासम्म तत्कालका लागि बजेट तर्जुमा सँगसँगै मध्यमकालीन खर्च संरचना तयारी कार्यहरू भई आएका छन् । आगामी दिनहरूमा मध्यमकालीन खर्च संरचना तयारी सम्बद्ध कार्यहरू समयमा नै अग्रिम रूपमा गर्ने गराउनेतर्फ प्रदेश योजना आयोग प्रयासरत रहनेछ ।

## १.३ लुम्बिनी प्रदेशमा मध्यमकालीन खर्च संरचनाको अभ्यास

नेपालमा मध्यमकालीन खर्च संरचनाको अभ्यास पहिलो पटक आर्थिक वर्ष २०५९/६० मा, दशौं योजना सुरु हुँदा गरिएको थियो। प्रारम्भमा यसलाई शिक्षा, स्वास्थ्य, कृषि, सिंचाइ, ऊर्जा, सडक तथा जलस्रोतजस्ता सीमित क्षेत्रहरूमा पाइलट रूपमा लागू गरिएको थियो।आर्थिक वर्ष २०६२/६३ देखि २०६५/६६ को अवधिमा यस अभ्यासलाई क्रमशः सबै मन्त्रालयहरूमा विस्तार गरियो र वार्षिक बजेट निर्माण प्रक्रियासँग समायोजन गरिएको थियो। आर्थिक वर्ष २०६६/६७ देखि यसलाई औपचारिक रूपमा संस्थागत गर्दै अर्थ मन्त्रालयबाट जारी हुने बजेट निर्देशिकामा समावेश गरिएको

हो। स्रोत साधनको उपयुक्त वितरण, नीति अनुरूप कार्यक्रम छनोट, बजेट सीमा निर्धारण तथा कार्यक्रम प्राथमिकता निर्धारणमा मध्यमकालीन खर्च संरचना एक उपयोगी उपकरणको रूपमा प्रयोग हुँदै आएको छ।

सङ्घीयता लागू भएसँगै प्रदेश तथा स्थानीय सरकारले आफ्ना बजेट निर्माणका क्रममा मध्यमकालीन खर्च संरचना प्रयोग गर्न थालेका छन्। ती सरकारले आफ्ना योजनाका लक्ष्य तथा उद्देश्यसँग मिल्दोजुल्दो खर्च संरचना बनाउने अभ्याससमेत गर्दै आएका छन्।

लुम्बिनी प्रदेशले नेपालको संविधान, अन्तरसरकारी वित्तीय हस्तान्तरण ऐन, २०७४ र प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५(१) बमोजिम आर्थिक वर्ष २०७५/७६ देखि मध्यमकालीन खर्च संरचना तयार पार्ने अभ्यास सुरु गरेको हो। हालसम्म अर्थ मामिला मन्त्रालयको नेतृत्व र समन्वयमा छ वटा मध्यमकालीन खर्च संरचना तयार पारी कार्यान्वयन भइसकेका छन्। हालै पारित आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ अनुसार आर्थिक वर्ष २०८२/८३ देखि लुम्बिनी प्रदेश योजना आयोगको नेतृत्व र समन्वयमा मध्यमकालीन खर्च संरचना तयार गर्ने अभ्यास सुरु भएको छ। स्पष्ट कानुनी तथा नीतिगत व्यवस्था, विगतको अनुभव र अभ्यासको निरन्तरतासँगै लुम्बिनी प्रदेशमा मध्यमकालीन खर्च संरचना क्रमशः संस्थागत बन्दै गएको छ। यसको निरन्तर सुधार र प्रभावकारी कार्यान्वयनले नीति, योजना र बजेटबीचको सम्बन्धलाई सुदृढ पार्दै दीर्घकालीन विकास लक्ष्यहरू हासिल गर्न महत्त्वपूर्ण योगदान पुग्नेछ।

## १.४ मध्यमकालीन खर्च संरचनाका उद्देश्यहरू

लुम्बिनी प्रदेश सरकार दोस्रो आवधिक योजना (२०८१/८२—२०८४/८५) तयार गरी सो योजनाको दोस्रो वर्ष कार्यान्वयनमा रहेको छ। यसअनुसार, सरकारले आवधिक योजनामा उल्लिखित उद्देश्यहरू प्राप्त गर्न स्रोत विनियोजनलाई प्रभावकारी बनाउने लक्ष्य राखेको छ। सार्वजनिक खर्चलाई प्रभावकारी बनाई लक्षित नतिजा सुनिश्चित गर्नु प्रदेश सरकारको प्रमुख उद्देश्य रहेको छ। यसका लागि प्राथमिकता प्राप्त तथा बहुउपयोगी आयोजनाहरूमा स्रोतको सुनिश्चितता गर्दै आवश्यक लगानी प्रवाह गर्ने नीति लुम्बिनी प्रदेश सरकारले अवलम्बन गरेको छ। सार्वजनिक खर्च प्रणालीमा वित्तीय अनुशासन कायम राख्दै आर्थिक स्थायित्व सुदृढ गर्नु सरकारको अर्को प्रमुख प्राथमिकता रहेको छ।

यही सन्दर्भमा, यस मध्यमकालीन खर्च संरचनाको उद्देश्य निम्नानुसार रहेका छन्ः

१. आर्थिक वर्ष २०८२/८३ सहित दुई अतिरिक्त वर्षहरूको स्रोत तथा व्ययको प्रक्षेपण गर्दै कार्यक्रम छनोटमा विनियोजन कुशलता अभिवृद्धि गर्नु।

२. उपलब्ध बजेटको आधारमा मन्त्रालय/निकायगत स्तरका कार्यक्रमहरूको प्राथमिकता निर्धारण गर्नु।

३. लुम्बिनी प्रदेश योजना आयोगबाट मध्यमकालीन खर्च संरचनाको तयारीलाईआन्तरिकीकरण र संस्थागत गर्नु।

## १.५ मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया

लुम्बिनी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ अनुसार मध्यमकालीन खर्च संरचना तयार गर्ने प्रमुख जिम्मेवारी लुम्बिनी प्रदेश योजना आयोगको रहेको छ। आयोगले आर्थिक मामिला तथा योजना मन्त्रालयसँगको समन्वयमा तथा विषयगत मन्त्रालयहरूको सहभागितामा यस खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरिएको छ। यस प्रयोजनका लागि विषयगत मन्त्रालयहरूबाट प्राप्त जानकारी, विश्लेषण एवं क्षेत्रगत नीति, लक्ष्य र कार्यक्रमको आधारमा तीनवर्षीय खर्च अनुमान एकीकृत गर्दै लुम्बिनी प्रदेश योजना आयोगको संयोजनमा यस खर्च संरचना तयार पारिएको छ।सोअनुरूप, यस खर्च संरचनामा आर्थिक वर्ष २०८२/८३ को अनुमान तथा त्यसपछिका दुई आर्थिक वर्षहरू क्रमशः २०८३/८४ र २०८४/८५ सम्मको खर्च प्रक्षेपण समावेश गरिएको छ।

यो प्रतिवेदन विभिन्न चरण र प्रक्रियाहरू पार गर्दै तयार पारिएको हो। प्रतिवेदन तयारीको सिलसिलामा चरणबद्ध रूपमा विभिन्न समितिहरू गठन र तिनै समितिहरूद्वारा सम्पन्न गरिएका कार्यहरूको समन्वयमार्फत यो प्रतिवेदन तयार पारिएको छ ।यस सन्दर्भमा निम्नुसार समितिमार्फत यस खर्च संरचना तयार पारिएको छ ।

**(क) स्रोत अनुमान समिति**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ अनुसार लुम्बिनी प्रदेश योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा स्रोत अनुमान समिति रहने व्यवस्था छ। समितिको कार्यदिशमा सङ्घीय अनुदान, राजस्व बाँडफाँट, आन्तरिक राजस्वलगायत समग्र आर्थिक रूपरेखा निर्माण गर्ने जिम्मेवारी समावेश गरिएको छ। उक्त समितिले समग्र आर्थिक खाका, आगामी वर्ष र त्यसपछिका दुई वर्षका स्रोत अनुमान तथा खर्चको प्रक्षेपण गरेको थियो। त्यसअनुरूप, समितिले विभिन्न मन्त्रालय तथा निकायहरूको आगामी वर्षको बजेट सीमा निर्धारण गर्दै सो अनुरूप बजेट माग गर्ने व्यवस्था गरेको थियो। यसका साथै, त्यसपछिका दुई वर्षमा माग हुने बजेट अनुमानसहितको विवरण पेस गर्ने व्यवस्था गरिएको थियो। मन्त्रालय तथा निकायहरूले सोबमोजिम कार्यक्रमसहितको विवरण आर्थिक मामिला तथा योजना मन्त्रालयमा पेस गरेका थिए। सो माग र उपलब्ध स्रोतको आधारमा आगामी तीन वर्षको बजेट खाका तयार गरिएको थियो।

### (ख) निर्देशन समिति

मध्यमकालीन खर्च संरचना तयार गर्ने क्रममा अन्तर मन्त्रालय तथा अन्तर निकायबीच प्रभावकारी समन्वय कायम गर्न विभिन्न मन्त्रालयहरूबाट प्रतिनिधित्वसहित निर्देशन समिति गठन गरिएको छ । समितिको प्रमुख उद्देश्य विभिन्न मन्त्रालयहरूबीच समन्वय स्थापना गर्नुका साथै आवश्यक परामर्श, सूचनाको आदानप्रदान, तथ्याङ्क सङ्कलन तथा मन्त्रालयीय तहमा कार्यान्वयनका लागि आवश्यक समन्वय र मार्गनिर्देशन प्रदान गर्नु रहेको छ।यसका साथै, मध्यमकालीन खर्च संरचना तयार गर्ने प्रयोजनका लागि गठन गरिएको प्राविधिक समितिलाई समय समयमा आवश्यक निर्देशन, मार्गदर्शन तथा अनुगमन गर्नु पनि यस निर्देशन समितिको कार्यदिश रहेको छ।

### (ग) प्राविधिक समिति

मध्यमकालीन खर्च संरचना प्रतिवेदन तयार पार्न आवश्यक तथ्याङ्क सङ्कलन, प्रशोधन तथा विश्लेषण गर्ने उद्देश्यले प्राविधिक समिति गठन गरिएको छ। प्रदेश योजना आयोगको समन्वयतर्फ विभिन्न मन्त्रालयहरूको प्रतिनिधित्व रहने गरी समिति गठन गरिएको छ।यस समितिले मौजुदा नीतिगत तथा कानुनी व्यवस्थासमेत ध्यानमा राख्दै प्रविधिक पक्षहरूको विश्लेषण गर्ने कार्य गरेको छ।सोही अनुरूप

विभिन्न मन्त्रालयबाट प्राप्त विवरणहरूलाई एकीकरण गर्दै यस मध्यकालीन खर्च संरचनाको खाका तयार गरिएको थियो।

**(घ) मन्त्रालयगत समिति**

लुम्बिनी प्रदेश योजना आयोगको निर्देशनमा मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने जिम्मेवारी तथा यसको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक तथ्याङ्क संकलन, विश्लेषण र समन्वयको व्यवस्था गरिएको छ। यस प्रयोजनका लागि मन्त्रालयगत रूपमा आवश्यक पर्ने तथ्याङ्कको विश्लेषण, चालु आर्थिक वर्षमा कार्यान्वयनमा रहेका कार्यक्रमहरूको अवस्था, वित्तीय तथा भौतिक प्रगति, साथै आगामी बजेट वर्ष र त्यसपछि थप दुई वर्षका लागि स्रोतको अनुमान गर्ने कार्य मन्त्रालयको योजना शाखाको नेतृत्वमा **मन्त्रालयगत समिति** गठन गरिएको थियो। यस समितिले आवधिक योजनामा निर्दिष्ट लक्ष्य र हालको प्रगति अवस्था, कार्यक्रम कार्यान्वयनका प्रमुख समस्या, चुनौती तथा अवसरहरूको सम्बन्धमा समेत कार्यक्रमगत रूपमा विवरण सङ्कलन गरी विश्लेषण गरेपछि प्राविधिक समितिलाई उपलब्ध गराएको थियो।

## १.६ प्रतिवेदनका मान्यता र सीमाहरू

विगत वर्षहरूमा मन्त्रालय तथा निकायगत आधारमा तयार मध्यमकालीन खर्च संरचना प्रस्तुत हुँदै आएकोमा यस वर्षदेखि आवधिक योजनाको संरचना अनुरूप विषयगत आधारमा तयार गरिएको छ। यसबाट उपलब्ध स्रोत कुन क्षेत्रमा विनियोजन भएको छ र त्यसबाट कस्तो उपलब्धि हासिल हुन सक्छ भन्ने मूल्यांकन गर्न सहज हुनेछ। परिणामस्वरूप, स्रोत विनियोजनलाई आवधिक योजनाका लक्ष्य अनुरूप प्राथमिकता निर्धारण गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। यस प्रकारको परिमार्जनका लागि शीर्षगत रूपमा खर्च विवरणको अभाव रहन गएको छ। यस प्रतिवेदनका सीमा र मान्यताहरू निम्नानुसार रहेका छन्।

१. नेपाल सरकारबाट प्राप्त हुने विभिन्न प्रकारका अनुदान तथा स्रोतहरू पहिचान गर्न तथ्यांकको अभावका कारण सबै स्रोतहरू प्रदेश सरकारअन्तर्गत प्रस्तुत गरिएको छ। आगामी दिनमा आवश्यक तथ्यांक संकलन गरी यसलाई परिमार्जन तथा समायोजन गरिनेछ।

२. आवधिक योजनामा उल्लिखित कतिपय विषयहरूसँग मेल खाने मन्त्रालयगत बजेट शीर्षक नदेखिएको अवस्थामा, योजनाका विषयवस्तुहरूलाई समेट्दै सम्बन्धित शीर्षकहरूसँग समायोजन (merge) गरी प्रस्तुत गरिएको छ ।आगामी दिनमा आवधिक योजनाका विषयवस्तुहरूलाई सम्बोधन गर्न सक्ने गरी कार्यक्रमहरू तयार गर्नु आवश्यक देखिन्छ।

## १.७ प्रतिवेदनको संरचना

यस प्रतिवेदनलाई निम्नानुसार ९ वटा परिच्छेदहरूमा विभाजन गरिएको छ।

| | |
|---|---|
| प्रथम परिच्छेद | **मध्यमकालीन खर्च संरचनाको पृष्ठभूमि, यसका उद्देश्य, आवश्यकता र औचित्य, तथा प्रतिवेदन तयारीको प्रक्रिया र विधि** |
| दोस्रो परिच्छेद | समष्टिगत लक्ष्य, वित्तीय खाका राजस्व बाँडफाँट, नेपाल सरकारबाट प्राप्त हुने अनुदान, आन्तरिक राजस्व तथा आन्तरिक ऋण परिचालनको अवस्थाका आधारमा वित्तीय स्रोतको समग्र अनुमान तथा प्रक्षेपण, बजेटः खाका क्षेत्रगत तथा निकायगत, लैङ्गिक, जलवायु परिवर्तन तथा दिगो विकास लक्ष्य संकेत आधारमा खर्चको आकलन र प्रक्षेपण |
| तेस्रो परिच्छेद | आर्थिक क्षेत्रअन्तर्गत कृषि, भूमि ब्यवस्था, उद्योग, वाणिज्य, खनिज, पर्यटन, सहकारी तथा वित्तीय समावेशितासम्बन्धी विषयवस्तु |
| चौथो परिच्छेद | सामाजिक क्षेत्रअन्तर्गत स्वास्थ्य, पोषण, शिक्षा, युवा तथा खेलकुद, विज्ञान तथा प्रविधि, भाषा, साहित्य, कला तथा संस्कृति, लैंगिक समानता, महिला तथा बालबालिका, सामाजिक सुरक्षा तथा संरक्षण, समावेशीकरण, सामाजिक न्याय तथा समानतासम्बन्धी विषयवस्तु |
| पाँचौं परिच्छेद | यातायात पूर्वाधार, सिंचाइ, जल उत्पादन, प्रकोप व्यवस्थापन, खानेपानी तथा सरसफाइ, ऊर्जा, सूचना तथा सञ्चार, ग्रामीण तथा शहरी विकास लगायतका भौतिक पूर्वाधारसँग सम्बन्धित विषयवस्तु |
| छैठौं परिच्छेद | वन तथा वातावरण, हरित अर्थतन्त्र, वन व्यवस्थापन, जैविक विविधता संरक्षण, जलाधार क्षेत्र संरक्षण, जडीबुटी तथा कृषि वन, जलवायु परिवर्तन, तथा मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन |
| सातौं परिच्छेद | प्रशासनिक सुधार, भ्रष्टाचार निवारण, सुशासन, शान्ति, सुरक्षा तथा सुव्यवस्था, मानव संसाधन विकास, संस्थागत स्थायित्व सुदृढीकरण |

| | |
|---|---|
| आठौं परिच्छेद | तहगत एवं अन्तरनिकाय समन्वय तथा सहकार्य, गरिबी निवारण, विपद् जोखिम न्यूनीकरण, श्रम तथा रोजगार, जनसंख्या तथा बसाइँसराइ व्यवस्थापन |
| नवौं परिच्छेद | प्रदेशअन्तर्गतका संवैधानिक तथा अन्य निकायहरू, जस्तै प्रदेशसभा सचिवालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मुख्य न्यायाधिवक्ताको कार्यालय, प्रदेश लोक सेवा आयोग, प्रदेश योजना आयोग, प्रदेश पूर्वाधार विकास प्राधिकरण |
| **अनुसूची** | १. क्षेत्रगत अधारमा क्रियाकलात्मक विवरणसहित मुख्य कार्यक्रमहरू<br>२. एकाइ लागत अनुमान |

# परिच्छेद २: मध्यमकालीन खर्च संरचना

## २.१ पृष्ठभूमि

लुम्बिनी प्रदेश **"समृद्ध लुम्बिनीः खुसी नागरिक"** भन्ने सोचसहित समग्र आर्थिक तथा सामाजिक विकासतर्फ अग्रसर रहेको छ। यस लक्ष्य प्राप्तिका लागि विभिन्न राष्ट्रिय तथा प्रदेशस्तरीय दीर्घकालीन र आवधिक योजना, नीति तथा कानुनी प्रावधानहरूले आवश्यक मार्गनिर्देशन प्रदान गरेका छन्। प्रदेशको आवधिक योजनाले उक्त सोचलाई आत्मसात् गर्दै औद्योगिकीकरण, कृषि क्षेत्रको आधुनिकीकरण, पूर्वाधारको सुदृढीकरण, व्यापार तथा पर्यटन प्रवर्द्धनमा विशेष प्राथमिकता दिएको छ। सामाजिक समावेशिता र न्यायको प्रत्याभूति सुनिश्चित गर्दै महिला, दलित, सीमान्तकृत तथा विपन्न समुदायहरूको सशक्तीकरणलाई केन्द्रीय प्राथमिकतामा राखिएको छ। साथै, जलविद्युत्, जैविक कृषि र हरित प्रविधिको प्रवर्द्धनमार्फत वातावरणमैत्री तथा दिगो विकास गर्ने परिकल्पना गरिएको छ। उक्त उद्देश्यहरू हासिल गर्न विकास लक्ष्यहरूका साथै आवश्यक नीतिहरू र रणनीतिहरू तय गरिएको छ।

योजनामा निर्दिष्ट लक्ष्यहरू पूरा गर्न उपलब्ध स्रोतको प्रभावकारी विनियोजन गर्नु आवश्यक हुन्छ। यसका लागि आवधिक योजनामा उल्लिखित लक्ष्य प्राप्तिका निम्ति वार्षिक बजेटलाई सोही अनुरूप समायोजन गर्नुपर्ने आवश्यकता रहन्छ। यस सन्दर्भमा, आवधिक योजनालाई वार्षिक बजेटसँग जोड्ने चक्रीय बजेटको रूपमा यस मध्यमकालीन खर्च संरचना तयार पारिएको छ।

यस मध्यमकालीन खर्च संरचना तयारीमा सङ्घीय सरकारको सोह्रौं योजना (२०८१/८२-२०८५/८६), लुम्बिनी प्रदेशको दीर्घकालीन रणनीतिक योजना (२०७९/८०-२०८८/८९) र दोस्रो आवधिक योजना (२०८१/८२-२०८५/८६) मुख्य मार्गदर्शकका रूपमा रहेका छन् । यसै अनुरूप, यस खर्च संरचनामा समष्टिगत आर्थिक खाका, वित्तीय खाका तथा क्षेत्रगत रूपमा आगामी बजेट वर्ष २०८२/८३ को अनुमानसहित त्यसपछि क्रमशः २०८३/८४ र २०८४/८५ का प्रक्षेपणहरू प्रस्तुत गरिएको छ। यी अनुमान तथा प्रक्षेपणलाई वास्तविक अवस्था प्रतिविम्बित हुने गरी विद्यमान अवस्थाको चित्रण गरिएको छ। त्यसअनुरूप, आर्थिक वर्ष २०८०/८१ को वास्तविक अवस्था तथा आर्थिक वर्ष २०८१/८२ को संशोधित अनुमानसमेत प्रक्षेपित खाकासँगै प्रस्तुत गरिएको छ।

## २.२ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति

लुम्बिनी प्रदेशको मध्यमकालीन खर्च संरचना तयारीका लागि दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य तथा रणनीति तय गर्दा सङ्घीय सरकारको सोह्रौं योजना (२०८१/८२-२०८५/८६) को सोच, लक्ष्य, उद्देश्य तथा रणनीतिलाई पनि विचार गरिनुपर्दछ।

यसैगरी हाल कार्यान्वयनमा रहेका दीर्घकालीन रणनीतिक योजना (२०७९/८०-२०८८/८९) द्वारा निर्धारित सोच, लक्ष्य, उद्देश्य तथा रणनीति र सोमा दोस्रो आवधिक योजना (२०८१/८२-२०८५/८६) मा निर्दिष्ट गरिएका सोच, लक्ष्य, उद्देश्य तथा रणनीतिसँग तादात्म्यता हुने गरी यस मध्यमकालीन खर्च संरचना तयार पारिएको छ ।

### २.२.१ सोच

यस खर्च संरचनाको मूल सोच **"समृद्ध लुम्बिनीः खुसी नागरिक"** रहेको छ।

### २.२.२ लक्ष्य

यस मध्यमकालीन खर्च संरचनाको मूल लक्ष्य **"दिगो र समावेशी आर्थिक विकाससहितको सामाजिक न्यायमा आधारित समुन्नत समाज निर्माण गर्ने"** रहेको छ।

### २.२.३ उद्देश्य

मध्यमकालीन खर्च संरचनाको उद्देश्य आवधिक योजना अनुरूप निम्नानुसार रहेका छन्ः

(१) कृषि, उद्योग र पर्यटन क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्नु,
(२) गुणस्तरीय स्वास्थ्य र शिक्षामा सर्वसुलभ पहुँच सुनिश्चित गरी स्वस्थ र दक्ष मानव पुँजीको निर्माण गर्नु,
(३) सघन अन्तरआबद्धतासहितको दिगो र गुणस्तरीय पूर्वाधार विकास गर्नु,
(४) व्यावसायिक सीप र प्रविधिमा आधारित उद्यमशीलताको विकास गरी उत्पादनशील रोजगारीको सिर्जना गर्नु,
(५) सामाजिक न्यायमा आधारित समतामूलक समाजको निर्माण गर्नु,
(६) नवीनतम अभ्यास र प्रविधिको प्रयोगमार्फत सेवा प्रवाहमा पहुँच र सुशासन अभिवृद्धि गर्नु,

(७) नीतिगत र कानुनी सुधारमार्फत स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्दै उच्च तथा तीव्र आर्थिक वृद्धि हासिल गर्नु ।

### २.२.४ समष्टिगत रणनीति

योजनाको लक्ष्य एवम् उद्देश्य प्राप्त गर्न देहायबमोजिमका रणनीतिहरू अवलम्बन गरिनेछः

(१) कृषि, उद्योग, पर्यटन, पूर्वाधार, जलविद्युत् र सूचना प्रविधिजस्ता उच्च आर्थिक वृद्धिलाई टेवा पुऱ्याउने क्षेत्रमा लगानी केन्द्रित गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,

(२) सुदृढ प्रादेशिक अर्थतन्त्र निर्माणका लागि आन्तरिक आय र राजस्वको क्षेत्र एवम् दायरा विस्तार गर्ने,

(३) स्वस्थ र उत्पादनशील मानव पुँजी विकासका लागि गुणस्तरीय तथा सहज स्वास्थ्य सेवामा पहुँच र प्रविधिमैत्री, जीवनोपयोगी एवम् रोजगारमूलक शिक्षाको अवसर सुनिश्चित गर्ने,

(४) सघन अन्तरआबद्धता कायम हुने गरी रणनीतिक महत्त्वका पूर्वाधारको विकास र विस्तार गर्ने,

(५) बस्तुगत मापदण्डमा आधारित स्रोतसाधनको विनियोजन, उत्पादनशील क्षेत्रमा लगानी र खर्च गर्ने क्षमतामा वृद्धि गर्दै समग्र व्यवस्थापन क्षमतामा दक्षता हासिल गर्ने,

(६) व्यावसायिक सीप र उद्यमशीलताको विकासमार्फत रोजगारी सिर्जना गर्ने,

(७) लक्षित वर्ग एवम् समुदायको संरक्षण र सशक्तीकरणमार्फत सामाजिक न्याय तथा समता कायम गर्ने,

(८) प्रदेशले उपलब्ध गराउने सबै प्रकारका सेवामा निष्पक्षता, पारदर्शिता एवम् जवाफदेहिताको सुनिश्चितता कायम गरी सुशासन प्रत्याभूति गर्ने,

(९) विद्यमान नीति, कानुन, प्रक्रिया र संरचनाहरूमा सुधार गरी निजी क्षेत्रको लगानी एवम् साझेदारीका लागि अनुकूल वातावरण निर्माण गर्ने,

(१०) वातावरणमैत्री भौतिक पूर्वाधार विकास गर्ने,

(११) वन क्षेत्रको गुणस्तर वृद्धि एवम् कृषिमा जैविक प्रणाली अवलम्बन गर्दै हरित अर्थतन्त्रलाई सवल बनाउने,

(१२) शिक्षा, स्वास्थ्य, सार्वजनिक सेवा प्रवाह, सञ्चार, व्यवसायलगायतका सबै क्षेत्रमा सूचना प्रविधिको अधिकतम् प्रयोग गर्दै अर्थतन्त्रलाई डिजिटलाइज्ड बनाउने ।

### २.२.५ विकासका संवाहक

प्रदेशको दोस्रो आवधिक योजनाले निम्नानुसार सात वटा क्षेत्रलाई यस प्रदेशको आर्थिक समृद्धिको संवाहकको रूपमा पहिचान गरेको छ।

(१) कृषि, उद्योग र पर्यटन
(२) स्वस्थ एवम् दक्ष मानव संसाधन
(३) पूर्वाधार (अन्तरप्रदेश तथा आन्तरिक अन्तरआबद्धता)
(४) उद्यमशीलता र उत्पादनशील रोजगारी
(५) हरित तथा डिजिटल अर्थतन्त्र
(६) सेवा प्रवाह, सुशासन तथा समावेशिता
(७) सूचना प्रविधि

## २.३ मध्यकालीन आर्थिक खाका

प्रदेशको आर्थिक गतिविधिको वर्तमान अवस्था र योजनामा निर्दिष्ट लक्ष्यलाई आधार मानी आगामी तीन वर्षका लागि मध्यमकालीन समष्टिगत आर्थिक लक्ष्यहरू निर्धारण गरिएको छ।कोभिड—१९ को प्रभावका कारण केही वर्षयता समग्र अर्थतन्त्रमा संकुचन आएको अवस्था भए पनि हाल अर्थतन्त्र पुनः चलायमान हुने संकेतहरू देखिएका छन्। आर्थिक वर्ष २०७९/८० र २०८०/८१ मा आर्थिक वृद्धिदर क्रमशः १.९४ र ३.९४ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८१/८२ मा प्रदेशको आर्थिक वृद्धिदर प्रचलित मूल्यमा ४.७० प्रतिशत रहने अनुमान गरिएको छ। यसै सन्दर्भमा, योजनामा तय गरिएका आर्थिक वृद्धिको लक्ष्य र वर्तमान आर्थिक अवस्थाका आधारमा आर्थिक वर्ष २०८२/८३ तथा त्यसपछि दुई वर्षका लागि समग्र आर्थिक वृद्धि, क्षेत्रगत विकास र अन्य मुख्य सूचकहरूको अनुमान गरिएको छ। यसअनुसार मध्यमकालीन आर्थिक वृद्धि क्रमशः आर्थिक वर्ष २०८२/८३ मा ६.५ प्रतिशत, २०८३/८४ मा ७.१ प्रतिशत र २०८४/८५ मा ७.५ प्रतिशत रहने अनुमान गरिएको छ।समष्टिगत आर्थिक खाकाका अन्य सूचकहरू पनि आवधिक योजनामा निर्धारण गरिएका लक्ष्यहरू तथा हालको अवस्थालाई प्रतिविम्बित गर्ने गरी, विभिन्न सर्वेक्षणहरू र प्रतिवेदनहरूबाट प्राप्त तथ्यांकको आधारमा तय गरिएको छ। यस मध्यमकालीन खर्च संरचनाको आर्थिक खाका तालिका २.१ मा प्रस्तुत गरिएको छ।

### तालिका २.१ समष्टिगत आर्थिक खाका र मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | आ.व. २०८१/८२ आधार वर्ष | बजेट वर्ष आ.व. २०८२/८३ | पहिलो विस्तारित वर्ष आ.व. २०८३/८४ | दोस्रो बिस्तारित वर्ष आ.व. २०८४/८५ | योजनाको लक्ष्य आ.व.२०८५/८६ |
|---|---|---|---|---|---|---|
| वार्षिक आर्थिक वृद्धिदर (उपभोक्ता मूल्यमा) | प्रतिशत | ४.७० | ६.५० | ७.१० | ७.५० | ७.१६ |
| प्राथमिक | प्रतिशत | ३.५५ | ४.२० | ४.३० | ४.२० | ४.३० |
| द्वितीय | प्रतिशत | ३.७८ | ८.५० | ९.०० | ९.६० | ९.०६ |
| तृतीय | प्रतिशत | ४.६१ | ७.२० | ७.४० | ७.९० | ७.४८ |
| कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) | रू अर्बमा | ८६८.९० | ९२५.३७ | ९९१.०८ | १०६५.४१ | |
| देशको कुल गार्हस्थ्य उत्पादनमा प्रदेशको योगदान | प्रतिशत | १४.२३ | १४.१० | १४.२३ | १५.०१ | |
| निरपेक्ष गरिबीको दर | प्रतिशत | २४.३५ | २१.४३ | १९.८८ | १८.३३ | १५.०० |
| प्रतिव्यक्ति आय | अमेरिकी डलरमा, २०८१/८२ को मूल्यमा | १२०१.०० | १२६१.०५ | १३३१.६७ | १४११.५७ | १४९१.४६ |
| मानव विकास सूचकाङ्क | सूचक | ०.६०० | ०.६०८ | ०.६१७ | ०.६२६ | ०.६३५ |
| मुद्रास्फीतिको दर | प्रतिशत | ३.११ | ६.०० | ६.०० | ६.०० | |
| बेरोजगारी दर | प्रतिशत | ६.१० | ६.०० | ५.८० | ५.५० | ५.०० |
| कुल निक्षेपमा प्रदेशको अंश | प्रतिशत | ८.७२ | ८.७४ | ८.७७ | ८.७९५ | |
| कुल कर्जामा प्रदेशको अंश | प्रतिशत | १०.८ | ११ | ११.५ | १२.५ | |
| बैंक तथा वित्तीय संस्थाको शाखा संख्या (क, ख, ग, घ श्रेणीको समेत) | संख्या | २२१० | २२३० | २२६० | २३०० | |
| वाणिज्य बैंकको शाखा संख्या | संख्या | ७४१ | ७५० | ७६० | ७८० | |

## २.४ मध्यकालीन वित्त खाका

लुम्बिनी प्रदेशमा राजस्व बाँडफाँटमार्फत प्राप्त हुने राजस्व तथा वित्तीय समानीकरण अनुदान हाल पनि प्रमुख प्राप्तिका रूपमा रहेका छन्। आर्थिक वर्ष २०८०/८१ मा प्रदेशको कुल आम्दानीमा करिब एक तिहाइ हिस्सा राजस्व बाँडफाँट र वित्तीय समानीकरण अनुदानको रहेको थियो । आन्तरिक राजस्व तथा स्थानीय तहबाट बाँडफाँट भएर आउने राजस्वको हिस्सा क्रमशः १३ प्रतिशत र ६ प्रतिशत रहेको थियो। प्रदेशको कुल गार्हस्थ्य उत्पादनको अनुपातमा कुल प्रदेश आय तथा नेपाल सरकारबाट प्राप्त अनुदानको हिस्सा पछिल्ला आर्थिक वर्षहरूमा क्रमशः घट्दो क्रममा रहेको छ। अर्कोतर्फ, आन्तरिक राजस्वको अंश भने क्रमिक रूपमा सुधार हुँदै गएको देखिन्छ।

यसै सन्दर्भमा, आगामी तीन वर्षमा प्राप्त हुने आम्दानी निम्न आधारमा अनुमान गरिएको छ।

क) आन्तरिक करको प्रक्षेपण गर्दा, आन्तरिक राजस्वका प्रमुख शीर्षकहरूको पछिल्ला तीन वर्षको औसत वार्षिक वृद्धिको आधारमा अनुमान गरिएको छ।

ख) राजस्व बाँडफाँटअन्तर्गत प्राप्त हुने रकमलाई सङ्घीय मध्यमकालीन खर्च संरचना (२०८२/८३- २०८४/८५) मा प्रस्तुत प्रक्षेपणका आधारमा अनुमान गरिएको छ। लुम्बिनी प्रदेशले विगत तीन वर्षमा प्राप्त गरेको औसत करिब १४ प्रतिशत हिस्सालाई आधार मानी राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम अनुमान गरिएको छ।

ग) वित्तीय हस्तान्तरणअन्तर्गत प्राप्त हुने वित्तीय समानीकरण अनुदान र ससर्त अनुदानको अनुमान सङ्घीय मध्यमकालीन खर्च संरचनाको आधारमा गरिएको छ। विशेष र समपूरक अनुदानको सन्दर्भमा प्रदेशबाट प्रस्तावित हुने आयोजनाहरूलाई समेत आधार मानी अनुमान गरिएको छ।

घ) प्रदेशका आर्थिक गतिविधिहरूलाई चलायमान बनाउन आवश्यकताका आधारमा आर्थिक वर्ष २०८३/८४ देखि आन्तरिक ऋणसमेत उठाउने प्रस्ताव गरिएको छ। सोको लागि आवधिक योजनामा उल्लिखित आन्तरिक ऋण उठाउने कार्ययोजनाअनुरूप नै प्रस्ताव गरिएको छ। उक्त योजनाअनुसार आर्थिक वर्ष २०८३/८४ तथा २०८४/८५ मा क्रमशः ५७ करोड र ६३ करोड रुपैयाँ बराबरको आन्तरिक ऋण परिचालन गर्ने मध्यमकालीन लक्ष्य लिइएको छ।

ङ) प्रदेशको आवधिक योजना (आ.व. २०८१/८२—२०८४/८५) मा बाह्य ऋणसमेत परिचालन गर्ने अवधारणा रहेको छ। सोहीअनुसार, आ.व. २०८३/८४ देखि प्रचलित कानुनबमोजिम सङ्घीय सरकारको सहमति प्राप्त गरी विभिन्न विकास साझेदारहरूसँगको सहकार्यमा बाह्य ऋण

परिचालन गरिने अनुमान गरिएको छ। खासगरी प्रदेशका प्रस्तावित पूर्वाधार निर्माण तथा हाल निर्माण भइरहेका पूर्वाधारलाई तीव्रता दिन बाह्य ऋण परिचालन गर्ने लक्ष्य लिइएको छ। यसका लागि आर्थिक वर्ष २०८३/८४ र २०८४/८५ मा क्रमशः ४०० र ७०० करोड रुपैयाँ बराबरको बाह्य ऋण परिचालन गर्ने मध्यमकालीन लक्ष्य राखिएको छ।

यिनै अनुमानहरूको आधारमा यस मध्यमकालीन खर्च संरचनाअन्तर्गतको मध्यमकालीन वित्तीय खाका तालिका २.२ मा प्रस्तुत गरिएको छ।

**तालिका २.२ मध्यमकालीन वित्त खाका (रु. करोडमा)**

| विवरण | | आ.व. २०८०/८१ को यथार्थ | आ.व. २०८१/८२ को संशोधित अनुमान | मध्यमकालीन बजेट अनुमान तथा प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ को अनुमान | २०८३/८४ को प्रक्षेपण | २०८४/८५ को प्रक्षेपण |
| **स्रोस्रोत विवरण** | | | | | | |
| **राजश्व** | | **१३८४.०२** | **१८५२.४९** | **२२४७.८६** | **२५३७.५६** | **३१५२.१०६** |
| आन्तरिक राजश्व | | ३४३.७७ | ४४५.४८ | ७७८.४ | ९३४.०८ | ११२०.८९६ |
| राजश्व बाँडफाँट (संघ) | | ८८५.५९ | ११८४ | ११८६.५६ | १२९५.७२ | १६७८.३९ |
| राजश्व बाँडफाँट (स्थानीय तह) | | १५४.६६ | २२३.०१ | २८२.९ | ३०७.७६ | ३५२.८२ |
| **सङ्घीय सरकारबाट प्राप्त हुने अनुदान** | | **१०६९.२६** | **१४०१.९३** | **१४०१.९९** | **१५९५.६८** | **१८२३.८६** |
| वित्तीय समानीकरण अनुदान | | ६०३.८७ | ८२८.६४ | ८४४.४४ | ९६३.५१ | ११०१.२९ |
| सशर्त अनुदान | | ३८९.४१ | ४१९.३३ | ४६६.१५ | ४५७.९५ | ५२३.४४ |
| समपूरक अनुदान | | २२.६७ | ७४.४६ | ५१.४० | ११२.०६ | १२८.०८ |
| विशेष अनुदान | | ५३.३० | ७९.५० | ४०.०० | ६२.१६ | ७१.०५ |
| रोयल्टी बाँडफाँट (संघ) | | १९.०० | २२.८० | ४१.५० | ४७.०० | ५६.०० |
| **आन्तरिक ऋण** | | ०.०० | ०.०० | ०.०० | **५७.००** | ६३.०० |
| **बाह्य ऋण** | | | | | ४००.०० | ७००.०० |
| गत आ.व. को मौज्दात | | **२५१.९०** | **८०.५१** | २००.०० | ०.०० | ०.०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| कुल आय/प्राप्ति | | २७२४.१८ | ३३५७.७३ | ३८९१.३५ | ४६३७.२४ | ५७९४.९७ |
| बजेट अनुमान | | | | | | |
| चालु खर्च | | ७३३.८८ | ११३०.८७ | १२०१.४८ | १३३७.६८ | १६१०.२३ |
| पुँजीगत खर्च | | १६०१.७८ | १७१२.७३ | २३४७.१५ | २९२२.९६ | ३७७०.४८ |
| वित्तीय हस्तान्तरण चालु | | ३०८.०१ | ३१४.१३ | ३४२.३७ | ३७६.६० | ४१४.२६ |
| **कुल खर्च** | | २६४३.६७ | ३१५७.७३ | ३८९१.०० | ४६३७.२४ | ५७९४.९७ |
| **बचत (+ वा -)** | | ८०.५१ | २०० | ० | ० | ० |

## २.५ बजेट विनियोजन र बाँडफाँटको प्रक्षेपण

### २.५.१ मन्त्रालय तथा निकायगत अनुमान तथा प्रक्षेपण

मन्त्रालय तथा निकायगत खर्चको अनुमान तथा प्रक्षेपण आर्थिक वर्षमा विनियोजित रकम, विगत तीन वर्षको वास्तविक खर्चको अवस्था र आगामी वर्षहरूमा मन्त्रालय तथा निकायहरूबाट सञ्चालित हुने कार्यक्रमहरूका आधारमा गरिएको छ। यसमा स्रोत अनुमान समितिले प्रदान गरेको आगामी आर्थिक वर्षको बजेट सीमा (सिलिङ) लाई समेत आधार मानी बजेट वर्षको अनुमान र त्यसपछिका दुई वर्षहरूको प्रक्षेपण गरिएको छ। मन्त्रालयगत तथा निकायगत बजेट अनुमान तालिका २.५ मा प्रस्तुत गरिएको छ।

**तालिका २.३ः मन्त्रालय तथा निकायगत अनुमान तथा प्रक्षेपण (रु.रु. करोडमा)**

| कार्यालय कोड | मन्त्रालय/ केन्द्रीय निकाय | २०८०/८१ को वास्तविक | २०८१/८२ को संशोधित अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| २०२ | प्रदेशसभा | २२.४७ | २२.४५ | २६.२० | २८.९६ | ३४.९२ |
| २१० | प्रदेश लोक सेवा आयोग | ६.९३ | ७.३५ | १०.०० | ११.०९ | १३.३६ |
| ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २५.९४ | ३९.८० | ५०.१८ | ५१२.६५ | ८३०.०३ |
| ३०५ | आर्थिक मामिला मन्त्रालय | ६.५१ | ७.६६ | १६.४० | १८.१२ | २१.८५ |
| ३०७ | उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय | ७१.६८ | १०७.५५ | १९०.४३ | २०४.५९ | २४८.२३ |
| ३०८ | ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | ०.०० | २१४.३५ | २६८.६० | २८३.९३ | ३४५.७९ |
| ३१२ | कृषि, भूमि व्यवस्था मन्त्रालय तथा सहकारी मन्त्रालय | १२२.५३ | १००.६८ | १५०.४८ | १६६.७० | २००.८६ |
| ३१४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ४१.४३ | ३३.१३ | ३६.७० | ३९.८० | ४८.१९ |
| ३२९ | वन तथा वातावरण मन्त्रालय | १२९.९० | १६०.१७ | २५५.५५ | २७७.७६ | ३३६.११ |
| ३३७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ९६४.४२ | ७२२.०९ | ९९२.४५ | १०४४.६३ | १२७३.४८ |
| ३४७ | युवा तथा खेलकुद मन्त्रालय | ०.०० | ०.०० | ३७.२५ | ४०.०३ | ४८.५७ |
| ३४७ | खानेपानी, ग्रामीण तथा सहरी विकास मन्त्रालय | ४६०.५९ | ३६२.२८ | ५६२.०४ | ५९२.११ | ७२१.६८ |
| ३५० | सामाजिक विकास मन्त्रालय | १५६.३७ | २१८.६२ | ३६१.७५ | ३९४.६७ | ४७७.१८ |
| ३७० | स्वास्थ्य मन्त्रालय | ३२५.२१ | ५९९.७१ | ४९५.३० | ५४१.३३ | ६५४.२५ |
| ३९१ | प्रदेश योजना आयोग | २.०७ | १.८७ | ३.०५ | ३.३७ | ४.०६ |
| ६०२ | अर्थ - विविध | ०.०४ | १४२.८० | ९३.०७ | १००.८९ | १२२.१६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८०१ | स्थानीय तह | ३०८.०१ | ३१४.१३ | ३४२.३७ | ३७६.६० | ४१४.२६ |
| | कुल जम्मा | २६४३.६७ | ३१५७.७३ | ३८९१.०० | ४६३७.२४ | ५७९४.९७ |

### २.५.२ दिगो विकास लक्ष्यको आधारमा अनुमान तथा प्रक्षेपण

प्रदेशको आवधिक योजनाले दिएको मार्गनिर्देशन र दिगो विकासका लक्ष्यहरूलाई आन्तरिकीकरण गर्ने अवधारणाअन्तर्गत बजेटको अनुमान र प्रक्षेपण गरिएको छ। यसमा चालु आर्थिक वर्षको दिगो विकास लक्ष्यअनुसारको वर्गीकरण तथा योजनाले निर्धारण गरेको लक्ष्यलाई प्रमुख आधार बनाइएको छ। हाल करिब २७ प्रतिशत रहेको संकेत नगरिएको बजेट विनियोजनलाई क्रमशः घटाउँदै लैजाने लक्ष्यसमेत लिइएको छ। दिगो विकासका सूचकहरूअनुसारको अनुमान र प्रक्षेपण तालिका २.६ मा प्रस्तुत गरिएको छ।

## तालिका २.४: दिगो विकास लक्ष्यको आधारमा अनुमान तथा प्रक्षेपण (रु. करोडमा)

| संकेत नं. | दिगो विकास लक्ष्य | २०८१/८२ को संशोधित अनुमान | | मध्यमकालीन लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | | २०८३/८४ | | २०८४/८५ | |
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | गरिबीको अन्त्य | ९.७९ | ०.३१ | १२.८४ | ०.३३ | १६.६९ | ०.३६ | २३.७६ | ०.४१ |
| २ | शून्य भोकमरी | २३०.४८ | ७.३० | २८७.९३ | ७.४० | ३६१.७० | ७.८० | ४६९.३९ | ८.१० |
| ३ | स्वस्थ जीवन | ३६१.५१ | ११.४५ | ४५१.३६ | ११.६० | ५५१.८३ | ११.९० | ७१२.७८ | १२.३० |
| ४ | गुणस्तरीय शिक्षा | १३९.२४ | ४.४१ | १७९.३८ | ४.६१ | २१८.८८ | ४.७२ | २७८.७४ | ४.८१ |
| ५ | लैङ्गिक समानता | १०.४२ | ०.३३ | २१.०१ | ०.५४ | ३०.६१ | ०.६६ | ४२.८८ | ०.७४ |
| ६ | दिगो सफा पानी तथा सरसफाइ सेवा | १२७.५५ | ४.०४ | १७१.९८ | ४.४२ | २१३.७८ | ४.६१ | २७०.६३ | ४.६७ |
| ७ | आधुनिक ऊर्जामा पहुँच | ११.०५ | ०.३५ | १४.७९ | ०.३८ | १९.०१ | ०.४१ | २६.०८ | ०.४५ |
| ८ | समावेशी आर्थिक वृद्धि तथा मर्यादित काम | २१.७९ | ०.६९ | २८.०२ | ०.७२ | ३७.५६ | ०.८१ | ४८.१० | ०.८३ |
| ९ | उद्योग, नवीन खोज र पूर्वाधार | ७७६.७० | २४.६० | ९७६.६४ | २५.१० | ११८२.५० | २५.५० | १४८९.३१ | २५.७० |
| १० | असमानता न्यूनीकरण | ७१.३५ | २.२६ | ९१.४४ | २.३५ | ११२.६८ | २.४३ | १४३.१४ | २.४७ |
| ११ | दिगो सहर र बस्तीहरू | २७९.७४ | ८.८६ | ३५०.९७ | ९.०२ | ४४१.०० | ९.५१ | ५६८.४९ | ९.८१ |
| १२ | दिगो उपभोग तथा उत्पादन | १६.७३ | ०.५३ | २१.७९ | ०.५६ | २८.२९ | ०.६१ | ३८.२५ | ०.६६ |
| १३ | जलवायु परिवर्तन अनुकूलन | १०३.८८ | ३.२९ | १२९.९६ | ३.३४ | १६१.३८ | ३.४८ | २१७.८९ | ३.७६ |
| १५ | भूसतह स्रोतको उपयोग | ५०.२० | १.५९ | ६८.०९ | १.७५ | ५८.८९ | १.२७ | ७४.७६ | १.२९ |
| १६ | शान्तिपूर्ण न्यायपूर्ण र सशक्त समाज | ९०.३० | २.८६ | १२०.६२ | ३.१० | १४८.३९ | ३.२० | १९९.९३ | ३.४५ |
| १७ | दिगो विकासका लागि साझेदारी | | | | | | | | |
| | सांकेतीकरण नगरिएको | ८५६.५८ | २७.१३ | ९६४.१९ | २४.७८ | १०५४.०४ | २२.७३ | ११९०.८७ | २०.५५ |
| | जम्मा | ३१५७.३० | १००.०० | ३८९१.०० | १००.०० | ४६३७.२४ | | ५७९४.९७ | १००.०० |

### २.५.३ लैङ्गिक संकेतको आधारमा बजेट बाँडफाँट

प्रदेशका क्षेत्रगत योजना तथा कार्यक्रमहरूलाई तिनीहरूको स्वरूप र प्रमुख उद्देश्यका आधारमा बजेटलाई लैङ्गिक दृष्टिकोणले (प्रत्यक्ष लाभ, अप्रत्यक्ष लाभ वा तटस्थ) वर्गीकृत गर्ने अभ्यास रहँदै आएको छ। यसरी संकेतीकरण गर्दा महिलालाई ५० प्रतिशत वा सोभन्दा बढी लाभ पुग्ने क्रियाकलापहरू प्रत्यक्ष, २० प्रतिशतभन्दा बढी तर ५० प्रतिशतभन्दा कम लाभ पुग्ने क्रियाकलापहरू अप्रत्यक्ष, र २० प्रतिशतभन्दा कम लाभ पुग्ने क्रियाकलापहरू तटस्थ श्रेणीमा वर्गीकृत गरिन्छन्। सम्बन्धित मन्त्रालय/निकायले बजेट उपशीर्षक अनुसार संकेतीकरण गरी उपलब्ध गराएको विवरणको आधारमा आगामी तीन आर्थिक वर्षका लागि लैङ्गिक संकेतकअनुसारको अनुमान तथा प्रक्षेपण गरिएको छ। लैङ्गिक आधारको अनुमान र प्रक्षेपण तालिका २.७ मा प्रस्तुत गरिएको छ।

**तालिका २.५: लैङ्गिक संकेतको आधारमा बजेट बाँडफाँट** (रु.रु. करोडमा)

| लैङ्गिक संकेत | २०८१/८२ को संशोधित अनुमान | | मध्यमकालीन लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | | २०८३/८४ | | २०८४/८५ | |
| | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| प्रत्यक्ष लाभ | ८४९.१९ | २६.९० | ९६७.३० | २४.८६ | १२७५.२४ | २७.५० | १६२८.३९ | २८.१० |
| अप्रत्यक्ष लाभ | ७८०.३७ | २४.७२ | १०७१.१९ | २७.५३ | ११६८.५८ | २५.२० | १४९५.१० | २५.८० |
| तटस्थ | १५२७.२८ | ४८.३८ | १८५२.५१ | ४७.६१ | २१९३.४१ | ४७.३० | २६७१.४८ | ४६.१० |
| जम्मा | ३१५६.८३ | १००.०० | ३८९१.०० | १००.०० | ४६३७.२४ | १००.०० | ५७९४.९७ | १००.०० |

### २.५.४ जलवायु परिवर्तनको आधारमा बजेट बाँडफाँट

प्रदेशका क्षेत्रगत कार्यक्रम तथा आयोजनाहरूलाई तिनीहरूको प्रकृति र उद्देश्यका आधारमा जलवायु संवेदनशीलता (प्रत्यक्ष, अप्रत्यक्ष, तटस्थ) अनुसार वर्गीकृत गरिएको छ। सम्बन्धित मन्त्रालय/निकायले बजेट उपशीर्षकअनुसार उपलब्ध सङ्केतीकरणको आधारमा रही, जलवायु परिवर्तनबाट प्रत्यक्ष लाभ पुग्ने अनुपात क्रमशः बढाउँदै लैजाने रणनीति अनुरूप आगामी तीन आर्थिक वर्षका लागि जलवायु परिवर्तनसँग सम्बन्धित अनुमान तथा प्रक्षेपण गरिएको छ।

**तालिका २.६: जलवायु परिवर्तनको आधारमा बजेट बाँडफाँट** (रु.रु. करोडमा)

| जलवायु परिवर्तन संकेत | २०८१/८२ को संशोधित अनुमान | | मध्यमकालीन लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | | २०८३/८४ | | २०८४/८५ | |
| | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| प्रत्यक्ष लाभ | १४५.२१ | ४.६० | १८४.४३ | ४.७४ | २२३.५१ | ४.८२ | २८९.७५ | ५.०० |
| अप्रत्यक्ष लाभ | ८१२.८८ | २५.७५ | ९८९.४८ | २५.४३ | १२०५.६८ | २६.०० | १५५३.०५ | २६.८० |
| तटस्थ | २१९८.७३ | ६९.६५ | २७१७.०९ | ६९.८३ | ३२०८.०४ | ६९.१८ | ३९५२.१७ | ६८.२० |
| जम्मा | ३१५६.८३ | १००.०० | ३८९१.०० | १००.०० | ४६३७.२४ | १००.०० | ५७९४.९७ | १००.०० |

## २.६ अन्तरसरकारी वित्त हस्तान्तरणको अनुमान र प्रक्षेपण

प्रदेश सरकारले प्रदेश तथा स्थानीय तहमा चार प्रकारका कार्यक्रममार्फत अनुदानस्वरूप वित्तीय हस्तान्तरण गर्दै आएको छ। आगामी आर्थिक वर्षका लागि हुने वित्तीय हस्तान्तरणको अनुमान तथा प्रक्षेपण विगत वर्षहरूमा भएको हस्तान्तरणको प्रवृत्ति र आगामी वर्षहरूमा देखिने आवश्यकताका आधारमा गरिएको छ।

**तालिका २.७:** अन्तरसरकारी वित्त हस्तान्तरणको अनुमान र प्रक्षेपण (रु. करोडमा)

| आ.व. को अनुमान तथा प्रक्षेपण | कुल हस्तान्तरण | वित्तीय समानीकरण अनुदान | ससर्त अनुदान | विशेष अनुदान | समपूरक अनुदान |
|---|---|---|---|---|---|
| आ.व. २०८०/८१ को यथार्थ | ३०८.०१ | ७५.०० | १२१.७८ | १५.५० | ९५.७३ |
| आ.व. २०८१/८२ को संशोधित अनुमान | ३१४.१३ | ९५.०० | ११३.८३ | १५.०० | ९०.३० |
| आ.व. २०८२/८३ को अनुमान | ३४२.३७ | ९५.०० | १३४.१७ | १५.०० | ९८.२० |
| आ.व. २०८३/८४ को प्रक्षेपण | ३७६.६० | १०३.४७ | १४४.३८ | १७.७७ | ११०.९८ |
| आ.व. २०८४/८५ को प्रक्षेपण | ४१४.२६ | ११३.८२ | १५८.८२ | १९.५४ | १२२.०८ |

# परिच्छेद ३: आर्थिक क्षेत्र

## ३.१ कृषि, पशुपन्छी तथा मत्स्य

### क. कृषि

#### १.पृष्ठभूमि

कृषि क्षेत्र प्रदेश अर्थतन्त्रको मेरुदण्डको रूपमा रहेको छ। यस क्षेत्रले प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा ३० प्रतिशत योगदान पुर्‍याएको छ। करिब दुई तिहाइ जनसंख्या प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषिमा निर्भर छन्। देशको कुल क्षेत्रफलमध्ये करिब २९ प्रतिशत जमिन खेतीयोग्य रहेको छ।यस प्रदेशका तराई, भित्री मधेश र मध्य पहाडी जिल्लाहरू खाद्यान्न, दलहन, तेलहन, तरकारी, फलफूल, दूध, मासु र माछा उत्पादनका लागि उपयुक्त छन्। पहाडी तथा हिमाली जिल्लाहरू भने तरकारी, फलफूल, काष्ठफल र नगदे बाली उत्पादनका सम्भावनायुक्त क्षेत्र हुन्। त्यसैगरी, कफी, कपास, उखु तथा मौरीपालन पनि सम्भावनायुक्त कृषि व्यवसायका क्षेत्रहरूमा पर्दछन्। यी सम्भावनाहरूलाई अवसरको रूपमा सदुपयोग गर्दै कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायीकरण, उत्पादन लागतमा कमी, मूल्य शृंखलाको विस्तार, वातावरणमैत्री कृषि प्रणालीको विकास, रैथाने बालीको संरक्षण तथा प्रविधिको प्रवर्द्धनमार्फत कृषि क्षेत्रको रूपान्तरण गर्न सकिने पर्याप्त सम्भावना रहेको छ।

#### २. प्रमुख समस्या

कृषि क्षेत्रको उत्पादकत्व न्यून रहनु यस क्षेत्रको प्रमुख समस्याको रूपमा रहेको छ। त्यस्तै, कृषिमा आधुनिकीकरण, यान्त्रीकरण तथा व्यवसायीकरणको गति सुस्त रहनु, उन्नत प्रविधिको प्रयोग सीमित हुनु, खेतीयोग्य भूमिमा पर्याप्त सिंचाइ सुविधा नहुनु, खेतीयोग्य जमिनको तीव्र खण्डीकरण तथा उत्पादन तथा वितरण प्रणाली प्रभावकारी नहुनु जस्ता समस्याहरू पनि विद्यमान छन्।

उन्नत बीउ, मल, प्राविधिक सेवाहरूको गुणस्तर तथा परिमाणमा समस्या देखिनु, उत्पादनपछि भण्डारण तथा प्रशोधन सुविधाको अभाव, तथा कृषिजन्य सहकारी तथा निजी संस्थाहरूबाट उत्पादनमूलक लगानीमा आवश्यक वृद्धि हुन नसक्नु जस्ता कारकहरूले क्षेत्रको समग्र उत्पादन तथा उत्पादकत्वमा

नकारात्मक असर पारिरहेका छन्। श्रम शक्तिको अभाव, ग्रामीण क्षेत्रबाट सहरी क्षेत्रमा तीव्र जनसंख्या स्थानान्तरण, कृषि पेसाप्रति जनशक्ति आकर्षित नहुनु जस्ता समस्याहरू पनि रहेका छन्।

## ३. अवसर र चुनौती

अनुकूल भौगोलिक अवस्थिति, समृद्ध हावापानी, जैविक विविधता तथा प्राकृतिक स्रोतसाधनको विशिष्टताले यस प्रदेशलाई कृषि उत्पादनको प्रमुख केन्द्र बन्ने अवसर प्रदान गरेको छ। यहाँ खाद्यान्न, फलफूल, तरकारी र नगद बालीहरूको व्यावसायिक उत्पादनका लागि अनुकूल वातावरण रहेको छ। यस क्षेत्रमार्फत खाद्यान्न, मासु र दुग्धजन्य पदार्थमा देशकै अग्रणी आपूर्ति भइरहेको सन्दर्भमा देश तथा विदेशका छिमेकी बजारहरूमा समेत यसको निर्यात र विस्तारको ठूलो सम्भावना रहेको छ।

कृषि क्षेत्रलाई प्राथमिकतामा राख्दै यस प्रदेशमा कृषि उत्पादन, खाद्य तथा पोषण सुरक्षा कार्यक्रम, स्मार्ट कृषि गाउँ कार्यक्रम, कृषि तथा पशुपन्छी स्रोत तथा प्रविधि, सिँचाइ विस्तार, कृषि तथा पशुपन्छीन्त्य उद्योग, यन्त्र पूर्वाधार विकास र लक्षित कृषि व्यवसाय प्रवर्द्धनजस्ता विभिन्न कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन भइरहेका कारण थप अवसरहरू सृजना भएका छन्। साथै, स्थानीय तहसम्म कृषिसम्बन्धी सांगठनिक संरचना विस्तार हुनु र कृषि बजारलाई सडक सञ्जालसँग जोडिएको अवस्थाले बजार पहुँचमा सकारात्मक सुधार ल्याएको छ। वैदेशिक रोजगारीबाट फर्केका पुँजी, ज्ञान र सीपयुक्त युवालाई कृषि उद्यममा समावेश गराउने नीतिहरूले कृषिजन्य उत्पादनसँगै रोजगारी सिर्जनाका अवसरहरू पनि वृद्धि गरिरहेका छन्।

तथापि, कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वमा उल्लेखनीय वृद्धि हुन नसक्नु, कृषिलाई पूर्ण रूपमा आधुनिकीकरण र व्यवसायीकरण गर्न नसक्नु, उत्पादनलाई मूल्य शृंखलामा समावेश गर्ने व्यवस्था अभाव हुनु लगायतका चुनौतीहरू अझै विद्यमान छन्। कृषि क्षेत्रमा आवश्यक लगानी सार्वजनिक, निजी र सहकारी क्षेत्रबाट अपेक्षित रूपमा नआउनु पनि ठूलो चुनौतीको रूपमा रहेको छ। साथै, सिंचाइ, कृषि सडक जस्ता पूर्वाधारहरूको पर्याप्त विस्तार हुन नसक्नुसमेत यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन्।

**४. दीर्घकालीन सोचः** प्रकृतिमैत्री प्राङ्गारिक व्यावसायिक कृषिः स्वस्थकर खाद्यमा आत्मनिर्भरता

**५. लक्ष्यः** स्वच्छ, स्वस्थकर र पोषणयुक्त कृषिजन्य उत्पादनलाई लुम्बिनी प्रदेशको पहिचानको रूपमा स्थापित गर्ने ।

## ६. उद्देश्य

(१) प्रदेशमा प्राङ्गारिक कृषिलाई प्रवर्द्धन गर्दै लैजानु ।

(२) कृषिमा आधुनिकीकरण, औद्योगीकरण र बजारीकरणमार्फत व्यावसायिक कृषिको प्रवर्द्धन गर्नु ।

(३) कृषि पूर्वाधार, जनशक्ति र प्रविधिको विकास तथा उपयोग गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्नु ।

## ७. कृषि क्षेत्रसम्बन्धी नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| | प्राङ्गारिक पकेट क्षेत्र विकास (प्रमाणीकरणसमेत) | संख्या | ० | १ | ३ | ५ | ६ |
| | प्राङ्गारिक खेतीका लागि आन्तरिक नियन्त्रण प्रणाली विकास | संख्या | - | ० | १ | ३ | ५ |
| | कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान | प्रतिशत | २९.६८ | ३१.०२ ** | २८.५ | २७.८ | २७.० |
| | बीउ प्रतिस्थापन दर | प्रतिशत | २१.८ | २२ | २३ | २४.५ | २६ |
| | कृषि भूमिको उत्पादकत्व प्रतिहेक्टर | रु. हजारमा | २८४.१२ | २९० | २९९ | ३१० | ३१७ |
| | कृषि श्रमको उत्पादकत्व (प्रतिव्यक्ति) | रु. हजारमा | ६५.१४ | ६८ | ७१ | ७४ | ७६ |
| | कृषि क्षेत्रको मूल्य अभिवृद्धि | रु. अर्बमा | २०२ | २१९ | २३० | २४१ | २५१ |

## ८. कृषि क्षेत्रसम्बन्धी प्रमुख कार्यक्रम तथा क्रियाकलापगत विवरण

**कृषि क्षेत्र क्षेत्र**अन्तर्गत सञ्चालन हुने प्रमुख कार्यक्रम तथा क्रियाकलापहरूको विवरण **अनुसूची १** मा प्रस्तुत गरिएको छ।

### ख. पशुपन्छीपन्छी

### १.पृष्ठभूमि

लुम्बिनी प्रदेश पशुपालनअन्तर्गत दुग्ध, मासु, अण्डा तथा माछा उत्पादनजस्ता क्षेत्रहरूमा अग्रणी स्थानमा रहेको छ। पशुपालन प्रदेशका किसानहरूको आम्दानी र जनजीविकाको अभिन्न हिस्सा रहँदै आएको छ। ग्रामीण अर्थतन्त्रको सुदृढीकरणमा यसको योगदान उल्लेखनीय छ। दुग्ध र मासु उत्पादनको अवस्था सन्तोषजनक रहेको छ भने अण्डा र माछाको आपूर्ति कुल आवश्यकताभन्दा केही न्यून रहेको छ। प्रदेशका सबै जिल्लाहरू पशु तथा पन्छीपालनका लागि भौगोलिक तथा मौसमीय दृष्टिले अनुकूल छन्। हाल कुखुरा, अष्ट्रिच, खरायो र टर्कीपालन जस्ता व्यावसायिक पशुपालन क्रियाकलापहरू विस्तार हुँदै गएका छन्।दुग्धजन्य तथा दुहुना पशुको सङ्ख्या क्रमिक रूपमा वृद्धि हुँदै गएको छ। मासु उत्पादनको सन्दर्भमा लुम्बिनी प्रदेशमा मुख्य रूपमा बोका, खसी, सुँगुर, कुखुरा, हाँस तथा भैंसीको मासु उत्पादन हुँदै आएको छ। पशुपालन व्यवसायमा वृद्धि, फिड र व्यवस्थापन सुधार तथा बजारको मागअनुसारको उत्पादनले मासु उत्पादनमा निरन्तर वृद्धि भएको छ। यसले आयआर्जन, पोषण तथा रोजगार सिर्जनामा सकारात्मक प्रभाव पार्दै आएको छ।

### २. प्रमुख समस्या

प्राविधिक ज्ञानको कमी, उन्नत नश्लका पशुपन्छी उपलब्ध गराउने स्रोत केन्द्रहरूको अभाव तथा उत्पादन लागतअनुसार कृषकलाई उचित मूल्य प्राप्त नहुनु प्रमुख समस्या रहेका छन्। त्यसैगरी, महामारी तथा जुनोटिक रोगहरूको बारम्बार प्रकोप देखिनु, प्रविधि, बिमा, तथा सुलभ ऋणजस्ता सेवामा कृषकहरूको पहुँच सीमित हुनु, दाना, घाँस, औषधिलगायत आवश्यक सामग्रीको सहज आपूर्ति नहुनु, दानासमेत आयात गर्नुपर्ने अवस्था रहनु, श्रमशक्तिको विदेश पलायन, रोग नियन्त्रणमा कठिनाइ तथा प्राविधिक सेवामा पहुँच अभाव, पशुपालन अझै परम्परागत ढाँचामा सीमित रहनु तथा कृषकहरूमा आधुनिक प्राविधिक ज्ञानको अभाव हुनु जस्ता समस्याहरू रहेका छन्।

## ३. अवसर र चुनौती

कृषिउपज उत्पादन गर्न कठिन वा न्यून उत्पादकत्व भएका स्थानहरूमा समेत पशुपन्छीपालन व्यवसाय गर्न सकिने सम्भावना हुनु, सरकारको नीति प्राथमिकतामा कृषि तथा पशुपालन क्षेत्र पर्नु, विदेशबाट फर्किएका युवाहरू सीप, पुँजी र प्रविधिसहित यस क्षेत्रमा आकर्षित हुँदै जानु, आय र चेतनाको वृद्धि भएसँगै माछा, मासु र दूधजन्य वस्तुहरूको उपभोग बढ्दै जानु, तथा पशुपन्छीजन्य वस्तुको उत्पादन वृद्धि गरी आयात प्रतिस्थापन गर्न सकिने सम्भावना रहनु यस क्षेत्रका मुख्य अवसरहरू हुन्। यस्तै, दूध उत्पादन तथा बाख्रा, कुखुरा, अष्ट्रिच, खरायो र टर्कीपालनको व्यावसायिक सम्भावना, सुलभ कर्जा, पशुपन्छी बिमा, प्रविधिको प्रयोग तथा आन्तरिक पर्यटनको वृद्धिले खपत बढ्ने सम्भावनासमेत रहेको छ। तर, पशुपन्छीको दाना, घाँस, औषधि आदिको सहज आपूर्ति, श्रमशक्तिको अभाव हटाउने, रोगजन्य प्रकोप नियन्त्रण गर्ने, प्राविधिक सेवामा कृषकहरूको पहुँच बढाउने, कृषि बिमा व्यवस्थालाई प्रभावकारी बनाउने, बैंक तथा सहकारी लगानी वृद्धि गर्ने, सहुलियतपूर्ण कर्जाको पहुँच विस्तार गर्ने, युवालाई पशुपालन पेसातर्फ आकर्षित गर्ने, पशुपालन पेसालाई आधुनिकीकरण र व्यवसायीकरण गर्दै पशुजन्य उत्पादनमा आधारित औद्योगिकीकरण तथा प्रतिस्पर्धी उत्पादन प्रणाली विकास गर्नुजस्ता चुनौतीहरू पनि यस क्षेत्रमा विद्यमान छन्।

**४. दीर्घकालीन सोचः** आधुनिक र व्यावसायिक पशुपन्छीपालनः प्रदेशवासीको जीवनस्तर सुधार

**५. लक्ष्यः** स्वच्छ र गुणस्तरीय पशुपन्छीजन्य उत्पादनमा आत्मनिर्भर हुँदै निर्यात प्रवर्द्धन गर्ने ।

## ६. उद्देश्य

(१) पशुपन्छीपालनलाई आधुनिकीकरण तथा व्यवसायीकरण गर्नु ।
(२) पशुपन्छीजन्य उत्पादनमा आत्मनिर्भर बन्दै निर्यात अभिवृद्धि गर्नु ।

### ७. पशुपन्छीपन्छीसम्बन्धी नतिजा सूचक र लक्ष्य

| सूचक | एकाइ | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| दुध उत्पादन (वार्षिक) | मे.टन. हजारमा | ६०१.३ | ५२४.७३* | ६१५ | ६२० | ६२५ |
| मासु (वार्षिक) | मे.टन. हजारमा | ११५ | ११६.९४* | १२१ | १२४ | १२७ |
| अण्डा (वार्षिक) | गोटा हजार | २०४५ | २३५९.९८* | २०८५ | २११५ | २१३५ |
| खोरेत रोग मुक्त जिल्ला | संख्या | ० | १ | २ | ३ | ४ |

### ८. पशुपन्छी क्षेत्रसम्बन्धी प्रमुख कार्यक्रम तथा क्रियाकलापगत विवरण

**पशुपन्छी क्षेत्र**अन्तर्गत सञ्चालन हुने प्रमुख कार्यक्रम तथा क्रियाकलापहरूको विवरण **अनुसूची १** मा प्रस्तुत गरिएको छ।

## ग. मत्स्य

### १. पृष्ठभूमि

प्रदेशको समतल भूभाग तथा पहाडी जिल्लाहरूमा चिसो पानीको उपलब्धताको कारण यस प्रदेशमा पोखरी तथा बहावयुक्त पानीमा माछापालनको सम्भावना रहेको छ। आयआर्जन व्यवसाय तथा स्वस्थकर खाद्य पोषणका हिसाबले मत्स्यपालनको महत्त्वपूर्ण स्थान रहेको छ । तथापि, यस प्रदेशमा हुने माछाको खपतको आधारमा पूर्ति गर्न सकिएको छैन। आम्दानी, रोजगारी सिर्जना र पोषण सुरक्षाको दृष्टिले मत्स्यपालनले महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने सम्भावना भएकाले यस क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धितर्फ विशेष ध्यान दिन आवश्यक छ ।

### २. प्रमुख समस्या

माछा बजार र पोषणको दृष्टिले महत्त्वपूर्ण हुँदाहुँदै पनि यस क्षेत्रमा पर्याप्त लगानी हुन सकेको छैन। त्यस्तै, उचित मूल्य र बजारबारे जानकारीको अभाव, उत्पादन र उत्पादकत्व अपेक्षाभन्दा कम हुनु, पर्याप्त सहुलियतपूर्ण ऋण र अनुदानको अभाव, मत्स्यपालन व्यवसायलाई संगठित तथा व्यवस्थित रूपमा विकास गर्न नसक्नु, आवश्यक समयमा पर्याप्त माछाका भुरा उपलब्ध नहुनु, भुरा आयातमा क्वारेन्टाइन तथा आधुनिक प्रविधिको अभाव, आवश्यक प्राविधिक सेवा र तालिमको कमी, र अधिकांश युवा पुस्तालाई यस पेसामा आकर्षित गर्न नसक्नु यस क्षेत्रका प्रमुख समस्याहरू हुन्।

## ३. अवसर र चुनौती

लुम्बिनी प्रदेशका तराई क्षेत्रमा पोखरी निर्माण गरेर माछापालन गर्न सकिने प्रशस्त अवसर रहेको छ ।यसैगरी पहाडी क्षेत्रहरूमा चिसो पानीमा बस्ने उच्च मूल्यका ट्राउट माछापालनको राम्रो अवसर छ। मत्स्यपालन उद्योग विस्तार हुँदै गएसँगै यो व्यवसाय अझ लाभदायक हुँदै गएको छ रूपन्देही र बाँकि जिल्लामा मत्स्य विकास केन्द्रहरू सञ्चालनमा रहेका छन् र रूपन्देहीलाई मत्स्य उत्पादनको केन्द्रका रूपमा विकास गर्ने योजना पनि अघि बढिरहेको छ।

**४. दीर्घकालीन सोचः** मत्स्य उत्पादन वृद्धिः खाद्य तथा पोषण सुरक्षा

**५. लक्ष्यः** मत्स्यजन्य उत्पादनमा वृद्धि र व्यवसायीकरण गर्ने ।

## ६. उद्देश्य

(१) आधुनिक र व्यावसायिक माछापालन प्रवर्धन गर्नु ।

(२) जलीय जैविक विविधता संरक्षण गर्दै जलचरहरूको सन्तुलित उपयोग गर्नु ।

## ७. मत्स्यपालनसम्बन्धी नतिजा सूचक र लक्ष्य

| क.सं. | सूचक | एकाइ | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | माछा बीउ उत्पादन (सरकारीतर्फ) | संख्या (लाख) | २६२ | २६५ | २७६ | २८४ | २९१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | माछा | मे.टन. हजारमा | १५.८८ | १६.०६८* | १६.५ | १६.७५ | १७ |
| ३ | मत्स्यपालन जलाशय | हेक्टर | ३३३८ | ३३८० | ३४१० | ३४४० | ३४७० |
| ४ | माछा बीउ पोखरी | हेक्टर | १६० | १६५ | १७५ | १८४ | १९२ |

## ८. मत्स्यपालनसम्बन्धी प्रमुख कार्यक्रम तथा क्रियाकलापगत विवरण

**मत्स्यपालन क्षेत्र**अन्तर्गत सञ्चालन हुने प्रमुख कार्यक्रम तथा क्रियाकलापहरूको विवरण **अनुसूची १** मा प्रस्तुत गरिएको छ।

## ९. कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रसम्बन्धी त्रिवर्षीय खर्च तथा स्रोत अनुमान

| | बजेट अनुमान (रु. करोडमा) | | | | (रु. करोडमा) | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आ.व. | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | प्रदेश सरकार | नेपाल सरकार-समानीकरण अनुदान | नेपाल सरकार - सससर्त अनुदान | नेपाल सरकार — समपूरक अनुदान | नेपाल सरकार-विशेष अनुदान | आन्तरिक ऋण | वैदेशिक विकास/ साझेदारको सहयोग | कुल |
| २०८०/८१ यथार्थ | ११५.०८ | ५.०८५०४५ | - | १२०.१६३४ | १२०.१६३४ | - | - | - | - | - | - | १२०.१६३४ |
| २०८१/८२ संशोधित अनुमान | ९१.८१ | ७.७२ | - | ९९.५३३ | ९९.५३३ | - | - | - | - | - | - | ९९.५३३ |
| २०८२/८३ | १३२.५६ | ११.५२ | - | १४४.०७५१ | १४४.०७५१ | - | - | - | - | - | - | १४४.०७५१ |
| २०८३/८४ | १४७.४८ | १२.१० | - | १५९.५८६३ | १५९.५८६३ | - | - | - | - | - | - | १५९.५८६३ |
| २०८४/८५ | १७७.५३ | १४.७६ | - | १९२.२९३९ | १९२.२९३९ | - | - | - | - | - | - | १९२.२९३९ |

## १०. सम्भावित जोखिम पक्ष

यस क्षेत्रमा पुँजीगत खर्च तुलनात्मक रूपमा कम भएका कारण मध्यकालीन लक्ष्य प्राप्त नहुने जोखिम रहन्छ।

# ३.२ भूमि व्यवस्था

## १. पृष्ठभूमि

सीमित रूपमा उपलब्ध जमिनलाई वैज्ञानिक आधारमा वर्गीकरण गर्दै कृषि, वन तथा आवासीय क्षेत्रजस्ता क्षेत्रहरूको आर्थिक प्रतिफल र सामाजिक न्यायको दृष्टिले वर्गीकरण गर्नुपर्ने हुन्छ। लुम्बिनी प्रदेशको कुल जमिनमध्ये करिब २९ प्रतिशत क्षेत्रफल खेतीयोग्य छ, जसमा करिब ८२.२ प्रतिशतमा कृषियोग्य कार्य भइरहेका छन्। त्यस्तै, करिब ५१.६४ प्रतिशत भूभाग वन क्षेत्रले ओगटेको छ। हाल रहेका कृषि तथा वन क्षेत्र कायमै राख्दै वर्गीकरण नभएका जमिनहरूलाई वर्गीकरण गरी कृषि, वन तथा आवासीय क्षेत्रको व्यवस्थित व्यवस्थापन आवश्यक छ। यस सन्दर्भमा, भूमि वर्गीकरण गरी वैज्ञानिक भू-उपयोग योजना तयार गर्न आवश्यक छ। आधुनिक प्रविधि र डिजिटल नाप मापन प्रणालीको प्रयोगले नाप-नक्सामा उच्चतम शुद्धता सुनिश्चित गर्न सकिन्छ। साथै, परम्परागत जग्गा प्रशासन प्रणालीमा सुधार गरी सुरक्षित, पारदर्शी र विश्वसनीय भूमि व्यवस्थापन प्रणाली स्थापना गर्न अत्यावश्यक छ।

## २. प्रमुख समस्या

धेरैजसो खेतीयोग्य जमिन बाँझो राखिनु, कृषियोग्य जमिनको विशेष गरी आवासीय क्षेत्रमा गैरकृषि प्रयोजनमा परिणत हुनु, साथै भू-उपयोग सूचना प्रणालीको अभाव, अव्यवस्थित आवास, अनियन्त्रित सहरीकरण र आन्तरिक स्थानान्तरणले भूमिको क्षतिमा वृद्धि गर्नु प्रमुख समस्याका रूपमा देखा परेका छन्। भू-उपयोग सूचना प्रणालीको अभाव, अव्यवस्थित बसोबास, अनियन्त्रित सहरीकरण र आन्तरिक बसाइँसराइले भूमिको क्षयीकरण बढाइरहेका छन्। त्यस्तै, सार्वजनिक जग्गामा अतिक्रमणको वृद्धिसँगै जोखिमपूर्ण बस्तीहरूको फैलावट पनि यस क्षेत्रका प्रमुख समस्याहरू रहेका छन्।

## ३. अवसर र चुनौती

नेपालको संविधानले भूमि व्यवस्थापन र जग्गा अभिलेखलाई प्रदेशको अधिकारमा राखेको, राष्ट्रिय भू-उपयोग नीति र योजना तर्जुमा भई कार्यान्वयनमा आउन थालेको, भूमिको वैज्ञानिक वर्गीकरण गरी यसको उपयोग गर्न तीनै तहका सरकार र सरोकारवालाबीच चासो र जागरुकता बढिरहेको, जग्गाको चक्लाबन्दीप्रति कृषकको आकर्षण बढ्दो, सुकुम्बासी समस्या तथा अव्यवस्थित बसोबास व्यवस्थापनको प्रयास भइरहेका, भूमि प्रशासन प्रणालीलाई आधुनिक र प्रभावकारी बनाउन पहल भइरहेका र एकीकृत भूसूचना प्रणाली लागू हुँदै गएको अवस्थामा लुम्बिनी प्रदेशमा भू-व्यवस्थापनका ठूला अवसरहरू देखिएका छन्। साथै, नापनक्सा कार्यमा आधुनिक प्रविधिको प्रयोग बढ्दै जानु र प्राकृतिक सम्पदाहरूको संरक्षण तथा विकासप्रति स्थानीयस्तरमा चासो र चेतना वृद्धि हुनुसमेत अवसरका रूपमा रहेका छन्। यद्यपि, भू-उपयोग नीति प्रभावकारी कार्यान्वयन गर्नु, भूमि व्यवस्थापन तथा प्रशासन सेवा वैज्ञानिक र सरल बनाउनु, संघ, प्रदेश र स्थानीय सरकारको सहकार्यमा अव्यवस्थित बस्तीहरू व्यवस्थित गर्नु, एकीकृत बस्ती विकास व्यवस्थापन गर्नु, जोखिमरहित र योजनाबद्ध सहरीकरण तथा सुरक्षित बस्ती विकास गर्नु, सार्वजनिक जग्गा अतिक्रमण रोक्नु, सुकुम्बासी समस्या समाधान गर्नु र स्रोत तथा प्राकृतिक सम्पदाको संरक्षण तथा दिगो विकास गर्नु यस क्षेत्रमा विद्यमान प्रमुख चुनौतीहरू हुन्।

**४. दीर्घकालीन सोचः** भूमिको वैज्ञानिक तथा दिगो व्यवस्थापनः उत्पादन वृद्धि र जीवनस्तरमा सुधार।

**५. लक्ष्यः** अधिकतम र सही ढंगबाट भूमिको उपयोग गर्दै प्रदेश समृद्धिको आधार बनाउने ।

**६. उद्देश्य**

(१) भूमिको वैज्ञानिक ढंगले समुचित एवम् अधिकतम उपयोग गर्नु ।
(२) भूमि व्यवस्थालाई व्यवस्थित अभिलेखसहित आधुनिक प्रविधियुक्त बनाउनु ।

**७. भूमि व्यवस्थासम्बन्धी नतिजा सूचक र लक्ष्य**

| सूचक | एकाइ | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| कृषिमा प्रयोग भएको जमिन प्रतिघरपरिवार | हेक्टर | ०.६० | ०.६२ | ०.६२ | ०.६२ | ०.६२ |
| जग्गा वा घरजग्गामा स्वामित्व पुगेका महिला | प्रतिशत | २३.४५ | २५ | २६ | २७ | २८ |
| भू-उपयोग योजना भएका स्थानीय तह | सङ्ख्या | ५० | ६० | ७५ | ८५ | ९५ |

## ८. भूमि व्यवस्थासम्बन्धी प्रमुख कार्यक्रम तथा क्रियाकलापगत विवरण

**भूमि व्यवस्था क्षेत्र**अन्तर्गत सञ्चालन हुने प्रमुख कार्यक्रम तथा क्रियाकलापहरूको विवरण **अनुसूची १** मा प्रस्तुत गरिएको छ।

## ९. भूमि व्यवस्था क्षेत्रसम्बन्धी त्रिवर्षीय खर्च तथा स्रोत अनुमान

| | बजेट अनुमान (रु. करोडमा) | | | | (रु. करोडमा) | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आ.व. | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | प्रदेश सरकार | नेपाल सरकार-समानीकरण अनुदान | नेपाल सरकार - ससर्त अनुदान | नेपाल सरकार — समपूरक अनुदान | नेपाल सरकार-विशेष अनुदान | आन्तरिक ऋण | वैदेशिक विकास/ साझेदारको सहयोग | कुल |
| २०८०/८१ यथार्थ | २.०४ | ०.३३ | - | २.३७ | २.३७ | - | - | - | - | - | - | २.३७ |
| २०८१/८२ संशोधित अनुमान | १.१५ | ०.०० | - | १.१५ | १.१५ | - | - | - | - | - | - | १.१५ |
| २०८२/८३ | २.०४ | ०.०० | - | २.०४ | २.०४ | - | - | - | - | - | - | २.०४ |
| २०८३/८४ | २.२७ | ०.०० | - | २.२७ | २.२७ | - | - | - | - | - | - | २.२७ |
| २०८४/८५ | २.७३ | ०.०० | - | २.७३ | २.७३ | - | - | - | - | - | - | २.७३ |

### १०. सम्भावित जोखिम पक्ष

यस क्षेत्रमा पुँजीगत खर्च तुलनात्मक रूपमा कम भएका कारण मध्यकालीन लक्ष्य प्राप्त नहुने जोखिम रहन्छ।

## ३.३ खाद्य सुरक्षा तथा पोषण

### १. पृष्ठभूमि

नेपालको संविधानले खाद्य सुरक्षा तथा पोषणलाई मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ। यसका लागि नेपाल सरकारले विभिन्न राष्ट्रिय नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ र विभिन्न अन्तर्राष्ट्रिय सम्झौता तथा सहमतिमा समेत सक्रिय सहभागिता जनाइरहेको छ। दिगो विकासका लक्ष्यहरूमा समेत यसलाई विशेष प्राथमिकता दिइएको छ। यसलाई उपलब्धता, पहुँच, उपभोग र स्थिरता गरी चार मुख्य आयाममा हेरिन्छ। खाद्य असुरक्षा र न्यून पोषणले बालबालिकाको शारीरिक, मानसिक र संवेगात्मक विकासमा प्रतिकूल प्रभाव पार्नुका साथै देशको समग्र सामाजिक, आर्थिक र मानवीय विकासमा बाधा पुऱ्याउँछ। साथै, यसले बाल्यावस्थामा मृत्यु जोखिम बढाउने र जीवित रहेकाहरूको कार्यक्षमता र उत्पादकत्वमा दीर्घकालीन असर पार्ने सम्भावना रहन्छ। नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०२२ का अनुसार पोषणका सूचकहरूमा यो प्रदेशको स्थिति तुलनात्मक रूपमा कमजोर रहेको छ ।

### २. प्रमुख समस्या

खाद्य सुरक्षा तथा पोषणका क्षेत्रमा विभिन्न समस्या देखिएका छन्। पर्याप्त मात्रामा खाद्यान्न उत्पादन हुन नसक्नु र उत्पादित खाद्य वस्तुको सन्तुलित वितरण नहुनु प्रमुख समस्या हुन्। साथै, खाद्यान्नको उचित र पोषणयुक्त प्रयोगका लागि आवश्यक ज्ञान र चेतनाको कमी, आर्थिक विपन्नता, जलवायु परिवर्तन र प्राकृतिक विपत्तिका कारण उत्पादन तथा उत्पादकत्वमा गिरावट आउनु, भण्डारण तथा आपूर्ति व्यवस्थाको अपर्याप्तता हुँदा खाद्यान्नको मूल्य वृद्धि हुनु जस्ता समस्याहरू विद्यमान छन्। यस्तै, पोषणयुक्त खानाको सट्टा पत्रु खानाको उपभोग दिन प्रतिदिन बढ्दै जानु पनि यस क्षेत्रमा देखिएको गम्भीर समस्या हो।

## ३. अवसर र चुनौती

कृषि उपज तथा खाद्य वस्तुको पर्याप्त उत्पादनमा सरकारले प्राथमिकता दिएको छ भने खाद्य सुरक्षा र पोषणसम्बन्धी नीति तथा रणनीतिहरू निर्माण र कार्यान्वयन भइरहेको छ। तेस्रो बहुक्षेत्रीय पोषण योजना र पोषण कार्यक्रमहरू विस्तार भई सेवाहरू प्रभावकारी बन्दै गइरहेका छन्। दिगो विकास लक्ष्य प्राप्तिका लागि विभिन्न प्रयासहरू भइरहेका छन् भने पोषणसम्बन्धी बानी व्यहोरामा पनि सकारात्मक परिवर्तन देखिन थालेको छ। यस्ता अवसरहरूलाई सदुपयोग गर्दै प्रदेशमा खाद्यान्न उत्पादन वृद्धि गरी खाद्य सुरक्षा सुनिश्चित गर्नु, पोषणयुक्त आहार र खानपिनका विषयमा नागरिक चेतना अभिवृद्धि गर्नु, खाद्यपदार्थको भण्डारण व्यवस्थापन सुदृढ गर्नु, विपन्न तथा न्यूनस्तरीय परिवारलाई खाद्य र पोषण सुरक्षा प्रदान गर्नु, साथै सुरक्षित खानेपानी, खोप तथा आधारभूत स्वास्थ्य सेवाको विकास गर्नु यस क्षेत्रका प्रमुख चुनौतीहरूका रूपमा रहेका छन्।

**४. दीर्घकालीन सोचः** स्वस्थ प्रदेशः खाद्य सुरक्षा र पोषण ।

**५. लक्ष्यः** सबै नागरिकलाई खाद्य सुरक्षा तथा पोषणको सुनिश्चितता प्रदान गर्ने।

**६. उद्देश्यः** पोषणयुक्त खाद्यको उत्पादन र उपभोगमा वृद्धि गर्ने।

## ७. खाद्य सुरक्षा तथा पोषणसम्बन्धी नतिजा सूचक र लक्ष्य

| सूचक | एकाइ | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| कुपोषणबाट प्रभावित बालबालिका | प्रतिशत | २५ | २२ | २० | १८ | १६ |
| आफ्नो उत्पादनले वर्षैंभरि खान नपुग्ने कृषक परिवार | प्रतिशत | ५१ | ५० | ४८ | ४७ | ४६ |
| खाद्यान्न | किग्रा | २५६ | २६० | २७० | २८० | २९० |
| फलफूल | किग्रा | २४.२९ | ३७.४४* | २६.३ | २७.३ | २८.३ |
| मासु | किग्रा | २१.७ | १५.४१* | २२.३ | २२.७ | २३.२ |
| माछा | किग्रा | ३.६७ | ३.१४* | ३.७९ | ३.८६ | ३.९३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| दूध | लिटर | ११० | ९९.४४* | ११४ | ११६ | ११८ |

### ८. खाद्य सुरक्षा तथा पोषण प्रमुख कार्यक्रम तथा क्रियाकलापगत विवरण

**खाद्य सुरक्षा तथा पोषण**अन्तर्गत सञ्चालन हुने प्रमुख कार्यक्रम तथा क्रियाकलापहरूको विवरण कृषि, पशुपन्छी तथा मत्स्य र स्वास्थ्य क्षेत्रअन्तर्गत अनुसूची १ मा प्रस्तुत गरिएको छ।

### ९. खाद्य सुरक्षा तथा पोषण क्षेत्रसम्बन्धी त्रिवर्षीय खर्च तथा स्रोत अनुमान

**खाद्य सुरक्षा तथा पोषण**अन्तर्गत सञ्चालन हुने प्रमुख कार्यक्रम तथा क्रियाकलापहरूको विवरण कृषि, पशुपन्छी तथा मत्स्य र स्वास्थ्य क्षेत्रअन्तर्गत समावेश गरिएको छ।

## ३.४ उद्योग, वाणिज्य र खानी

### क. उद्योग

### १. पृष्ठभूमि

नेपालको संविधानले औद्योगिकीकरणलाई प्रदेशको एकल अधिकार र संघ तथा प्रदेशको साझा अधिकारको सूचीमा समेटेको छ। यसअन्तर्गत उद्योगसम्बन्धी नीति, योजना, मापदण्ड कार्यान्वयन, उद्योग दर्ता, अनुमति, नवीकरण, खारेजी, औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको विकास, औद्योगिक पूर्वाधार निर्माण, उत्पादन तथा निर्यात प्रवर्द्धन प्रदेशको जिम्मेवारीमा पर्दछ। आर्थिक वृद्धि, रोजगारी सिर्जना, आय वृद्धि, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमा उद्योग क्षेत्रको महत्त्वपूर्ण भूमिका रहेको छ। विशेष आर्थिक क्षेत्र सञ्चालन र औद्योगिक क्षेत्र स्थापनासँगै प्रदेश औद्योगिक हबको रूपमा अघि बढ्दै छ। विभिन्न औद्योगिक करिडोरहरूको विकास, बैंक तथा वित्तीय संस्थाबाट औद्योगिक क्षेत्रमा बढ्दो कर्जा प्रवाह, उत्पादनमूलक उद्योगहरूको औसत ५०.१८ प्रतिशत क्षमता उपयोग र सन् २०३० सम्ममा कुल गार्हस्थ्य उत्पादनमा १५ प्रतिशत योगदान पुऱ्याउने लक्ष्यसँगै औद्योगिक क्षेत्रको महत्त्व थप बढेको छ। कृषि, वन तथा पेय पदार्थ, खानीजन्य, निर्माण, धातु, इलेक्ट्रोनिक्स र ग्याससम्बन्धी

उद्योगहरूबाट तोरीको तेल, चामल, पिठो, सिमेन्ट, बिजुलीका तार जस्ता उत्पादन हुँदै आएका छन्। वैदेशिक लगानीमा उत्पादनमूलक, सेवामूलक र पर्यटन क्षेत्रका ७ उद्योग सञ्चालनमा छन् भने कृषि र फरेष्ट फोडर उद्योगको सम्भावना प्रचुर रहेको छ। उद्योग र उद्यमशीलता विकासले सहरी र ग्रामीण क्षेत्रबीच आर्थिक सम्बन्ध विस्तार गर्दै रोजगारी र आय वृद्धिमा टेवा पुऱ्याउने देखिन्छ।

## २. प्रमुख समस्या

लुम्बिनी प्रदेशमा उद्योग क्षेत्रको विकासमा विभिन्न समस्या देखा परिरहेका छन्। कुल गार्हस्थ्य उत्पादन र रोजगारीमा उद्योग क्षेत्रको योगदान अपेक्षाकृत न्यून रहनु, औद्योगिक विकासका लागि आवश्यक पूर्वाधारको पर्याप्त व्यवस्था नहुनु र उद्योग सञ्चालनका लागि कच्चा पदार्थ सहज रूपमा उपलब्ध नहुनु प्रमुख समस्या हुन्। त्यस्तै, प्रतिस्पर्धात्मक क्षमताको अभाव, उद्योग क्षेत्र हेर्ने मन्त्रालयको कमजोर सङ्गठन संरचना, प्रतिस्पर्धात्मक लाभका सम्भावित क्षेत्र पहिचान गर्न नसक्नु र दक्ष श्रमशक्ति अभावले औद्योगिक विस्तारमा अवरोध पुऱ्याइरहेको छ। साथै, प्रशासनिक निर्णय प्रक्रियामा ढिलासुस्ती, नवीनताको कमी र प्रभावकारी संस्थागत संस्कृतिको अभावले पनि प्रदेशको औद्योगिक क्षेत्रको विकासलाई चुनौती दिएको छ।

## ३. अवसर र चुनौती

लुम्बिनी प्रदेशमा खानीजन्य उद्योगको रोयल्टी कम हुनु, सेज सञ्चालन, नेपालगन्ज भन्सारमा एकीकृत जाँच चौकी निर्माण, भारतीय बजारको पहुँच, कच्चा पदार्थ र ऊर्जाको आपूर्ति वृद्धि र सहरीकरण तथा उद्योगका लागि पर्याप्त जग्गा उपलब्धजस्ता अवसरहरू छन्। यद्यपि, प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि, उत्पादनमूलक उद्योगमा लगानी, भारतीय वस्तुसँग प्रतिस्पर्धा, उद्यमशीलता विकास, सहुलियत कर्जा, युवालाई उद्योगतर्फ आकर्षण, कच्चा पदार्थ आपूर्ति, खानी संरक्षण र तीन तहबीच समन्वय, तुलनात्मक लाभयुक्त वस्तु पहिचान, ब्रान्डिङ, बौद्धिक सम्पत्ति संरक्षण, सस्तो मूल्यमा जग्गा व्यवस्था, वातावरण सन्तुलन र चुरे संरक्षणजस्ता चुनौतीहरू रहेका छन्।

**४. दीर्घकालीन सोचः** प्रदेशको समृद्धिः औद्योगिक विकास

**५. लक्ष्यः** प्रदेशको अर्थतन्त्रमा उद्योगको हिस्सा वृद्धि गर्दै आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने ।

**६. उद्देश्यः**

(१) औद्योगिक उत्पादन वृद्धि तथा रोजगारीको अवसर सिर्जना गर्नु ।

(२) लगानी प्रवर्द्धन गर्न लगानीमैत्री औद्योगिक वातावरण सिर्जना गर्नु ।

### ७. उद्योगसम्बन्धी नतिजा सूचक र लक्ष्य

| सूचक | एकाइ | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान | प्रतिशत | ५.५ | ५.५ | ८.५ | १० | १३ |
| उत्पादनमूलक उद्योगबाट रोजगारी | प्रतिशत | २ | २.२ | २.७ | ३ | ४ |
| दर्ता भएका लघु, घरेलु, साना तथा मझौला उद्योग | संख्या हजारमा | १०८.८ | १०९ | ११३.५ | ११५ | ११८ |
| दर्ता भएका ठूला उद्योग | संख्या | ६९६ | ७२५ | ७६० | ८०० | ९०० |
| वैदेशिक लगानीका उद्योग | संख्या | ७ | १० | १६ | २२ | २६ |
| औद्योगिक ग्राम | संख्या | ९ | ९ | १५ | ३० | ४० |

### ८. उद्योगसम्बन्धी प्रमुख कार्यक्रम तथा क्रियाकलापगत विवरण

**उद्योग**अन्तर्गत सञ्चालन हुने प्रमुख कार्यक्रम तथा क्रियाकलापहरूको विवरण अनुसूची १ मा प्रस्तुत गरिएको छ।

## ख. वाणिज्य, आपूर्ति तथा बजार व्यवस्थापन

### १. पृष्ठभूमि

नेपालको संविधानअनुसार प्रदेशभित्रको व्यापार प्रदेशको अधिकारमा पर्दछ भने आवश्यक वस्तु तथा सेवाको आपूर्ति, वितरण, मूल्य नियन्त्रण, गुणस्तर र अनुगमन संघ र प्रदेशको साझा जिम्मेवारी हो। लुम्बिनी प्रदेश व्यापारिक सम्भावनायुक्त क्षेत्र भए पनि आन्तरिक उत्पादन कमजोर र प्रतिस्पर्धात्मक क्षमता न्यून हुँदा आयात बढ्दो र निर्यात न्यून छ। सडक सञ्जाल विस्तार, बजार केन्द्रको विकास र सहरीकरणका कारण व्यापारिक गतिविधि विस्तार भएको छ। प्रदेशमा करिब १ लाख ५० हजार व्यापारिक फर्म छन् र यस क्षेत्रले रोजगारी सिर्जनामा ठूलो योगदान पुऱ्याइरहेको छ। अत्यावश्यक वस्तु आपूर्तिका लागि ९ वटा ग्यास उद्योग र पर्याप्त इन्धन भण्डारण क्षमता रहे पनि भौगोलिक विकटताका कारण समान आपूर्ति हुन सकेको छैन। गुणस्तरीय वस्तुको आपूर्ति र आपूर्ति शृंखला व्यवस्थापनलाई नियमित र प्रभावकारी बनाउने आवश्यकता छ।

## २. प्रमुख समस्या

प्रदेशमा कृषिजन्य र उद्योगजन्य उत्पादन आन्तरिक खपत धान्न पुग्दैन, भरपर्दो बजारको अभाव छ र आयातित बस्तीसँग प्रतिस्पर्धा गर्न स्वदेशी वस्तुको क्षमता कमजोर छ। स्वदेशी कच्चा पदार्थको कमी, आयातित कच्चा पदार्थ महँगो पर्नु, खाद्यवस्तुमा मिसावट र म्याद गुज्रेका वस्तु बिक्री हुनु, गुणस्तरीय वस्तु सुपथ मूल्यमा नपाइनु, प्रभावकारी अनुगमन नहुनु, मूल्यसूची नराख्ने, कालोबजारी र कार्टेलिङ हुनु, बिल नदिने, विपद्का समयमा अत्यावश्यक वस्तुको आपूर्ति सहज नहुनु र भण्डारण सुविधा अपर्याप्त हुनु वाणिज्य तथा आपूर्ति क्षेत्रका प्रमुख समस्या हुन्।

## ३. अवसर र चुनौती

आन्तरिक व्यापारिक गतिविधि र सडक सञ्जाल विस्तारसँगै व्यापार र आपूर्ति व्यवस्थापन सहज बन्दै गएको छ। उपभोक्ताहरूमा सचेतना र उपभोग क्षमतामा वृद्धि हुँदै छ भने निजी क्षेत्रको लगानी पनि विस्तार भइरहेको छ। अन्तर्राष्ट्रिय विमानस्थल र अन्य ठूला पूर्वाधार आयोजनाहरू निर्माण भइरहेकाले व्यापारिक गतिविधि थप सक्रिय हुँदै छ, स्थानीय तहहरूमा बजार र व्यापार केन्द्र विस्तार भइरहेको छ ।यससँगै, प्रदेशमा उत्पादित वस्तुहरूको प्रतिस्पर्धात्मक क्षमता बढाउने, कच्चा पदार्थ सजिलै उपलब्ध गराउने, उत्पादनको गुणस्तर सुनिश्चित गर्ने, प्रदेशभर सहज आपूर्ति व्यवस्थापन गर्ने, बजारमा स्वस्थ प्रतिस्पर्धा कायम गर्ने, आपूर्ति अवरोध उत्पन्न गर्ने मानवजन्य र प्राकृतिक समस्याहरू समाधान

गर्ने, कृषि उपजको व्यापारमा हुने बिचौलियाको प्रभाव घटाउने तथा उपभोक्तालाई गुणस्तरीय वस्तु उपलब्ध गराई अधिकार संरक्षण गर्ने जस्ता चुनौतीहरूसमेत वाणिज्य र आपूर्ति क्षेत्रभित्र रहेका छन्।

**४. दीर्घकालीन सोचः** व्यापार व्यवसायको विकासः सहज आपूर्ति शृंखला विस्तार

**५. लक्ष्यः** प्रदेशका सबै क्षेत्रमा व्यापारिक गतिविधि विस्तार गरी गुणस्तरीय वस्तुहरूको सर्वसुलभ रूपमा आपूर्तिको व्यवस्था गर्ने ।

**६. उद्देश्यः**

(१) व्यापारिक गतिविधि वृद्धि गर्दै वस्तु तथा सेवाको आपूर्तिलाई व्यवस्थित गर्नु ।

**७. वाणिज्य, आपूर्ति तथा बजार व्यवस्थापनसम्बन्धी नतिजा सूचक र लक्ष्य**

| सूचक | एकाइ | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| कुल गार्हस्थ्य उत्पादनमा थोक तथा खुद्रा व्यापारको योगदान | प्रतिशत | ९.७ | १० | १०.५ | ११ | ११.५ |
| थोक तथा खुद्रा बिक्रीमा निजी क्षेत्रको लगानी | रु. करोड | ४७९ | १५०० | ४००० | ७५०० | ९००० |
| दर्ता भएका व्यावसायिक फर्म | संख्या हजारमा | १४८ | १५० | १५३ | १५८ | १६५ |
| खाद्य तथा गुणस्तर परीक्षण प्रयोगशाला | संख्या | १ | १ | २ | २ | ३ |

**८. वाणिज्य, आपूर्ति तथा बजार व्यवस्थापनसम्बन्धी प्रमुख कार्यक्रम तथा क्रियाकलापगत विवरण**

**वाणिज्य, आपूर्ति तथा बजार व्यवस्थापन**अन्तर्गत सञ्चालन हुने प्रमुख कार्यक्रम तथा क्रियाकलापहरूको विवरण अनुसूची १ मा प्रस्तुत गरिएको छ।

## ग. मूल्य शृंखला र ब्रान्डिङ

**१. पृष्ठभूमि**

लुम्बिनी प्रदेशले गुणस्तरीय उत्पादनको मूल्य शृंखलालाई सुदृढ बनाउने र प्रभावकारी ब्रान्डिङमार्फत उत्पादनको पहिचान र प्रतिस्पर्धात्मकता बढाउनेतर्फ विशेष ध्यान दिइरहेको छ। प्रदेश सरकारले उत्पादनदेखि उपभोक्तासम्मको सम्पूर्ण प्रक्रियामा पारदर्शिता, गुणस्तर नियन्त्रण र बजार आवश्यकता अनुसारको व्यवस्थापनलाई प्रवर्द्धन गर्दै व्यवसायिक वातावरणलाई सहज र उत्तरदायी बनाउने पहल अघि बढाइरहेको छ। यसमार्फत लुम्बिनी प्रदेशले स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्ने मात्र नभई उपभोक्ताको विश्वास जित्ने र दीर्घकालीन आर्थिक विकास सुनिश्चित गर्ने उद्देश्य राखेको छ।

मूल्य शृंखलाको प्रभावकारी व्यवस्थापनका लागि नीतिगत प्रबन्ध, कर प्रणालीको नियमित पालन, बजार आवश्यकता र उपभोक्ताको रुचिको विस्तृत अध्ययन, प्रविधिको स्मार्ट उपयोग, निष्पक्ष र पारदर्शी व्यवसायिक वातावरण, कानुनी प्रक्रियाको सरलता र गुणस्तर सुनिश्चित गर्ने ठोस उपाय आवश्यक पर्छ। यसले उत्पादनको विश्वसनीयता बढाउँछ र दीर्घकालीन व्यवसायिक सफलता सुनिश्चित गर्छ। उत्पादित वस्तुको प्रवर्द्धनमा ब्रान्डिङको भूमिका अत्यन्तै महत्त्वपूर्ण छ। उपभोक्ताको विश्वास जित्न, उत्पादनको विशिष्टता प्रदर्शन गर्न र व्यवसायलाई जवाफदेही बनाइराख्न ब्रान्डिङ प्रभावकारी माध्यम हो। यसका लागि भौगोलिक संकेत, ट्रेडमार्क, प्याकेजिङ, पेटेन्ट दर्ता, गुणस्तर परीक्षण र प्रमाणीकरण जस्ता विधिहरूको प्रयोगले उपभोक्तालाई सही विकल्प चयन गर्न सहज बनाउँछ, उत्पादकलाई उत्तरदायी बनाउँछ र बजारमा गुणस्तरीय प्रतिस्पर्धा सुनिश्चित गर्दछ।

## २. प्रमुख समस्या

प्रदेशका उत्पादकहरूमा मूल्य शृंखला व्यवस्थापनबारे पर्याप्त जानकारी नहुनु, प्रदेशस्तरमा ब्रान्डिङसँग सम्बन्धित कानुनी संरचना र आवश्यक संयन्त्रको अभाव, दक्ष जनशक्तिको कमी, तथा उद्यमी र व्यवसायीहरूको ब्रान्डिङ तथा मूल्य शृंखलासम्बन्धी क्षमता कमजोर हुनु अन्य चुनौतीहरू हुन्। त्यस्तै, नागरिकमा गुणस्तरीय उत्पादन र ब्रान्डको महत्वबारे चेतना कम हुनु, र उत्पादन क्षेत्रमा आकर्षण घट्दै जानुका कारण बाह्य स्रोतमा निर्भरता बढ्नु समेत समस्या बनेको छ।

## ३. अवसर र चुनौती

सूचना प्रविधिको द्रुत विकाससँगै लुम्बिनी प्रदेशमा व्यापार र व्यवसाय प्रवर्द्धनका नयाँ अवसरहरू खुलेका छन्। अनलाइन र मोबाइल प्लेटफर्ममार्फत उपभोक्ताले मूल्य, गुणस्तर र ब्रान्ड तुलना गरेर सजिलै निर्णय गर्न सक्ने भएकाले प्रतिस्पर्धात्मक बजारको पहुँच बढेको छ। यससँगै उपभोक्तामा ब्रान्डप्रतिको जागरूकता, गुणस्तरीय उत्पादनमा विश्वास र आफ्नै आवश्यकताअनुसार छनोट गर्ने क्षमता बढ्नु सकारात्मक संकेत हो। डिजिटल मार्केटिङ, सामाजिक सञ्जाल, इ—कमर्स र मोबाइल एप्स जस्ता प्रविधिहरूले स्थानीय उत्पादक र साना व्यवसायलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा आफ्नो पहिचान बनाउन अवसर प्रदान गरेका छन्।

उत्पादकहरूलाई मूल्य शृंखलाबारे शिक्षा र प्रशिक्षण प्रदान गर्नु, उनीहरूलाई प्रतिस्पर्धी बनाउन वित्तीय तथा प्रविधि सहयोग सुनिश्चित गर्नु, र मूल्य शृंखलामा संलग्न सबै पक्षको भूमिकालाई स्पष्ट र सशक्त बनाउनु प्रदेशको दीगो आर्थिक विकासका लागि अत्यावश्यक छ। यसैगरी, ब्रान्डिङ, गुणस्तर प्रमाणन, नवप्रवर्तन र बजार प्रवर्द्धनमा लगानी गर्नुले स्वदेशी उत्पादनको आकर्षण बढाउने मात्र नभई निर्यात सम्भावनालाई पनि प्रवर्द्धन गर्छ। थप रूपमा, उपभोक्ता शिक्षा, गुणस्तर परीक्षण केन्द्रहरूको सुदृढीकरण र स्थानीय उत्पादनको प्रमाणिकरणमार्फत बजारमा विश्वासयोग्य वातावरण निर्माण गर्नु प्रदेशका लागि चुनौती दुवैका रूपमा देखिन्छ।

४. **दीर्घकालीन सोचः** मूल्य शृंखलामा आबद्धताः गुणस्तरमा सुनिश्चितता ।

५. **लक्ष्यः** गुणस्तरीय वस्तु उत्पादन, प्रशोधन तथा ब्रान्डिङ गरी प्रवर्धन गर्ने ।

६. **उद्देश्यः**

मूल्य शृंखलालाई वस्तु तथा सेवाको गुणस्तरमा आबद्ध गर्नु ।

## ७. मूल्य शृंखला र ब्रान्डिङ व्यवस्थापनसम्बन्धी नतिजा सूचक र लक्ष्य

| सूचक | एकाइ | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| ब्रान्डिङ तथा मूल्य शृंखला सम्बन्धमा उद्यमी क्षमता विकास (वार्षिक) | संख्या | ५० | ५० | १५० | २०० | २५० |
| प्रदेशमा ब्रान्डका रूपमा बजारमा उपलब्ध उत्पादन (वार्षिक थप) | संख्या | ५ | ७ | १२ | १८ | २३ |
| ब्रान्डिङको सम्भावना अध्ययनबाट पहिचान भएका वस्तु | संख्या | १० | १५ | २० | २५ | ३० |

## ८. मूल्य शृंखला र ब्रान्डिङ व्यवस्थापनसम्बन्धी प्रमुख कार्यक्रम तथा क्रियाकलापगत विवरण

**मूल्य शृंखला र ब्रान्डिङ व्यवस्थापन**अन्तर्गत सञ्चालन हुने प्रमुख कार्यक्रम तथा क्रियाकलापहरूको विवरण अनुसूची १ मा प्रस्तुत गरिएको छ।

## घ. खानी तथा अन्वेषण

## १. पृष्ठभूमि

खानी क्षेत्रको प्रवर्द्धन र गुणस्तरीय उत्पादन सुनिश्चित गर्न लुम्बिनी प्रदेश सरकारले खानी तथा खनिज क्षेत्रको दीगो विकासमा ध्यान दिइरहेको छ। प्रदेशभित्रको खनिज सम्पदालाई प्रभावकारी प्रयोग गर्दै स्थानीय उद्योग, रोजगार र आर्थिक विकासमा योगदान पुऱ्याउने उद्देश्यले नीति, प्रविधि र व्यवस्थापन सुधारका कदमहरू उठाइँदै छन्। लुम्बिनी प्रदेशका १२ वटै जिल्लामा गरिएको खानी तथा खनिज पदार्थहरूको सम्भाव्यता अध्ययनअनुसार यहाँका राष्ट्रिय खनिज स्रोतहरूमा कोइला, कोबाल्ट, तामा, सुन, फलाम, चाँदी, मोल्यब्डिनम, जिंक आदि पाइन्छन्। साथै औद्योगिक खनिजमा चुनढुङ्गा, खरिढुङ्गा, बायाग्नसाइट, अभ्रक, टल खनिज, बोराइट, धसधलका स्यान्ड, डोलोमाइट, फस्फोराइट, टवाटिजाइट,

मार्बल, ग्रेनाइट आदि रहेका छन्। राष्ट्रिय खनिज स्रोतसँगै निर्माण सामग्रीका खनिजजस्तै ढुंगा, ढुंगट्टी, बालुवा, म्यापसम, स्लेट आदि पनि प्रशस्त मात्रामा उपलब्ध छन्।

## २. प्रमुख समस्या

खानी तथा खनिज क्षेत्रका प्रमुख समस्याहरूमा अध्ययन अनुसन्धानको एकीकृत तथ्यांकको अभाव, प्रादेशिक नीति, कानुन र संस्थागत संरचनाको कमी, अवैध बालुवा, गिट्टी र ढुङ्गा उत्खनन नियन्त्रण नहुनु, व्यवस्थित अन्वेषण र सञ्चालन नहुनु, विशेषज्ञता र उपकरणको अभाव, खर्चिलो अन्वेषण प्रक्रिया, जथाभावी उत्खननबाट वातावरणमा पर्ने नकारात्मक असर तथा उपलब्ध स्रोतको प्रभावकारी उपयोग नहुनु पर्दछन्।

## ३. अवसर र चुनौती

प्रदेशमा खनिज पदार्थको प्रचुर सम्भावना, खनिजजन्य उद्योग विस्तार, अध्ययन—अनुसन्धान र उत्खननको थालनी, पूर्वाधार विकास, निर्माण सामग्रीको माग वृद्धि र लगानीमैत्री वातावरण बन्ने क्रम यस क्षेत्रका अवसरहरू हुन् भने तीन तहका सरकारबीच तादात्म्यता कायम गर्दै नीतिगत व्यवस्था गर्नु, वातावरणमैत्री उत्खनन, ठूलो लगानी जुटाउनु, दक्ष जनशक्ति तयार पार्नु र पूर्वाधार विकास गर्नु यस क्षेत्रका प्रमुख चुनौतीहरू रहेका छन्।

**४. दीर्घकालीन सोचः** खानी तथा खानिजजन्य उद्योगको विकासः प्रदेशको आर्थिक समृद्धि ।

**५. लक्ष्यः** खानीजन्य अन्वेषण र उत्खनन गरी प्रदेशको अर्थतन्त्रमा योगदान गर्ने ।

**६. उद्देश्यः** खनिज स्रोतको पहिचान, संरक्षण र दिगो उपयोग गर्नु।

## ७. खानी तथा अन्वेषणसम्बन्धी नतिजा सूचक र लक्ष्य

| सूचक | एकाइ | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| कुल गार्हस्थ्य उत्पादनमा खानी र खनिज क्षेत्रको योगदान | प्रतिशत | ०.४० | ०.५ | ०.७ | १ | १.५ |
| खानी तथा खनिज क्षेत्रबाट रोजगारी | संख्या | ९१५ | १२०० | १८०० | २९०० | ४५०० |
| खानीजन्य उद्योग | संख्या | ६८ | ७० | ७४ | ७६ | ७८ |

## ८. खानी तथा अन्वेषणसम्बन्धी प्रमुख कार्यक्रम तथा क्रियाकलापगत विवरण

**खानी तथा अन्वेषण**अन्तर्गत सञ्चालन हुने प्रमुख कार्यक्रम तथा क्रियाकलापहरूको विवरण अनुसूची १ मा प्रस्तुत गरिएको छ।

## ३.२.५. उद्योग, वाणिज्य र खानी क्षेत्रगत त्रिवर्षीय खर्च तथा स्रोत अनुमान

| | बजेट अनुमान (रु. करोडमा) | | | | (रु. करोडमा) | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आ.व. | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | प्रदेश सरकार | नेपाल सरकार-समानीकरण अनुदान | नेपाल सरकार - ससर्त अनुदान | नेपाल सरकार — समपूरक अनुदान | नेपाल सरकार-विशेष अनुदान | आन्तरिक ऋण | वैदेशिक विकास/साझेदारको सहयोग | कुल |
| २०८०/८१ यथार्थ | २०.४३ | ०.९० | - | २१.३३ | २१.३३ | - | - | - | - | - | - | २१.३३ |
| २०८१/८२ संशोधित अनुमान | २९.५१ | १.८५ | - | ३१.३७ | ३१.३७ | - | - | - | - | - | - | ३१.३७ |
| २०८२/८३ | २९.४६ | १.२४ | - | ३०.७० | ३०.७० | - | - | - | - | - | - | ३०.७० |
| २०८३/८४ | ३२.७८ | १.३० | - | ३४.०८ | ३४.०८ | - | - | - | - | - | - | ३४.०८ |
| २०८४/८५ | ३९.४६ | १.५९ | - | ४१.०४ | ४१.०४ | - | - | - | - | - | - | ४१.०४ |

### १०. सम्भावित जोखिम पक्ष

आवधिक योजनाको सोच बमोजिमका कार्यक्रमहरू नहुँदा मध्यकालीन लक्ष्य प्राप्त हुन नसक्ने जोखिम रहन्छ।

## ३.५ पर्यटन

### १. पृष्ठभूमि

ऐतिहासिक महत्वले समृद्ध लुम्बिनी प्रदेश पर्यटकीय दृष्टिकोणले नेपालकै अग्रस्थानमा रहेको छ। पुरातात्त्विक, धार्मिक, पारम्परिक, साहसिक र शैक्षिक पर्यटनका दृष्टिले यस प्रदेशमा अपार सम्भावना छ। बुद्धको जन्मस्थल लुम्बिनीका साथै तिलौराकोट, रामग्राम, निग्लिहवा, गोटीहवा, कुदानजस्ता प्राचीन स्थलहरूले यस क्षेत्रलाई अझ विशेष बनाएका छन्। यसबाहेक, देउखुरी, तिनाउ, दंगीशरण, राणाकालीन तानसेन दरबार र रानीमहलजस्ता ऐतिहासिक सम्पदाहरूले सांस्कृतिक र पुरातात्त्विक पर्यटनलाई थप बल दिएका छन्। प्राकृतिक दृष्टिले बर्दिया र बाँके राष्ट्रिय निकुञ्ज, ढोरपाटन शिकार आरक्ष, रामसार सूचीमा परेको क्षेत्र, हिमाली भूभाग, तालतलैया, तातोपानीका मुहान र आकर्षक गुफाहरू प्रकृतिप्रेमी पर्यटकका लागि महत्वपूर्ण गन्तव्य बनेका छन्। यस प्रदेशमा युद्ध पर्यटनसँग सम्बन्धित स्थलहरू, विभिन्न जातजातिका सांस्कृतिक विविधता र हाल पहिचान गरिएका २८३ पर्यटकीय गन्तव्यहरू रहेका छन्। यी गन्तव्यलाई सहज बनाउन गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, अन्य क्षेत्रीय विमानस्थल र सडक सञ्जालजस्ता पूर्वाधारले पर्यटन विकासलाई अझ सहज र सम्भावनायुक्त बनाएका छन्।

### २. प्रमुख समस्या

स्वदेशी र विदेशी पर्यटकहरूको आगमन दर न्यून हुनु, आएका पर्यटकहरूको बसाइ छोटो हुनु प्रमुख समस्या बनेका छन्। बुद्धकालीन र अन्य ऐतिहासिक तथा धार्मिक स्थलसम्म पुग्न पर्याप्त सडक र यातायात पूर्वाधारको अभाव, प्रदेशभर सुविधा सम्पन्न यातायात सेवाको विस्तार नहुनु र पर्यटकीय गन्तव्यहरूको प्रचार—प्रसार कमजोर हुनु यसका मुख्य कारण हुन्। साथै, सरकारी संस्थागत संरचना

अस्थिर रहनु, अन्तरसरकारी समन्वय र सहकार्यको कमी हुनु, गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट नियमित अन्तर्राष्ट्रिय उडान सञ्चालन नहुनु, दक्ष पर्यटन पथप्रदर्शकको कमी, पर्यटकीय उपज उत्पादनमा कमी, र लुम्बिनीबाहेकका गन्तव्यहरूको आगन्तुक तथ्यांक व्यवस्थित नभएको अवस्थाले पनि प्रदेशको पर्यटन विकासमा बाधा पुऱ्याइरहेका छन्।

## ३ अवसर र चुनौती

लुम्बिनी प्रदेशमा पर्यटन क्षेत्र विस्तारका थुप्रै अवसरहरू रहेका छन्। लुम्बिनी आफैं एक पृथक् ब्रान्ड र आस्थाको केन्द्रको रूपमा स्थापित भइसकेको छ भने होटल, यातायात र पर्यटकीय सेवासम्बन्धी पूर्वाधार पनि उल्लेखनीय रूपमा विकास हुँदै छ। प्रदेशमा ४ वटा विमानस्थल सञ्चालनमा रही भैरहवा-काठमाडौं, भैरहवा-पोखरा आन्तरिक उडानले आवागमन सहज बनाइरहेको छ। छिमेकी भारत र चीनका पर्यटकका लागि आकर्षक गन्तव्य बन्न सक्ने सम्भावना बलियो छ।

गौतम बुद्धको जन्मस्थल लुम्बिनी विश्व सम्पदा सूचीमा सूचीकृत भइसकेको छ भने तिलौराकोट र रामग्रामलाई समेत त्यसमा सूचीकृत गर्ने प्रक्रिया अघि बढाइएको छ। लुम्बिनी सर्किटको अवधारणा विकास, धार्मिक, प्राकृतिक, सांस्कृतिक तथा ग्रामीण पर्यटनलाई प्रवर्द्धन गर्ने योजना, र राष्ट्रिय-अन्तर्राष्ट्रिय कार्यक्रम आयोजना गर्ने पूर्वाधार विस्तार हुँदै छन्। बर्दिया र बाँके राष्ट्रिय निकुञ्ज, ढोरपाटन सिकार आरक्ष, कृष्णसार संरक्षण क्षेत्र तथा नेपालगन्ज र भैरहवाका क्यासिनोहरूमा भारतीय पर्यटकको आकर्षण बढ्नुले पनि यस क्षेत्रमा पर्यटन विकासको सम्भावना थप बलियो बनाएको छ।

**४. दीर्घकालीन सोचः** पर्यटन प्रवर्द्धनः आर्थिक समृद्धि ।

**५. लक्ष्यः** पर्यटन क्षेत्रको विकास, विस्तार र प्रवर्द्धन गरी आय तथा रोजगारी वृद्धि गर्ने ।

**६. उद्देश्यः**

(१) प्रदेशमा भएका पर्यटकीय क्षेत्रहरूको संरक्षण, पूर्वाधार विकास, प्रवर्द्धन एवम् बजारीकरण गर्नु ।

(२) पर्यटनलाई आय र रोजगारीको प्रमुख क्षेत्रका रूपमा विकास गर्नु ।

## ७. पर्यटनसम्बन्धी नतिजा सूचक र लक्ष्य

| सूचक | एकाइ | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| कुल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको योगदान | प्रतिशत | ४.० | ४.५ | ५ | ५.५ | ६ |
| पर्यटन उद्योगको कुल उत्पादन | रु. करोड | ३१६८ | ४००० | ४८०० | ५८५० | ६९०० |
| पर्यटन क्षेत्रबाट आय | रु. करोड | १६९ | २०० | ४५० | ६०० | ७७५ |
| आन्तरिक तथा बाह्य पर्यटकको आगमन | संख्या हजारमा | ११६८ | ३६६०* | १६०० | १८०० | २००० |

## ८. पर्यटनसम्बन्धी प्रमुख कार्यक्रम तथा क्रियाकलापगत विवरण

**पर्यटन**अन्तर्गत सञ्चालन हुने प्रमुख कार्यक्रम तथा क्रियाकलापहरूको विवरण अनुसूची १ मा प्रस्तुत गरिएको छ।

## ९. पर्यटन क्षेत्रसम्बन्धी त्रिवर्षीय खर्च तथा स्रोत अनुमान

| | बजेट अनुमान (रु. करोडमा) | | | | (रु. करोडमा) | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आ.व. | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | प्रदेश सरकार | नेपाल सरकार- समानीकरण अनुदान | नेपाल सरकार - सससर्त अनुदान | नेपाल सरकार — समपूरक अनुदान | नेपाल सरकार- विशेष अनुदान | आन्तरिक ऋण | वैदेशिक विकास/ साझेदारको सहयोग | कुल |
| २०८०/८१ यथार्थ | ८.९२ | ०.११ | - | ९.०३ | ९.०३ | - | - | - | - | - | - | ९.०३ |
| २०८१/८२ संशोधित अनुमान | ७.२९ | ०.१८ | - | ७.४७ | ७.४७ | - | - | - | - | - | - | ७.४७ |
| २०८२/८३ | ९.४२ | ०.१९ | - | ९.६१ | ९.६१ | - | - | - | - | - | - | ९.६१ |
| २०८३/८४ | १०.४८ | ०.२० | - | १०.६८ | १०.६८ | - | - | - | - | - | - | १०.६८ |
| २०८४/८५ | १२.६२ | ०.२४ | - | १२.८६ | १२.८६ | - | - | - | - | - | - | १२.८६ |

### १०. सम्भावित जोखिम पक्ष

यस क्षेत्रमा पुँजीगत खर्च तुलनात्मक रूपमा बढी विनियोजन गरिएको भए पनि तत्अनुसारको जनशक्ति तथा समयमै कार्यक्रमहरू पूरा नहुँदा मध्यकालीन लक्ष्य पूरा नहुने जोखिम रहन्छ।

## ३.६ वित्तीय समावेशिता तथा सहकारी

### क. वित्तीय समावेशिता

### १. पृष्ठभूमि

यस प्रदेशमा शहरी जनसङ्ख्याको विस्तार, स्थानीय तहमा बढ्दो आर्थिक गतिविधि तथा बैंक र वित्तीय संस्थाहरूको उपस्थिति निरन्तर बढिरहेको छ। लुम्बिनी प्रदेशमा बाणिज्य बैंक, विकास बैंक, वित्त कम्पनी र लघुवित्त संस्थाका धेरै शाखा सञ्चालनमा छन्, जसले मुलुकभरका कुल शाखामध्ये करिब १९ प्रतिशत हिस्सा ओगटेका छन्। सबै स्थानीय तहसम्म वित्तीय संस्थाको पहुँच पुगेकाले यसले प्रदेशको आर्थिक विकासलाई सबल आधार दिएको छ। हाल वित्तीय साक्षरताका आधारमा लुम्बिनी प्रदेश देशभर छैटौं स्थानमा छ भने महिलाको वित्तीय पहुँच ६५ प्रतिशतमा पुगेको छ। दिगो विकास लक्ष्यहरूमा वित्तीय समावेशीकरणलाई प्रमुख प्राथमिकता दिइएको छ, र यस प्रदेशमा वित्तीय सेवाको बढ्दो पहुँचले सीमान्तकृत समुदायलाई सशक्त बनाउन र समावेशी आर्थिक विकासलाई अगाडि बढाउन महत्वपूर्ण योगदान पुऱ्याइरहेको छ।

### २. प्रमुख समस्या

ग्रामीण क्षेत्रमा वित्तीय संस्थाको पहुँच पुगे पनि त्यहाँका नागरिकमा पर्याप्त वित्तीय ज्ञान र साक्षरताको कमी अझै देखिन्छ। उपलब्ध वित्तीय प्रोडक्टहरू सीमित भएकाले विभिन्न वर्ग र क्षेत्रका आवश्यकताहरू पूरा हुन सकेका छैनन्। दुर्गम ग्रामीण भेग र लक्षित वर्गसम्म औपचारिक वित्तीय सेवा पुग्न नसक्नु अहिलेको प्रमुख चुनौती बनेको छ। यस्तै, केही स्थानमा लघुवित्त संस्था र सहकारीहरूप्रति नकारात्मक धारणा समेत बढ्दो क्रममा छ।

## ३. अवसर र चुनौती

लुम्बिनी प्रदेशको वित्तीय क्षेत्रमा सकारात्मक अवसर र गम्भीर चुनौतीहरू दुवै छन्। बैंक तथा वित्तीय संस्थाको शाखा विस्तार, बीमा सेवाको पहुँच, डेबिट-क्रेडिट कार्ड र विद्युतीय कारोबारको वृद्धि, डिजिटल नेपाल फ्रेमवर्कमार्फत प्रविधि-अधारित भुक्तानी प्रणालीको प्रोत्साहन, सामाजिक सुरक्षा भत्ता बैंकमार्फत वितरण, सहकारी संस्थामार्फत ग्रामीण वित्तीय पहुँच विस्तारजस्ता अवसरहरू उल्लेखनीय छन्।

तर, साथसाथै वित्तीय ठगीको बढ्दो समस्या, बैंक तथा वित्तीय संस्थाको अनुगमन र नियमन कमजोर हुनु, सहकारी संस्थाहरूमा प्रभावकारी व्यवस्थापनको अभाव, ग्रामीण महिला र सीमान्तकृत वर्गको बैंकिङ पहुँच सीमित हुनु, साथै रुकुम (पूर्व), रोल्पा, प्यूठान, गुल्मी, अर्घाखाँची र पाल्पा जस्ता जिल्लाहरूमा कर्जा प्रवाह न्यून हुनु जस्ता चुनौतीहरू रहेका छन्। यी चुनौतीलाई समाधान गर्दै उपलब्ध अवसर सदुपयोग गर्न सकेमा प्रदेशको वित्तीय समावेशीकरण र आर्थिक सशक्तीकरणमा ठूलो टेवा पुग्नेछ।

**४. दीर्घकालीन सोचः** औपचारिक अर्थतन्त्रको विस्तारः वित्तीय सेवामा पहुँच

**५. लक्ष्यः** प्रदेशको सबै क्षेत्रमा वित्तीय सेवा, पहुँच र क्षमताको विस्तार गर्ने ।

**६. उद्देश्यः**

(१) सबै नागरिकसम्म वित्तीय साक्षरता बढाउनु ।

(२) वित्तीय पहुँच अभिवृद्धि गर्दै सबैलाई सुलभ वित्तीय सेवा उपलब्ध गराउनु ।

## ७. वित्तीय समावेशितासम्बन्धी नतिजा सूचक र लक्ष्य

| सूचक | एकाइ | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| कम्तीमा एक जनाको बैङ्कमा खाता हुने परिवार | प्रतिशत | ६१.५२ | ६२ | ७० | ७५ | ८० |
| वित्तीय साक्षरता | प्रतिशत | ६३.०३ | ६५ | ६९ | ७६ | ८१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| कुल निक्षेप रकम | रु.अर्बमा | ५०६.९६ | ५८७.६३** | ६५० | ७३० | ८५० |
| कुल कर्जा प्रवाह रकम | रु.अर्बमा | ५५८.८९ | ५८९.९३* | ६३० | ७०० | ८०० |
| बिमा सेवा पुगेको जनसंख्या | प्रतिशत | १७.७५ | १८.५३* | १८ | २२ | २४ |

### ८. वित्तीय समावेशितासम्बन्धी प्रमुख कार्यक्रम तथा क्रियाकलापगत विवरण

**वित्तीय समावेशिता**अन्तर्गत सञ्चालन हुने प्रमुख कार्यक्रम तथा क्रियाकलापहरूको विवरण अनुसूची १ मा प्रस्तुत गरिएको छ।

## ख. सहकारी

### १. पृष्ठभूमि

नेपालको संविधानले सहकारी क्षेत्रलाई अर्थतन्त्रको तेस्रो खम्बा मानेको छ, जुन संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा पर्छ। लुम्बिनी प्रदेशमा ३ हजार ७५५ सहकारी संस्थामा ८ लाख ९८ हजारभन्दा बढी सदस्य आबद्ध छन् र करिब ४ अर्ब ८९ करोड रुपैयाँको सेयर पुँजी रहेको छ। सहकारीले छरिएर रहेका सीप, श्रम र पुँजीलाई एकीकृत गर्दै आर्थिक विकास, उत्पादन र रोजगारी वृद्धिमा योगदान पुर्याइरहेको छ। तर, सहुलियतपूर्ण कर्जा असुली समस्या, संस्थागत सुशासनको अभाव, बचत रकमको दुरुपयोग, सदस्यता बढाउने अस्वस्थ प्रतिस्पर्धा र अन्तर सहकारी समन्वयको कमीले यस क्षेत्रमा ऋण असुली र विश्वास संकट सिर्जना गरेको छ।

### २. प्रमुख समस्या

लुम्बिनी प्रदेशमा सहकारी क्षेत्रका थुप्रै सम्भावना हुँदाहुँदै पनि यसको समग्र अर्थतन्त्रमा योगदान अपेक्षाकृत न्यून छ। सहकारी संस्था सिद्धान्त, मूल्य र मर्मअनुसार सञ्चालन नहुनु, सदस्यहरूमा सहकारी शिक्षा र व्यावसायिक सीपको अभाव, संस्थागत सुशासन र स्वनियमन कमजोर हुनु, पारदर्शिताको कमी र प्रभावकारी नियमनको अभाव प्रमुख समस्याका रूपमा छन्। साथै, उत्पादनशील क्षेत्रमा सहकारीको लगानी पनि न्यून भएकाले आर्थिक प्रभावकारिता र दिगोपनमा चुनौती देखिएको छ।

### ३. अवसर र चुनौती

नेपालको संविधानले सहकारीलाई अर्थतन्त्रको तेस्रो खम्बाका रूपमा मान्दै, साना बचतलाई एकीकृत पुँजीमा रूपान्तरण गरी उत्पादन वृद्धि, रोजगारी सिर्जना र गरिबी निवारणमा योगदान गर्ने अवसरको रूपमा हेरेको छ। लुम्बिनी प्रदेशमा सहकारी संस्थाहरूको व्यापक उपस्थिति र सदस्य सहभागिता भए पनि प्रभावकारी अनुगमन, नियमन, क्षमता विकास तथा नागरिकमा वित्तीय साक्षरताको कमी र सहकारीमा हुने ठगी नियन्त्रणजस्ता चुनौतीहरू कायमै छन्।

**४. दीर्घकालीन सोचः** सहकारीको विकासः समाजवाद उन्मुख अर्थतन्त्र निर्माण ।

**५. लक्ष्यः** सहकारीको सिद्धान्त, मूल्य र मान्यता अनुरूप सहकारी संस्थाहरूको सञ्चालन गर्ने।

**६. उद्देश्यः**

(१) सहकारी संघ–संस्थाहरूको व्यावसायिकता अभिवृद्धि गर्न सहयोग पुऱ्याउनु ।

(२) सहकारीको प्रभावकारी अनुगमन र नियमन गर्नु ।

### ७. सहकारीसम्बन्धी नतिजा सूचक र लक्ष्य

| सूचक | एकाइ | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| सहकारीमा आबद्ध जनसंख्या | प्रतिशत | १७.५४ | १८ | १८.५ | १९ | १९.५ |
| सहकारीमार्फत बचत परिचालन | अर्बमा | ३१.०६ | ३२.५ | ३४ | ३५.५ | ३७ |
| सहकारीमा रोजगारी | संख्या | ६९८९ | ७००० | ७२०० | ७५०० | ८००० |

### ८. वित्तीय समावेशितासम्बन्धी प्रमुख कार्यक्रम तथा क्रियाकलापगत विवरण

**वित्तीय समावेशिता**अन्तर्गत सञ्चालन हुने प्रमुख कार्यक्रम तथा क्रियाकलापहरूको विवरण अनुसूची १ मा प्रस्तुत गरिएको छ।

## ९. वित्तीय समावेशिता तथा सहकारीसम्बन्धी त्रिवर्षीय खर्च तथा स्रोत अनुमान

| | बजेट अनुमान (रु. करोडमा) | | | | (रु. करोडमा) | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आ.व. | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | प्रदेश सरकार | नेपाल सरकार-समानीकरण अनुदान | नेपाल सरकार - ससर्त अनुदान | नेपाल सरकार — समपूरक अनुदान | नेपाल सरकार-विशेष अनुदान | आन्तरिक ऋण | वैदेशिक विकास/साझेदारको सहयोग | कुल |
| २०८०/८१ यथार्थ | ३.४६ | ०.१२ | - | ३.५९ | ३.५९ | - | - | - | - | - | - | ३.५९ |
| २०८१/८२ संशोधित अनुमान | ०.०० | ०.०० | - | ०.०० | ०.०० | - | - | - | - | - | - | ०.०० |
| २०८२/८३ | ४.३१ | ०.०५ | - | ४.३६ | ४.३६ | - | - | - | - | - | - | ४.३६ |
| २०८३/८४ | ४.८० | ०.०५ | - | ४.८५ | ४.८५ | - | - | - | - | - | - | ४.८५ |
| २०८४/८५ | ५.७७ | ०.०६ | - | ५.८४ | ५.८४ | - | - | - | - | - | - | ५.८४ |

## १०. सम्भावित जोखिम पक्ष

वित्तीय समावेशितासम्बन्धी कार्यक्रमहरू छरिएर रहेका र जनशक्तिको अभावका कारण सहकारी अनुगमनमा प्रभावकारिता न्यून हुँदा मध्यकालीन लक्ष्य पूरा नहुने जोखिम देखिन्छ।

# परिच्छेद ४: सामाजिक क्षेत्र

## ४.१ स्वास्थ्य र पोषण

### क. स्वास्थ्य

### १. पृष्ठभूमि

स्वास्थ्य सेवालाई मानव विकासको आधारका रूपमा मानिँदै आएको छ। मानव स्वास्थ्यले उत्पादकत्व, श्रम शक्ति सहभागिता र मानव पुँजी निर्माणमा प्रभाव पार्नुको साथै दीर्घकालीन आर्थिक समृद्धि र सामाजिक-आर्थिक रूपान्तरणमा समेत महत्त्वपूर्ण भूमिका खेल्दछ। नेपालको संविधानले प्रत्येक नागरिकलाई निःशुल्क र समान पहुँचसहित आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउने व्यवस्था गरेको छ। प्रदेश सरकारको एकल अधिकारमा रहेको स्वास्थ्य सेवा संघ, प्रदेश र स्थानीय तहको साझा दायित्व भएकाले दिगो विकास लक्ष्यअनुसार सबै उमेर समूहको स्वास्थ्य सुरक्षाका लागि लुम्बिनी प्रदेशले नीति, योजना र कानुनी संरचना तयार पार्दै सङ्घीय, प्रादेशिक तथा स्थानीय तहका अस्पताल, स्वास्थ्य चौकी, बर्थिङ सेन्टर, खोप क्लिनिक, आयुर्वेद औषधालयलगायतका सेवा विस्तार गरेको छ। यसले प्रदेशवासीको स्वास्थ्य सुरक्षामा महत्त्वपूर्ण योगदान पुऱ्याइरहेको छ। लुम्बिनी प्रदेशको दोस्रो आवधिक योजनाले स्वस्थ एवं दक्ष मानव संसाधन विकासलाई दीर्घकालिन सोच, लक्ष्य तथा उद्देश्य हासिल गर्ने एक विकासको प्रमुख संवाहकको रूपमा पहिचान गरेको हुँदा स्वास्थ्य क्षेत्र लुम्बिनी प्रदेश सरकारको प्राथमिकतामा रहँदै आएको छ ।

### २. प्रमुख समस्या

लुम्बिनी प्रदेशको स्वास्थ्य क्षेत्रमा विशिष्टीकृत सेवा, दक्ष जनशक्ति, पूर्वाधार र बजेटको अभाव यस क्षेत्रका प्रमुख समस्या हुन्। त्यस्तै, स्वास्थ्य जनशक्तिको वृत्ति विकास र तालीमको उचित व्यवस्था नहुनु, दक्ष मानव संसाधन प्रदेशमै टिकाइराख्न नसक्नु र संस्थागत क्षमता निर्माणमा कमजोरीले सेवा प्रणालीलाई कमजोर बनाइरहेको छ। खानेपानी, सरसफाइ, वातावरणीय प्रदूषणजस्ता सार्वजनिक स्वास्थ्यसँग जोडिएका विषयमा समेत सचेतना र पहुँच अभावले नसर्ने रोगहरूजस्तै मधुमेह, रक्तचाप, क्यान्सर, हृदय रोग र मानसिक स्वास्थ्य समस्याहरू तीव्र गतिमा बढिरहेका छन्। यी समस्यालाई दीर्घकालीन दृष्टिकोणसहित पूर्वाधार, जनशक्ति, वित्तीय स्रोत, समन्वय र सेवा गुणस्तरमा सुधार गर्दै

सर्वसुलभ, गुणस्तरीय तथा प्रभावकारी स्वास्थ्य सेवा प्रणाली निर्माण गर्नु लुम्बिनी प्रदेशको अत्यावश्यक कार्यभार बनेको छ।

## ३. अवसर र चुनौती

लुम्बिनी प्रदेशमा संघ, प्रदेश र स्थानीय तहका स्वास्थ्य सेवा प्रदायक निकायहरू, मेडिकल कलेज, प्रादेशिक र जिल्लास्तरीय अस्पताल तथा आयुर्वेद केन्द्रसहित स्वास्थ्य सेवा सञ्जाल राम्रोसँग विस्तार भएको छ। तर, गुणस्तरीय र सुलभ सेवाको सुनिश्चितता, तीन तहका सरकारबीचको समन्वय, प्रविधि र जनशक्ति व्यवस्थापन, दुर्गम क्षेत्रसम्म पहुँच, स्वास्थ्य बिमाको विस्तार तथा प्रदेशमै सेवा उपलब्ध गराउने जस्ता चुनौती भने अझै समाधान हुन बाँकी छन्।

४. **दीर्घकालीन सोचः** स्वस्थ मानव पुँजीयुक्त समृद्ध प्रदेश (Prosperous Province with Healthy Human Capital)

५. **लक्ष्यः** सुदृढ स्वास्थ्य प्रणालीको माध्यमबाट समतामूलक र गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच पुऱ्याई प्रदेशवासीको स्वास्थ्य तथा आरोग्यता प्रवर्द्धन गर्ने ।

## ६. उद्देश्यः

(१) प्रभावकारी स्वास्थ्य प्रणाली विकास गरी गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहुँच अभिवृद्धि गर्नु ।

(२) स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्दै स्वस्थ जीवनशैलीको प्रवर्धन र सेवा प्राप्तिका लागि व्यक्तिगत आर्थिक भार कम गर्नु ।

(३) विपद् तथा आपत्कालीन अवस्थामा समेत अविच्छिन्न स्वास्थ्य सेवाको सुनिश्चिता र गुणस्तर अभिवृद्धिका लागि बहुपक्षीय सहकार्य गर्नु ।

(४) बहुक्षेत्रको सहकार्यबाट स्वास्थ्यका निर्धारकहरूलाई सम्बोधनका लागि अन्तरसम्बन्धित क्षेत्रगत नीतिमार्फत स्वास्थ्यको प्रवर्द्धन गर्नु ।

## ७. स्वास्थ्यसम्बन्धी नतिजा सूचक र लक्ष्य

| सूचक | एकाइ | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| औसत आयु | वर्ष | ६९.५ | ७० | ७०.५ | ७१ | ७२ |
| घरबाट ३० मिनेट वा सोभन्दा कम समयमा स्वास्थ्य संस्थामा पुग्ने जनसंख्या | प्रतिशत | ७८ | ८० | ८५ | ९० | ९५ |
| मातृमृत्यु दर (प्रतिलाख जीवित जन्म) | संख्या | २०७ | १८० | १५५ | १३० | १०५ |
| बालमृत्यु दर (५ वर्षमुनिका प्रतिहजार जीवित जन्म) | संख्या | ४१ | ३९ | ३५ | ३० | २५ |
| व्यक्तिगत आर्थिक भार | प्रतिशत | ५८.५ | ५५ | ५० | ४५ | ४१ |
| १५ महिनाभित्रका पूर्ण खोप प्राप्त बालबालिका | प्रतिशत | ८४ | ८७ | ९० | ९२ | ९४ |
| स्वास्थ्य बिमा भएका व्यक्ति | प्रतिशत | २३ | ३० | ५० | ७० | ८५ |

### ८. स्वास्थ्यसम्बन्धी प्रमुख कार्यक्रम तथा क्रियाकलापगत विवरण

**स्वास्थ्य क्षेत्र** अन्तर्गत सञ्चालन हुने प्रमुख कार्यक्रम तथा क्रियाकलापहरूको विवरण **अनुसूची १** मा प्रस्तुत गरिएको छ।

## ख. पोषण

### १. पृष्ठभूमि

नेपालको संविधानले स्वास्थ्य र खाद्य सुरक्षालाई मौलिक हकको रूपमा स्थापित गरेको छ भने दिगो विकास लक्ष्यमा पोषणलाई प्रमुख विकासको आधारका रूपमा समेटिएको छ। यसैअनुसार, लुम्बिनी प्रदेशले पोषणलाई मानव पुँजी विकास, सामाजिक समावेशिता र आर्थिक प्रगतिको स्तम्भ मान्दै स्वस्थ र सक्षम नागरिक निर्माण गर्ने दीर्घकालीन सोच राखेको छ। गुणस्तरीय पोषण तथा खाद्य सुरक्षाको सुनिश्चितता गर्दै पोषणमैत्री समाज निर्माण र दिगो विकास लक्ष्य हासिल गर्ने उद्देश्यले प्रदेशले पोषण विशिष्ट र पोषण संवेदनशील सेवाहरूको पहुँच वृद्धि, शिशु, बालबालिका, किशोर-किशोरी र महिलाको पोषण अवस्था सुधार गर्ने, गुणस्तर अभिवृद्धि गर्ने तथा जीवन पथमा आधारित पोषण प्रवर्द्धन गरी नसर्ने रोगको दर घटाउने नीति अवलम्बन गरेको छ। साथै, सामाजिक व्यवहार परिवर्तनका माध्यमबाट

असल पोषण अभ्यासलाई प्रोत्साहन गर्दै हानिकारक व्यवहार नियन्त्रण गर्ने प्रयास गरिँदै छ। लुम्बिनी प्रदेशमा हाल पाँच वर्षमुनिका बालबालिकामध्ये २५ प्रतिशत कुपोषित, १६ प्रतिशत ख्याउटे, १९ प्रतिशत कम तौल भएका र १ प्रतिशत मोटोपन भएका छन्। त्यस्तै, बालबालिकामा ४९ प्रतिशत र प्रजनन उमेरका महिलामा ४४ प्रतिशत रक्तअल्पता देखिएको छ। कुपोषण न्यूनीकरणका लागि प्रदेशभर १९१ शीघ्र कुपोषण बहिरंग उपचार केन्द्र, ३ अन्तरङ्ग उपचार केन्द्र र ३ पोषण पुनर्स्थापना केन्द्र सञ्चालनमा रहेका छन्। यी कार्यक्रमले पोषण सुधार, जनचेतना अभिवृद्धि र जोखिम समूहलाई सेवा पुऱ्याउन मद्दत गरिरहेको छ।

## २. प्रमुख समस्या

लुम्बिनी प्रदेशमा पाँच वर्षमुनिका बालबालिकामा पुड्कोपन र ख्याउटेपनको दर उच्च रहँदै आएको छ, जुन दीर्घकालीन पोषण समस्याको चिन्ताजनक संकेत हो। त्यस्तै, कम तौल, अधिक तौल र रक्तअल्पताजस्ता पोषणसम्बन्धी समस्या बालबालिकामाझ व्यापक रूपमा देखा परेका छन्। बालबालिकाको शारीरिक, मानसिक र बौद्धिक विकासमा यसले प्रतिकूल प्रभाव पारिरहेको छ। साथै, प्रजनन उमेर समूहका महिलामा पनि रक्तअल्पताको दर उच्च रहनु प्रदेशको स्वास्थ्य सूचकमा ठूलो चुनौती बनेको छ। विशेष गरी ग्रामीण तथा दुर्गम बस्तीहरू, विपन्न र पिछडिएको समुदायमा पोषण समस्या अझ गम्भीर देखिन्छ।

## ३. अवसर र चुनौती

लुम्बिनी प्रदेशमा पोषण सुधार र स्वास्थ्य सुरक्षामा विविध चुनौतीहरू देखिएका छन्। उच्च गरिबी दर घटाई बालबालिका र आमाहरूको पोषण अवस्था सुधार गर्नु, शिशुमा पूर्ण स्तनपानको अभ्यास बढाउनु, झाडापखाला र श्वासप्रश्वासजस्ता बालरोगको रोकथाम गर्नु र बालबालिकाको आहारमा विविधता सुनिश्चित गर्नु जस्ता कामहरू चुनौतीपूर्ण रहेका छन्। त्यस्तै, व्यक्तिगत सरसफाइ र पोषणसम्बन्धी सचेतना अभिवृद्धि गर्नु आवश्यक छ। अर्कातर्फ, बालविवाह, किशोरावस्थामै गर्भधारण र उमेर नपुग्दै सन्तान जन्माउनेजस्ता हानिकारक सामाजिक अभ्यासहरू अझै जारी रहेका छन्, जसले महिलाको स्वास्थ्य र पोषणमा नकारात्मक असर पारिरहेको छ। सुरक्षित र पौष्टिक खानाको सहज पहुँच, स्वच्छ खानेपानीको उपलब्धता तथा लैङ्गिक विभेद र सामाजिक वञ्चनाको अन्त्य गर्नु पनि यस क्षेत्रका महत्त्वपूर्ण चुनौती हुन्।

**४. दीर्घकालीन सोचः** कुपोषणको अन्त्य, स्वस्थ र सक्षम नागरिक निर्माण।

**५. लक्ष्यः** गुणस्तरीय पोषण तथा खाद्य सुरक्षाको सुनिश्चितता गर्दै पोषणमैत्री समाज निर्माण गर्ने र दिगो विकास लक्ष्य हासिल गर्ने।

**६. उद्देश्यः**

(१) पोषण विशिष्ट र पोषण संवेदनशील सेवाहरूमा पहुँच वृद्धि गरी शिशु, साना बच्चा, किशोरकिशोरी र महिलाको पोषण स्थितिमा सुधार गर्नु ।

(२) पोषण विशिष्ट र पोषण संवेदनशील हस्तक्षेपको कार्यक्रममा गुणस्तर सुधार गर्नु ।

(३) जीवन पथमा आधारित रही सबै उमेर समूह तथा लिङ्गको पोषण प्रवर्द्धन गर्नु तथा नसर्ने रोगको दर घटाउनु।

(४) सामाजिक व्यवहार परिवर्तनका माध्यमबाट असल पोषण व्यवहारलाई बढावा दिनु र हानिकारक व्यवहार रोक्नु।

**७. पोषणसम्बन्धी नतिजा सूचक र लक्ष्य**

| सूचक | एकाइ | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| पाँच वर्षमुनिका बालबालिकाहरूमा ख्याउटेपन (उचाइअनुसार तौल) को दर | प्रतिशत | १६ | १४ | ११ | ८ | ५ |
| प्रजनन उमेर (१५-४९ वर्ष) का महिलाहरूमा हुने अधिक तौल / मोटोपनको दर | प्रतिशत | २८ | २६ | २४ | २२ | २१ |
| पाँच वर्षमुनिका बालबालिकामा रहेको रक्तअल्पताको स्थिति (प्रतिशत) | प्रतिशत | ४९ | ४५ | ४० | २७ | २० |
| पोषणमैत्री घोषणा गरिएका स्थानीय तह | प्रतिशत | ५ | १७ | ३७ | ६० | ८० |

**८. पोषणसम्बन्धी प्रमुख कार्यक्रम तथा क्रियाकलापगत विवरण**

**स्वास्थ्य क्षेत्र**अन्तर्गत सञ्चालन हुने प्रमुख कार्यक्रम तथा क्रियाकलापहरूको विवरण **अनुसूची १** मा प्रस्तुत गरिएको छ।

## ९. स्वास्थ्य र पोषण क्षेत्रसम्बन्धी त्रिवर्षीय खर्च तथा स्रोत अनुमान

| | बजेट अनुमान (रु. करोडमा) | | | | (रु. करोडमा) | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आ.व. | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | प्रदेश सरकार | नेपाल सरकार- समानीकरण अनुदान | नेपाल सरकार - ससर्त अनुदान | नेपाल सरकार — समपूरक अनुदान | नेपाल सरकार- विशेष अनुदान | आन्तरिक ऋण | वैदेशिक विकास/ साझेदारको सहयोग | कुल |
| २०८०/८१ यथार्थ | २२८.२० | ९७.४१ | - | ३२५.६१ | ३२५.६१ | - | - | - | - | - | - | ३२५.६१ |
| २०८१/८२ संशोधित अनुमान | ४३६.३५ | १६३.३६ | - | ५९९.७१ | ५९९.७१ | - | - | - | - | - | - | ५९९.७१ |
| २०८२/८३ | ३३८.१३ | १५७.१७ | - | ४९५.३० | ४९५.३० | - | - | - | - | - | - | ४९५.३० |
| २०८३/८४ | ३७६.२१ | १६५.१२ | - | ५४१.३३ | ५४१.३३ | - | - | - | - | - | - | ५४१.३३ |
| २०८४/८५ | ४५२.८६ | २०१.३८ | - | ६५४.२५ | ६५४.२५ | - | - | - | - | - | - | ६५४.२५ |

## १०. सम्भावित जोखिम पक्ष

स्वास्थ्य क्षेत्रमा आवश्यक जनशक्ति नपुगेको, करारका कर्मचारीमार्फत सेवा दिनुपरेको र ती कर्मचारीहरू बारम्बार परिवर्तन हुनेजस्ता समस्याले स्वास्थ्य सेवा प्रभावित भएको छ। साथै, समायोजन र मिलानका प्रक्रियाबाट उत्पन्न असन्तुष्टि तथा स्वास्थ्य प्राविधिक र अन्य कर्मचारीबीच सेवा सुविधामा देखिएको भेदभावले पनि सेवा प्रवाहमा असर परेको छ।

# ४.२ शिक्षा

## १. पृष्ठभूमि

देशको समग्र विकासका लागि शिक्षा आधारशिला हो, जसले व्यक्तिलाई सर्वाङ्गीण विकास गराउँदै दक्ष, प्रतिस्पर्धी र उत्तरदायी जनशक्ति निर्माण गर्छ। नेपालको संविधानले शिक्षालाई मौलिक हकको रूपमा प्रत्याभूत गर्दै सबै नागरिकलाई समान अवसर सुनिश्चित गर्नु राज्यको संवैधानिक दायित्व मानेको छ। दिगो विकास लक्ष्यअनुसार सबैका लागि समावेशी, गुणस्तरीय र जीवनपर्यन्त सिकाइको अवसर प्रदान गर्ने लक्ष्य लिइएको छ। प्रारम्भिक बालविकासदेखि उच्च शिक्षासम्म पहुँचयोग्य, व्यावसायिक, वैज्ञानिक, प्राविधिक र रोजगारमुखी शिक्षा प्रणाली निर्माण गरी आर्थिक समृद्धि, सामाजिक प्रगति र ज्ञानमा आधारित अर्थतन्त्र विकास गर्ने राष्ट्रिय नीति रहेको छ। शिक्षाले नवप्रवर्तन, उत्पादकत्व र रोजगार क्षमता अभिवृद्धि गर्दै मुलुकको सामाजिक-आर्थिक रूपान्तरणमा महत्त्वपूर्ण योगदान पुऱ्याउँछ।

## २. प्रमुख समस्या

ग्रामीण र दुर्गम भेगमा शिक्षाको पहुँच न्यून हुनु, गुणस्तरीय शिक्षण सिकाइको अभाव, आधारभूत शैक्षिक पूर्वाधार र शैक्षिक सामग्रीको अपुगता मुख्य समस्या हुन्। दक्ष र प्रशिक्षित शिक्षकको कमी, नियमित तालिमको अभाव तथा शिक्षक व्यवस्थापनमा असमानता देखिन्छ। बालबालिका विद्यालयमा भर्ना भए पनि नियमित उपस्थिति र सिकाइ उपलब्धि न्यून हुनु, आर्थिक अवस्था कमजोर भएका परिवारका बालबालिका विद्यालय जानबाट वञ्चित हुनु, बालविवाह र बालश्रमले पनि शिक्षा निरन्तरतामा असर पुऱ्याइरहेको छ। व्यावसायिक, प्राविधिक र रोजगारीमुखी शिक्षा पर्याप्त नभएकाले युवाहरू बेरोजगारीको मारमा छन्। साथै, शिक्षा क्षेत्रमा समन्वय, स्रोत परिचालन र नीति कार्यान्वयनमा कमजोरी रहेकाले अपेक्षित सुधार हुन सकेको छैन।

## ३. अवसर र चुनौती

लुम्बिनी प्रदेशमा शिक्षालाई संविधान र कानूनी रूपमा महत्त्व दिइएको छ भने तीनै तहका सरकारले शिक्षा क्षेत्रको विकासमा सक्रिय भूमिका खेलेका छन्। दिगो विकास लक्ष्यमा शिक्षालाई प्राथमिकतामा राखिएको छ। प्रदेश सरकारले विश्वविद्यालय तथा शिक्षासम्बन्धी नीति र कानून बनाइसकेको छ भने प्राविधिक शिक्षालयहरूको भौतिक र शैक्षिक पूर्वाधार विस्तार हुँदै गएको छ। लक्षित वर्गका छात्रालाई उच्च शिक्षा र विज्ञान विषयमा छात्रवृत्ति उपलब्ध गराइएको छ। विद्यालय तथा मदरसाहरूको पूर्वाधार विकास भई मदरसा समन्वय समिति पनि गठन गरिएको छ। निजी क्षेत्रको लगानी शिक्षामा बढ्दो छ।

तर, शिक्षण सिकाइ दर वृद्धि गर्ने, प्राविधिक विद्यालयहरूको विकास र गुणस्तर सुधार गर्ने, मापदण्डअनुसार कक्षा र शिक्षक-विद्यार्थी अनुपात मिलाउने, विद्यालय छोड्ने दर घटाउने, सबै विद्यालयमा शैक्षिक र भौतिक पूर्वाधार सुदृढ गर्ने, प्रदेश विश्वविद्यालयको गुणस्तर अभिवृद्धि गर्ने, संस्थागत र सामुदायिक विद्यालयबीचको सिकाइ असमानता घटाउने, मदरसा तथा गुम्बा शिक्षामा सरकारी पाठ्यक्रम र शिक्षकको व्यवस्था गर्ने र सबै बालबालिकालाई विद्यालय शिक्षाको पहुँचमा ल्याउने चुनौतीहरू अझै बाँकी छन्।

४. **दीर्घकालीन सोचः** गुणस्तरीय शिक्षाः दक्ष मानव पुँजीसहितको प्रदेश ।

५. **लक्ष्यः** सुसंस्कृत, शिक्षित र प्रतिस्पर्धी मानव पुँजीको विकास गर्ने ।

## ६. उद्देश्य

(१) उच्च शिक्षालाई सिर्जनात्मक, अनुसन्धानमूलक, समयानुकुल तथा प्रतिस्पर्धी बनाउनु ।

(२) प्रदेशको आवश्यकताअनुसारको व्यावसायिक तथा प्राविधिक ज्ञान र सीपयुक्त मानव संसाधन विकास गर्नु ।

(३) माध्यमिक तहमा गुणस्तरीय शिक्षा अभिवृद्धि गर्न स्थानीय तहलाई सहजीकरण गर्नु ।

## ७. शिक्षासम्बन्धी नतिजा सूचक र लक्ष्य

| सूचक | एकाइ | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| शिक्षा क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा योगदान | प्रतिशत | १०.५० | १०.६ | १०.७ | १०.८ | १०.९ |
| प्राविधिक विषयमा कक्षा ९-१२ मा भर्ना हुने विद्यार्थी | संख्या हजारमा | २३ | २५ | २८ | ३१ | ३३ |
| साक्षरता दर (१५-५९ वर्ष) | प्रतिशत | ७८.०८ | ७९ | ८२ | ८८ | ९३ |
| उच्च शिक्षामा प्राविधिक धारको विद्यार्थी अनुपात | प्रतिशत | १७.३ | १८ | १८.५ | १९ | १९.५ |
| नमुना विद्यालय | संख्या | २४ | २४ | ३६ | ३६ | ४८ |
| प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | संख्या | ५०० | ६०० | ११०० | १४०० | १७०० |

## ८. शिक्षा क्षेत्र प्रमुख कार्यक्रम तथा क्रियाकलापगत विवरण

**शिक्षा क्षेत्र**अन्तर्गत सञ्चालन हुने प्रमुख कार्यक्रम तथा क्रियाकलापहरूको विवरण **अनुसूची १** मा प्रस्तुत गरिएको छ।

## ९. शिक्षा क्षेत्रसम्बन्धी त्रिवर्षीय खर्च तथा स्रोत अनुमान*

| | बजेट अनुमान (रु. करोडमा) | | | | (रु. करोडमा) | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आ.व. | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | प्रदेश सरकार | नेपाल सरकार- समानीकरण अनुदान | नेपाल सरकार - ससर्त अनुदान | नेपाल सरकार — समपूरक अनुदान | नेपाल सरकार- विशेष अनुदान | आन्तरिक ऋण | वैदेशिक विकास/ साझेदारको सहयोग | कुल |
| २०८०/८१ यथार्थ | ११०.१७ | १६.८४ | - | १२७.०१ | १२७.०१ | - | - | - | - | - | - | १२७.०१ |
| २०८१/८२ संशोधित अनुमान | १३१.८० | ७३.२१ | - | २०५.०१ | २०५.०१ | - | - | - | - | - | - | २०५.०१ |
| २०८२/८३ | २०६.८० | १२३.९७ | - | ३३०.७७ | ३३०.७७ | - | - | - | - | - | - | ३३०.७७ |
| २०८३/८४ | २३०.०९ | १३०.२४ | - | ३६०.३३ | ३६०.३३ | - | - | - | - | - | - | ३६०.३३ |
| २०८४/८५ | २७६.९७ | १५८.८४ | - | ४३५.८१ | ४३५.८१ | - | - | - | - | - | - | ४३५.८१ |

*सामाजिक मन्त्रालयअन्तर्गत विज्ञान तथा प्रविधि, भाषा, साहित्य, कला र संस्कृति, तथा लैङ्गिक समानतासम्बन्धी विषयहरू तत् तत् क्षेत्रमा समावेश गरिएको छ।

**१०. सम्भावित जोखिम पक्षः** बजेटको प्रभावकारी कार्यान्वयन र आवश्यक विषयगत क्षेत्रमा विशेष पुँजीगत खर्च पर्याप्त मात्रामा हुन नसकेको अवस्थामा मध्यकालीन लक्ष्य पूरा नहुने जोखिम रहन्छ।

## ४.३ युवा तथा खेलकुद

### १. पृष्ठभूमि

नेपालको संविधानले युवाको सशक्तीकरण, शिक्षा, स्वास्थ्य, रोजगारी र व्यक्तित्व विकासका अवसर प्रदान गर्दै राष्ट्रिय विकासमा सहभागी गराउने र खेलकुदलाई राष्ट्रिय एकता र अन्तर्राष्ट्रिय सम्मानको माध्यमका रूपमा विकास गर्ने नीति लिएको छ। यसका लागि नेपाल सरकारले राष्ट्रिय युवा नीति र राष्ट्रिय खेलकुद नीति तर्जुमा गरेको छ। उक्त नीतिको मार्गदर्शनबमोजिम लुम्बिनी प्रदेशले युवालाई नैतिक, सक्षम, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउँदै प्रदेशलाई आधुनिक, न्यायपूर्ण र समृद्ध बनाउन सक्रिय भूमिका खेल्नुपर्ने आवश्यकता रहेको छ। जसअनुरूप दोस्रो आवधिक योजनामा गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवा र रोजगारीका अवसर वृद्धि गर्दै युवाको सहभागिता बढाउने, खेलकुद क्षेत्रको पूर्वाधार र व्यावसायिकता विस्तार गर्ने दीर्घकालीन लक्ष्य लिइएको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार लुम्बिनी प्रदेशमा युवाको जनसंख्या कुल जनसंख्याको ४३.११ प्रतिशत र श्रम योग्य उमेर समूह ६१.९२ प्रतिशत रहेको छ, जसले जनसांख्यिक लाभ लिन सकिने उपयुक्त अवसर रहेको देखाउँछ। त्यसैले युवामा लगानी गरी उनीहरूलाई सिर्जनात्मक, आर्थिक रूपमा सबल र भविष्यका सक्षम नेतृत्वकर्ता बनाउनु अत्यावश्यक छ।

### २. प्रमुख समस्या

वैदेशिक रोजगार र अन्य अवसरका कारण युवाहरू विदेश जाने संख्या बढी हुनु, लक्षित युवा कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन नहुनु, शिक्षाको गुणस्तर घट्दै जानु, स्वरोजगारीका अवसर कम हुनु, कृषि क्षेत्रमा रोजगारीको आकर्षण नहुनु र वर्षभरि रोजगारी सिर्जना गर्ने पर्याप्त कार्यक्रमहरूको अभाव, साथै लागू पदार्थजस्ता दुर्व्यसनमा वृद्धिका समस्या देखिएका छन्। खेलकुद क्षेत्रमा सार्वजनिक र निजी दुवै पक्षबाट न्यून प्राथमिकता दिइनु, दीर्घकालीन नीति र पूर्वाधारको कमी, व्यवसायीकरण नहुनु, प्रतिभा पहिचान र विकासमा अवसरको अभाव र खेलकुदलाई पर्यटन तथा आर्थिक गतिविधिसँग जोड्ने लगानीको कमी पनि यस क्षेत्रका मुख्य चुनौतीहरू हुन्।

### ३. अवसर र चुनौती

प्रदेशमा सक्रिय युवासङ्ख्या र तिनको सीप उपयोगको ठूलो सम्भावना छ। युवाहरूको राजनीति सहभागिता, वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूको उद्यमशीलता र राम्रो साक्षरता अवसर हुन्। खेलकुद पूर्वाधारमा लगानी बढ्नु, युवाको खेलप्रतिको रुचि र राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरमा सहभागिता वृद्धि पनि अवसर हुन्। तर, युवा विदेश पलायन, बेरोजगारी, श्रम संस्कृतिको अभाव र जनसांख्यिक लाभको पूर्ण उपयोग गर्न नसक्नु चुनौतीहरू हुन्। खेलकुद पूर्वाधार विकास, प्रतिभा पहिचान र व्यावसायिक विकास गरिनुपर्ने आवश्यकता पनि छ।

**४. दीर्घकालीन सोचः** प्रदेशको समृद्धिः युवाको परिचालन

**५. लक्ष्यः** विकासमा युवाहरूको सहभागिता बढाई प्रदेशको आर्थिक समृद्धि हासिल गर्ने ।

**६. उद्देश्यः**

(१) गुणस्तरीय शिक्षा र स्वास्थ्यमा युवाहरूको पहुँच अभिवृद्धि गर्दै रोजगारी बढाउनु ।

(२) खेलकुद क्षेत्रको विकास गर्नु ।

**७. युवा तथा खेलकुदसम्बन्धी नतिजा सूचक र लक्ष्य**

| क्र.सं. | सूचक | एकाइ | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | युवा रोजगारी | दर | ५७ | ६० | ६५ | ७० | ७५ |
| २ | दुर्व्यसन नियन्त्रण सचेतना कार्यक्रम (वार्षिक) | संख्या | १० | १२ | १२ | १४ | १५ |
| ३ | सीप विकास तालिम प्राप्त युवा | संख्या | ३०० | ५०० | ६०० | ७५० | ८७५ |
| ४ | युवा उद्यमशीलता कार्यक्रमबाट लाभ प्राप्त गर्ने | संख्या | १०० | १८० | २६० | ३४० | ४२० |

**८. युवा तथा खेलकुद क्षेत्र प्रमुख कार्यक्रम तथा क्रियाकलापगत विवरण**

**युवा तथा खेलकुद क्षेत्र**अन्तर्गत सञ्चालन हुने प्रमुख कार्यक्रम तथा क्रियाकलापहरूको विवरण **अनुसूची १** मा प्रस्तुत गरिएको छ।

## ९. युवा तथा खेलकुदसम्बन्धी त्रिवर्षीय खर्च तथा स्रोत अनुमान*

| | बजेट अनुमान (रु. करोडमा) | | | | (रु. करोडमा) | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आ.व. | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | प्रदेश सरकार | नेपाल सरकार-समानीकरण अनुदान | नेपाल सरकार - ससर्त अनुदान | नेपाल सरकार — समपूरक अनुदान | नेपाल सरकार-विशेष अनुदान | आन्तरिक ऋण | वैदेशिक विकास/ साझेदारको सहयोग | कुल |
| २०८०/८१ यथार्थ | ९.९७ | ५.७७ | - | १५.७५ | १५.७५ | - | - | - | - | - | - | १५.७५ |
| २०८१/८२ संशोधित अनुमान | ५.०२ | ०.०० | - | ५.०२ | ५.०२ | - | - | - | - | - | - | ५.०२ |
| २०८२/८३ | १४.५४ | २२.७१ | - | ३७.२५ | ३७.२५ | - | - | - | - | - | - | ३७.२५ |
| २०८३/८४ | १६.१८ | २३.८५ | - | ४०.०३ | ४०.०३ | - | - | - | - | - | - | ४०.०३ |
| २०८४/८५ | १९.४७ | २९.०९ | - | ४८.५७ | ४८.५७ | - | - | - | - | - | - | ४८.५७ |

### १०. सम्भावित जोखिम पक्ष

युवा तथा खेलकुद मन्त्रालय भर्खरै गठन भएकाले आवश्यक कर्मचारीको व्यवस्थापन सामान्यतः कठिन रहेको, साथै अवधिक योजनाको लक्ष्यअनुरूप कार्यक्रम छनोट गर्नुपर्ने अवस्थाले गर्दा मध्यकालीन लक्ष्य प्राप्त नहुने जोखिम रहन्छ।

## ४.४ विज्ञान तथा प्रविधि

### १. पृष्ठभूमि

विज्ञान र प्रविधिले सामाजिक, आर्थिक र पूर्वाधार विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै समृद्ध प्रदेशको लक्ष्य पूरा गर्न मार्गनिर्देशन गर्दछ। नेपालको संविधानले वैज्ञानिक अनुसन्धान र प्रविधिलाई संघ र प्रदेशको साझा अधिकारका रूपमा समेट्दै यस क्षेत्रको विकास र प्रयोगमा जोड दिएको छ। राष्ट्रिय विकास नीतिले अनुसन्धान, नवप्रवर्तन र प्रविधि उन्नयनमा लगानी बढाउँदै वैज्ञानिक तथा प्राविधिक जनशक्ति संरक्षण गर्ने व्यवस्था गरेको छ। उक्त नीतिको मार्गदर्शन बमोजिम लुम्बिनी प्रदेशमा सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठान ऐन, २०७६ लागू भई यस क्षेत्रको प्रवर्द्धनको प्रयास भइरहेको छ। दीर्घकालीन रूपमा आधुनिक विज्ञान तथा नवीनतम प्रविधिको दिगो विकास र अधिकतम उपयोग गर्दै आर्थिक वृद्धिमा टेवा पुर्‍याउने वैज्ञानिक अनुसन्धान, नवप्रवर्तन र प्राविधिक दक्षता विकास गर्नु, प्रविधिको माध्यमबाट उत्पादन, उत्पादकत्व र सेवा प्रवाहमा सुधार ल्याउनु अत्यावश्यक छ। विशेषतः कृषि, स्वास्थ्य, शिक्षा र पूर्वाधार क्षेत्रमा डिजिटल प्रविधि र नवप्रवर्तनको प्रभावकारी प्रयोगले प्रदेशको समग्र विकासलाई तीव्र बनाउने सम्भावना छ। आगामी दिनमा स्थानीय नवप्रवर्तनलाई प्राथमिकता दिँदै, प्रदेशको आवश्यकताअनुसार प्रविधि अनुकूलन र विस्तारमा लगानी बढाउनुपर्ने आवश्यकता रहेको छ।

### २. प्रमुख समस्या

प्रदेशमा विज्ञान तथा प्रविधि क्षेत्रमा लगानी कम हुनु, विज्ञानमा दक्ष जनशक्तिको अभाव, नवप्रवर्तन र अनुसन्धानमा कठिनाइ, इन्क्युबेशन सेन्टरको अभाव, लगानीकर्ता आकर्षित गर्न नसक्नु जस्ता समस्याहरू छन्। साथै, अनुसन्धान प्रतिष्ठान र विश्वविद्यालयबीच समन्वय कमजोर हुनु, विज्ञान विषय

पढाउने संस्था र विद्यार्थीको संख्या कम हुनु तथा वैज्ञानिक अनुसन्धानमा प्रोत्साहनको कमीसमेत समस्याका रूपमा रहेका छन्।

## ३. अवसर र चुनौती

नेपालमा अन्तर्राष्ट्रिय ख्यातिप्राप्त नेपाली युवा वैज्ञानिकहरूलाई भाषा र सामाजिक परिवेशको सहज बुझाइका कारण उनीहरूको ज्ञान, सीप र अनुभवलाई प्रदेशको विकासमा प्रयोग गर्ने राम्रो अवसर रहेको छ। सूचना तथा प्रविधिको तीव्र विस्तार, सस्तो र पहुँचयोग्य जनशक्ति, र प्रदेश सरकारले विज्ञान तथा प्रविधिलाई प्रोत्साहन गर्ने नीतिगत व्यवस्था र कार्यक्रमहरूलाई पनि अवसरका रूपमा लिन सकिन्छ। साथै, गुणस्तरीय जनशक्ति प्रदेशमै टिकाइराख्न, कृषि, उद्योग, सूचना प्रविधि, नवीकरणीय ऊर्जाजस्ता क्षेत्रमा दिगो लगानीको व्यवस्था गर्ने र सूचना प्रविधिमा अन्तर्राष्ट्रिय प्रतिस्पर्धा गर्न सक्ने क्षमताको विकास गर्ने पनि सम्भावना छ। यद्यपि, प्रविधिमा आधारित साइबर सुरक्षा र नयाँ अपराधको अनुसन्धान गर्ने पूर्वाधार तथा प्रणाली निर्माण गर्नुपर्ने, नवीनतम प्रविधिको तत्काल उपयोगका लागि आवश्यक लगानी जुटाउने चुनौती भने कायमै छ। यी चुनौतीहरूमाथि सम्बोधन गर्दै अवसरको उपयोग गर्न सके प्रदेशको समग्र आर्थिक, सामाजिक र पूर्वाधार विकासमा विज्ञान र प्रविधिले उल्लेखनीय योगदान पुऱ्याउनेछ।

**४. दीर्घकालीन सोचः** आधुनिक विज्ञान तथा नवीनतम प्रविधिको दिगो विकास र अधिकतम उपयोग

**५. लक्ष्यः** नवप्रवर्तन; विज्ञान तथा प्रविधिको दिगो विकास र आर्थिक, सामाजिक तथा पूर्वाधार विकासमा यसको उपयोग गर्दै आर्थिक वृद्धिमा योगदान गर्ने ।

**६. उद्देश्यः**

(१) वैज्ञानिक अनुसन्धान र नवप्रवर्तनका साथसाथै आवश्यक प्रविधिको दिगो विकास गर्नु ।

(२) विज्ञान तथा प्रविधिको दिगो उपयोगमार्फत उत्पादन, उत्पादकत्व र गुणस्तर वृद्धि गरी प्रदेशवासीको आयआर्जन बढाउनु।

(३) विज्ञान तथा प्रविधिको प्रयोग गरी सार्वजनिक सेवा प्रवाहमा सुधार गर्नु ।

## ७. विज्ञान तथा प्रविधिसम्बन्धी नतिजा सूचक र लक्ष्य

| क.सं. | सूचक | एकाइ | | | मध्यमकालीन लक्ष्य |
|---|---|---|---|---|---|

| | | | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
|---|---|---|---|---|---|---|---|
| १ | नवप्रवर्तन केन्द्र | संख्या | ० | १० | १५ | १८ | २१ |
| २ | उच्च शिक्षामा विज्ञान विषय पढाइ हुने शैक्षिक संस्थामा विज्ञान प्रयोगशाला | प्रतिशत | ४० | ५० | ६० | ७५ | ८८ |

## ८. विज्ञान तथा प्रविधि क्षेत्र प्रमुख कार्यक्रम तथा क्रियाकलापगत विवरण

**विज्ञान तथा प्रविधि क्षेत्र**अन्तर्गत सञ्चालन हुने प्रमुख कार्यक्रम तथा क्रियाकलापहरूको विवरण **अनुसूची १** मा प्रस्तुत गरिएको छ।

## ९. विज्ञान तथा प्रविधिसम्बन्धी त्रिवर्षीय खर्च तथा स्रोत अनुमान

| | बजेट अनुमान (रु. करोडमा) | | | | (रु. करोडमा) | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आ.व. | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | प्रदेश सरकार | नेपाल सरकार- समानीकरण अनुदान | नेपाल सरकार - ससर्त अनुदान | नेपाल सरकार — समपूरक अनुदान | नेपाल सरकार- विशेष अनुदान | आन्तरिक ऋण | वैदेशिक विकास/ साझेदारको सहयोग | कुल |
| २०८०/८१ यथार्थ | ७.७० | ०.०० | - | ७.७० | ७.७० | - | - | - | - | - | - | ७.७० |
| २०८१/८२ संशोधित अनुमान | ८.०२ | ०.५८ | - | ८.५९ | ८.५९ | - | - | - | - | - | - | ८.५९ |
| २०८२/८३ | १८.६५ | ०.०० | - | १८.६५ | १८.६५ | - | - | - | - | - | - | १८.६५ |
| २०८३/८४ | २०.७५ | ०.०० | - | २०.७५ | २०.७५ | - | - | - | - | - | - | २०.७५ |
| २०८४/८५ | २४.९८ | ०.०० | - | २४.९८ | २४.९८ | - | - | - | - | - | - | २४.९८ |

### १०. सम्भावित जोखिम पक्ष

विज्ञान तथा प्रविधि क्षेत्रमा प्रविधिक विद्यालयमार्फतमात्र स्रोत विनियोजन भएकोले, अन्य लक्षित कार्यक्रमको अभावमा मध्यकालीन लक्ष्य प्राप्त नहुने जोखिम रहन्छ।

## ४.५ भाषा, साहित्य, कला र संस्कृति

### १. पृष्ठभूमि

लुम्बिनी प्रदेश जातजाति, भाषा, धर्म र संस्कृतिको विविधता तथा धनी सांस्कृतिक सम्पदाले भरिएको प्रदेश हो। संविधानले प्रदेश सरकारलाई भाषा, लिपि, धर्म, संस्कृति र ललितकलाको संरक्षण, प्रवर्द्धन र विकासको जिम्मेवारी दिएको छ भने स्थानीय तहको अधिकारमा समेत यी विषयहरू समेटिएका छन्। यस प्रदेशमा थारू, मगर, अवधी, भोजपुरी, मुस्लिम, गुरुङ, नेवारलगायतका जातजाति र तिनका विविध संस्कृति, परम्परा र लोककला एउटै भूगोलभित्र लय र सहिष्णुता कायम गर्दै आएका छ। लुम्बिनी, तिलौराकोट, रामग्राम, स्वर्गद्वारी, रूरूक्षेत्रजस्ता धार्मिक, पुरातात्विक तथा सांस्कृतिक स्थलहरू मात्र नभई यहाँ थारू सङ्ग्रहालय, लोकसाँस्कृतिक सङ्ग्रहालय, युद्ध सङ्ग्रहालय, दरबार सङ्ग्रहालयजस्ता थुप्रै ऐतिहासिक थातथलोहरू पनि रहेका छन्। यी स्थलहरूले नेपालको मात्र नभई अन्तर्राष्ट्रिय धार्मिक, सांस्कृतिक र ऐतिहासिक महत्त्व बोकेका छन्। विश्वविख्यात गौतम बुद्धको जन्मस्थल लुम्बिनी युनेस्कोको विश्व सम्पदा सूचीमा सूचीकृत भइसकेको छ भने अन्य सम्पदाहरूलाई पनि सूचीकरण गर्न पहल भइरहेको छ। यस पृष्ठभूमिमा लुम्बिनी प्रदेश सरकारले बहुसांस्कृतिक सम्पदाको जगेर्ना गरी सांस्कृतिक पहिचानयुक्त प्रदेश निर्माण गर्ने दीर्घकालीन सोच अघि सारेको छ। सांस्कृतिक सम्पदाको संरक्षण र व्यवस्थापन गर्दै प्रादेशिक पहिचान र गौरव अभिवृद्धि गर्ने लक्ष्य लिएको छ। यसका लागि मौलिक कला, संस्कृति, भाषा र साहित्यको संरक्षण, विकास तथा प्रवर्द्धन गर्ने उद्देश्य तय गरिएको छ। आजको सन्दर्भमा यी अमूल्य सम्पदाको संरक्षण, प्रवर्द्धन र व्यावसायिक प्रयोग प्रदेशको सामाजिक, आर्थिक तथा पर्यटन विकासका लागि आधार बन्न सक्छन्।

### २. प्रमुख समस्या

लुम्बिनी प्रदेशको समृद्ध सांस्कृतिक विविधता र मौलिक सम्पदालाई संरक्षण गर्ने महत्त्वपूर्ण आवश्यकता आजको समयको माग बनेको छ। तर, पछिल्लो समय भाषा, साहित्य, कला र संस्कृतिप्रति नयाँ पुस्ताको आकर्षण घट्दै जानु, युवा पुस्तामा बाह्य संस्कृतिको प्रभाव बढ्नु तथा स्थानीय कला र मौलिक परम्परा लोप हुँदै जानु जस्ता समस्या गम्भीर रूपमा देखिन थालेका छन्। मातृभाषामा शिक्षा दिने व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्नु, मातृभाषामा लेखन-पठन तथा सृजनात्मक अभ्यासको अवसर कमी हुनु र मातृभाषी समुदायहरूमा समेत आफ्नै भाषा, गीत, नाच, पर्व र परम्पराप्रतिको चासो मन्द हुँदै जानु प्रदेशको सांस्कृतिक निरन्तरतामा चुनौती बनेको छ।

## ३. अवसर र चुनौती

लुम्बिनी प्रदेशमा लोक कला, साहित्य र संस्कृतिको व्यवसायीकरण गर्ने ठूलो सम्भावना छ भने सांस्कृतिक पर्यटनको पनि व्यापक अवसर छ। यसले कला र संस्कृति संरक्षणका क्रियाकलापहरूमा वृद्धि गराउने सम्भावना राख्छ। तर, संस्कृति र सम्पदाको मौलिक स्वरूप जोगाउन बाह्य संस्कृतिको असरलाई नियन्त्रण गर्नु, नेपाली कला, साहित्य र संस्कृतिको सम्मान र प्रवर्द्धन गर्ने भावना विकास गर्नु, साथै प्रदेशमा बोलिने मातृभाषाहरूको संरक्षण गर्नु चुनौतीका रूपमा रहेका छन्।

**४. दीर्घकालीन सोचः** बहुसांस्कृतिक सम्पदाको जगेर्नाः सांस्कृतिक पहिचानयुक्त प्रदेश

**५. लक्ष्यः** सांस्कृतिक सम्पदाको संरक्षण र व्यवस्थापन गरी प्रादेशिक पहिचान र गौरव अभिवृद्धि गर्ने।

**६. उद्देश्यः** मौलिक कला, संस्कृति, भाषा र साहित्यको संरक्षण, विकास तथा प्रवर्द्धन गर्नु ।

## ७. भाषा, साहित्य, कला र संस्कृतिसम्बन्धी नतिजा सूचक र लक्ष्य

| सूचक | एकाइ | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| संरक्षण गरिएका साँस्कृतिक एवं पुरातात्विक सम्पदा | संख्या | १० | ११ | १२ | १३ | १४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| संरक्षण तथा प्रवर्द्धन भएका जात्रा तथा पर्वहरू | संख्या | ५० | ५५ | ६० | ६५ | ७० |
| संरक्षण भएका लोपोन्मुख भाषा, कला तथा लिपिहरू | संख्या | - | १ | २ | ३ | ४ |

## ८. भाषा, साहित्य, कला र संस्कृति क्षेत्र प्रमुख कार्यक्रम तथा क्रियाकलापगत विवरण

भाषा, साहित्य, कला र संस्कृति क्षेत्रअन्तर्गत सञ्चालन हुने प्रमुख कार्यक्रम तथा क्रियाकलापहरूको विवरण सामाजिक मन्त्रालयअन्तर्गत **अनुसूची १** मा प्रस्तुत गरिएको छ।

## ९. भाषा, साहित्य, कला र संस्कृति क्षेत्रसम्बन्धी त्रिवर्षीय खर्च तथा स्रोत अनुमान

| | बजेट अनुमान (रु. करोडमा) | | | | (रु. करोडमा) | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आ.व. | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | प्रदेश सरकार | नेपाल सरकार-समानीकरण अनुदान | नेपाल सरकार - ससर्त अनुदान | नेपाल सरकार — समपूरक अनुदान | नेपाल सरकार-विशेष अनुदान | आन्तरिक ऋण | वैदेशिक विकास/ साझेदारको सहयोग | कुल |
| २०८०/८१ यथार्थ | २.७० | २०.९२ | - | २३.६२ | २३.६२ | - | - | - | - | - | - | २३.६२ |
| २०८१/८२ संशोधित अनुमान | ११.०० | ५५.०९ | - | ६६.०९ | ६६.०९ | - | - | - | - | - | - | ६६.०९ |
| २०८२/८३ | १०.५६ | ११४.४६ | - | १२५.०२ | १२५.०२ | - | - | - | - | - | - | १२५.०२ |
| २०८३/८४ | ११.७५ | १२०.२६ | - | १३२.०१ | १३२.०१ | - | - | - | - | - | - | १३२.०१ |
| २०८४/८५ | १४.१४ | १४६.६६ | - | १६०.८१ | १६०.८१ | - | - | - | - | - | - | १६०.८१ |

## ४.६ लैङ्गिक समानता, महिला तथा बालबालिका

### १. पृष्ठभूमि

नेपालको संविधानले लैङ्गिक समानता, सामाजिक न्याय र समावेशी समाज निर्माणलाई मूलधारमा राख्दै महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र लैङ्गिक तथा यौनिक अल्पसंख्यकको अधिकार सुनिश्चित गरेको छ। सङ्घीय संरचनाअनुसार तीन तहबीचको सहकार्यमा लैङ्गिक हिंसा, अन्याय, विभेद अन्त्य, महिला सशक्तीकरण, लैङ्गिक समानुपातिक सहभागिता र मानव अधिकारको संरक्षणका लागि नीति, कार्यक्रम र संस्थागत प्रयास भइरहेका छन्। सामाजिक सचेतना, सुधारिएको सेवा सुविधा, दिगो विकास लक्ष्यसँगै लैङ्गिक विकास सूचकाङ्कमा प्रगति हुँदै गएको छ। यद्यपि, प्रविधिको दुरुपयोग, सामाजिक संरचनागत कमजोरी, समन्वयको अभाव र नवीनतम जोखिमका कारण चुनौतीहरू यथावत छन्। यी चुनौती समाधान गर्न साझा नीति, सहकार्य, समन्वय सुदृढ गर्दै उपलब्धि संस्थागत गर्दै लैङ्गिक समावेशी, सम्मानपूर्ण र पहुँचयुक्त समाज निर्माण गर्न अवसरहरूसमेत विद्यमान छन्। यस पृष्ठभूमिमा लैङ्गिक समानता र सामाजिक न्यायलाई दिगो विकासको आधार मानेर लुम्बिनी प्रदेशले सामाजिक समावेशिता र समतामा आधारित सशक्तीकरणयुक्त समाज निर्माण गर्ने दीर्घकालीन सोच अघि सारेको छ। महिला र बालबालिकाको अधिकार संरक्षण गर्दै उनीहरूको आर्थिक, सामाजिक र राजनीतिक क्षेत्रमा समान सहभागिता सुनिश्चित गर्ने तथा प्रदेशको समुन्नतिमा सक्रिय योगदान गराउने लक्ष्य लिइएको छ। यसका लागि महिलाहरूको आर्थिक, सामाजिक र राजनीतिक सशक्तीकरण गर्दै सहभागिता बढाउने र मौलिक हकको प्रत्याभूति गर्ने उद्देश्यसहित नीति, कार्यक्रम र योजना कार्यान्वयन गरिँदै छ।

### २. प्रमुख समस्या

लुम्बिनी प्रदेशमा लैङ्गिक समानता र सामाजिक न्यायको क्षेत्रमा केही सकारात्मक पहल भएका भए पनि अझै केही जटिल समस्या विद्यमान छन्। लैङ्गिक हिंसा, विभेद, बालविवाहजस्ता हानिकारक सामाजिक अभ्यास कम गर्नुको साथै बालश्रम र मानव बेचबिखन नियन्त्रणमा पनि अपेक्षित सुधार गर्न सकिएको छैन। साथै, निर्णय प्रक्रियामा सीमान्तकृत समुदायका महिलाको सहभागिता न्यून रहनु र

उनीहरूका आवाज समेट्न नसक्नु पनि प्रदेशको सामाजिक न्याय र समावेशी शासन प्रणालीका लागि चिन्ताको विषय बनेको छ।

## ३. अवसर र चुनौती

लुम्बिनी प्रदेशमा महिला र बालबालिकाको अधिकार संरक्षण तथा प्रवर्द्धनका लागि नीतिकानून निर्माण भई कार्यक्रम कार्यान्वयनमा आउनु, लैङ्गिक समानता नीति तथा बालविवाह अन्त्य रणनीति लागू हुनु, उद्धार तथा संरक्षण कोष स्थापना हुनु, महिला सहकारी मापदण्ड र लैङ्गिक सम्पर्क व्यक्तिको व्यवस्था हुनु सकारात्मक अवसर हुन्। यस्ता पहलले लैङ्गिक समानता र सामाजिक न्यायको मार्ग खुलाएको छ। तर, अझै पनि लैङ्गिक हिंसा, मानव बेचबिखन, विपन्न तथा सीमान्तकृत महिलाको आर्थिक सशक्तीकरण, बालविवाह र दाइजो प्रथाको अन्त्य, महिला शिक्षामा पहुँच अभिवृद्धि, र समाजमा गढेको नकारात्मक लैङ्गिक सोच हटाउनु चुनौतीपूर्ण छ। साथै, तीनै तहका नीतिगत, कार्यगत र नेतृत्व तहमा लैङ्गिक समावेशीकरण, महिलाको समानुपातिक सहभागिता, र राजनीतिक इच्छाशक्ति मजबुत पार्नु अत्यावश्यक देखिन्छ।

**४. दीर्घकालीन सोचः** सामाजिक न्याय र समतामा आधारित लैङ्गिक समानता र सशक्तीकरणयुक्त प्रदेश

**५. लक्ष्यः** महिला र बालबालिकाको अधिकार संरक्षण गर्दै आर्थिक सामाजिक विकासमा मूलप्रवाहीकरण गरी प्रदेशको समुन्नतिमा उल्लेखनीय योगदान पुर्‍याउने ।

**६. उद्देश्यः**

(१) महिलाहरूको आर्थिक, सामाजिक तथा राजनीतिक सशक्तीकरण गर्नु ।

(२) महिला अधिकार सुनिश्चित गर्दै सहभागिता अभिवृद्धि गर्नु ।

## ७. लैङ्गिक समानता, महिला तथा बालबालिकासम्बन्धी नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | लैङ्गिक विकास सूचकाङ्क | प्रतिशत | ०.८६६ | ०.८८९ | ०.८९२ | ०.८९५ | ०.८९८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | महिला श्रम सहभागिता दर | प्रतिशत | २६.३ | २९ | ३१ | ३२.५ | ३४ |
| ३ | लैङ्गिक असमानता न्यूनीकरण सूचकाङ्क | सूचकाङ्क | ०.५६३ | ०.५८५ | ०.६१५ | ०.६५० | ०.६८० |
| ४ | लैङ्गिक सशक्तीकरण मापन सूचकाङ्क | प्रतिशत | ०.४६ | ०.४९ | ०.५२ | ०.५४ | ०.५७ |
| ५ | महिला साक्षरता | प्रतिशत | ७१.७० | ७४ | ७७ | ८० | ८३ |
| ६ | औपचारिक क्षेत्रको रोजगारीमा महिलाको हिस्सा | प्रतिशत | ३५.२९ | ३६ | ३७ | ३८ | ३९ |
| ७ | बालश्रम | प्रतिशत | १५.८ | १४.५ | १३.५ | १२.५ | ११.५ |

## ८. लैङ्गिक समानता, महिला तथा बालबालिका क्षेत्र प्रमुख कार्यक्रम तथा क्रियाकलापगत विवरण

**लैङ्गिक समानता, महिला तथा बालबालिका** क्षेत्रअन्तर्गत सञ्चालन हुने प्रमुख कार्यक्रम तथा क्रियाकलापहरूको विवरण सामाजिक मन्त्रालयअन्तर्गत **अनुसूची १** मा प्रस्तुत गरिएको छ।

## ९. लैङ्गिक समानता, महिला तथा बालबालिकासम्बन्धी त्रिवर्षीय खर्च तथा स्रोत अनुमान

| | बजेट अनुमान (रु. करोडमा) | | | | (रु. करोडमा) | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आ.व. | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | प्रदेश सरकार | नेपाल सरकार- समानीकरण अनुदान | नेपाल सरकार - सशर्त अनुदान | नेपाल सरकार — समपूरक अनुदान | नेपाल सरकार- विशेष अनुदान | आन्तरिक ऋण | वैदेशिक विकास/ साझेदारको सहयोग | कुल |
| २०८०/८१ यथार्थ | ४.९१ | १.०१ | - | ५.९२ | ५.९२ | - | - | - | - | - | - | ५.९२ |
| २०८१/८२ संशोधित अनुमान | ०.०० | ०.०० | - | ०.०० | ०.०० | - | - | - | - | - | - | ०.०० |
| २०८२/८३ | १०.०४ | २.३० | - | १२.३४ | १२.३४ | - | - | - | - | - | - | १२.३४ |
| २०८३/८४ | ११.१७ | २.४२ | - | १३.५८ | १३.५८ | - | - | - | - | - | - | १३.५८ |
| २०८४/८५ | १३.४४ | २.९५ | - | १६.३९ | १६.३९ | - | - | - | - | - | - | १६.३९ |

### १०. सम्भावित जोखिम पक्ष

लैङ्गिक समानता, महिला तथा बालबालिका क्षेत्रका कार्यक्रमहरू छरिएर रहेकाले मध्यकालीन लक्ष्य प्राप्त नहुने जोखिम रहन्छ।

## ४.७ सामाजिक सुरक्षा र संरक्षण (अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, यौनिक तथा लैङ्गिक अल्पसंख्यक)

### १. पृष्ठभूमि

नेपालको संविधानले आर्थिक रूपमा विपन्न, लोपोन्मुख, अपाङ्गता भएका, एकल महिला, दलित, अनाथ बालबालिकालगायतका समूहलाई सामाजिक सुरक्षा र संरक्षणका हक सुनिश्चित गरेको छ। लुम्बिनी प्रदेशमा सामाजिक सुरक्षालाई मर्यादित जीवन र विभेदमुक्त समाज निर्माणको आधार मानेर विभिन्न कार्यक्रम सञ्चालन हुँदै आएका छन्। संविधान र सामाजिक सुरक्षा ऐनअनुसार विपन्न, अपाङ्गता भएका, एकल महिला, दलित, अनाथ बालबालिका लगायतका समूहका लागि सामाजिक सुरक्षा र संरक्षणको व्यवस्था गरिएको छ। लक्षित वर्गलाई न्यूनतम सामाजिक सुरक्षाको प्रत्याभूति गर्ने र प्रदेशस्तरीय कार्यक्रमलाई एकीकृत ढाँचामा सञ्चालन गर्दै समाजका विपन्न, कमजोर र सीमान्तकृत व्यक्तिहरूलाई सुरक्षित, सम्मानजनक र समावेशी जीवनयापन प्रत्याभूति गर्नु प्रदेश सरकारको दीर्घकालीन लक्ष्य रहेको छ। यसले यी समुदाय-समूहहरूको संरक्षण, सशक्तीकरण र पुनर्स्थापना सुनिश्चित गर्दै गरिबी न्यूनीकरण र सामाजिक समावेशीतासहितको न्यायपूर्ण प्रदेश निर्माणमा महत्त्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिइएको छ।

### २. प्रमुख समस्या

गरिबी, भूमिहीनता, अपाङ्गता, महिला तथा बालबालिकाको सशक्तीकरण अझै पर्याप्त हुन नसक्नु यस क्षेत्रका प्रमुख समस्या हुन्। पहाडी तथा हिमाली क्षेत्रमा खाद्य सुरक्षाको समस्या उच्च छ भने लक्षित वर्गहरू रोजगारी र आयआर्जनका अवसरबाट वञ्चित छन्। अपाङ्गता भएका व्यक्तिहरूलाई प्राथमिकतामा नराख्नु, सामाजिक सुरक्षा कार्यक्रमको अद्यावधिक तथ्याङ्कको अभाव, कमजोर विश्लेषण र समन्वयका कारण खर्चअनुसार अपेक्षित नतिजा आउन नसक्नु जस्ता समस्या देखिन्छन्। यति मात्र होइन, तीन तहका सरकारबाट एकै प्रकारका सेवा र सुविधा वितरण हुँदा केही क्षेत्रमा असमानता झनै बढ्न सक्ने जोखिम पनि देखिन्छ। यी समस्याहरू समाधान गर्न नीति, कार्यक्रम र सेवा वितरणमा स्पष्टता, समन्वय र लक्षित वर्गको पहिचानमा सुधार आवश्यक देखिन्छ।

## ३. अवसर र चुनौती

सामाजिक सुरक्षा र संरक्षण सरकारको उच्च प्राथमिकतामा परेको छ। मुलुकमा महिला, यौनिक अल्पसंख्यक, बालबालिका, बेरोजगार, ज्येष्ठ नागरिक, अपाङ्गता भएका, गर्भवती महिला, शिशु, असाध्य रोगी, कार्यस्थलमा चोटपटक लागेका र गरिब तथा संकटग्रस्त वर्गले सामाजिक सुरक्षा कार्यक्रमबाट लाभ पाउँदै छन्। साथै, विभिन्न परोपकारी संघसंस्थाहरूले पनि सामाजिक सुरक्षा क्षेत्रमा लगानी र सहयोग बढाइरहेका छन्। यसका अवसरहरूमा सामाजिक सुरक्षा सम्बन्धमा साझा बुझाइ विकास गर्नु, लक्षित वर्गलाई समावेश गर्दै प्रणालीलाई वित्तीय रूपमा दिगो बनाउनु र छरिएर रहेका कार्यक्रमहरूलाई एकीकृत गर्नुपर्दछ। साथै, मृगौला, मुटु रोग, क्यान्सरजस्ता प्राणघातक तथा दम, ब्रोङ्काइटिस, सिकल सेल एनिमियाजस्ता असाध्य रोगहरूको उपचार सहयोगलाई दिगो रूपमा सम्बोधन गर्नु आवश्यक छ।

**४. दीर्घकालीन सोचः** सामाजिक सुरक्षाको प्रत्याभूतिः मर्यादित जीवन र विभेदमुक्त समाज

**५. लक्ष्यः** लक्षित वर्गलाई न्यूनतम सामाजिक सुरक्षाको प्रत्याभूति गर्ने ।

**६. उद्देश्यः**

(१) सामाजिक सुरक्षाका प्रादेशिक कार्यक्रमलाई एकीकृत ढाँचामा सञ्चालन गर्नु ।

(२) समाजका विपन्न, कमजोर, सीमान्तकृत वा जोखिममा रहेका व्यक्तिहरूलाई सामाजिक सुरक्षा तथा संरक्षण प्रदान गरी गरिबी र जोखिम न्यूनीकरण गर्नु।

## ७. सामाजिक सुरक्षा र संरक्षणसम्बन्धी नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | सामाजिक सुरक्षा प्रणालीहरूद्वारा समेटिएको लक्षित जनसंख्याको अनुपात | प्रतिशत | ४१.७ | ४५ | ५५ | ६५ | ७३ |
| २ | वार्षिक बजेटमा सामाजिक सुरक्षा खर्च | प्रतिशत | ०.९ | १ | १.२ | १.४ | १.६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | एकद्वार संकट व्यवस्थापन केन्द्रमार्फत सहयोग प्राप्त गरेका लैंगिक हिंसामा प्रभावित व्यक्तिको संख्या | संख्या | ३३७८ | ३३०० | ३२० ० | ३१० ० | ३०० ० |
| ४ | घरमै पुगेर स्वास्थ्य सेवा प्रदान गरिएका ८० वर्ष माथिका ज्येष्ठ नागरिक | प्रतिशत | ६७ | ७० | ७५ | ८० | ८५ |

### ८. सामाजिक सुरक्षा र संरक्षण क्षेत्र प्रमुख कार्यक्रम तथा क्रियाकलापगत विवरण

सामाजिक सुरक्षा र संरक्षण क्षेत्रअन्तर्गत सञ्चालन हुने प्रमुख कार्यक्रम तथा क्रियाकलापहरूको विवरण आन्तरिक मामिला तथा कानून मन्त्रालयअन्तर्गत **अनुसूची १** मा प्रस्तुत गरिएको छ।

### ९. सामाजिक सुरक्षा र संरक्षण क्षेत्रसम्बन्धी त्रिवर्षीय खर्च तथा स्रोत अनुमान

सामाजिक सुरक्षा र संरक्षण क्षेत्रको **त्रिवर्षीय खर्च तथा स्रोत अनुमान** विवरण आन्तरिक मामिला तथा कानून मन्त्रालयअन्तर्गत **परिच्छेद ७** मा प्रस्तुत गरिएको छ।

## ४.८ समावेशीकरण, सामाजिक न्याय र समता

### १. पृष्ठभूमि

नेपालको संविधानले समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तमा आधारित समतामूलक समाज निर्माण गर्ने दृढ सङ्कल्प लिएको छ। यसले विशेषगरी पछाडि पारिएका, सीमान्तकृत र कमजोर वर्ग तथा समुदायलाई सामाजिक, आर्थिक र राजनीतिक अधिकारमा समान पहुँच दिलाई मूलप्रवाहमा ल्याउने व्यवस्था गरेको छ। जसअनुसार जात, धर्म, लिङ्ग, भाषा, भौगोलिक क्षेत्र र फरक क्षमता भएका नागरिकहरूलाई सशक्त बनाई शक्ति, स्रोत र अवसरमा न्यायोचित साझेदारी दिलाउनुपर्ने आवश्यकता छ। यसले सामाजिक न्याय, समावेशी विकास र समान अवसरको सुनिश्चिततामार्फत दिगो सामाजिक समता स्थापना गर्न सघाउ पुर्‍याउँछ। सामाजिक न्याय र समावेशीकरणलाई संस्थागत गर्न प्रदेश सरकारले पछाडि पारिएका, अल्पसंख्यक, लोपोन्मुख र सीमान्तकृत वर्ग तथा समुदायको आर्थिक, सामाजिक र सांस्कृतिक अवस्थाको सुधार गर्ने दीर्घकालीन रणनीति लिएको छ। साथै, समुदाय लक्षित विशेष कार्यक्रम सञ्चालन गर्दै निःशुल्क कानुनी सहायता पहुँच अभिवृद्धि गर्न स्थानीय तहसँग सहकार्य गरिने योजना रहेको छ।

## २. प्रमुख समस्या

प्रदेशमा जातजाति, धर्म, लिङ्ग, भाषा, भौगोलिक क्षेत्र र फरक क्षमता भएका सबै व्यक्तिहरूले आर्थिक अधिकार, सामाजिक न्याय र राज्य व्यवस्थामा समान अवसरको न्यायोचित पहुँच पाउन नसक्नु अहिलेको प्रमुख समस्या हो। स्रोत, साधन र अवसरको समान वितरण नहुँदा पछाडि पारिएका समुदायहरू अझै पनि आर्थिक, सामाजिक र राजनीतिक रूपमा वञ्चित छन्। समावेशीकरण र सामाजिक न्यायका कानूनी तथा नीतिगत प्रयास हुँदाहुँदै पनि व्यवहारिक रूपमा सबै समूहलाई समान रूपमा लाभ पुर्‍याउने उद्देश्य भएका कार्यक्रमहरू समेत प्रभावकारी बन्न नसक्नु चुनौतीका रूपमा देखिएको छ।

## ३. अवसर र चुनौती

लामो समय वञ्चित भएका समुदाय र वर्गलाई सकारात्मक विभेदमार्फत मुख्य धारामा ल्याउन पहल हुनु, संविधानका मौलिक हक, निर्देशक सिद्धान्त र राजनीतिक प्रतिनिधित्वमा समावेशीकरणलाई प्राथमिकता दिनु, साथै राष्ट्रिय र अन्तर्राष्ट्रिय कानून पालना गर्ने सरकारको प्रतिबद्धता र बजेट विनियोजनमा समावेशी सिद्धान्तलाई अपनाउनु प्रमुख अवसरहरू हुन्। तर सामाजिक समावेशीकरणमा सरोकारवालाबीच साझा दृष्टिकोण बनाउनुपर्ने, नीति र कानूनको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने, पछाडि परेका वर्ग र समुदायको क्षमता अभिवृद्धि गर्नुपर्ने, स्रोत र अवसरको न्यायोचित र समानुपातिक वितरण सुनिश्चित गर्नुपर्ने तथा संस्थागत संरचनामा लक्षित समुदायको उचित प्रतिनिधित्व कायम गर्नुपर्ने चुनौतीहरू रहेका छन्।

**४. दीर्घकालीन सोचः** समतामूलक र समृद्ध समाजः सामाजिक समावेशी प्रणाली

**५. लक्ष्यः** सामाजिक न्याय र समावेशीकरणलाई प्रदेशका सबै अवयवहरूमा मूलप्रवाहीकरण तथा आन्तरिकीकरण गर्दै संस्थागत सुदृढीकरण गर्ने ।

**६. उद्देश्यः**

(१) सामाजिक रूपमा बहिष्करणमा परेका वा पारिएका वर्ग समुदायलाई विशेष संरक्षण प्रदान गर्दै मूलप्रवाहीकरण गर्नु ।

## ७. समावेशीकरण, सामाजिक न्याय र समतासम्बन्धी नतिजा सूचक र लक्ष्य

| सूचक | एकाइ | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| सामाजिक समावेशीकरणका दृष्टिले कानूनको पुनरावलोकन | संख्या | ० | ० | १० | १५ | २० |
| निजामती सेवामा लोक सेवा आयोगबाट समावेशी सिफारिस | प्रतिशत | ३७.४१ | ३७.५ | ३८ | ३८.५ | ३९ |
| स्थानीय तहमा समावेशी प्रतिनिधित्व | प्रतिशत | ४२.६८ | ४२.६८ | ४२.६८ | ४२.६८ | ५० |
| सचेतना अभिवृद्धि कार्यक्रमबाट लाभान्वित (वार्षिक) | संख्या | ४५० | ४६३ | ५५० | ६०० | ७०० |
| समुदाय लक्षित विशेष कार्यक्रमबाट लाभान्वित (वार्षिक) | संख्या | २०० | ३० | २०० | २०० | २०० |
| निःशुल्क कानुनी सहायता प्राप्त गर्ने व्यक्ति (वार्षिक) | संख्या | १०० | १५० | २०० | २०० | २०० |
| वृद्धाश्रम भएका वडाहरू | प्रतिशत | ७.३ | ७.८ | ८.४ | | |

### ८. समावेशीकरण, सामाजिक न्याय र समता क्षेत्र प्रमुख कार्यक्रम तथा क्रियाकलापगत विवरण

सामाजिक सुरक्षा र संरक्षण क्षेत्रअन्तर्गत सञ्चालन हुने प्रमुख कार्यक्रम तथा क्रियाकलापहरूको विवरण आन्तरिक मामिला तथा कानून मन्त्रालयअन्तर्गत **अनुसूची १** मा प्रस्तुत गरिएको छ।

### ९. समावेशीकरण, सामाजिक न्याय र समता क्षेत्रसम्बन्धी त्रिवर्षीय खर्च तथा स्रोत अनुमान

**समावेशीकरण, सामाजिक न्याय र समता** क्षेत्रको **त्रिवर्षीय खर्च तथा स्रोत अनुमान** विवरण आन्तरिक मामिला तथा कानून मन्त्रालयअन्तर्गत **परिच्छेद ७** मा प्रस्तुत गरिएको छ।

# परिच्छेद ५: पूर्वाधार विकास

## ५.१ यातायात पूर्वाधार

## १. पृष्ठभूमि

आर्थिक तथा सामाजिक विकासको महत्त्वपूर्ण आधारका रूपमा यातायात पूर्वाधारको विशेष महत्त्व रहेको छ। नेपालको संविधानले प्रदेश लोकमार्ग, प्रदेश सडक र यातायात व्यवस्थापनलाई प्रदेश सरकारको एकल अधिकारमा राखेको छ। यस सम्बन्धमा प्रदेश सडक ऐन, २०७७ द्वारा सडक वर्गीकरण र प्रदेश सवारी, यातायात तथा परिवहन ऐन, २०७६ द्वारा सार्वजनिक यातायात र मालवाहक साधनको दर्ता, नवीकरण, सञ्चालन तथा इजाजत निर्धारणलगायतका कानुनी प्रावधानहरू व्यवस्था गरिएका छन। दिगो यातायात प्रणालीमार्फत समृद्ध अर्थतन्त्र निर्माण गर्ने दीर्घकालीन सोचसहित लुम्बिनी प्रदेशले सुरक्षित र भरपर्दो यातायात सञ्जालको विस्तार गरी आर्थिक विकासलाई टेवा पुऱ्याउने लक्ष्य लिएको छ। यसअन्तर्गत यातायात पूर्वाधारको विकासमार्फत अन्तरआबद्धता विस्तार गर्नु र सुरक्षित तथा भरपर्दो यातायात सेवा प्रदान गर्नु मुख्य उद्देश्य रहेका छन्। यी उद्देश्यलाई सार्थक बनाउने रणनीतिका रूपमा प्रादेशिक लोकमार्ग तथा प्रदेश सडकहरूको निर्माण र स्तरोन्नतिमा प्राथमिकता दिइएको छ। विशेषगरी प्रदेश गौरवका सडक, संघबाट हस्तान्तरण भएका सडकहरू, छिमेकी प्रदेश तथा मुख्य व्यावसायिक केन्द्रहरूलाई जोड्ने पहुँच सडकहरू र सुरक्षाको पर्याप्त प्रबन्ध भएका भन्सार नाकासम्मका सडकको स्तरोन्नति प्राथमिकतामा राखिएको छ। यसरी सुदृढ र दिगो यातायात पूर्वाधार विकासले प्रदेशको समग्र आर्थिक, सामाजिक र पर्यटकीय विकासलाई गति दिने अपेक्षा लिइएको छ।

## २. प्रमुख समस्या

विभिन्न तहका सरकारहरूबीच जिम्मेवारीको स्पष्टता नहुनु र कार्यान्वयन पक्ष कमजोर रहनुले योजना प्रभावकारी रूपमा अघि बढ्न सकेको छैन। प्राथमिकता निर्धारण नगरी साना-साना टुक्रे आयोजना धेरै सञ्चालन गर्दिंदा प्रादेशिक लोकमार्ग तथा प्रदेश सडकमा आवश्यक बजेट विनियोजन हुन नसक्नु अर्को समस्या हो। साथै, सडक निर्माणका क्रममा सुरक्षालाई पर्याप्त ध्यान नदिंदा सडक दुर्घटनाको जोखिम बढेको र सम्पूर्ण यातायात व्यवस्थापन प्रणाली नै असुरक्षित बन्दै गएको अवस्था देखिन्छ। यी समस्याहरूको दीर्घकालीन समाधानबिना प्रदेशको यातायात पूर्वाधारले अपेक्षित आर्थिक र सामाजिक विकासमा प्रभावकारी योगदान दिन सक्दैन।

## ३. अवसर र चुनौती

प्रदेशको झण्डै एक तिहाइ जनसंख्या ३० मिनेटको पक्की सडकको पहुँचमा हुनु, प्रादेशिक लोकमार्ग प्रदेशको अधिकार क्षेत्रभित्र पर्नु, प्रदेशका एक बाहेक सबै स्थानीय तहमा सर्वयाम यातायातको पहुँच हुनु, दुर्गम स्थानमा सडक पुलको पहुँच नभएका क्षेत्रमा झोलुङ्गे पुलको व्यवस्था गरिनु, सडक पूर्वाधारलाई प्रदेश समृद्धिको आधारका रूपमा लिइनु र पूर्व-पश्चिम रेलमार्गको अध्ययन सम्पन्न हुनु

यस क्षेत्रका प्रमुख अवसरहरू रहेका छन। यस्तै, प्रदेशका सडकहरूलाई सर्वयाम सडकको रूपमा स्तरोन्नति गर्नु, गुरुयोजनामा समेटिएका सडक निर्माणका लागि वित्तीय स्रोतको सुनिश्चितता गर्नु, सडकहरूको नियमित मर्मतसम्भार, विपद्का कारण क्षति पुगेका सडक पूर्वाधारको समयमै पुनःस्थापना गर्नु, सडक पुलहरूको निर्माण तथा मर्मत, सडक सुरक्षा सुधार गरी दुर्घटना न्यूनीकरण गर्नु, ३० मिनेटभन्दा बढी दूरी नहुने गरी झोलुङ्गे पुलको सुविधा विस्तार गर्नु, यातायात पूर्वाधार विकासमा निजी क्षेत्रको सहभागिता अभिवृद्धि गर्नु र सडक निर्माण तथा व्यवस्थापनमा आधुनिक प्रविधि र वातावरणमैत्री मापदण्डको पालना गर्नु जस्ता चुनौतीहरू रहेका छन्।

**४. दीर्घकालीन सोचः** दिगो यातायात प्रणालीः समृद्ध अर्थतन्त्र ।

**५. लक्ष्यः** सुरक्षित यातायात सञ्जालको विस्तार गरी आर्थिक विकास गर्ने ।

**६. उद्देश्य**

१. यातायात पूर्वाधारको विकासमार्फत अन्तरआबद्धता विस्तार गर्नु ।

२. सुरक्षित र भरपर्दो यातायात सेवा प्रदान गर्नु ।

**७. यातायात पूर्वाधार सम्बन्धी नतिजा सूचक र लक्ष्य**

| क्र.सं. | सूचक | एकाइ | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | ३० मिनेटको दूरीमा पक्की सडकमा पहुँच भएको जनसंख्या | प्रतिशत | ६५ | ६७ | ६९ | ७१ | ७५ |
| २ | सडक घनत्व (राष्ट्रिय र प्रादेशिक सडक) | प्रति १०० वर्ग किमि | ५७.० | ५७.५ | ५८ | ५८.५ | ५९ |
| ३ | स्थानीय तहको केन्द्रसम्म सर्वयाम सडकको पहुँच भएको | संख्या | १०८ | १०८ | १०९ | १०९ | १०९ |
| ४ | कालोपत्र सडक (राष्ट्रिय र प्रादेशिक सडक तथा स्थानीय | कि.मि | २४९३ | २५७३ * | २९०० | ३१०० | ३३५० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | तहबाट निर्माण भएको बाहेकका ग्रामीण सडक) | | | | | | |
| ५ | प्रादेशिक सडक | कि.मि | ८९०० | ८९५०* | ९००० | ९०५० | ९१०० |
| ६ | सडक पुल निर्माण (प्रदेशबाट निर्माण सम्पन्न) | संख्या | १४० | १६५* | १८० | २०० | २२० |
| ७ | झोलुङ्गे पुल | संख्या | १३९५ | १४०३* | १४३५ | १४५५ | १४७५ |

## ८. यातायात पूर्वाधार क्षेत्रसम्बन्धी प्रमुख कार्यक्रम तथा क्रियाकलापगत विवरण

यातायात पूर्वाधार क्षेत्रअन्तर्गत सञ्चालन हुने प्रमुख कार्यक्रम तथा क्रियाकलापहरूको विवरण **अनुसूची १** मा प्रस्तुत गरिएको छ।

## ९. यातायात पूर्वाधार क्षेत्रसम्बन्धी त्रिवर्षीय खर्च तथा स्रोत अनुमान*

| | बजेट अनुमान (रु. करोडमा) | | | | (रु. करोडमा) | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आ.व. | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | प्रदेश सरकार | नेपाल सरकार-समानीकरण अनुदान | नेपाल सरकार - ससर्त अनुदान | नेपाल सरकार — समपूरक अनुदान | नेपाल सरकार-विशेष अनुदान | आन्तरिक ऋण | वैदेशिक विकास/ साझेदारको सहयोग | कुल |
| २०८०/८१ यथार्थ | ३०.०४ | ६७७.२४ | - | ७०७.२८ | ७०७.२८ | - | - | - | - | - | - | ७०७.२८ |
| २०८१/८२ संशोधित अनुमान | २४.८० | ६९७.३० | - | ७२२.०९ | ७२२.०९ | - | - | - | - | - | - | ७२२.०९ |
| २०८२/८३ | ४९.५८ | ९६२.६२ | - | १०१२.२० | १०१२.२० | - | - | - | - | - | - | १०१२.२० |
| २०८३/८४ | ५५.१६ | १०११.३५ | - | १०६६.५१ | १०६६.५१ | - | - | - | - | - | - | १०६६.५१ |
| २०८४/८५ | ६६.४० | १२३३.४३ | - | १२९९.८४ | १२९९.८४ | - | - | - | - | - | - | १२९९.८४ |

*भौतिक पूर्वाधार मन्त्रालय तथा उद्योग, पर्यटन तथा यातायात मन्त्रालयअन्तर्गत रहेको यातायातसम्बन्धी बजेट यसैमा समावेश गरिएको छ ।

## १०. सम्भावित जोखिम पक्ष

यातायात पूर्वाधारसम्बन्धी योजनाहरू समयमै सम्पन्न नहुनुका कारण मध्यकालीन लक्ष्यहरू प्राप्त गर्न नसकिने जोखिम रहन्छ। यसका साथै, यातायात व्यवस्थापनसम्बन्धी सेवाहरू जस्तै सवारी अनुमतिपत्र (लाइसेन्स) व्यवस्थापन, सडक दुर्घटना न्यूनीकरणलगायतका क्षेत्रमा विद्यमान संरचना तथा स्रोतको अभावका कारण ढिलासुस्ती घटाउन नसकिने थप जोखिमसमेत रहेका छन्।

# ५.२ सिँचाइ

## १. पृष्ठभूमि

लुम्बिनी प्रदेशको आर्थिक र सामाजिक विकासमा कृषि क्षेत्र प्रमुख आधार हो। कृषियोग्य भूमिमा वर्षभर सिँचाइ सुविधा पुऱ्याई कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्नु प्रदेशको दिगो समृद्धिको पूर्वशर्त बनेको छ। प्रदेशको कुल ६,५५,००० हेक्टर सिँचाइयोग्य जमिनमध्ये हाल करिब ५४.२२ प्रतिशत क्षेत्रमा मात्र सिँचाइ सुविधा पुगेको छ, जसमा पनि करिब ३५ प्रतिशत क्षेत्रमा मात्रै बाह्रैमहिना सिँचाइको व्यवस्था छ। सिँचाइ पूर्वाधारको दीर्घकालीन उपयोगका लागि निर्माणपश्चात मर्मत सम्भार, व्यवस्थापन र सञ्चालनमा उपभोक्ता समितिको सक्रिय सहभागिता अपरिहार्य छ। रणनीतिक महत्त्वका ठूला सिँचाइ आयोजना सङ्घीय सरकार, मझौला आयोजना प्रदेश सरकार र साना आयोजना स्थानीय तहको सहकार्यमा सम्पन्न गर्नुपर्ने व्यवस्था संविधानमै गरिएको छ। सिँचाइ क्षेत्रमा अझै पनि जिम्मेवारीको स्पष्टता, स्रोतको प्राथमिकता निर्धारण, बजेट अभाव र मर्मत व्यवस्थापनको कमजोरीले समस्या सिर्जना गरिरहेको छ। तर, प्रदेशको झण्डै एक तिहाइ जनसंख्या पक्की सडकको पहुँचमा रहेको, जलस्रोत तथा भूमिगत जल पुनर्भरणको सम्भावना पर्याप्त रहेको, दुर्गम भेगमा झोलुङ्गे पुल तथा लिफ्ट सिँचाइको प्रयोग विस्तार गर्ने अवसर रहेको अवस्थामा सिँचाइ पूर्वाधारलाई प्रदेश समृद्धिको बलियो आधार बनाउन सकिने देखिन्छ। "कृषकका गह्राः सधैं हराभरा" नारालाई आत्मसात गर्दै सिँचाइ पहुँच विस्तार, वर्षभर सिँचाइ सुनिश्चितता र आधुनिक, वातावरणमैत्री तथा समावेशी सिँचाइ प्रविधिको विकासमार्फत लुम्बिनी प्रदेशलाई कृषिमा आत्मनिर्भर बनाउने उद्देश्यका साथ सिँचाइलाई प्राथमिकतामा राखिएको छ।

## २. प्रमुख समस्या

सिँचाइ पूर्वाधारको सन्दर्भमा विगतमा निर्माण सम्पन्न भएका प्रणालीहरू समयसापेक्ष स्तरोन्नति नहुँदा प्रभावकारी रूपमा नहर सञ्चालन गर्न नसकिएको छ। सुक्खा मौसममा सिँचाइका लागि आवश्यक पानीको स्रोतको कमी, ठूला आयोजना लामो समयसम्म निर्माण सम्पन्न हुन नसक्ने अवस्था, आधुनिक सिँचाइ प्रविधि र अभ्यासहरू अवलम्बन नगरी उपलब्ध स्रोतको समुचित उपयोग नहुनु, ड्रिप, स्प्रिंकलरजस्ता प्रविधिको प्रवर्द्धन र उपयोग पर्याप्त नहुनु, आवश्यक प्राविधिक जनशक्ति अभाव हुनु र सिँचाइसम्बन्धी स्पष्ट नीतिगत व्यवस्था नहुनुजस्ता समस्या प्रदेशमा विद्यमान छन्।

## ३. अवसर र चुनौती

सिक्टा, बबई, भेरी-बबईजस्ता राष्ट्रिय गौरवका सिँचाइ आयोजना कार्यान्वयनमा हुनु र गण्डक सिँचाइ प्रणाली, भैरहवा-लुम्बिनी जल परियोजना, प्रगन्ना-बडकापथ, राजापुर, वाणगंगा, शृङ्गिघाट, तिनाउ, सोहछत्तीस मौजा, माडी सिँचाइ प्रणाली तथा साना परम्परागत सिँचाइ आयोजना सञ्चालनमा रहनु प्रदेशको कृषि विकासका लागि ठूला सम्भावनाहरू हुन्। यी आयोजनाहरूले सिञ्चित क्षेत्रको दायरा बढाउनुका साथै प्रदेशको कृषि उत्पादनमा गुणात्मक फड्को पुऱ्याउन सक्ने सम्भावना बोकेका छन्। विशेषगरी भेरी-बबई डाइभर्सन आयोजना मार्फत भेरी नदीको पानी बबई नदीमा पथान्तर गरी विद्युत् उत्पादनसँगै बाँके र बर्दियाका ५१,००० हेक्टर क्षेत्रमा सिँचाइ सुविधा पुऱ्याउने लक्ष्यले कृषि र ऊर्जामा दोहोरो फाइदा हुने देखिन्छ। यस्तै, माडी, उत्तरगंगा र कालीगण्डकी-तिनाउ बहुउद्देश्यीय आयोजनाबाट दाङ, रूपन्देही र कपिलवस्तुमा सिँचाइ सुविधा विस्तार हुने प्रक्रिया सकारात्मक अवसर हो। तर, यति ठूलो सम्भावनाबीच केही चुनौतीहरू पनि जटिल रूपमा प्रस्तुत भइरहेका छन्। विगतमा निर्माण भएका ठूला आयोजना स्तरोन्नति र नियमित मर्मत सम्भारमा पर्याप्त बजेटको अभाव, पहाडी र विकट भूभागमा भौगोलिक कठिनाइ, सिँचाइ स्रोतहरूको संरक्षण र उपयोगमा अन्तर तह समन्वयको कमजोरी देखिएको छ। साथै, कृषियोग्य जमिन खण्डीकरण हुँदै घरघडेरी निर्माण बढ्नु, जलवायु परिवर्तनका असरले सिँचाइ स्रोतहरू संकुचित हुनु, बाली उत्पादन घट्नु र कृषकहरूमा जमिन बाँझो राख्ने प्रवृत्ति बढ्नुले सिँचाइ पूर्वाधारको प्रभावकारितामा असर पारिरहेको छ। यी समस्यालाई समाधान गर्दै प्रदेशको सिँचाइ पूर्वाधारलाई दिगो, भरपर्दो र पहुँचयुक्त बनाउने दीर्घकालीन योजना तर्जुमा र कार्यान्वयनमा विशेष ध्यान दिन जरुरी देखिन्छ।

**४. दीर्घकालीन सोचः** सिंचाइ सुविधा र पूर्वाधारः कृषि उत्पादन वृद्धिको मुख्य आधार

**५. लक्ष्यः** कृषियोग्य भूमिमा दिगो सिंचाइ प्रणाली र पूर्वाधारको व्यवस्था गरी आर्थिक विकासमा योगदान पुऱ्याउने ।

**६. उद्देश्यः** सिंचाइयोग्य कृषि भूमिमा उपयुक्त विधिमार्फत दिगो सिँचाइ सुविधा पुऱ्याई कृषि विस्तार एवम् उत्पादन र उत्पादकत्वमा वृद्धि गरी रोजगारी सिर्जना र आर्थिक वृद्धिमा योगदान पुऱ्याउनु ।

## ७. सिंचाइसम्बन्धी नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | बाह्रै महिना सिंचाइ उपलब्ध सिञ्चित भूमि | प्रतिशत | ३५ | ३७ | ४० | ४३ | ४६ |
| २ | कुल सिञ्चित क्षेत्रफल | हेक्टर | ३३५१८२ | ३५५९१०* | ३६०१८२ | ३६३१८२ | ३६६१८२ |
| ३ | सिंचाइ पुगेको कृषि भूमि | प्रतिशत | ५४.२२ | ५१.०३* | ६१ | ६३ | ६७ |
| ४ | नयाँ सिंचाइ नहर (मूल तथा शाखा) निर्माण | कि.मि | ८२३ | ९२० | १०२७ | १११५ | १२०५ |
| ५ | थप भएको सिञ्चित क्षेत्र | हेक्टर | २०७८२ | २३२८२ | २५७८२ | २८७८२ | ३१७८२ |
| ६ | डिप ट्यूबवेल | वटा | २३२ | २६३* | २९४ | ३२५ | ३५० |

## ८. सिंचाइसम्बन्धी प्रमुख कार्यक्रम तथा क्रियाकलापगत विवरण

**सिंचाइ** अन्तर्गत सञ्चालन हुने प्रमुख कार्यक्रम तथा क्रियाकलापहरूको विवरण **अनुसूची १** मा प्रस्तुत गरिएको छ।

## ९. सिंचाइ क्षेत्रसम्बन्धी त्रिवर्षीय खर्च तथा स्रोत अनुमान

| | बजेट अनुमान (रु. करोडमा) | | | | (रु. करोडमा) | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आ.व. | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | प्रदेश सरकार | नेपाल सरकार-समानीकरण अनुदान | नेपाल सरकार - ससर्त अनुदान | नेपाल सरकार — समपूरक अनुदान | नेपाल सरकार-विशेष अनुदान | आन्तरिक ऋण | वैदेशिक विकास/ साझेदारको सहयोग | कुल |
| २०८०/८१ यथार्थ | १६.९५ | १९२.७६ | - | २०९.७० | २०९.७० | - | - | - | - | - | - | २०९.७० |
| २०८१/८२ संशोधित अनुमान | १६.१३ | १४२.११ | - | १५८.२४ | १५८.२४ | - | - | - | - | - | - | १५८.२४ |
| २०८२/८३ | २२.२४ | १८६.६५ | - | २०८.८९ | २०८.८९ | - | - | - | - | - | - | २०८.८९ |
| २०८३/८४ | २४.७५ | १९६.१० | - | २२०.८४ | २२०.८४ | - | - | - | - | - | - | २२०.८४ |
| २०८४/८५ | २९.७९ | २३९.१६ | - | २६८.९५ | २६८.९५ | - | - | - | - | - | - | २६८.९५ |

**१०. सम्भावित जोखिम पक्षः** प्रस्तावित सिँचाइका कार्यक्रमहरू समयमै सम्पन्न नभएमा मध्यमकालीन लक्ष्यहरू हासिल गर्न नसकिने जोखिम रहन्छ।

## ५.३ जल उत्पन्न प्रकोप व्यवस्थापन

### १. पृष्ठभूमि

प्रदेशको जलस्रोत र विपद् व्यवस्थापनको सन्दर्भमा प्राकृतिक र मानव निर्मित कारकहरूले जटिल चुनौती सिर्जना गरिरहेको छ। प्रदेशको भू-संरचना, कमजोर भौगर्भिक अवस्था, अनियमित मौसमी वर्षा, अव्यवस्थित पूर्वाधार निर्माण, निर्माण कार्यमा प्राविधिक मापदण्डको असंवेदनशीलता र जलवायु परिवर्तनका असरले नदीनाला तथा जलाधार क्षेत्रमा बर्सेनि पहिरो, भूक्षय, डुबानजस्ता विपद्का घटना तीव्र रूपमा बढिरहेका छन्। यी विपद्ले जनधनको ठूलो क्षति पुऱ्याउने मात्र होइन, दीर्घकालीन रूपमा वातावरणीय सन्तुलन र कृषि प्रणालीमा पनि प्रतिकूल प्रभाव पार्ने जोखिम देखिन्छ। प्रदेशको पूर्वी भागमा कालीगण्डकी र पश्चिमी भागमा कर्णाली नदीबीच पर्ने बढीघाट, तिनाउ, वाणगंगा, सुराई, पश्चिम राप्ती, झरही, खजुरा, माडी, लुङ्गी, बबईजस्ता साना र मध्यम नदी तथा खोलाहरू लुम्बिनी प्रदेशका मुख्य जलाधार क्षेत्र हुन्। प्रदेशमा जल उत्पन्न प्रकोपको जोखिम बढ्दो अवस्थामा रहेको सन्दर्भमा दीर्घकालीन सोचका रूपमा जल प्रकोप न्यूनीकरणलाई सुरक्षित प्रदेश निर्माणको आधारका रूपमा लिने रणनीति अख्तियारी गरिएको छ। सोहिअनुरूप जलस्रोतजन्य विपद्बाट हुन सक्ने मानवीय, भौतिक तथा आर्थिक क्षति घटाउने दीर्घकालीन लक्ष्य निर्धारण गरिएको छ। यसका लागि जल उत्पन्न प्रकोपबाट हुने सम्भावित जोखिमलाई समयमै पहिचान गरी व्यवस्थापन गर्ने, पूर्वतयारी योजना, संरचनात्मक र गैर-संरचनात्मक उपायहरू अपनाउने, तथा जोखिम न्यूनीकरणमा प्रदेश, स्थानीय तह र नागरिक समाजको साझा सहभागिता सुनिश्चित गर्नु अनिवार्य छ। दिगो र सुरक्षित भौतिक पूर्वाधार निर्माण, जलाधार क्षेत्रको संरक्षण, विपद् पूर्वानुमान प्रणालीको सुदृढीकरण र विपद्-प्रभावित समुदायहरूको क्षमता अभिवृद्धि गरेर मात्र दीर्घकालीन रूपमा सुरक्षित प्रदेश निर्माण सम्भव हुने देखिन्छ।

### २. प्रमुख समस्या

नदी तथा जलाधार क्षेत्रको एकीकृत व्यवस्थापनका लागि पर्याप्त वैज्ञानिक अध्ययन, तथ्याङ्क संकलन र विश्लेषण नहुनु यस क्षेत्रको मुख्य समस्या हो। साथै, अव्यवस्थित रूपमा मानव बस्ती र पूर्वाधार विकास हुँदा नदीको बहाव क्षेत्र संकुचित भई तटीय भेगमा कटान, डुबान र भूक्षयको जोखिम बढ्दो छ। नदीजन्य पदार्थको अनियन्त्रित दोहनले नदीको प्राकृतिक बहाव र पर्यावरण सन्तुलन बिथोलिएको छ भने पूर्वाधार निर्माणमा इन्जिनियरिङ मापदण्डको उपेक्षा हुँदा पहाडी भेगमा पहिरोको जोखिम थप वृद्धि भइरहेको छ। अर्कोतर्फ, तराई क्षेत्रमा डुबान र गेग्रानका कारण वर्षायाममा बस्ती तथा खेतीयोग्य जमिन डुबानमा पर्ने समस्या बर्सेनिबढ्दै

गइरहेको छ। यी दीर्घकालीन जोखिमहरूलाई न्यूनीकरण गर्न नदी तथा जलाधार क्षेत्रको वैज्ञानिक अध्ययन, पूर्वानुमान प्रणालीको सुदृढीकरण, अनुगमन र एकीकृत व्यवस्थापन अपरिहार्य बन्न पुगेको छ।

## ३. अवसर र चुनौती

जल उत्पन्न प्रकोप व्यवस्थापनप्रति सकारात्मक सोच र सरकारी तथा स्थानीय तहको सरोकार क्रमशः वृद्धि हुँदै गएको देखिन्छ। प्रदेश र स्थानीय तहहरूमा विपद् व्यवस्थापन समिति र विपद् कोषको व्यवस्था हुनु, केही नदी किनारमा तटबन्धसहित सडक निर्माण सुरु हुनु, र जलजन्य विपद् व्यवस्थापनका लागि कानुनी तथा संस्थागत संरचना तयार हुनु प्रदेशका लागि महत्त्वपूर्ण अवसर हुन्। यस्तै, बाढी, डुबान र कटानजस्ता जोखिम न्यूनीकरणका लागि प्रारम्भिक चेतावनी प्रणाली, संरचनागत सुरक्षा उपाय तथा समुदायमा आधारित व्यवस्थापन प्रणाली विकास गर्ने अवसर अझै बाँकी छ। तर, दीर्घकालीन एकीकृत जलाधार व्यवस्थापन कार्ययोजना तयार गरी प्रभावकारी कार्यान्वयन गर्न नसक्नु, सम्भावित कटान क्षेत्र र पहिरो जोखिम क्षेत्रहरूको वैज्ञानिक नक्साङ्कनको अभाव, नदी नियन्त्रण कार्यलाई आयआर्जन र रोजगारसँग जोड्न चुनौती हुनु, बाढी पूर्वसूचना प्रणालीलाई प्रभावकारी बनाउन ढिलाइ हुनु र स्थानीय तह तथा समुदायको विपद् प्रतिकार्य क्षमता कमजोर हुनु जस्ता समस्याहरू यथावत छन्। यी चुनौतीहरूलाई दीर्घकालीन सोचसहित समन्वित योजना, वैज्ञानिक अध्ययन, स्थानीय समुदायको सक्रिय सहभागिता र आधुनिक प्रविधिको उपयोगमार्फत समाधान गर्नु आजको आवश्यकता हो।

**४. दीर्घकालीन सोचः** जल उत्पन्न प्रकोपको न्यूनीकरणः सुरक्षित प्रदेश ।

**५. लक्ष्यः** जल उत्पन्न प्रकोपबाट हुने मानवीय, भौतिक तथा आर्थिक क्षति न्यूनीकरण गर्ने।

**६. उद्देश्यः** जल उत्पन्न प्रकोपबाट हुने जोखिम कम गर्नु ।

## ७. जल उत्पन्न प्रकोप व्यवस्थापनसम्बन्धी नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | नदी नियन्त्रण | कि.मि | १५१ | १६२* | १९५ | २११ | २३७ |
| २ | नदी तथा पहिरो नियन्त्रणबाट सुरक्षित भएको जमिन | हेक्टर | १६१९२ | १६२६१ | २०१९२ | २२१९२ | २४१९२ |
| ३ | नदी नियन्त्रणबाट उकास भएको जमिन | हेक्टर | २५८१ | २९८१ | ३३८१ | ३७८१ | ४१८१ |

## ८. जल उत्पन्न प्रकोप व्यवस्थापनसम्बन्धी प्रमुख कार्यक्रम तथा क्रियाकलापगत विवरण

**जल उत्पन्न प्रकोप व्यवस्थापन**अन्तर्गत सञ्चालन हुने प्रमुख कार्यक्रम तथा क्रियाकलापहरूको विवरण **अनुसूची १** मा प्रस्तुत गरिएको छ।

## ९. जल उत्पन्न प्रकोप व्यवस्थापन क्षेत्रसम्बन्धी त्रिवर्षीय खर्च तथा स्रोत अनुमान

| | बजेट अनुमान (रु. करोडमा) | | | | (रु. करोडमा) | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आ.व. | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | प्रदेश सरकार | नेपाल सरकार-समानीकरण अनुदान | नेपाल सरकार - ससर्त अनुदान | नेपाल सरकार — समपूरक अनुदान | नेपाल सरकार-विशेष अनुदान | आन्तरिक ऋण | वैदेशिक विकास/ साझेदारको सहयोग | कुल |
| २०८०/८१ यथार्थ | ०.०० | ०.०० | - | ०.०० | ०.०० | - | - | - | - | - | - | ०.०० |
| २०८१/८२ संशोधित अनुमान | ०.०० | ४१.७१ | - | ४१.७१ | ४१.७१ | - | - | - | - | - | - | ४१.७१ |
| २०८२/८३ | ०.०० | ४१.१६ | - | ४१.१६ | ४१.१६ | - | - | - | - | - | - | ४१.१६ |
| २०८३/८४ | ०.०० | ४३.२४ | - | ४३.२४ | ४३.२४ | - | - | - | - | - | - | ४३.२४ |
| २०८४/८५ | ०.०० | ५२.७४ | - | ५२.७४ | ५२.७४ | - | - | - | - | - | - | ५२.७४ |

**१०. सम्भावित जोखिम पक्षः** जल उत्पन्न प्रकोप व्यवस्थापन क्षेत्रसम्बन्धी कार्यक्रमहरूको सीमितता, साथै सञ्चालनमा रहेका कार्यक्रमहरू पनि छरिएर रहेका कारण मध्यमकालीन लक्ष्य प्राप्तिमा जोखिम रहन्छ।

## ५.४ खानेपानी तथा सरसफाइ

### १. पृष्ठभूमि

खानेपानी तथा सरसफाइ क्षेत्र मानव जीवनसँग प्रत्यक्ष जोडिएको अत्यन्त महत्त्वपूर्ण क्षेत्र हो, जसले मानव स्वास्थ्य, जीवनस्तर र वातावरणीय सन्तुलनमा प्रत्यक्ष प्रभाव पार्दछ। नेपालको संविधान, २०७२ ले स्वच्छ वातावरणमा बाँच्न पाउने हक र सुरक्षित खानेपानी तथा सरसफाइ पहुँचलाई मौलिक हकको रूपमा स्थापित गरेको छ। त्यस्तै, सन् २०३० भित्र सबै नागरिकलाई सुरक्षित, भरपर्दो र व्यहोर्न सकिने खानेपानी सेवामा समान पहुँच पुऱ्याउने दिगो विकास लक्ष्य (SDG-६) अनुरूप प्रदेशमा खानेपानी पूर्वाधार विस्तार र गुणस्तरीय सेवाको लक्ष्य लिइएको छ। खानेपानी तथा सरसफाइ ऐन, २०७९, राष्ट्रिय नीति २०८०, तथा अन्य सम्बन्धित कार्ययोजनाको आधारमा स्वच्छ, नियमित र गुणस्तरीय खानेपानी उपलब्ध गराउन बहुवर्षीय तथा क्रमागत आयोजनाहरूलाई प्राथमिकता दिइएको छ। स्थानीय तहसँग सहकार्यमा "एक घरः एक धारा" अभियान सञ्चालन गर्दै खानेपानी पहुँच नभएका वस्तीहरूमा पहुँच विस्तार गर्ने, स्रोत संरक्षण र पुनर्भरण, गुणस्तर सुधार, ढल निकास तथा फोहरमैला व्यवस्थापनलाई सँगै अघि बढाउने रणनीति लिइएको छ।

### २. प्रमुख समस्या

प्रदेशका पहाडी तथा मध्य-पहाडी क्षेत्रमा पानीका स्रोतहरू क्रमशः सुक्दै जानु, भूकम्प तथा अन्य प्राकृतिक प्रकोपले खानेपानी संरचना र सरसफाइ प्रणालीहरूमा क्षति पुऱ्याउनु यस क्षेत्रका प्रमुख समस्या बनेका छन्। तराई क्षेत्रमा आर्सेनिकजन्य पानीको जोखिम बढ्दै गएपछि सुरक्षित र भरपर्दो विकल्पको व्यवस्था गर्न चुनौती देखिएको छ। यद्यपि अधिकांश जिल्लाहरूलाई खुला दिसामुक्त घोषणा गरिए तापनि कतिपय स्थानमा अझै शौचालय प्रयोगको अभ्यास नबस्नु र दिसाजन्य लेदोको उचित व्यवस्थापन नहुँदा जनस्वास्थ्यमा थप जोखिम बढेको छ। सहरी क्षेत्रमा ढल व्यवस्थापन प्रणालीको अभाव तथा विद्यमान संरचनाहरूको नियमित मर्मत सम्भार र सञ्चालन नहुनु पनि यस क्षेत्रको अर्को गम्भीर समस्या हो। यी समस्याले दीर्घकालीन रूपमा वातावरणीय, स्वास्थ्यजन्य र पूर्वाधारीय संकट उत्पन्न गरिरहेकाले यथाशीघ्र एकीकृत, नवीनतम र दिगो उपाय अपनाउनु अपरिहार्य देखिन्छ।

### ३. अवसर र चुनौती

खानेपानी तथा सरसफाइ क्षेत्रमा उल्लेखनीय अवसर र केही जटिल चुनौतीहरू रहेका छन्। प्रदेश सरकारले यो क्षेत्रलाई मौलिक हक, दिगो विकास लक्ष्य र समावेशी पूर्वाधार विकाससँग जोडेर उच्च प्राथमिकतामा राख्नु सकारात्मक पक्ष हो। अधिकांश घरपरिवारमा आधारभूत खानेपानी तथा सरसफाइ सुविधा पुगेको छ भने भू-

स्रोत, सतह तथा भूमिगत स्रोतको उपयोगमार्फत सेवा विस्तारको सम्भावना पनि पर्याप्त रहेको छ। सबै स्थानीय तहहरूमा भू-सूचना प्रणालीमा आधारित वास प्रोफाइल र योजना निर्माण प्रक्रिया अगाडि बढ्नु, कपिलवस्तुमा स्थापना गरिएको पानी परीक्षण प्रयोगशालाले गुणस्तरिय पानी आपूर्ति प्रणालीलाई सहयोग गर्ने अपेक्षा बढाएको छ। यद्यपि, पहाडी तथा विकट हिमाली भेगमा छरिएका बस्तीहरूमा सेवा पुऱ्याउने, अधुरा आयोजना समयमै सम्पन्न गर्ने, सुरक्षित पानी र फलसयुक्त शौचालयको पहुँच सबैमा पुऱ्याउने, सहरी क्षेत्रमा फोहरमैला व्यवस्थापनलाई व्यवस्थित बनाउने, तथा अन्तर सरकार समन्वय सुदृढ गर्नुपर्ने चुनौती भने कायमै छन्। यी चुनौती समाधान गर्दै उपलब्ध अवसरहरूको सदुपयोग गर्न दिगो रणनीति र समन्वित प्रयास अपरिहार्य देखिन्छ।

**४. दीर्घकालीन सोचः** गुणस्तरीय खानेपानी तथा सरसफाइः स्वच्छ प्रदेश ।

**५. लक्ष्यः** सबै नागरिकलाई सुरक्षित खानेपानी तथा सरसफाइ सुविधा सुनिश्चित गर्ने ।

**६. उद्देश्य**

(१) गुणस्तरीय तथा आधारभूत स्तरको खानेपानी तथा सरसफाइमा पहुँच विस्तार गर्नु ।

(२) ढल निकास तथा फोहरमैला व्यवस्थापनको उचित प्रबन्ध गर्नु ।

**७. खानेपानी तथा सरसफाइसम्बन्धी नतिजा सूचक र लक्ष्य**

| क्र.सं. | सूचक | एकाइ | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | आधारभूत खानेपानी पहुँच पुगेका घर परिवार | प्रतिशत | ९२.८ | ९३ | ९४.४ | ९५ | ९७ |
| २ | मध्यम तथा उच्चस्तरको खानेपानीको पहुँच पुगेका घर परिवार | प्रतिशत | २.६ | ३.१ | ५ | ८ | १२ |
| ३ | शौचालयमा पहुँच भएको घरधुरी | प्रतिशत | ९४.४ | ९५ | ९५.५ | ९६.५ | ९८ |
| ४ | सेफ्टीक ट्यांकीमा जोडिएको शौचालय | प्रतिशत | ५८.६ | ६१ | ६४ | ६७ | ७० |

**८. प्रमुख कार्यक्रम तथा क्रियाकलापगत विवरण**

**खानेपानी तथा सरसफाइ**अन्तर्गत सञ्चालन हुने प्रमुख कार्यक्रम तथा क्रियाकलापहरूको विवरण **अनुसूची १** मा प्रस्तुत गरिएको छ।

## ९. खानेपानी तथा सरसफाइसम्बन्धी त्रिवर्षीय खर्च तथा स्रोत अनुमान

| | बजेट अनुमान (रु. करोडमा) | | | | (रु. करोडमा) | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आ.व. | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | प्रदेश सरकार | नेपाल सरकार-समानीकरण अनुदान | नेपाल सरकार - ससर्त अनुदान | नेपाल सरकार — समपूरक अनुदान | नेपाल सरकार-विशेष अनुदान | आन्तरिक ऋण | वैदेशिक विकास/ साझेदारको सहयोग | कुल |
| २०८०/८१ यथार्थ | ८.७३ | २१४.७४ | - | २२३.४७ | २२३.४७ | - | - | - | - | - | - | २२३.४७ |
| २०८१/८२ संशोधित अनुमान | ७.९८ | १३३.७२ | - | १४१.७० | १४१.७० | - | - | - | - | - | - | १४१.७० |
| २०८२/८३ | १४.१४ | १६१.६५ | - | १७५.७८ | १७५.७८ | - | - | - | - | - | - | १७५.७८ |
| २०८३/८४ | १५.७३ | १६९.८३ | - | १८५.५६ | १८५.५६ | - | - | - | - | - | - | १८५.५६ |
| २०८४/८५ | १८.९३ | २०७.१२ | - | २२६.०६ | २२६.०६ | - | - | - | - | - | - | २२६.०६ |

**१०. सम्भावित जोखिम पक्षः** खानेपानी क्षेत्रका कार्यक्रमहरू चुरिएका, टुक्रे र साना—साना योजनाका रूपमा सञ्चालन भइरहेकाले समग्र प्रभावकारिता कमजोर हुँदै गएको छ, जसले गर्दा मध्यमकालीन लक्ष्य हासिल गर्न कठिन हुने जोखिम रहन्छ।

## ५.५ ऊर्जा

### १. पृष्ठभूमि

ऊर्जा आर्थिक तथा सामाजिक विकासको आधारभूत साधन हो र नेपालको संविधानले यसलाई प्रदेशको एकल तथा साझा अधिकारमा समेटेको छ। दिगो विकास लक्ष्यअनुसार स्वच्छ, सुरक्षित र पहुँचयोग्य ऊर्जालाई प्राथमिकतामा राखिँदै आएको छ। लुम्बिनी प्रदेशमा हाल ९३.७ प्रतिशत घरधुरीले जलविद्युत् र ४.७ प्रतिशतले सौर्य ऊर्जाको प्रयोग गरिरहेका छन्, यद्यपि खाना पकाउने इन्धनका रूपमा अझै पनि आधाभन्दा बढीले दाउरा प्रयोग गरिरहेकाले स्वच्छ ऊर्जातर्फ संक्रमण चुनौतीपूर्ण छ। हालसम्म प्रदेशभित्र जलविद्युत र वैकल्पिक ऊर्जा गरी ७८ मेगाबाट जलविद्युत् उत्पादन भएको छ। छरिएका ग्रामीण बस्तीहरूमा वैकल्पिक ऊर्जाको पहुँच पुऱ्याउने, जलवायु परिवर्तन न्यूनीकरण, हरित अर्थतन्त्र प्रवर्द्धन र अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयनमा प्रदेश सरकार सक्रिय छ। साथै, घरायसी, औद्योगिक, कृषि र यातायात क्षेत्रमा ऊर्जा दक्ष प्रविधि र नवीकरणीय ऊर्जाको प्रयोग विस्तार गर्ने दीर्घकालीन सोचका साथ काम गरिँदै छ। विद्युत् प्रसारण लाइनको विस्तार, चुहावट न्यूनीकरण, ऊर्जा दक्षता प्रवर्द्धन तथा माग व्यवस्थापनलाई प्राथमिकता दिइएको छ।

### २. प्रमुख समस्या

प्रदेशको ऊर्जा क्षेत्रमा विद्यमान समस्याहरू विविध र जटिल छन्। १३३ के.भी. प्रसारण लाइनको सीमितता र थोरै सब-स्टेसनका कारण भरपर्दो र गुणस्तरीय विद्युत आपूर्ति हुन सकेको छैन। आन्तरिक प्रसारण संरचना असन्तुलित र असुरक्षित रहेकोले विद्युत् वितरण प्रणाली प्रभावकारी बन्न सकेको छैन। जलविद्युत् उत्पादनमा निजी तथा विदेशी लगानी पर्याप्त आकर्षित नहुनु, विद्युत् आपूर्ति अनियमित हुनु, आयोजनाहरू तोकिएको समय र बजेटमा सम्पन्न नहुनु र वन क्षेत्रमा आयोजनाको जग्गा उपयोग तथा रूख कटान स्वीकृतिमा ढिलाइ हुनु दीर्घकालीन समस्या बन्न पुगेका छन्। साथै, खाना पकाउने प्रयोजनका लागि भरपर्दो विद्युत् सेवा तथा सहुलियतपूर्ण महसुलको व्यवस्था नहुनुले स्वच्छ ऊर्जा विस्तारमा बाधा पुऱ्याइरहेको छ। यी समस्याले ऊर्जा सुरक्षामा चुनौती सिर्जना गरिरहेकाले सन्तुलित प्रसारण संरचना, लगानी प्रवर्द्धन र नीति कार्यान्वयनमा सुधार अपरिहार्य देखिन्छ।

### ३. अवसर र चुनौती

ऊर्जा क्षेत्रमा उल्लेखनीय अवसरहरू र चुनौतीहरू दुवै विद्यमान छन्। प्रदेशभित्र करिब ३००० मेगाबाट जलविद्युत उत्पादनको सम्भावना पहिचान हुनु, बुटवल-गोरखपुर अन्तरदेशीय प्रसारण लाइन निर्माणाधीन हुनु र औद्योगिक करिडोर तथा विशेष आर्थिक क्षेत्रहरूमा विद्युत् माग तीव्र रूपमा बढ्ने पूर्वानुमान हुनु यस क्षेत्रका प्रमुख अवसरहरू हुन्। साथै, सौर्य ऊर्जामा थप लगानी र उत्पादन विस्तारको सम्भावना रहनुका साथै भविष्यमा हरित ऊर्जाको विकल्पका रूपमा हाइड्रोजन प्रविधिको प्रवर्द्धन गर्ने सम्भावना पनि रहेको छ। तर, यी अवसरलाई प्रभावकारी रूपमा उपयोग गर्न प्रसारण पूर्वाधार विस्तार, आयोजना समयमै सम्पन्न गर्ने, निजी तथा विदेशी लगानी आकर्षित गर्ने र विद्युत् आपूर्तिलाई भरपर्दो तथा विश्वसनीय बनाउने चुनौती कायमै रहेको छ। दीर्घकालीन ऊर्जा सुरक्षाका लागि यी अवसर र चुनौतीहरूलाई सन्तुलित रूपमा व्यवस्थापन गर्नु अत्यावश्यक छ।

**४. दीर्घकालीन सोचः** स्वच्छ ऊर्जाको उत्पादनः समृद्ध र उज्यालो प्रदेश ।

**५. लक्ष्यः** स्वच्छ ऊर्जा उत्पादन र गुणस्तरीय ऊर्जाको पहुँच विस्तार गर्ने ।

### ६. उद्देश्य

(१) परम्परागत ऊर्जाको खपतलाई जलविद्युत्लगायतका नवीकरणीय ऊर्जाले प्रतिस्थापन गर्नु ।

(२) जलविद्युत् तथा सौर्य ऊर्जा उत्पादन वृद्धि र व्यवस्थित गर्नु ।

### ७. ऊर्जासम्बन्धी नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | विद्युत्मा पहुँच पुगेका जनसंख्या | प्रतिशत | ९८.५ | 98.5* | | | |
| २ | जलविद्युत् उत्पादन | मे.वा. | ४१.४५ | 78* | ४१.४५ | ४६.५ | ५२.४४ |
| ४ | खाना पकाउन स्वच्छ इन्धन तथा प्रविधि प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ५३.७ | ५१ | ४९ | ४५ | ४३ |

### ८. प्रमुख कार्यक्रम तथा क्रियाकलापगत विवरण

**ऊर्जा** अन्तर्गत सञ्चालन हुने प्रमुख कार्यक्रम तथा क्रियाकलापहरूको विवरण **अनुसूची १** मा प्रस्तुत गरिएको छ।

## ९. ऊर्जासम्बन्धी त्रिवर्षीय खर्च तथा स्रोत अनुमान

| | बजेट अनुमान (रु. करोडमा) | | | | (रु. करोडमा) | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आ.व. | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | प्रदेश सरकार | नेपाल सरकार-समानीकरण अनुदान | नेपाल सरकार - ससर्त अनुदान | नेपाल सरकार — समपूरक अनुदान | नेपाल सरकार-विशेष अनुदान | आन्तरिक ऋण | वैदेशिक विकास/ साझेदारको सहयोग | कुल |
| २०८०/८१ यथार्थ | ०.१० | ६२.३५ | - | ६२.४५ | ६२.४५ | - | - | - | - | - | - | ६२.४५ |
| २०८१/८२ संशोधित अनुमान | ३.७७ | १०.६२ | - | १४.३९ | १४.३९ | - | - | - | - | - | - | १४.३९ |
| २०८२/८३ | ५.७६ | १२.७९ | - | १८.५५ | १८.५५ | - | - | - | - | - | - | १८.५५ |
| २०८३/८४ | ६.४१ | १३.४४ | - | १९.८४ | १९.८४ | - | - | - | - | - | - | १९.८४ |
| २०८४/८५ | ७.७१ | १६.३९ | - | २४.१० | २४.१० | - | - | - | - | - | - | २४.१० |

**१०. सम्भावित जोखिम पक्षः** तुलनात्मक रूपमा कम स्रोत विनियोजन तथा प्रदेशस्तरीय स्वच्छ ऊर्जा उत्पादनसम्बन्धी योजनाहरूको पहिचान नभएको कारण मध्यमकालीन लक्ष्यहरू पूरा गर्न कठिन हुने देखिन्छ।

## ५.६ सूचना तथा सञ्चार

### १. पृष्ठभूमि

सूचना तथा सञ्चार क्षेत्र संविधानद्वारा प्रत्याभूत मौलिक हकहरूको संरक्षण र प्रवर्द्धनसँग जोडिएको एउटा महत्त्वपूर्ण क्षेत्र हो। संघ, प्रदेश र स्थानीय तहको अधिकार सूचीअनुसार सञ्चारका विविध माध्यमहरूको सञ्चालन र व्यवस्थापन गरिने संवैधानिक व्यवस्था छ। पछिल्लो समय सरकारी, निजी तथा सामुदायिक क्षेत्रबाट सूचना तथा सञ्चारमा जनताको पहुँच उल्लेखनीय रूपमा विस्तार हुँदै गएको छ। दोस्रो आवधिक योजना र दिगो विकास लक्ष्यअनुसार प्रदेशमा गुणस्तरीय सञ्चार पूर्वाधार, एकीकृत यातायात प्रणाली तथा सूचना प्रविधिको उच्चतम उपयोगमार्फत सुशासन, सामाजिक न्याय र समृद्धि हासिल गर्ने लक्ष्य लिइएको छ। डिजिटल डिभाइड न्यूनीकरण गर्न आधुनिक प्रविधि भित्र्याइँदै मोबाइल तथा फोरजी सेवाको पहुँच वृद्धि, कागजरहित सरकारका लागि विद्युतीय प्रणालीको विकास र साइबर सुरक्षालाई सुदृढ बनाउने नीति अवलम्बन गरिएको छ। साथै, सञ्चारकर्मीको स्वतन्त्रता संरक्षण गर्दै नागरिकलाई सुसूचित हुन र अभिव्यक्ति दिन पाउने अधिकारको प्रवर्द्धन गर्न प्रदेश सञ्चार नीति, २०७५ पुनरावलोकन, प्रदेश सूचना तथा सञ्चार केन्द्र स्थापना, विभिन्न भाषाभाषी समुदायसम्म सञ्चार सेवा विस्तार र नवीनतम प्रविधिको विकास तथा प्रयोगलाई प्राथमिकता दिइएको छ। यसै सन्दर्भमा, दीर्घकालीन सोचअनुसार स्वतन्त्र, उत्तरदायी र आत्मनिर्भर सञ्चार प्रणाली निर्माण गर्दै लुम्बिनी प्रदेशमा सूचना तथा सञ्चार क्षेत्रको सशक्तीकरण गर्ने लक्ष्य लिइएको छ।

### २. प्रमुख समस्या

दुर्गम तथा ग्रामीण क्षेत्रका जनताको गुणस्तरीय आम सञ्चारमा पहुँच कमजोर हुनु, इन्टरनेट तथा मोबाइल सेवाहरू भरपर्दो नहुनु र सञ्चार माध्यमको संख्या विस्तार भए तापनि गुणस्तर, व्यावसायिकता र आत्मनिर्भरता अभाव हुनु जस्ता समस्याहरू विद्यमान छन्। साथै, सञ्चार माध्यमहरूबीच निष्पक्षता,

विश्वसनीयता र तथ्यपरक सूचनाको प्रवाहमा प्रश्न उठ्ने अवस्था देखिनु, आम नागरिकसम्म भरपर्दो र सहज सञ्चार पहुँच पुऱ्याउन र विविधतायुक्त प्रदेशमा सुसूचित समाज निर्माणमा चुनौती बनेको छ।

## ३. अवसर र चुनौती

सूचना तथा सञ्चार क्षेत्रमा संविधानले प्रेस स्वतन्त्रता, सूचनाको हक र सञ्चारको हक सुनिश्चित गरेकोले नीति तथा कानुनी संरचना बलियो भएको छ। प्रदेश सञ्चार नीति २०७५, प्रदेश प्रसारण ऐन २०७५ र प्रदेश प्रसारण नियमावली २०७६ लागू भइसकेका छन्। डिजिटल नेपालको अवधारणालाई आधार मानेर प्रदेशमा सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठान स्थापना गरिएको छ। युवाहरूमा सूचना तथा सञ्चार प्रविधिप्रति आकर्षण बढ्नु, इन्टरनेट र स्मार्टफोन प्रयोग उल्लेख्य रूपमा वृद्धि हुनु र निजी लगानी आकर्षित हुनु यस क्षेत्रका महत्त्वपूर्ण अवसरहरू हुन्। यद्यपि दुर्गम क्षेत्रसम्म भरपर्दो सञ्चार पहुँच पुऱ्याउने, सञ्चार माध्यमको गुणस्तर र विश्वसनीयता कायम गर्ने, तथा निष्पक्ष र जिम्मेवार सूचना प्रणाली विकास गर्ने चुनौती भने यथावत् रहेको छ।

**४. दीर्घकालीन सोचः** नागरिकप्रति स्वतन्त्र, उत्तरदायी र जिम्मेवार तथा आत्मनिर्भर आम सञ्चार ।

**५. लक्ष्यः** प्रदेशमा अभिव्यक्ति स्वतन्त्रताको संरक्षण र स्वतन्त्र सञ्चारको प्रवर्द्धन गर्दै आम नागरिकलाई सुसूचित गर्ने ।

**६. उद्देश्यः** सञ्चार माध्यम र सञ्चारकर्मीको स्वतन्त्रता संरक्षण गर्दै नागरिकको सुसूचित हुन र अभिव्यक्त गर्न पाउने अधिकारको प्रवर्द्धन गर्नु ।

## ७. सूचना तथा सञ्चारसम्बन्धी नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | वेबसाइटमा सार्वजनिक महत्त्वका जानकारी प्रकाशन गर्ने सार्वजनिक निकाय | प्रतिशत | २७.८ | ५० | ७० | ८५ | ९५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | त्रैमासिक रूपमा सूचना अद्यावधिक गरी स्वतः प्रकाशन गर्ने सार्वजनिक निकाय | प्रतिशत | १५ | ३० | ६० | ८० | ९० |
| ३ | १५ देखि ४९ वर्ष उमेर समूहमा इन्टरनेटको पहुँच | प्रतिशत | ७५.५ | ८० | ८५ | ९० | ९३ |
| ४ | सूचना प्रविधि बाट भएको रोजगारी सिर्जना | संख्या | | | १२००० | २०००० | २७००० |
| ५ | एकीकृत कार्यालय व्यवस्थापन सूचना प्रणालीमा आबद्ध कार्यालय | संख्या | १५ | ३० | ५० | १८० | १९० |

## ८. प्रमुख कार्यक्रम तथा क्रियाकलापगत विवरण

**सूचना तथा सञ्चार**अन्तर्गत सञ्चालन हुने प्रमुख कार्यक्रम तथा क्रियाकलापहरूको विवरण **अनुसूची १** मा प्रस्तुत गरिएको छ।

## ९. सूचना तथा सञ्चार त्रिवर्षीय खर्च तथा स्रोत अनुमान

| | बजेट अनुमान (रु. करोडमा) | | | | (रु. करोडमा) | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आ.व. | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | प्रदेश सरकार | नेपाल सरकार- समानीकरण अनुदान | नेपाल सरकार - ससर्त अनुदान | नेपाल सरकार — समपूरक अनुदान | नेपाल सरकार- विशेष अनुदान | आन्तरिक ऋण | वैदेशिक विकास/ साझेदारको सहयोग | कुल |
| २०८०/८१ यथार्थ | १.६६ | ०.०० | - | १.६६ | १.६६ | - | - | - | - | - | - | १.६६ |
| २०८१/८२ संशोधित अनुमान | ३.५९ | ०.०० | - | ३.५९ | ३.५९ | - | - | - | - | - | - | ३.५९ |
| २०८२/८३ | २.०० | ०.०० | - | २.०० | २.०० | - | - | - | - | - | - | २.०० |
| २०८३/८४ | २.२३ | ०.०० | - | २.२३ | २.२३ | - | - | - | - | - | - | २.२३ |
| २०८४/८५ | २.६८ | ०.०० | - | २.६८ | २.६८ | - | - | - | - | - | - | २.६८ |

**१०. सम्भावित जोखिम पक्षः** तुलनात्मक रूपमा कम स्रोत विनियोजन तथा प्रदेशस्तरीय स्वच्छ ऊर्जा उत्पादनसम्बन्धी योजनाहरूको पहिचान नभएको कारण मध्यमकालीन लक्ष्यहरू पूरा गर्न कठिन हुने देखिन्छ।

## ५.७ ग्रामीण तथा सहरी विकास

### १. पृष्ठभूमि

नेपालको संविधानले आवासलाई मौलिक हकका रूपमा व्यवस्था गर्दै सबै नागरिकलाई सुरक्षित, समावेशी र वातावरणमैत्री बसोबासको अधिकार सुनिश्चित गर्ने नीति अवलम्बन गरेको छ। लुम्बिनी प्रदेशले पनि प्रदेश भवन ऐन, पूर्वाधार विकास प्राधिकरण ऐन, जनता आवास कार्यक्रम र विपद् प्रभावित क्षेत्रमा एकीकृत बस्ती विकास जस्ता कानुनी र नीतिगत प्रबन्ध गर्दै ग्रामीण तथा सहरी विकासलाई प्राथमिकतामा राखेको छ। प्रदेशमा बढ्दो सहरीकरण, बसाइँसराइ र जनसंख्या वृद्धिलाई व्यवस्थित गर्न योजनाबद्ध बस्ती तथा पूर्वाधार विकास, सहरी क्षेत्रमा आर्थिक गतिविधि विस्तार र ग्रामीण क्षेत्रमा रोजगार सिर्जना गर्दै बसाइँसराइ कम गर्ने प्रयास भइरहेको छ। दिगो विकास लक्ष्य, नयाँ शहरी कार्यसूची र सेन्डाइ खाकाका प्रतिबद्धताअनुसार सुरक्षित, समावेशी र उत्थानशील बस्ती निर्माण तथा विपद् जोखिम न्यूनीकरणलाई समेत नीति र योजनामा समावेश गरिएको छ। यस्तै, पहाडबाट तराईतर्फको बसाइँसराइ न्यूनीकरण तथा पहाडी बस्तीलाई एकीकृत गरी शिक्षा, स्वास्थ्य र रोजगारीसहितको व्यवस्थित नमुना बस्ती विकास तथा सहरी आर्थिक कोरिडोर विस्तारलाई प्रदेश सरकारले दीर्घकालीन सोचसहित अगाडि बढाइरहेको छ।

### २. प्रमुख समस्या

लुम्बिनी प्रदेशमा पछिल्लो समय अव्यवस्थित सहरीकरण तीव्र गतिमा विस्तार भइरहेको छ। पहाडबाट तराई तथा ग्रामीण क्षेत्रबाट सहरतर्फ बसाइँसराइ बढेसँगै कृषियोग्य जमिनको खण्डीकरण भई आवासका लागि प्रयोग हुन थालेको छ, जसले उब्जाउ जमिनको संरक्षणमा चुनौती थपेको छ। यस्तै, विपद् प्रतिरोधी पूर्वाधार र संरचनाको अभावले प्राकृतिक जोखिमसमेत बढिरहेको छ। सहर केन्द्रित बसाइँसराइका कारण आवासविहीन परिवारको संख्या दिनानुदिन वृद्धि भइरहेको छ भने व्यवस्थापनका लागि बनेका योजना तथा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्नु, योजनाको समन्वय र स्रोत व्यवस्थापनमा कमजोरी हुनु र दीर्घकालीन पूर्वाधार सोच अभाव हुनु यस क्षेत्रका प्रमुख समस्याहरू बनेका छन्।

### ३. अवसर र चुनौती

लुम्बिनी प्रदेशमा सडक सञ्जाल विस्तारसँगै पहाडी, हिमाली र तराई भूभागमा नयाँ सहर र ससाना बजार केन्द्रहरू विकसित हुँदै गएका छन्, जसले स्थानीय आर्थिक गतिविधि र क्षेत्रीय समावेशी विकासलाई प्रवर्द्धन गर्ने अवसर सिर्जना गरिरहेको छ। सहरी सौन्दर्यकरण, विस्तारित सहर (सेटलाइट सिटी) को अवधारणा र प्रदेश राजधानीलाई

नयाँ सहरको रूपमा विकास गर्ने गुरुयोजना अघि बढाइसकिएको छ। सहरी विकास, भवन निर्माण तथा भूउपयोगसम्बन्धी नीति तथा कानुनहरू तर्जुमा हुँदै गर्दा शहरी पूर्वाधार व्यवस्थापन र सन्तुलित सहरीकरणका सम्भावना बलियो हुँदै गएका छन्। तर, तीव्र बसाईंसराइ, सीमित स्रोत, पूर्वाधार अभाव, निजी लगानी आकर्षणको चुनौती, सहरी क्षेत्रमा सामाजिक तथा आर्थिक पूर्वाधारको माग बढ्दै जानु, र एकीकृत बस्ती विकास योजनाको प्रभावकारी कार्यान्वयनजस्ता चुनौतीहरूलाई सम्बोधन गर्नु प्रदेशको दिगो सहरी तथा ग्रामीण पूर्वाधार विकासका लागि आवश्यक रहेको छ।

४. **दीर्घकालीन सोचः** सुरक्षित, सुविधायुक्त र व्यवस्थित बसोबासः सामाजिक, आर्थिक पूर्वाधारयुक्त प्रदेशको विकास ।

**५. लक्ष्यः** स्थानीय रोजगारी सिर्जना गर्दै व्यवस्थित पूर्वाधारसहितको बस्ती विकास तथा सहरीकरण गर्ने ।

**६. उद्देश्य**

(१) ग्रामीण क्षेत्रमा एकीकृत बस्ती तथा पूर्वाधार विकास गरी रोजगारीका अवसरहरू सिर्जना गर्दै बसाईंसराइ कम गर्नु ।

(२) योजनाबद्ध सहर र पूर्वाधार विकास गरी नागरिकलाई सुरक्षित, सुविधा सम्पन्न र व्यवस्थित बसोबासको व्यवस्था गर्नु ।

(३) आवासविहीन परिवारलाई सुरक्षित आवासको व्यवस्था गर्नु ।

**७. ग्रामीण तथा सहरी विकाससम्बन्धी नतिजा सूचक र लक्ष्य**

| क्र.सं. | सूचक | एकाइ | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | एकीकृत पूर्वाधार विकास भएका सहर | सङ्ख्या | ६ | ६ | ९ | १० | ११ |
| २ | बस्तीहरूमा एकीकृत पूर्वाधार विकास | सङ्ख्या | १०० | १०३ | १०५ | ११० | १३५ |
| ३ | घरको पर्याप्तताको आधारमा बसोबासको अवस्था | प्रतिशत | ५३.१ | | ६० | ६५ | ७० |
| ४ | सहरी क्षेत्रमा बसोबास गरेको जनसंख्या | प्रतिशत | ५२ | ५३ | ५४ | ५५.२ | ५८ |
| ५ | नयाँ आवास (जनता आवास) | संख्या | ७०४१ | ७२०० | ८७१६ | ९००० | १०००० |

## ८. प्रमुख कार्यक्रम तथा क्रियाकलापगत विवरण

**ग्रामीण तथा सहरी विकास**अन्तर्गत सञ्चालन हुने प्रमुख कार्यक्रम तथा क्रियाकलापहरूको विवरण **अनुसूची १** मा प्रस्तुत गरिएको छ।

## ९. ग्रामीण तथा सहरी विकास त्रिवर्षीय खर्च तथा स्रोत अनुमान

| आ.व. | बजेट अनुमान (रु. करोडमा) | | | | (रु. करोडमा) | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | प्रदेश सरकार | नेपाल सरकार-समानीकरण अनुदान | नेपाल सरकार - ससर्त अनुदान | नेपाल सरकार — समपूरक अनुदान | नेपाल सरकार-विशेष अनुदान | आन्तरिक ऋण | वैदेशिक विकास/ साझेदारको सहयोग | कुल |
| २०८०/८१ यथार्थ | ६.८९ | २२९.८२ | - | २३६.७२ | २३६.७२ | - | - | - | - | - | - | २३६.७२ |
| २०८१/८२ संशोधित अनुमान | ७.९० | २१२.६८ | - | २२०.५८ | २२०.५८ | - | - | - | - | - | - | २२०.५८ |
| २०८२/८३ | १२.०६ | ३७४.१९ | - | ३८६.२५ | ३८६.२५ | - | - | - | - | - | - | ३८६.२५ |
| २०८३/८४ | १३.४२ | ३९३.१३ | - | ४०६.५५ | ४०६.५५ | - | - | - | - | - | - | ४०६.५५ |
| २०८४/८५ | १६.१६ | ४७९.४६ | - | ४९५.६२ | ४९५.६२ | - | - | - | - | - | - | ४९५.६२ |

**१०. सम्भावित जोखिम पक्षः** सहरी विकास तथा ग्रामीण पूर्वाधारसम्बन्धी कार्यक्रमहरू समयमै नसकिने हुँदा मध्यमकालीन लक्ष्यहरू पूरा नहुने जोखिम रहन्छ।

# परिच्छेद ६:  वन तथा वातावरण क्षेत्र

## ६.१ हरित अर्थतन्त्र

### १. पृष्ठभूमि

आधुनिक विश्व अर्थतन्त्रले जलवायु परिवर्तन, पर्यावरणीय क्षति र प्राकृतिक स्रोतको अन्धाधुन्ध दोहनका कारण सामना गरिरहेको संकटलाई सम्बोधन गर्न हरित अर्थतन्त्रको अवधारणालाई प्राथमिकतामा राख्न थालेको छ। यस अवधारणाले कृषि, वन, जलस्रोत, भूमि व्यवस्थापन, नवीकरणीय ऊर्जा र हरित प्रविधिको सदुपयोग गर्दै न्यून कार्बन उत्सर्जन, वातावरणीय संवेदनशीलता, समावेशी विकास र रोजगारी सिर्जना गर्ने उद्देश्य राख्दछ। नेपालको संविधान, दिगो विकास लक्ष्य, जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धता र राष्ट्रिय नीतिहरूले समेत वातावरणमैत्री विकासलाई प्रोत्साहन गरेका छन्। लुम्बिनी प्रदेशमा पनि वन, जलस्रोत, कृषियोग्य भूमि, सौर्य तथा जलविद्युत् सम्भावनाजस्ता स्रोतहरूको भरपूर सम्भावना छ। ती स्रोतहरूको विवेकपूर्ण र दिगो उपयोग गरी वातावरणीय जोखिम न्यूनीकरण र दिगो आयआर्जनको अवसर सृजना गर्दै प्रदेशको अर्थतन्त्रलाई हरित अर्थतन्त्रमा रूपान्तरण गर्ने दीर्घकालीन सोच अवलम्बन गरिएको छ। यसका लागि प्राकृतिक स्रोत व्यवस्थापन, नवीकरणीय ऊर्जा प्रवर्द्धन, हरित प्रविधिको प्रयोग, हरित रोजगारी सिर्जना र दिगो पूर्वाधार निर्माणमा जोड दिइनेछ। वातावरणमैत्री आर्थिक अभ्यासलाई स्थानीय समुदायको जीवनस्तर उकास्ने, विपन्न समूहलाई आयआर्जनमा सहभागी गराउने र समावेशी आर्थिक समृद्धि सुनिश्चित गर्ने मुख्य लक्ष्यका रूपमा लिइएको छ। हरित अर्थतन्त्रको विकास प्रदेशको समग्र वातावरणीय सुरक्षासँगै सामाजिक न्याय र दिगो समृद्धिको आधार बन्न सक्ने अपेक्षा गरिएको छ।

### २. प्रमुख समस्या

लुम्बिनी प्रदेशमा हरित अर्थतन्त्रको अवधारणा नवीन अभ्यासका रूपमा स्थापित हुँदै गएको भए तापनि यसको प्रभावकारी कार्यान्वयनमा विभिन्न संरचनागत र नीतिगत समस्याहरू देखिएका छन्। हालसम्म यस क्षेत्रमा पर्याप्त नीतिगत व्यवस्था र स्पष्ट कार्यनीतिहरूको अभाव रहेको छ। हरित प्रविधि र दिगो स्रोत व्यवस्थापनसम्बन्धी दक्ष जनशक्ति र प्राविधिक ज्ञानको अभाव पनि ठूलो चुनौती बनेको छ। साथै, हरित अर्थतन्त्रलाई सरकार र निजी क्षेत्र दुबैको प्राथमिकतामा समावेश गर्ने चासो अपेक्षित रूपमा देखिएको छैन। परिणामस्वरूप, हरित प्रविधि, नवीकरणीय ऊर्जा, जैविक कृषि, वन तथा जलस्रोत व्यवस्थापनजस्ता क्षेत्रमा लगानीको मात्रा न्यून छ। यी समस्याहरूले प्रदेशको समावेशी, दिगो र वातावरणमैत्री विकास लक्ष्यमा प्रत्यक्ष असर पारिरहेको छ।

### ३. अवसर र चुनौती

लुम्बिनी प्रदेशमा हरित अर्थतन्त्रको सम्भावना उल्लेखनीय छ। पछिल्ला वर्षहरूमा प्रकृतिको संरक्षण र दिगो विकासप्रति जनचेतना वृद्धि भएको छ भने विकासका बहसहरूमा हरित अर्थतन्त्र अब एउटा उदीयमान मुद्दाका रूपमा स्थापित हुँदै गएको छ। प्रदेशभित्र वातावरणमैत्री पूर्वाधार, नवीकरणीय ऊर्जा, जैविक कृषि र प्राकृतिक स्रोतको सन्तुलित उपयोगलाई विकासको आधारका रूपमा लिन थालिएको छ। तर, यिनै अवसरलाई व्यवहारमा रूपान्तरण गर्नु भने चुनौतीपूर्ण छ। जलवायु परिवर्तनका प्रतिकूल असर न्यूनीकरण, वातावरणीय जोखिम व्यवस्थापन, स्वच्छ ऊर्जा प्रवर्द्धन र हरित पूर्वाधार विकास अझै प्राथमिकतामा पर्न बाँकी छ। नीति कार्यान्वयन, वित्तीय स्रोत परिचालन, दक्ष जनशक्ति उत्पादन र दीर्घकालीन दृष्टिकोणसहित योजनाबद्ध पहल नगरेसम्म यी अवसरहरू उपयोग गर्न कठिन हुने देखिन्छ।

४. **दीर्घकालीन सोचः** हरित अर्थतन्त्रः प्राकृतिक सम्पदाको दिगो उपयोग

**५. लक्ष्यः** प्राकृतिक स्रोत साधनको विवेकपूर्ण उपयोग गरी हरित अर्थतन्त्रको विकास गर्ने ।

**६. उद्देश्य**

मानवीय आवश्यकता पूरा गर्न जमिन, जल, जंगललगायतका प्राकृतिक स्रोतको दिगो उपयोग गर्नु ।
हरित अर्थतन्त्रको मानवीय अभ्यासलाई आयआर्जन र रोजगारीसँग आबद्ध गर्नु ।

**७. हरित अर्थतन्त्रसम्बन्धी नतिजा सूचक र लक्ष्य**

| क.सं. | सूचक | एकाइ | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | फलफूल तथा आयमूलक बिरुवा उत्पादन र रोपण (हजारमा) | गोटा | १२० | १६० | २१० | २८० | ३५० |
| २ | निजी जग्गामा कृषि वन विकास (निजी वन) | हेक्टर | ७७४ | ७८० | ७९० | ८१० | ८३० |
| ३ | सडक किनारा वृक्षरोपण | किमि | २०० | २५० | ३०० | ३५० | ४२५ |
| ४ | जल पर्यटन प्रवर्द्धन | स्थान | १५ | 17 | २० | २७ | ३२ |

**८. प्रमुख कार्यक्रम तथा क्रियाकलापगत विवरण**

**हरित अर्थतन्त्र**अन्तर्गत सञ्चालन हुने प्रमुख कार्यक्रम तथा क्रियाकलापहरूको विवरण **अनुसूची १** मा प्रस्तुत गरिएको छ।

### ९. हरित अर्थतन्त्र त्रिवर्षीय खर्च तथा स्रोत अनुमान

यस शीर्षकअन्तर्गत हुने खर्चको अनुमान बन तथा वातावरण क्षेत्रको समग्र तीनवर्षीय अनुमानअन्तर्गत समावेश गरिएको छ।

## ६.२ वन व्यवस्थापन

### १. पृष्ठभूमि

लुम्बिनी प्रदेशको सामाजिक-आर्थिक विकास, वातावरणीय सन्तुलन र रोजगारी सिर्जनामा वन क्षेत्रले महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ। प्रदेशको करिब ५१.६४ प्रतिशत भूभाग वनले ढाकेको छ, जसले नेपालको कुल वन क्षेत्रको १६.२ प्रतिशत हिस्सा ओगटेको छ। प्रदेशमा २ राष्ट्रिय निकुञ्ज, १ सिकार आरक्ष, सामुदायिक, साझेदारी, कबुलियती, निजी र धार्मिक वन गरी जम्मा ५,४२१ वन क्षेत्र रहेका छन्। सामुदायिक वनमा मात्रै करिब ७ लाख ९३ हजार घरपरिवार आबद्ध छन्, जसले वन संरक्षण र स्रोतको दिगो उपयोगमा सामुदायिक सहभागिता सुनिश्चित गर्दै आएको छ। वनजन्य उद्योग, स:मिल, फर्निचर उद्योग तथा कृषि वन प्रवर्द्धनमा समेत वन क्षेत्रको योगदान उल्लेखनीय रहँदै आएको छ। प्रदेश सरकारले वनको संरक्षण र दिगो उपयोगमार्फत आर्थिक, सामाजिक र वातावरणीय विकासमा योगदान पुर्‍याउने दीर्घकालीन सोचका साथ वन व्यवस्थापनलाई प्राथमिकता दिँदै आएको छ। वन संरक्षणसँगै वन सम्पदालाई आयआर्जन, रोजगारी र हरित अर्थतन्त्रसँग जोड्दै सामुदायिक र साझेदारी वनको क्षमता विकास, सहरी र सार्वजनिक जग्गामा वन विकास, कृषि वन प्रवर्द्धन तथा वन नभएका क्षेत्रमा हरियाली प्रवर्द्धन गर्न प्रदेश सरकारले नीति तथा कार्यक्रम अघि सारेको छ। दिगो वन व्यवस्थापन प्रदेशको वातावरण संरक्षण र समावेशी विकासमा योगदान पुर्‍याउने महत्त्वपूर्ण क्षेत्रको रूपमा स्थापित हुँदै गएको छ।

### २. प्रमुख समस्या

प्रदेशमा वन क्षेत्रको संरक्षण र दिगो व्यवस्थापनमा विभिन्न संरचनागत र कार्यान्वयनसम्बन्धी समस्याहरू देखिएका छन्। तहगत सरकारहरूबीच अधिकारको प्रष्टता नहुनु, तथा सम्बन्धित कानुनहरू आपसमा बाझिनु वन प्रशासन र व्यवस्थापनमा समन्वय अभावको कारण बन्न पुगेको छ। यसले नीति

कार्यान्वयनमा जटिलता निम्त्याउनुका साथै वन स्रोतको दिगो उपयोगमा अवरोध पुऱ्याइरहेको छ। साथै, वन अतिक्रमण, डढेलो, खुला चरिचरन र वनजन्य स्रोतहरूको चोरी निकासीजस्ता क्रियाकलापहरूका कारण वन विनाश तथा पर्यावरणीय सन्तुलनमा गम्भीर समस्या उत्पन्न भइरहेको छ। यी समस्याले वन क्षेत्रको संरक्षण र समुदाय-केन्द्रित व्यवस्थापनलाई थप चुनौतीपूर्ण बनाइरहेको छ।

## ३. अवसर र चुनौती

लुम्बिनी प्रदेशमा उल्लेख्य वन क्षेत्रको साथै वनस्पति, वन्यजन्तु, जलाधार र जैविक विविधता रहनुले आर्थिक, सामाजिक र पर्यावरणीय दृष्टिले महत्त्वपूर्ण अवसरहरू सिर्जना गरिरहेको छ। वनजन्य उद्योग, वन पर्यटन र सामुदायिक वन व्यवस्थापनमार्फत आयआर्जन, रोजगारी सिर्जना तथा जीविकोपार्जनमा टेवा पुऱ्याउने सम्भावना उच्च छ। साथै, कार्बन व्यापार र जलवायु हरित कोषजस्ता नयाँ आर्थिक अवसरहरूबाट थप लाभ लिन सकिने अवस्था रहेको छ। तर, यससँगै वन अतिक्रमण, चोरी निकासी, डढेलो, खुला चरिचरन नियन्त्रण तथा वन विकासलाई रोजगारी र वातावरण सन्तुलनसँग व्यावसायिक रूपमा जोड्ने चुनौती भने अझै यथावत् छन्।

**४. दीर्घकालीन सोचः** वन क्षेत्रको दिगो उपयोगः हरित अर्थतन्त्रको विकास

**५. लक्ष्यः** वनको संरक्षण र दिगो उपयोग गरी आर्थिक, सामाजिक र पर्यावरणीय विकासमा योगदान गर्ने ।

**६. उद्देश्यः** दिगो व्यवस्थापन गरी वन क्षेत्रलाई आयआर्जन र रोजगारीसँग आबद्ध गर्नु ।

## ७. वन व्यवस्थापनसम्बन्धी नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | वन क्षेत्रले ढाकेको क्षेत्रफल | प्रतिशत | ५१.६४ | ५१.७ | ५१.८ | ५१.९ | ५१.९५ |
| २ | संवर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन | हेक्टर | ७२ | ७५ | ७८ | ८२ | ८६ |
| ३ | वन क्षेत्रबाट सिर्जना हुने रोजगारी | श्रम दिन लाखमा | ४२५६ | ४५०० | ५००० | ६५०० | ८००० |
| ४ | प्रवर्द्धन गरिएका वन उद्यम | वटा | १६ | | २८ | ३५ | ४५ |
| ५ | समुदायमा आधारित वन व्यवस्थापनमा प्रत्यक्ष आबद्ध घरधुरी | सङ्ख्या हजारमा | ७९३ | | ७९८ | ८०० | ८०३ |

## ८. प्रमुख कार्यक्रम तथा क्रियाकलापगत विवरण

**वन व्यवस्थापन**अन्तर्गत सञ्चालन हुने प्रमुख कार्यक्रम तथा क्रियाकलापहरूको विवरण **अनुसूची १** मा प्रस्तुत गरिएको छ।

## ९. वन व्यवस्थापन त्रिवर्षीय खर्च तथा स्रोत अनुमान

यस शीर्षकअन्तर्गत हुने खर्चको अनुमान वन तथा वातावरण क्षेत्रको समग्र तीनवर्षीय अनुमानअन्तर्गत समावेश गरिएको छ।

## ६.३ वातावरण र जैविक विविधता संरक्षण

### १. पृष्ठभूमि

नेपालको संविधानले स्वच्छ वातावरणमा बाँच्न पाउने हकलाई मौलिक हकको रूपमा सुनिश्चित गरेको छ भने, नेपाललाई जैविक विविधतामा विश्वमै धनी देश मानिन्छ। विश्वका वनस्पति प्रजातिको ३.२ प्रतिशत र प्राणी प्रजातिको १.१ प्रतिशत नेपालमा पाइन्छ। लुम्बिनी प्रदेशमा बर्दिया र बाँके राष्ट्रिय निकुञ्ज, ढोरपाटन सिकार आरक्ष, कृष्णसार संरक्षण क्षेत्रलगायत संरक्षित क्षेत्रहरू स्थापना गरी जैविक विविधताको संरक्षण र वातावरणीय सन्तुलन कायम राख्ने कार्यक्रमहरू सञ्चालन गरिँदै आएका छन्। वातावरण संरक्षणलाई दिगो विकासको आधार मान्दै सचेतनामूलक कार्यक्रम, प्रदूषण नियन्त्रण, फोहरमैला व्यवस्थापन, नदी-खोला सफाइ र वातावरणीय परीक्षण प्रतिवेदनमा आधारित व्यवस्थापनजस्ता रणनीति अवलम्बन गरिएका छन्। साथै, उच्च र प्राविधिक शिक्षा संस्थाहरूलाई वातावरण संरक्षणमा संलग्न गराउने र स्थानीय तह र समुदायलाई मापदण्ड र प्रदूषण नियन्त्रणका विषयमा जानकारी र अनुगमन गराउने अभ्यास समेत प्रारम्भ गरिएको छ। यस्तो वातावरणीय सन्तुलन र जैविक विविधताको संरक्षणले प्रदेशको आर्थिक, सामाजिक र पारिस्थितिक प्रणालीलाई दिगो बनाउन सघाउ पुर्‍याउने अपेक्षा गरिएको छ। लुम्बिनी प्रदेशलाई स्वच्छ वातावरण र जैविक विविधतायुक्त प्रदेशको रूपमा विकास गर्ने दीर्घकालीन सोच तय गरिएको छ। वातावरणीय सन्तुलन कायम गर्दै जैविक विविधताको संरक्षण तथा वन, सिमसार र प्राकृतिक स्रोतको दिगो उपयोगमार्फत समावेशी र हरित अर्थतन्त्रलाई प्रवर्द्धन गर्ने दीर्घकालीन लक्ष्य अघि सारिएको छ। यसै अनुरूप वातावरण संरक्षण, जैविक विविधताको संरक्षण, स्वच्छ ऊर्जा प्रवर्द्धन र प्रदूषण नियन्त्रणका कार्यक्रमहरूलाई प्रदेशको सामाजिक र आर्थिक विकाससँग जोड्दै दिगो समृद्धिको मार्ग प्रशस्त गर्ने लक्ष्य लिइएको छ।

## २. प्रमुख समस्या

लुम्बिनी प्रदेशमा वातावरणीय विनाशका समस्याहरू गम्भीर रूपमा देखिन थालेका छन् जसमा वायु, ध्वनि, जल र जमिन प्रदूषणको वृद्धि प्रमुख छ। साथै, वन अतिक्रमण, गैरकानुनी रूपमा प्राकृतिक स्रोतको दोहन, वन्यजन्तु र चराचुरुङ्गीका वासस्थानको नाश, बाह्य मिचाहा प्रजातिको प्रवेशले जैविक विविधतालाई खतरा पुर्याइरहेको छ। जलवायु परिवर्तनका प्रभावहरू पनि बढ्दो देखिएका छन् भने अव्यवस्थित सहरीकरण र पूर्वाधार विकासले वातावरणीय सन्तुलनमा नकारात्मक असर पारेको छ। यससँगै गैरकानुनी सिकार, आगलागीका घटना र मानव-वन्यजन्तु द्वन्द्वले पनि वातावरणीय संरक्षणमा चुनौती थपिरहेका छन्। यी समस्याहरूले प्रदेशको दिगो विकास र वातावरणीय सुरक्षा सुनिश्चित गर्न ठूलो बाधा पुऱ्याइरहेका छन्।

## ३. अवसर र चुनौती

प्रदेशमा वातावरण तथा जैविक विविधता संरक्षणका लागि विभिन्न नीतिगत र कानुनी व्यवस्था बनाइएको छ भने संरक्षण क्षेत्रहरूको स्थापना, विस्तार र सम्बन्धित पूर्वाधारहरूको विकास पनि भइरहेको छ। साथै जनचेतनामा वृद्धि हुनु यस क्षेत्रमा ठूलो अवसर हो, जसले संरक्षण प्रयासलाई थप प्रभावकारी बनाउन सहयोग पुऱ्याउँछ। यद्यपि, विकास र वातावरणबीच सन्तुलन कायम राख्नुपर्ने आवश्यकताका कारण पारिस्थितिकीय प्रणालीको संरक्षण, लोपोन्मुख प्रजाति र रामसार क्षेत्रहरूको सुरक्षा, चोरी सिकार रोकथाम र वातावरण संरक्षणसम्बन्धी जनचेतना अभिवृद्धि गर्नुपर्ने चुनौतीहरू अझै कायम छन्। यी चुनौतीहरूलाई सम्बोधन गर्दै दिगो विकास र वातावरणीय सुरक्षा सुनिश्चित गर्नु आवश्यक छ।

**४. दीर्घकालीन सोचः** स्वच्छ वातावरण र जैविक विविधतायुक्त प्रदेश

**५. लक्ष्यः** वातावरण तथा जैविक विविधता संरक्षण गर्ने ।

**६. उद्देश्यः** वातावरण तथा जैविक विविधताको संरक्षणका लागि वनजंगल तथा सिमसार क्षेत्रको व्यवस्थापन गर्नु ।

## ७. वातावरण र जैविक विविधता संरक्षणसम्बन्धी नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | | | मध्यमकालीन लक्ष्य |
|---|---|---|---|---|---|

| | | | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
|---|---|---|---|---|---|---|---|
| १ | वायु प्रदूषण मापन केन्द्र स्थापना | वटा | ० | १ | १ | १ | १ |
| २ | लोपोन्मुख प्रजातिका वन्यजन्तु तथा वनस्पतिको संरक्षण कार्यक्रम | संख्या | १० | ११ | १२ | १३ | १४ |
| ३ | सचेतना कार्यक्रम सञ्चालन गरिने विद्यालय | संख्या | ० | | ४० | ९० | १२० |
| ४ | वातावरणीय प्रयोगशाला | संख्या | ० | ० | ० | ० | १ |

### ८. प्रमुख कार्यक्रम तथा क्रियाकलापगत विवरण

**वातावरण र जैविक विविधता संरक्षण**अन्तर्गत सञ्चालन हुने प्रमुख कार्यक्रम तथा क्रियाकलापहरूको विवरण **अनुसूची १** मा प्रस्तुत गरिएको छ।

### ९. वातावरण र जैविक विविधता संरक्षण त्रिवर्षीय खर्च तथा स्रोत अनुमान

यस शीर्षकअन्तर्गत हुने खर्चको अनुमान वन तथा वातावरण क्षेत्रको समग्र तीनवर्षीय अनुमानअन्तर्गत समावेश गरिएको छ।

## ६.३ जलाधार क्षेत्र संरक्षण

### १. पृष्ठभूमि

लुम्बिनी प्रदेशमा जलाधार क्षेत्रहरू जलस्रोतको आधार भएकाले तिनीहरूको संरक्षण र दिगो व्यवस्थापन अत्यन्त महत्त्वपूर्ण छ। प्रदेशमा जम्मा ३२ मुख्य जलाधार प्रणालीहरू छन्, जसमा ४४ वटा नदी र खोला पर्छन्। यीमध्ये राप्ती, बबई र माडी नदीहरू सबैभन्दा लामो रहेका छन्। प्रदेशका आठ जलाधार क्षेत्रहरू मध्ये पश्चिम राप्ती, वाणगंगा तिनाउ र मानखोला बबई क्षेत्रले सबैभन्दा ठूलो भूभाग ओगटेका छन्। चुरे पहाडदेखि तराईसम्म फैलिएको क्षेत्र जलाधारको मुख्य क्षेत्र मानिन्छ भने नारायणी, कालीगण्डकी, सानी भेरी र तल्लो कर्णालीलगायतका अन्य जलाधार क्षेत्रहरू पनि प्रदेशमा पर्छन्। जिल्लागत रूपमा कपिलवस्तु र बर्दिया जिल्लाका जलाधार क्षेत्रहरू राम्रो अवस्थामा रहेका छन् भने

दाङ जिल्लाका जलाधार क्षेत्रहरू कमजोर अवस्थामा छन्। दीर्घकालीन दृष्टिकोणले जलस्रोतको संरक्षण र व्यवस्थापन गरी व्यवस्थित जलाधार कायम गर्नु आवश्यक छ। यसअन्तर्गत, जलाधार क्षेत्रहरूको नक्शांकन र प्राथमिकीकरण गरी एकीकृत संरक्षण कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ। जलाधार क्षेत्रलाई क्षति नपुग्ने गरी वातावरणमैत्री भौतिक संरचना र मौलिक प्रविधिहरूको प्रयोग गरी संरक्षण गर्नुपर्नेछ। साथै वनस्पति संरक्षण र बहुउपयोगी बिरुवा रोपेर भिरालो तथा नाङ्गा जमिनहरूमा पनि जलाधार संरक्षणमा जोड दिनु आवश्यक छ। यसरी जलाधार क्षेत्रको दिगो संरक्षणबाट लुम्बिनी प्रदेशको जलस्रोत सुरक्षा र दिगो विकास सुनिश्चित गर्न सकिनेछ।

## २. प्रमुख समस्या

चुरे पहाड क्षेत्र लुम्बिनी प्रदेशभरि फैलिएको हुँदा भू-क्षयको दृष्टिले अत्यन्त जोखिमयुक्त छ। जलवायु परिवर्तनका प्रभावले वर्षा प्रणालीमा आएको अनियमितताका कारण जमिन कटान र भू-क्षयका घटना तीव्र रूपमा बढिरहेका छन्। सुक्खा र घट्दो पानी स्रोतले जीवजन्तु र मानवीय जीवनमा नकारात्मक प्रभाव पारिरहेको छ भने सुक्खा र खडेरीका कारण डढेलोको घटनाहरू पनि बढ्दै गएका छन्। साथै, नदी कटानका कारण मानिसको धनजन र पूर्वाधारहरूमा क्षति हुने क्रम पनि बढेको छ। यी सबै समस्याहरू चुरे क्षेत्रमा मुख्य रूपमा देखिएका चुनौतीहरू हुन् जसले क्षेत्रको वातावरणीय सन्तुलन र स्थानीय समुदायको जीवनस्तरमा गम्भीर असर पुऱ्याइरहेका छन्।

## ३. अवसर र चुनौती

लुम्बिनी प्रदेशको पूर्वदेखि पश्चिमसम्म फैलिएका महाभारत र चुरे शृंखलामा प्रशस्त जलाधार क्षेत्रहरू रहेका छन्, जसले प्रदेशको जलस्रोत संरक्षणमा महत्त्वपूर्ण भूमिका खेल्छन्। चुरे क्षेत्र संरक्षणका लागि विभिन्न कार्यक्रमहरू सञ्चालनमा छन् भने बर्दिया राष्ट्रिय निकुञ्ज, बाँके राष्ट्रिय निकुञ्ज र ढोरपाटन शिकार आरक्षजस्ता संरक्षित क्षेत्रहरू पनि यसै क्षेत्रमा पर्दछन्। भू-जलाधार संरक्षणका लागि संस्थागत संरचनाहरू स्थापना भई प्रभावकारी काम भइरहेको छ। साथै, सिमसार, रामसार क्षेत्रहरू, पोखरी, ताल तलैया र अन्य पानीका स्रोतहरू प्रचुर मात्रामा पाइन्छन्, जसले जैविक विविधता र जलस्रोत संरक्षणमा योगदान पुऱ्याउँछन्। प्रदेश तथा स्थानीय सरकारहरूले जलाधार संरक्षणका लागि चासो र लगानी वृद्धि गरिरहेको पाइएको छ, जुन यस क्षेत्रका अवसरहरू हुन्। यद्यपि, यी स्रोतहरूको दिगो संरक्षण, व्यवस्थापन र प्रभावकारी उपयोगका लागि अझै चुनौतीहरूसमेत कायम छन्।

**४. दीर्घकालीन सोचः** जलस्रोतको भण्डारः व्यवस्थित जलाधार

**५. लक्ष्यः** जलाधार क्षेत्रहरूको दिगो संरक्षण गर्ने ।

**६. उद्देश्यः** प्रदेशका जलाधार क्षेत्रको व्यवस्थापन गरी जलस्रोतको दिगो संरक्षण गर्नु।

**७. जलाधार क्षेत्र संरक्षणसम्बन्धी नतिजा सूचक र लक्ष्य**

| क्र.सं. | सूचक | एकाइ | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | संरक्षण गरिएका जलाधार क्षेत्र | संख्या | ६० | ७० | ९० | ११० | १३० |
| २ | पुनर्भरण पोखरी निर्माण | वटा | ७१ | ९० | ११० | १२५ | १३८ |
| ३ | व्यवस्थापन गरिएका सिमसार क्षेत्र | वटा | ४० | ४३ | ५५ | ६० | ६८ |
| ४ | संरक्षण भएका पानी मुहान | स्थान | ४१ | | ८० | १२० | १६० |

**८. प्रमुख कार्यक्रम तथा क्रियाकलापगत विवरण**

**जलाधार क्षेत्र संरक्षण**अन्तर्गत सञ्चालन हुने प्रमुख कार्यक्रम तथा क्रियाकलापहरूको विवरण **अनुसूची १** मा प्रस्तुत गरिएको छ।

**९. वातावरण र जैविक विविधता संरक्षण त्रिवर्षीय खर्च तथा स्रोत अनुमान**

यस शीर्षकअन्तर्गत हुने खर्चको अनुमान वन तथा वातावरण क्षेत्रको समग्र तीनवर्षीय अनुमानअन्तर्गत समावेश गरिएको छ।

## ६.४ जडीबुटी र कृषि वन

### १. पृष्ठभूमि

जडीबुटी र गैरकाष्ठजन्य वनस्पतिहरू मानव स्वास्थ्यमा महत्त्वपूर्ण भूमिका खेल्ने हुँदा औषधि र सौन्दर्य प्रसाधन उद्योगमा यसको आर्थिक मूल्य अत्यधिक रहेको छ। व्यवस्थित र व्यावसायिक रूपमा जडीबुटी खेतीको विस्तारले उपयोग नहुने जमिनको सदुपयोग गर्दै आयआर्जन र वातावरण संरक्षणमा सहयोग पुग्ने ठूलो सम्भावना छ। यसले गरिब तथा सीमान्तकृत वर्गको आर्थिक अवस्था सुधार्न पनि मद्दत पुऱ्याउँछ। लुम्बिनी प्रदेशमा जडीबुटी खेतीको विकासले रोजगारी सिर्जना गरी आर्थिक वृद्धिमा महत्त्वपूर्ण योगदान पुऱ्याउन सक्नेछ। साथै उत्पादनलाई प्रशोधन, प्याकेजिङ र ब्रान्डिङ गरी मूल्य श्रृंखलामा समावेश गर्दा आर्थिक लाभ अझ बढाउन सकिन्छ। यसै अनुरूप जडीबुटी तथा गैरकाष्ठजन्य वन पैदावारको उत्पादनले अर्थतन्त्रको सुदृढीकरणमा योगदान पुऱ्याउने दीर्घकालीन सोच अवलम्बन गरिएको छ। यस अन्तर्गत उच्च मूल्यका जडीबुटी उत्पादन गरी आय र रोजगारीमा वृद्धि गर्नु र समूह सहभागितामा आधारित उत्पादन प्रणाली विकास गर्ने उद्देश्य राखिएको छ।

### २. प्रमुख समस्या

जडीबुटीको उत्पादनमा प्रमुख समस्या रूपमा उत्पादनको शृंखल निर्माण नभएको कारण बजार खोज्न कठिनाइ हुनु, कच्चा पदार्थको रूपमा बिक्री हुँदा उचित मूल्य नपाउनु र उत्पादनलाई मूल्य शृंखलामा समायोजन गर्न नसक्नु देखिन्छ। साथै, जडीबुटी र कृषि वन खेतीका लागि आवश्यक उपयुक्त सीप र दक्षताको कमी, व्यावसायिक खेती विस्तार गर्न आवश्यक लगानी अभाव, अध्ययन तथा अनुसन्धानको अभाव, उत्पादन र प्रयोगसम्बन्धी ज्ञानको पुस्तान्तरण नहुनु र यस क्षेत्रलाई प्रदेश तथा स्थानीय सरकारको प्राथमिकतामा नराखिनु जस्ता समस्याहरू पनि विद्यमान छन्।

### ३. अवसर र चुनौती

लुम्बिनी प्रदेशमा जडीबुटी तथा गैरकाष्ठजन्य वन पैदावारको क्षेत्रमा उल्लेख्य अवसरहरू रहेका छन्। यहाँको वन क्षेत्रले ठूलो भू-भाग ओगटेको, जडीबुटी खेतीका लागि प्राकृतिक तथा भौगोलिक अनुकूलता भएको, सामुदायिक र कबुलियती वनहरूको राम्रो विस्तार भएको, कृषि वनका लागि पर्याप्त खाली जमिन उपलब्ध रहेको र समाजमा जडीबुटीको उपयोगप्रति सकारात्मक दृष्टिकोण विस्तार हुँदै गएको उल्लेखनीय पक्ष हुन्। साथै, अन्तर्राष्ट्रिय बजारमा जडीबुटी तथा प्राकृतिक उत्पादनको माग निरन्तर बढ्दो छ, जसले यस क्षेत्रलाई व्यावसायिक रूपमा विस्तार गर्न अनुकूल अवसर प्रदान गरेको छ। तर, यिनलाई संगठित र व्यावसायिक रूपमा उत्पादन गर्दै मूल्य शृंखलामा समेट्न, जडीबुटी आधारित

उद्योग स्थापना गर्न, युवा जनशक्तिलाई आकर्षित गर्न, प्रमुख उत्पादन क्षेत्रहरूबाट हुने बसाइँसराइ रोक्न, लोपोन्मुख वनस्पतिहरूको संरक्षण गर्न र जडीबुटीको बजार प्रवर्द्धन गर्नुपर्ने चुनौती यथावत् छ। साथै, वनजंगल, जलाधार, सिमसार तथा रामसार क्षेत्र, परम्परागत पोखरी-मूलहरू संरक्षण, भूमिगत जलस्रोतको अनियन्त्रित दोहन रोकथाम र जलाधार विनाश नगर्ने विकास कार्यको व्यवस्थापन पनि आवश्यक छ।

**४. दीर्घकालीन सोचः** जडीबुटी तथा गैरकाष्ठजन्य वन पैदावारको उत्पादनः अर्थतन्त्रको सुदृढीकरणमा योगदान

**५. लक्ष्यः** उच्च मूल्यका जडीबुटी तथा गैरकाष्ठजन्य वन पैदावारको उत्पादन गरी आय र रोजगारीमा वृद्धि गर्ने।

**६. उद्देश्यः**

१. जडीबुटी तथा गैरकाष्ठजन्य उत्पादन वृद्धि गरी मूल्य शृंखलामा आबद्ध गर्नु ।

२. समूह सहभागितामा आधारित उत्पादन प्रणाली विकास गर्नु ।

**७. जडीबुटी र कृषि वनसम्बन्धी नतिजा सूचक र लक्ष्य**

| क्र.सं. | सूचक | एकाइ | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | जडीबुटी खेती विस्तार | हेक्टर | ११० | १२० | १५० | २५० | ३५० |
| २ | जडीबुटी उद्यान, वनस्पति उद्यान सञ्चालन | वटा | १० | १ | १४ | १६ | १८ |
| ३ | जडीबुटी प्रशोधन केन्द्र स्थापना र सञ्चालन | वटा | ० | ० | ० | ० | ० |

**८. प्रमुख कार्यक्रम तथा क्रियाकलापगत विवरण**

**जडीबुटी र कृषिवन**अन्तर्गत सञ्चालन हुने प्रमुख कार्यक्रम तथा क्रियाकलापहरूको विवरण **अनुसूची १** मा प्रस्तुत गरिएको छ।

### ९. जडीबुटी र कृषि वन संरक्षण त्रिवर्षीय खर्च तथा स्रोत अनुमान

यस शीर्षकअन्तर्गत हुने खर्चको अनुमान बन तथा वातावरण क्षेत्रको समग्र तीनवर्षीय अनुमानअन्तर्गत समावेश गरिएको छ।

## ६.५ जलवायु परिवर्तन

### १. पृष्ठभूमि

जलवायु परिवर्तन हाल विश्वव्यापी चिन्ताको विषय बन्दै गएको छ। प्रदेशको वन क्षेत्रले ठूलो भू-भाग ओगटेको, जडीबुटी खेतीका लागि प्राकृतिक तथा भौगोलिक रूपमा अनुकूल वातावरण रहेको र सामुदायिक तथा कबुलियती वनको राम्रो विस्तार भएको यो प्रदेशमा जलवायु परिवर्तनले वनजंगल, जलाधार, सिमसार, रामसार क्षेत्र र परम्परागत पोखरी-मूलहरूमा प्रत्यक्ष प्रभाव पारिरहेको छ। मानवीय क्रियाकलाप, औद्योगिक विस्तार, अनियन्त्रित भूमिगत जलस्रोत दोहन र अव्यवस्थित विकास निर्माणले जलवायु प्रणालीमा असन्तुलन उत्पन्न गराइरहेको छ। हरितगृह ग्यास उत्सर्जनको कारण तापक्रम वृद्धिसँगै वर्षाको स्वरूपमा परिवर्तन आएर वातावरणीय समस्या थपिएको छ। दिगो विकास लक्ष्य (SDGs) अन्तर्गत जलवायु परिवर्तन र यसको असर न्यूनीकरणमा तत्काल पहल गर्नुपर्ने कुरा प्राथमिकतामा परेको छ। प्रदेश र सङ्घीय तहमा जलवायु बजेट साङ्केतीकरणको अभ्यास थालिएको छ भने स्थानीय तहले पनि मध्यमकालीन खर्च संरचना तयार गर्दै जलवायु उत्थानमुखी कार्यक्रम अघि बढाइरहेका छन्। दीर्घकालीन रूपमा लुम्बिनी प्रदेशलाई “जलवायु उत्थान समाज : समृद्ध क्षेत्र” बनाउने दृष्टिकोण लिइएको छ। यसका लागि जलवायु दिगोपन बढाउने लक्ष्य लिइँदै जलवायु परिवर्तनका असरको न्यूनीकरण र अनुकूलन उपाय अवलम्बन गर्दै सामना गर्ने क्षमता विकास गर्ने उद्देश्यसहित रणनीतिक पहल थालिएको छ।

### २. प्रमुख समस्या

लुम्बिनी प्रदेशमा जलवायु परिवर्तनका कारण अर्थतन्त्र, जनस्वास्थ्य, कृषि, जलस्रोत, वन, पर्यटन र पूर्वाधार विकासजस्ता विभिन्न क्षेत्रमा नकारात्मक असर देखा परिरहेको छ। जलवायु परिवर्तनसम्बन्धी विषयमा अन्तरक्षेत्रगत सरकारी निकायहरूबीच बुझाइको एकरूपता नहुनु, नीति तथा कार्यक्रममा समन्वयको कमी हुनु र जनस्तरसम्म पर्याप्त चेतना नपुगेको अवस्थाले समस्या थप जटिल बनाइरहेको छ। यस्तै, जलवायु परिवर्तनको प्रभाव, जोखिम मूल्यांकन र क्षतिको लेखाजोखा सम्बन्धी अध्ययन,

अनुसन्धान तथा वैज्ञानिक आधारमा तथ्यांकको अभाव रहेको छ। प्रभावकारी नीति निर्माण र कार्यान्वयनका लागि चाहिने प्रविधि, स्रोत साधन, संस्थागत क्षमता र दक्ष जनशक्ति समेत कमजोर अवस्थामा छ। साथै, बजेटमा जलवायु साङ्केतीकरणको अभ्यास प्रारम्भिक सिकाइको अवस्थामा मात्र सीमित रहेको हुँदा दीर्घकालीन जलवायु अनुकूलन र न्यूनीकरण रणनीति प्रभावकारी रूपमा अघि बढाउन चुनौती कायम छ।

## ३. अवसर र चुनौती

जलवायु परिवर्तनबारे राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा चासो तीव्र रूपमा बढ्दो छ, जसले यस क्षेत्रमा काम गर्न प्रदेशका लागि उल्लेखनीय अवसर सिर्जना गरेको छ। विकास साझेदारहरूबाट जलवायु अनुकूलन कार्यक्रम र परियोजनाहरूमा सहयोग विस्तार भइरहेको छ भने हरित जलवायु कोष, जलवायु क्षतिपूर्ति कोष, जलवायु वित्त कोषजस्ता अन्तर्राष्ट्रिय स्रोतहरू प्रयोग गरेर दीर्घकालीन अनुकूलन र न्यूनीकरण कार्यक्रम अगाडि बढाउन सकिने ठूलो सम्भावना छ। प्रदेश र स्थानीय सरकारहरू पनि जलवायु परिवर्तनप्रति बढी संवेदनशील हुँदै गएकाले यो विषय दिगो विकास लक्ष्यमा उच्च प्राथमिकतामा रहेको छ। तर, जलवायु परिवर्तनलाई समग्र विकास प्रक्रियामा मूलधारमा समेट्ने, त्यसका प्रभावसँग जुध्न दीर्घकालीन रणनीतिक लगानी जुटाउने, अन्तर्राष्ट्रिय कोषमा पहुँच पुनः प्राप्त गर्ने, तीनै तहका सरकारका नीति तथा कार्यक्रममा विषय समावेश गराउने, जनस्तरसम्म सचेतना अभिवृद्धि गर्ने, तथा आवश्यक प्रविधि र दक्ष जनशक्ति विकास गर्ने चुनौतीहरू भने यस क्षेत्रमा अझै कायम छन्।

**४. दीर्घकालीन सोचः** जलवायु उत्थानशील समाजः समृद्ध प्रदेश ।

**५. लक्ष्यः** जलवायु उत्थानशीलता अभिवृद्धि गर्ने ।

**६. उद्देश्यः** जलवायु परिवर्तनका असरको न्यूनीकरण र अनुकूलनका उपाय अवलम्बन गर्दै जलवायु परिवर्तनका असरलाई सामना गर्ने क्षमता विकास गर्नु ।

## ७. जलवायु परिवर्तनसम्बन्धी नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | जलवायु परिवर्तन अनुकूलन सचेतना कार्यक्रम भएका स्थानीय तह (वार्षिक) | संख्या | ६५ | २० | ८५ | ९५ | १०५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | जलवायु परिवर्तन अनुकूलन योजना बनाएका स्थानीय तह | संख्या | ० | ० | १० | २० | ३५ |
| ३ | नवीकरणीय ऊर्जा उपयोग गर्ने घरधुरी | संख्या | ५.९ | ६ | ७ | ८ | ९ |
| ४ | सौर्य ऊर्जा उत्पादन | मे.वा. | २०.५ | ३० | ४० | ५० | ६० |

## ८. प्रमुख कार्यक्रम तथा क्रियाकलापगत विवरण

**जलवायु परिवर्तन**अन्तर्गत सञ्चालन हुने प्रमुख कार्यक्रम तथा क्रियाकलापहरूको विवरण **अनुसूची १** मा प्रस्तुत गरिएको छ।

## ९. जलवायु परिवर्तन त्रिवर्षीय खर्च तथा स्रोत अनुमान

यस शीर्षकअन्तर्गत हुने खर्चको अनुमान वन तथा वातावरण क्षेत्रको समग्र तीनवर्षीय अनुमानअन्तर्गत समावेश गरिएको छ।

## ६.६ मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन

### १. पृष्ठभूमि

लुम्बिनी प्रदेशमा मानव र वन्यजन्तुको आवश्यकताबीचको द्वन्द्व विगत केही वर्षयता तीव्र हुँदै गएको छ, जसले मानव जीवन, पशुधन र कृषि उत्पादनमा प्रत्यक्ष असर पारिरहेको छ। गैंडा, हात्ती, बँदेल, मृग, नीलगाईजस्ता शाकाहारी र बाघ, चितुवा, भालु, स्याल, अजिङ्गरजस्ता मांसाहारी वन्यजन्तुहरूले बस्ती आसपासमा क्षति पुऱ्याउने घटना बढिरहेका छन्। साथै, अवैध सिकार र चोरी निकासी पनि जैविक विविधता र पारिस्थितिकी तन्त्रका लागि ठूलो चुनौती बनेको छ। प्रदेशमा बर्दिया, बाँके राष्ट्रिय निकुञ्ज र ढोरपाटन सिकार आरक्षजस्ता घना वनजंगल र संरक्षित क्षेत्रहरू रहेका कारण द्वन्द्वको संवेदनशीलता अझ बढी छ। यस पृष्ठभूमिमा मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन, क्षतिपूर्ति वितरण र सहअस्तित्वका लागि प्रदेश सरकारले सम्बन्धित कार्यविधि लागू गरिसकेको छ। दीर्घकालीन सोचका रूपमा मानव र वन्यजन्तुबीच सहअस्तित्व कायम गर्दै द्वन्द्व र क्षतिमा न्यूनीकरण गर्ने र लक्ष्यस्वरूप पारिस्थितिकीय प्रणालीमा सन्तुलन राख्दै मानव—वन्यजन्तु द्वन्द्व तथा क्षति न्यूनीकरण गर्ने तय गरिएको छ। वन्यजन्तुको बासस्थानको समुचित व्यवस्थापन र संरक्षण गर्दै द्वन्द्व न्यून गर्न तथा दिगो जैविक विविधता रक्षा गर्न उद्देश्य लिइएको छ। प्रदेश सरकारले मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन र क्षतिपूर्ति वितरणका लागि सम्बन्धित कार्यविधि लागू गरेको छ।

## २. प्रमुख समस्या

मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनसम्बन्धी लुम्बिनी प्रदेशमा केही कानुनी र नीतिगत प्रयास भइरहे पनि ती अझै अपुग र प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेका छैनन्। वन्यजन्तुको वासस्थान अतिक्रमण, वन क्षेत्र विनाश र मानवीय क्रियाकलापले वन्यजन्तुहरूको प्राकृतिक आवास क्षेत्रमा क्षति पुगेको छ। वन क्षेत्रमा खाद्यान्नको अभावले वन्यजन्तुहरू बस्ती र खेतीयोग्य जमिनतर्फ आकर्षित हुन थालेका छन्। यस्तै, छाडा चौपायाको अत्यधिक वृद्धि र व्यवस्थापन अभावले पनि द्वन्द्वलाई उक्साइरहेको छ। द्वन्द्व व्यवस्थापनका लागि पूर्वाधार, स्रोत साधन, चेतना तथा आवश्यक उपायहरूको कमी, स्थानीय समुदायको न्यून सहभागिता र वन्यजन्तुहरूमा देखिने अस्वस्थता वा अपाङ्गताको अवस्था पनि समस्या थपिएका छन्। यी सबै समस्याहरूले मानव र वन्यजन्तुबीच द्वन्द्व न्यूनीकरणको प्रयासलाई चुनौतीपूर्ण बनाइरहेको छ।

## ३. अवसर र चुनौती

लुम्बिनी प्रदेशमा मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनप्रति सरकार, संरक्षण संस्था र स्थानीय समुदायको चासो दिनानुदिन बढ्दो छ। यसै सिलसिलामा द्वन्द्व व्यवस्थापनका कार्यविधि र निर्देशिकाहरू लागू भइसकेका छन् भने राष्ट्रिय निकुञ्ज तथा संरक्षण क्षेत्र वरिपरि तारबार निर्माण, आरक्षण क्षेत्रभित्र वन्यजन्तुका लागि आहार व्यवस्थाजस्ता पूर्वाधारहरू विकास भइरहेका छन्। साथै, वन्यजन्तुले क्षति नपुग्ने खेती प्रणाली र द्वन्द्व न्यूनीकरणका उपायहरू विस्तार हुँदै जानु प्रदेशका महत्त्वपूर्ण अवसरहरू हुन्। यद्यपि, वन क्षेत्रमा वन्यजन्तुका लागि मनपर्ने आहारअनुसार वृक्षरोपण, घेराबार व्यवस्थापन, अतिक्रमण नियन्त्रण, चोरी-शिकार रोकथाम, छाडा चौपाया व्यवस्थापन, अलपत्र गाईगोठहरूको व्यवस्थापन र वैज्ञानिक वन्यजन्तु व्यवस्थापन प्रणाली विकासजस्ता कार्यहरू अझै चुनौतीपूर्ण छन्। वन्यजन्तुको आनीबानीमा आएको परिवर्तनसँग जुध्ने, पारिस्थितिक सन्तुलन कायम राख्ने तथा संरक्षण क्षेत्रमा मानव-वन्यजन्तु सहअस्तित्वको दीर्घकालीन सोच अनुरूप द्वन्द्व न्यूनीकरण गर्नुपर्ने आवश्यकता प्रदेशमा स्पष्ट देखिएको छ।

**४. दीर्घकालीन सोचः** मानव र वन्यजन्तुबीच सहअस्तित्वः द्वन्द्व र क्षतिमा न्यूनीकरण

**५. लक्ष्यः** मानव वन्यजन्तु द्वन्द्व तथा क्षति न्यूनीकरण गर्दै पारिस्थितिकीय प्रणालीमा सन्तुलन कायम गर्नु ।

६. **उद्देश्यः** वन्यजन्तुको बासस्थानको समुचित व्यवस्थापन गरी वन्यजन्तुबाट हुने क्षतिलाई न्यूनीकरण गर्नु।

## ७. मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनसम्बन्धी नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | समुदायस्तरमा मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन सचेतना अभिवृद्धि | पटक | १० | 13 | २० | ३० | ४० |
| २ | वन्यजन्तु छेकबार (RCC फेन्सिङ) निर्माण | किमि | ४.३ | ५ | ६ | ७ | ९ |
| ३ | वन्यजन्तु क्षति बिमा गरिएका घरधुरी | संख्या | ४६०० | ४६५० | ४७०० | ४८०० | ४९०० |
| ४ | वैकल्पिक बाली प्रवर्धनमा सहयोग गरिएका समूह | संख्या | ५ | १० | २० | ३० | ४० |
| ५ | वन्यजन्तु बासस्थान व्यवस्थापनका लागि पोखरी निर्माण | संख्या | १० | २० | २६ | ३४ | ४२ |
| ६ | वन्यजन्तु उद्धार केन्द्र स्थापना | संख्या | ० | 0 | ० | ० | ० |

## ८. प्रमुख कार्यक्रम तथा क्रियाकलापगत विवरण

**मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन**अन्तर्गत सञ्चालन हुने प्रमुख कार्यक्रम तथा क्रियाकलापहरूको विवरण **अनुसूची १** मा प्रस्तुत गरिएको छ।

## ९. मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन त्रिवर्षीय खर्च तथा स्रोत अनुमान

यस शीर्षकअन्तर्गत हुने खर्चको अनुमान वन तथा वातावरण क्षेत्रको समग्र तीनवर्षीय अनुमानअन्तर्गत समावेश गरिएको छ।

## ९. वन तथा वातावरण क्षेत्रको समग्र त्रिवर्षीय खर्च तथा स्रोत अनुमान

| | बजेट अनुमान (रु. करोडमा) | | | | (रु. करोडमा) | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आ.व. | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | प्रदेश सरकार | नेपाल सरकार-समानीकरण अनुदान | नेपाल सरकार - ससर्त अनुदान | नेपाल सरकार — समपूरक अनुदान | नेपाल सरकार-विशेष अनुदान | आन्तरिक ऋण | वैदेशिक विकास/ साझेदारको सहयोग | कुल |
| २०८०/८१ यथार्थ | ७८.७० | ५१.२० | - | १२९.९० | १२९.९० | - | - | - | - | - | - | १२९.९० |
| २०८१/८२ संशोधित अनुमान | ९४.५० | ६५.६७ | - | १६०.१७ | १६०.१७ | - | - | - | - | - | - | १६०.१७ |
| २०८२/८३ | १४९.६२ | १०५.९३ | - | २५५.५५ | २५५.५५ | - | - | - | - | - | - | २५५.५५ |
| २०८३/८४ | १६६.४७ | १११.२९ | - | २७७.७६ | २७७.७६ | - | - | - | - | - | - | २७७.७६ |
| २०८४/८५ | २००.३८ | १३५.७३ | - | ३३६.११ | ३३६.११ | - | - | - | - | - | - | ३३६.११ |

**१०. सम्भावित जोखिम पक्षः** वन तथा वातावरण क्षेत्रमा चालू खर्च बढी र पुँजीगत खर्च कम भएकाले मध्यमकालीन खर्च संरचनामा लिइएका लक्ष्यहरू पूरा नहुने जोखिम रहन्छ। यसका साथै, आवधिक योजना प्रस्तुत गरी विषयवस्तुलाई सम्बोधन हुने हिसाबले कार्यक्रमहरू निर्धारण गर्नुपर्ने आवश्यकता रहन्छ।

# परिच्छेद ७: शासकीय प्रबन्ध र सुशासन क्षेत्र

## ७.१ शासकीय सुधार

### १. पृष्ठभूमि

शासन प्रणालीको प्रभावकारी सञ्चालनमा सार्वजनिक प्रशासनले केन्द्रीय भूमिका निर्वाह गर्छ। नेपालको सङ्घीय संरचनाअनुसार प्रदेश सरकारलाई नीति तथा कार्यक्रम कार्यान्वयन र सेवा प्रवाह गर्ने जिम्मेवारी प्राप्त भएकाले यसलाई स्वच्छ, दक्ष, पारदर्शी र जनमुखी बनाउन सार्वजनिक प्रशासन सुदृढ गर्नु अपरिहार्य छ। संविधानले सहभागितामूलक, जनउत्तरदायी र भ्रष्टाचारमुक्त प्रशासनको प्रत्याभूति गर्ने नीति लिएको छ। प्रदेश सरकारलाई संविधानद्वारा प्रत्यायोजित अधिकार र जिम्मेवारी प्रभावकारी रूपमा सञ्चालन गर्न प्रशासनिक पुनर्संरचना, संस्थागत सुधार, स्रोत तथा जनशक्ति परिचालन अपरिहार्य छ। यस सन्दर्भमा लुम्बिनी प्रदेशमा मन्त्रालय, प्रदेशसभा सचिवालय, आयोग, निर्देशनालयसहित विभिन्न कार्यालय र विशिष्टीकृत संस्था स्थापना भइसकेका छन्। प्रदेश तथा स्थानीय तहलाई सक्षम र प्रतिस्पर्धी बनाउँदै नागरिकमैत्री सेवा दिन र शान्ति सुरक्षामा सुदृढता ल्याउन संस्थागत, कानुनी र प्रणालीगत सुधारका कार्यक्रम अघि सारिएका छन्। समावेशी र चुस्त प्रशासनद्वारा समृद्ध प्रदेश निर्माण गर्ने दीर्घकालीन सोचसहित दक्ष जनशक्ति विकास र प्रभावकारी सेवा प्रणाली निर्माण प्रदेश सरकारको प्राथमिकता रहँदै आएको छ।

### २. प्रमुख समस्या

लुम्बिनी प्रदेशको सार्वजनिक प्रशासनमा विभिन्न संरचनागत र कार्यगत समस्या विद्यमान छन्। प्रशासनिक संरचनामा बारम्बार परिवर्तन हुनु र सरुवा प्रणाली अनियमित हुँदा प्रशासनिक स्थिरता खलबलिएको छ। मन्त्रालयहरूले नीति निर्माण र कार्यान्वयन दुवै जिम्मेवारी सम्हाल्दा नियन्त्रण र सन्तुलन कमजोर रहनु, प्रदेश र स्थानीय तहप्रति कर्मचारीहरूको न्यून आकर्षण, सङ्घीय निजामती सेवा नजारी हुनु, दरबन्दीअनुसार जनशक्ति व्यवस्थापन नहुनु र प्रहरी समायोजनमा ढिलाइजस्ता समस्याले प्रदेश प्रशासनको कार्यक्षमता प्रभावित पारेको छ। साथै, आधारभूत सेवा प्रभावकारी रूपमा नागरिकसम्म पुऱ्याउन नसक्नु, पूर्वाधारको अभाव, प्रविधिको न्यून प्रयोग, सेवा प्रदायकमाथिको विश्वासको संकट, प्रदेश-स्थानीय तहबीच समन्वयको कमी, कानुनी द्वन्द्व र वृत्ति विकास प्रक्रिया अवरुद्ध हुनुले सार्वजनिक सेवा प्रवाहमा चुनौती थपिएको छ।

### ३. अवसर र चुनौती

प्रदेश प्रशासनमा सुधार र सुदृढीकरणका लागि उल्लेख्य अवसरहरू विद्यमान छन्। नयाँ संरचनाको रूपमा स्थापना भएकाले प्रादेशिक संगठनलाई समसामयिक आवश्यकताअनुसार पुनर्संरचना र सुधार गर्ने अनुकूल अवस्था छ। स्थानीय तहहरूको प्रशासनिक व्यवस्थापनमा प्रदेशको सक्रिय भूमिका रहँदा तहहरूबीच विकासात्मक र प्रशासनिक समन्वय सुदृढ हुने सम्भावना रहेको छ। संविधानको अधिकार सूचीमा अद्यावधिक र कार्यविस्तार हुँदै जाँदा प्रदेशको कार्यक्षेत्र र जिम्मेवारी थप स्पष्ट र प्रभावकारी बन्नेछ। साथै, प्रदेश निजामती सेवा ऐनमा समावेशिता प्रवर्द्धन गर्ने गरी आरक्षणको व्यवस्था हुनु प्रशासनिक संयन्त्रमा विविधता र सहभागिता

सुनिश्चित गर्ने अवसरका रूपमा रहेको छ। तर, यी अवसरहरूलाई सार्थक बनाउँदै प्रशासनलाई प्रतिस्पर्धी, दक्ष र सेवाग्राहीमैत्री बनाउन नीति, संरचना र कार्यान्वयन पक्षमा चुनौतीहरू पनि विद्यमान छन्।

**४. दीर्घकालीन सोचः** प्रभावकारी सेवा, चुस्त प्रशासनः समावेशी तथा जनमुखी शासन

**५. लक्ष्यः** समृद्धिका लागि चुस्त प्रशासनको निर्माण र दक्ष जनशक्तिको विकास गरी नागरिकमैत्री सेवा प्रदान गर्ने ।

**६. उद्देश्यः**

(१) प्रदेश तथा स्थानीय तहको प्रशासनलाई प्रतिस्पर्धी, क्षमतायुक्त तथा सेवाग्राहीमैत्री बनाउनु ।

(२) प्रदेशवासीलाई सहज तथा सुलभ रूपमा गुणस्तरीय सेवा तथा शान्ति सुरक्षा प्रदान गर्न संस्थागत, कानुनी र प्रणालीगत सुधार गर्नु ।

**७. शासकीय सुधारसम्बन्धी नतिजा सूचक र लक्ष्य**

| क्र.सं. | सूचक | एकाइ | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | प्रदेशको कार्यसम्पादन मूल्याङ्कन | प्राप्ताङ्क | २७ | ५० | ५५ | ६० | ६५ |
| २ | प्रदेश सरकारको खर्चमा बेरुजु (पेस्कीबाहेक) | प्रतिशत | १.६३ | १.५ | १.३ | १.२५ | १.१० |
| ३ | कुल दरबन्दीको पदपूर्ति | प्रतिशत | ४५.२८ | ७० | ७५ | ७५ | ७५ |
| ४ | व्यवस्थापन परीक्षण गरिएका कार्यालय | संख्या | ० | ५ | १० | १५ | २० |
| ५ | प्रदेश किताबखानामा सूचीकरण भएका कर्मचारी | संख्या | १५० | ४०० | ८०० | १२०० | २००० |
| ६ | नागरिक संवाद गरी तर्जुमा भएका कानून | संख्या | २ | ५ | १० | १५ | २० |

**८. प्रमुख कार्यक्रम तथा क्रियाकलापगत विवरण**

**शासकीय सुधार क्षेत्र**अन्तर्गत सञ्चालन हुने प्रमुख कार्यक्रम तथा क्रियाकलापहरूको विवरण **अनुसूची १** मा प्रस्तुत गरिएको छ।

### ९. शासकीय सुधार क्षेत्रसम्बन्धी त्रिवर्षीय खर्च तथा स्रोत अनुमान

यस शीर्षकअन्तर्गत हुने खर्चको अनुमान **शासकीय प्रबन्ध र सुशासन क्षेत्रको** समग्र तीनवर्षीय अनुमानअन्तर्गत समावेश गरिएको छ।

## ७.२ भ्रष्टाचार निवारण र सुशासन

### १. पृष्ठभूमि

नागरिकलाई छिटो, छरितो र न्यायिक सेवा प्रवाह गर्दै सुशासनको प्रत्याभूति गराउनु राज्यको प्रमुख दायित्व भएको हुँदा लुम्बिनी प्रदेश सरकारले सार्वजनिक प्रशासनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी, जनउत्तरदायी र भ्रष्टाचारमुक्त बनाउने लक्ष्य लिएको छ। संविधानको भावनाअनुसार प्रदेशमा प्रशासनिक संरचना र दरबन्दी निर्धारण गरिनुका साथै प्रदेश सेवा गठन गरिएको छ। सुशासन प्रवर्द्धनका लागि प्रदेश सुशासन ऐन, नियमावली र आर्थिक कार्यविधि ऐनजस्ता कानुनी आधार तयार पारिएको छ। भ्रष्टाचार नियन्त्रण र प्रभावकारी शासन केवल सरकारको प्रयासले सम्भव नभएकाले निजी, गैरसरकारी, सहकारी, सञ्चार, नागरिक समाज र जनसमुदायको सहकार्य अपरिहार्य मानिएको छ। यसैअनुरूप सार्वजनिक सेवा विधिसम्मत, पारदर्शी र नागरिकमैत्री बनाउँदै सुशासन प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रणलाई संस्थागत बनाउने दीर्घकालीन सोचसहित प्रदेश सरकारले अग्रसरता लिएको छ।

### २. प्रमुख समस्या

भ्रष्टाचार नियन्त्रणका क्षेत्रमा सार्वजनिक पदाधिकारीहरूमा नैतिकता, सदाचार र सकारात्मक सोचको कमी हुनु, समाजमा आर्थिक अपराधविरुद्ध जनचेतना अभिवृद्धि गर्न नसकिनु, छानबिन तथा अनुसन्धानको सबल प्रणाली विकासमा कमजोरी हुनु, साथै सार्वजनिक सेवा पूर्ण रूपमा अनलाइन प्रणाली र प्रविधिमा जोड्न नसकिनु जस्ता समस्याहरू रहेका छन्।

### ३. अवसर र चुनौती

प्रदेशमा सुशासन प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रणका क्षेत्रमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रादेशिक कार्यालय स्थापना, सूचना प्रविधि र सामाजिक सञ्जालको व्यापक प्रयोग, तथा नागरिक समाज र सञ्चार जगतको सक्रियता जस्ता महत्त्वपूर्ण अवसरहरू देखिएका छन्। साथै, प्रदेश निजामती सेवा, कानुन, निर्देशिका, कार्यविधि र रणनीतिहरू तर्जुमा भई कार्यान्वयनमा आउनु, प्रशासनिक संगठन तथा दरबन्दी स्वीकृत भई संरचना निर्माण हुनु, जिल्लास्तरीय सांगठनिक सञ्जाल स्थापना र प्रदेश लोक सेवा आयोगद्वारा पदपूर्ति प्रक्रिया प्रारम्भ हुनु

सुधारका सम्भावनाहरू हुन्। यद्यपि, नैतिकता र सदाचार प्रवर्द्धन गर्दै भ्रष्टाचारलाई आर्थिक तथा सामाजिक अपराधका रूपमा स्थापित गर्ने, भ्रष्टाचारविरुद्ध शून्य सहिष्णुता विकास गर्ने, सेवा सुविधामा सबै नागरिकको समान पहुँच सुनिश्चित गर्ने र स्रोत दुरुपयोग रोक्दै सुशासनको स्तर उकास्नु यस क्षेत्रमा विद्यमान चुनौतीहरू हुन्।

**४. दीर्घकालीन सोचः** लुम्बिनीमा सुशासनः भ्रष्टाचारमुक्त शासन

**५. लक्ष्यः** शासकीय प्रभावकारिता अभिवृद्धि र भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रवर्द्धन गर्ने ।

**६. उद्देश्यः**

(१) सार्वजनिक सेवालाई विधिसम्मत, पारदर्शी, जवाफदेही र नागरिकमैत्री बनाउनु ।
(२) भ्रष्टाचार र अनियमितता नियन्त्रण गर्नु ।

**७. भ्रष्टाचार निवारण र सुशासनसम्बन्धी नतिजा सूचक र लक्ष्य**

| क्र.सं. | सूचक | एकाइ | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | भ्रष्टाचार अनुभूति सूचकाङ्क | प्रासाङ्क | ३५ | ३६ | ३८ | ४० | ४१.५ |
| २ | वित्तीय जोखिम मूल्याङ्कन (पूर्णाङ्क ५० मा) | अंक | २४ | ३० | ३२ | ३५ | ३८ |
| ३ | शान्तिपूर्ण, न्यायपूर्ण र सशक्त समाजका लागि विनियोजित बजेट | प्रतिशत | २.६८ | २.९ | ३.१ | ३.७ | ४.३ |
| ४ | अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेका जम्मा उजुरीमध्ये प्रदेश सरकार र मातहतका निकाय विरुद्धको उजुरी | प्रतिशत | १४.८ | १३ | १२ | ११ | १० |

**८. प्रमुख कार्यक्रम तथा क्रियाकलापगत विवरण**

**भ्रष्टाचार निवारण र सुशासन क्षेत्र**अन्तर्गत सञ्चालन हुने प्रमुख कार्यक्रम तथा क्रियाकलापहरूको विवरण **अनुसूची १** मा प्रस्तुत गरिएको छ।

### ९. भ्रष्टाचार निवारण र सुशासन क्षेत्रसम्बन्धी त्रिवर्षीय खर्च तथा स्रोत अनुमान

यस शीर्षकअन्तर्गत हुने खर्चको अनुमान **शासकीय प्रबन्ध र सुशासन क्षेत्रको** समग्र तीनवर्षीय अनुमानअन्तर्गत समावेश गरिएको छ।

## ७.३ शान्ति, सुरक्षा र सुव्यवस्था

### १. पृष्ठभूमि

नागरिकको जीवन र सम्पत्तिको सुरक्षा गर्दै अमनचयन कायम गर्नु राज्यको प्रमुख दायित्व हो। नेपालको संविधानले प्रदेश सरकारलाई शान्ति सुरक्षाको जिम्मेवारी प्रदान गरेको छ र त्यसका लागि प्रदेश प्रहरी तथा प्रदेश अनुसन्धान ब्यूरोजस्ता संवैधानिक संरचना प्रदेश तहमा स्थापना गरिएको छ। फौजदारी तथा देवानी कार्यविधि, शान्ति सुरक्षासम्बन्धी कदमहरू, नजरबन्द, कारागार र हिरासत व्यवस्थापन, साथै एक प्रदेशबाट अर्को प्रदेशमा कैदी तथा थुनुवा स्थानान्तरण गर्ने कामहरू संघ र प्रदेश सरकारबीच साझा अधिकारको रूपमा व्यवस्था गरिएको छ। यस संवैधानिक व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गर्न प्रहरीले समायोजन ऐन, २०७६ र लुम्बिनी प्रदेश प्रहरी ऐन, २०७९ जारी भइसकेका छन्। दीर्घकालीन सोचअनुरूप सुरक्षित प्रदेश निर्माण गर्ने र अपराध नियन्त्रणका माध्यमबाट विकास र सुशासनलाई मजबुत बनाउने लक्ष्य लिएको यस प्रदेशको उद्देश्य सुरक्षासम्बन्धी निकायलाई सबल बनाउँदै अपराधजन्य गतिविधि नियन्त्रण गर्नुमा केन्द्रित छ।

### २. प्रमुख समस्या

प्रदेशको शान्ति सुरक्षासम्बन्धी संवैधानिक अधिकार अझै प्रभावकारी रूपमा अभ्यासमा आउन नसक्नु र प्रहरी कर्मचारीको समायोजन प्रक्रिया ढिलो हुनु यस क्षेत्रका प्रमुख समस्या रहेका छन्। यसले प्रदेश सरकारको सुरक्षासम्बन्धी निर्णय क्षमता र कार्यान्वयन प्रभावकारितामा कमजोरी ल्याइरहेको छ। संक्रमणकालीन अवस्थाले सुरक्षा व्यवस्थापनमा अस्पष्टता र संस्थागत समन्वय अभाव सिर्जना गरिरहेको छ।

### ३. अवसर र चुनौती

प्रहरी प्रशासन र शान्ति सुरक्षाको अधिकार प्रदेश सरकारकै जिम्मामा रहँदा त्यसलाई व्यवस्थित गर्न कानूनी आधार तयार भई संवैधानिक अधिकारअनुसार काम अघि बढाइएको छ। यसले प्रदेशलाई आफ्नै सुरक्षाका निकायहरू सञ्चालन गर्ने मौका दिएको छ। तर, शान्ति सुरक्षाका विभिन्न निकायबीच राम्रो समन्वय नहुनु, सामाजिक तथा धार्मिक सद्भाव कायम गर्न नसक्नु, खुला सिमानाबाट हुने अवैध क्रियाकलाप रोक्न नसक्नु र हातहतियार तथा लागूऔषधको अवैध कारोबार नियन्त्रण गर्न कठिनाइहरूजस्ता चुनौतीहरू अझै कायम छन्।

**४. दीर्घकालीन सोचः** शान्ति सुरक्षाको प्रत्याभूतिः सुरक्षित प्रदेश

**५. लक्ष्यः** शान्ति सुरक्षा कायम गर्ने ।

**६. उद्देश्यः**

(१) सुरक्षासम्बन्धी निकायलाई सबल बनाई शान्ति सुरक्षा, सुशासन र विकासको वातावरण सिर्जना गर्नु।

(२) अपराधजन्य गतिविधिको नियन्त्रण गर्नु ।

**७. शान्ति, सुरक्षा र सुव्यवस्थासम्बन्धी नतिजा सूचक र लक्ष्य**

| क्र.सं. | सूचक | एकाइ | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | प्रहरीबाट अदालतमा मुद्दा दर्ता (वार्षिक) | संख्या | ७६४४ | ७४५० | ७२५० | ७०५० | ६८५० |
| २ | प्रहरी नागरिक अनुपात | प्रति प्रहरी | ५८५ | ५८० | ५७५ | ५७० | ५६० |
| ३ | सिसिटिभि जडान गरिएको स्थान | संख्या | १५ | १७ | १९ | २१ | २३ |

**८. शान्ति, सुरक्षा र सुव्यवस्था क्षेत्र**अन्तर्गत सञ्चालन हुने प्रमुख कार्यक्रम तथा क्रियाकलापहरूको विवरण **अनुसूची १** मा प्रस्तुत गरिएको छ।

**९. शान्ति, सुरक्षा र सुव्यवस्था क्षेत्रसम्बन्धी त्रिवर्षीय खर्च तथा स्रोत अनुमान**

यस शीर्षकअन्तर्गत हुने खर्चको अनुमान **शासकीय प्रबन्ध र सुशासन क्षेत्रको** समग्र तीनवर्षीय अनुमानअन्तर्गत समावेश गरिएको छ।

## ७.४ मानव संसाधन विकास

## १. पृष्ठभूमि

दक्ष, सक्षम र ज्ञानयुक्त मानव संसाधन प्रदेशको समग्र सामाजिक, आर्थिक र सांस्कृतिक विकासका लागि अत्यन्त महत्त्वपूर्ण आधार हो। विश्वव्यापी आर्थिक प्रतिस्पर्धा र दिगो विकासका लागि अब जनशक्तिको मात्र संख्या नभई त्यसको गुणस्तर, दक्षता र नवप्रवर्तन क्षमतामा जोड दिनुपर्ने आवश्यक छ। समाज, प्रविधि र अर्थतन्त्रमा हुने तीव्र परिवर्तनले जनशक्तिमा निरन्तर नयाँ सीप, ज्ञान र क्षमता विकास गर्नुपर्ने माग उत्पन्न गरेको छ। यसै सन्दर्भमा, लुम्बिनी प्रदेशले आफ्नो विभिन्न विकास क्षेत्रका आवश्यकतालाई मध्यनजर राख्दै साधारण, विषयगत र प्राविधिक जनशक्तिको समुचित प्रक्षेपण गरी शैक्षिक संस्थाहरू तथा तालिम कार्यक्रमहरूलाई थप प्रभावकारी बनाउने आवश्यकतालाई प्राथमिकता दिएको छ। यसका साथै प्रतिस्पर्धी र दक्ष जनशक्ति उत्पादन गरी आर्थिक समृद्धिमा योगदान पुऱ्याउने दीर्घकालीन लक्ष्य तय गरिएको छ। यसले श्रम बजारको माग र उपलब्ध जनशक्तिबीच सन्तुलन कायम गर्न, उत्पादनशीलता र उत्पादकत्व बढाउन र रोजगारका अवसरहरू सृजना गर्न महत्त्वपूर्ण भूमिका खेल्नेछ।

## २. प्रमुख समस्या

प्रदेशमा मानव संसाधन विकासका क्रममा मुख्य समस्याहरूमा माग र आपूर्तिबीच असन्तुलन रहेको छ। आवश्यक दक्ष र अर्धदक्ष जनशक्तिको अभावका कारण छिमेकी देशको जनशक्ति परिचालन हुनुपर्ने अवस्था देखिएको छ भने नेपालबाट श्रमयोग्य जनशक्तिको ठूलो भाग वैदेशिक रोजगारीमा जाने प्रवृत्ति बढ्दो छ। यसले देशभित्र योग्य जनशक्तिको अभाव सिर्जना गरी विकासका कार्यक्रम र सेवा प्रवाहमा कठिनाइ थपेको छ। साथै, देशभित्र उत्पादक जनसंख्याको वृद्धिदर कम हुनुले दीर्घकालीन रूपमा दक्ष श्रमशक्तिको संकट निम्त्याउन सक्ने जोखिम पनि देखिएको छ। यी समस्याहरूले प्रदेशको आर्थिक समृद्धि र दिगोपनामा बाधा पुऱ्याउने प्रमुख चुनौतीका रूपमा उभिएका छन्।

## ३. अवसर र चुनौती

मानव संसाधन विकासका क्षेत्रमा केही महत्त्वपूर्ण अवसरहरू छन् जसमा निजी क्षेत्रको सक्रिय सहभागिता, शिक्षा पहुँचको व्यापक विस्तार, उच्चशिक्षित जनशक्तिको विभिन्न क्षेत्रमा उपलब्धता, समावेशी सहभागिताका लागि कानुनी संरचना, र रोजगारी सिर्जनालाई सरकारको प्राथमिकता दिनु पर्दछन। यी अवसरहरूले दक्ष जनशक्ति उत्पादन र रोजगार सृजना गर्न महत्त्वपूर्ण भूमिका खेल्न सक्छन्। तर, गुणस्तरीय व्यावसायिक सीप र तालिम सबै नागरिकलाई सहज रूपमा उपलब्ध गराउन नसक्नु, युवालाई देशमै अवसरहरूको बारेमा आश्वस्त बनाउन नसक्नु र त्यसैले वैदेशिक रोजगारमा जान चाहने युवाहरूलाई रोक्न नसक्नु, साथै विदेशमा रहेका जनशक्तिलाई पुनः स्वदेश फर्काएर

उनीहरूको अनुभव, सीप र पुँजीलाई देशको विकासमा प्रयोग गर्न नसक्नु जस्ता चुनौतीहरू अझै कायम छन्।

४. **दीर्घकालीन सोचः** मानव संसाधनको विकासः उत्पादन र रोजगारी वृद्धि ।

५. **लक्ष्यः** बजारको माग बमोजिम दक्ष र प्रतिस्पर्धी मानव पुँजीको विकास गरी रोजगारी प्रदान गर्ने ।

६. **उद्देश्यः** मानव संसाधनको प्रक्षेपण गरी बजार मागअनुसार जनशक्ति उत्पादन र परिचालन गर्नु ।

**४ मानव संसाधन विकाससम्बन्धी नतिजा सूचक र लक्ष्य**

| क्र.सं. | सूचक | एकाइ | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | प्राविधिक शिक्षा प्राप्त जनशक्ति उत्पादन | प्रतिशत | ६.२ | ७.५ | ९.० | ११.० | १३.० |
| २ | सीपयुक्त जनशक्ति (CTEVT र प्राविधिक तथा सीप विकास तालिम केन्द्रबाट) | संख्या हजारमा | २४८ | २५० | २५५ | २६० | २६५ |
| ३ | सीप परीक्षण तालिम | संख्या | १ | २ | २ | २ | २ |

## ८. प्रमुख कार्यक्रम तथा क्रियाकलापगत विवरण

**मानव संसाधन विकास क्षेत्र**अन्तर्गत सञ्चालन हुने प्रमुख कार्यक्रम तथा क्रियाकलापहरूको विवरण **अनुसूची १** मा प्रस्तुत गरिएको छ।

## ९. मानव संसाधन विकासक्षेत्रसम्बन्धी त्रिवर्षीय खर्च तथा स्रोत अनुमान

यस शीर्षकअन्तर्गत हुने खर्चको अनुमान **शासकीय प्रबन्ध र सुशासन क्षेत्रको** समग्र तीनवर्षीय अनुमानअन्तर्गत समावेश गरिएको छ।

## ७.५ क्षमता विकास र संस्थागत सुदृढीकरण

### १. पृष्ठभूमि

क्षमता विकास र संस्थागत सुदृढीकरण सुशासनका महत्त्वपूर्ण पूर्वसर्त हुन् जसले प्रादेशिक सार्वजनिक प्रशासनलाई बदलिँदो परिवेशसँग अनुकूल र प्रभावकारी बनाउन मद्दत गर्छ। प्रादेशिक नीति निर्माण, स्रोत व्यवस्थापन, सेवा

प्रवाह र नियमनमा दक्षता हासिल गर्न संस्थागत विकास र कर्मचारी क्षमता अभिवृद्धि अनिवार्य रहेको छ। यस उद्देश्यका लागि प्रदेश निजामती सेवा ऐनमार्फत तालिम, अध्ययन भ्रमणलगायतका कार्यक्रमहरू सञ्चालन भइरहेका छन् भने प्रदेश सुशासन केन्द्रले जनप्रतिनिधि र कर्मचारीका लागि क्षमता विकास कार्यक्रमहरू प्रदान गरिरहेको छ। साथै, निजी क्षेत्र, गैरसरकारी संस्थाहरू र विकास साझेदारहरूको प्राविधिक सहयोगसमेत प्राप्त हुँदै आएको छ। साथै दक्ष जनशक्तिको विकासले प्रभावकारी कार्यसम्पादन सुनिश्चित गर्ने दीर्घकालीन लक्ष्य राखिएको छ। यसअन्तर्गत, कानुनी र संरचनात्मक सुधार गरी प्रदेश सुशासन केन्द्रलाई प्रदेश प्रशिक्षण तथा अनुसन्धान प्रतिष्ठानको रूपमा विकास गर्ने योजना छ। साथै, बजेट विनियोजनमा क्षमता विकास कार्यक्रमलाई अनिवार्य अङ्ग बनाउँदै आवश्यक पूर्वाधारको व्यवस्था गरी प्रदेशसभा र विषयगत समितिहरूको क्षमता अभिवृद्धि गर्ने रणनीति लागू गरिनेछ। यसरी संस्थागत तथा संगठनात्मक सुदृढीकरण गर्दै कामको जिम्मेवारीअनुसार प्रभावकारी क्षमता विकासमा केन्द्रित रणनीति कार्यान्वयन गरिनेछ।

## २. प्रमुख समस्या

प्रदेशमा कार्य जिम्मेवारी र कर्मचारी क्षमताबीच उचित समन्वयको कमी, क्षमताको मूल्यांकन नगरी कार्यक्रमहरू सञ्चालन हुनु, दुर्गम क्षेत्रहरूमा अवसरहरूको अभाव, नयाँ प्रविधि तथा कार्यपद्धति अपनाउन असमर्थता र क्षमता विकासका लागि बजेट छुट्याउन प्राथमिकता नदिइएको जस्ता समस्याहरू देखिएका छन्। यी समस्याहरूले प्रदेशका प्रशासनिक कार्यसम्पादन र सेवा प्रदानमा प्रभाव पारेका छन्।

## ३. अवसर र चुनौती

प्रदेशमा क्षमता विकासका लागि कानुनी र संरचनात्मक व्यवस्थाहरू तयारी अवस्थामा रहेका छन् भने प्रदेश सुशासन केन्द्रलाई प्रदेश प्रशिक्षण तथा अनुसन्धान प्रतिष्ठानको रूपमा विकास गर्ने योजना अघि बढिरहेको छ। निजी क्षेत्र, गैरसरकारी संस्थाहरू र विकास साझेदारहरूको प्राविधिक सहयोग पनि उपलब्ध छ। यसका साथै बजेट विनियोजनमा क्षमता विकासलाई अपरिहार्य अङ्गका रूपमा समावेश गर्ने तयारी भइरहेकाले संस्थागत सुदृढीकरण र दक्ष जनशक्तिको विकासका लागि उपयुक्त अवसरहरू प्रदान भएका छन्। यसले प्रदेश प्रशासनलाई अझ प्रभावकारी र प्रतिस्पर्धी बनाउने सम्भावना राख्दछ। तथापि प्रदेश सुशासन केन्द्रलाई क्षमता विकासको मुख्य स्रोतका रूपमा स्थापित गर्नु, क्षमता विकासमा गरिएको लगानीको उचित मूल्यांकन र कर्मचारीमा अपनत्व भावना जागृत गराउनु, तालिमपछि कार्यसम्पादनको मापन र प्रभावको विश्लेषण गर्नु, साथै कार्य जिम्मेवारी र क्षमताबीचको अन्तरलाई पहिचान गरी त्यसको सुधार गर्नु वर्तमान समयमा प्रदेश प्रशासनका मुख्य चुनौतीहरू हुन्। यी चुनौतीहरूलाई समाधान नगरेसम्म सेवा प्रवाह र शासन क्षमता सुदृढीकरणमा अपेक्षित प्रगति हासिल गर्न सम्भव हुँदैन।

**४. दीर्घकालीन सोचः** क्षमतायुक्त जनशक्तिः प्रभावकारी कार्यसम्पादन ।

**५. लक्ष्यः** कार्यजिम्मेवारी अनुरूप संस्थागत क्षमता अभिवृद्धि गर्ने ।

**६. उद्देश्यः** कार्यजिम्मेवारी अनुरूप संस्थागत, संगठनात्मक र जनशक्तिको क्षमता विकास गर्ने ।

## ७. क्षमता विकास र संस्थागत सुदृढीकरणसम्बन्धी नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | क्षमता विकास सम्बन्धी तालिम प्राप्त जनशक्ति | संख्या | ६००० | ६००० | १२००० | १८००० | २४००० |
| २ | सेवा प्रवेश तालिम प्राप्त गर्ने कर्मचारी | प्रतिशत | - | ६० | ६५ | ७० | ७५ |
| ३ | क्षमता विकास तालिम तथा अभिमुखीकरण प्राप्त जनप्रतिनिधि | संख्या | ११६ | ३०० | ७०० | १२०० | १८०० |

## ८. प्रमुख कार्यक्रम तथा क्रियाकलापगत विवरण

**क्षमता विकास र संस्थागत सुदृढीकरण क्षेत्र**अन्तर्गत सञ्चालन हुने प्रमुख कार्यक्रम तथा क्रियाकलापहरूको विवरण **अनुसूची १** मा प्रस्तुत गरिएको छ।

## ९. क्षमता विकास र संस्थागत सुदृढीकरण क्षेत्रसम्बन्धी त्रिवर्षीय खर्च तथा स्रोत अनुमान

यस शीर्षकअन्तर्गत हुने खर्चको अनुमान **शासकीय प्रबन्ध र सुशासन क्षेत्रको** समग्र तीनवर्षीय अनुमानअन्तर्गत समावेश गरिएको छ।

## ९. शासकीय प्रबन्ध र सुशासन क्षेत्रको समग्र त्रिवर्षीय खर्च तथा स्रोत अनुमान

| | बजेट अनुमान (रु. करोडमा) | | | | (रु. करोडमा) | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आ.व. | चालु | पुंजीगत | वित्तीय व्यवस्था | कुल | प्रदेश सरकार | नेपाल सरकार-समानीकरण अनुदान | नेपाल सरकार - ससर्त अनुदान | नेपाल सरकार — समपूरक अनुदान | नेपाल सरकार-विशेष अनुदान | आन्तरिक ऋण | वैदेशिक विकास/ साझेदारको सहयोग | कुल |
| २०८०/८१ यथार्थ | ३.९५ | १९.८८ | - | २३.८२ | २३.८२ | - | - | - | - | - | - | २३.८२ |
| २०८१/८२ संशोधित अनुमान | ६.५१ | ११.९१ | - | १८.४३ | १८.४३ | - | - | - | - | - | - | १८.४३ |
| २०८२/८३ | १०.७४ | १५.०० | - | २५.७४ | २५.७४ | - | - | - | - | - | - | २५.७४ |
| २०८३/८४ | ११.९५ | १५.७६ | - | २७.७१ | २७.७१ | - | - | - | - | - | - | २७.७१ |
| २०८४/८५ | १४.३८ | १९.२२ | - | ३३.६० | ३३.६० | - | - | - | - | - | - | ३३.६० |

**१०. सम्भावित जोखिम पक्षः** यस क्षेत्रअन्तर्गत हुने कार्यक्रमहरूको वर्गीकरण नभएको कारणले कुन क्षेत्रमा कति स्रोत विनियोजन भएको छ भन्ने आकलनको अभाव देखिन्छ, जसका कारण मध्यमकालीन लक्ष्यको समीक्षा गर्न कठिन हुने देखिन्छ।

# परिच्छेद ८: अन्तरसम्बन्धित विषय क्षेत्र

## ८.१ तहगत एवं अन्तरनिकाय समन्वय र सहकार्य

### १. पृष्ठभूमि

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहबीच सहकार्य, सहअस्तित्व र समन्वयमा आधारित सम्बन्ध व्यवस्थापनलाई महत्त्व दिएको छ। यसलाई प्रभावकारी बनाउन संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय र अन्तरसम्बन्ध ऐन, २०७७ लागू गरिएको छ जसले नीति निर्माण, बजेट व्यवस्थापन, विकास र प्रशासनिक कार्यहरूमा तीन तहबीच सहकार्य सुनिश्चित गर्दछ। लुम्बिनी प्रदेशले पनि सुशासन ऐन, कार्यविभाजन नियमावली र अन्तरप्रदेश बासिन्दाको हक सुनिश्चित गर्ने कानुनी संरचना तयार गरी लागू गरेको छ। प्रदेश समन्वय परिषद्, मुख्यमन्त्री सम्मेलन, राष्ट्रिय समन्वय परिषद्लगायत विभिन्न अन्तरतह मञ्चमार्फत समन्वयलाई सक्रिय बनाइएको छ भने निजी क्षेत्र, विकास साझेदार र नागरिक समाजसँगको सहकार्यलाई पनि प्राथमिकतामा राखिएको छ। दीर्घकालीन रूपमा, यस समन्वय प्रक्रियाले सङ्घीयताको सफल कार्यान्वयन र स्रोत साधनको दिगो व्यवस्थापनमा योगदान पुऱ्याउने लक्ष्य राख्दछ। यसले प्रदेश र स्थानीय तहबीच विश्वासको वातावरण सिर्जना गर्दै सङ्घीय संरचनालाई अझ सशक्त र चुस्त बनाउने सम्भावना खोल्दछ।

### २. प्रमुख समस्या

प्रदेश र स्थानीय तहबीच तहगत सरकारहरूले कार्यान्वयन गर्ने योजनाहरूको वर्गीकरणका लागि स्पष्ट मापदण्डको अभाव, अधिकार क्षेत्र अतिक्रमण हुने समस्या, साझा अधिकार बाँडफाँटसम्बन्धी कानुनी व्यवस्था नहुँदा द्विविधा सिर्जना हुनुलगायतका समस्याहरू देखिएका छन्। केन्द्रीकृत र पुराना कानुनी संरचना अझै कायम रहँदा समान प्रकृतिका काममा दोहोरो प्रशासनिक संरचना र स्रोतको दोहोरो प्रयोग हुने जोखिम बढेको छ। साथै, एकीकृत कार्यालय संरचनाको अभावले गर्दा प्रशासनिक खर्च वृद्धि हुनुका साथै मन्त्रालयहरूबीच योजना तर्जुमा र कार्यान्वयनको समन्वय कमजोर हुनुले प्रदेश सरकारको प्रभावकारिता घटाउने प्रमुख चुनौतीहरू बनेका छन्। यी समस्याले सङ्घीय शासन संरचनामा स्पष्टता र सहकार्यको अभाव निम्त्याउँदै स्रोतहरूको अनावश्यक व्यय र सेवा वितरणमा प्रभावकारिता कम हुन पुग्ने सम्भावना बढाउँछ।

### ३. अवसर र चुनौती

संघ, प्रदेश र स्थानीय तहबीच अधिकार बाँडफाँट र अन्तरतह समन्वयलाई व्यवस्थित गर्न कानुनी व्यवस्था बनाउन र आयोजना वर्गीकरणका मापदण्ड निर्धारण गर्ने सुनौलो अवसरहरू रहेका छन्। यसका साथै, अन्तरप्रदेश परिषद्, राष्ट्रिय समन्वय परिषद्, अन्तरसरकार वित्त परिषद् र प्रदेश समन्वय परिषद् जस्ता समन्वय संयन्त्रहरू सक्रिय रूपमा सञ्चालन भइरहेका छन्, जसले सहकार्यलाई प्रोत्साहित गर्छ। तथापि, दोहरिएका अधिकारहरूलाई स्पष्ट गर्ने, समन्वय संयन्त्रहरूलाई अझ सशक्त बनाउने, निर्णयहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने, साझा अधिकारमा समान बुझाइ विकास गर्ने र आयोजनाहरूको दोहोरोपन हटाएर स्रोतहरूको प्रभावकारी उपयोग गर्ने चुनौतीहरू अझै बाँकी छन्। यसैगरी, जनमुखी सेवा प्रवाह प्रणालीलाई थप सुदृढ बनाउनुपर्ने आवश्यकता पनि छ, जसले सङ्घीय शासन प्रणालीलाई सफल र दिगो बनाउने छ।

**४. दीर्घकालीन सोचः** प्रभावकारी समन्वयः सफल सङ्घीयता

**५. लक्ष्यः** अन्तरसरकार तथा अन्तरनिकाय समन्वय र सहकार्यमार्फत स्रोत साधनको दिगो व्यवस्थापन, उपयोग र प्रभावकारी सेवा प्रवाह गर्ने ।

**६. उद्देश्यः** अन्तरसरकार तथा अन्तरनिकाय सम्बन्ध प्रभावकारी बनाउनु ।

**७. तहगत एवं अन्तरनिकाय समन्वय र सहकार्यसम्बन्धी नतिजा सूचक र लक्ष्य**

| क्र.सं. | सूचक | एकाइ | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | प्रदेश समन्वय परिषद्को बैठक | संख्या | ७ | ९ | ११ | १३ | १५ |
| २ | प्रदेश समन्वय परिषद्को विषयगत समितिको बैठक | संख्या | - | १२ | १२ | १२ | १२ |

**८. प्रमुख कार्यक्रम तथा क्रियाकलापगत विवरण**

**तहगत एवं अन्तरनिकाय समन्वय र सहकार्य**अन्तर्गत सञ्चालन हुने प्रमुख कार्यक्रम तथा क्रियाकलापहरूको विवरण **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**अन्तर्गत **अनुसूची १** मा प्रस्तुत गरिएको छ।

**९. क्षमता विकास र संस्थागत सुदृढीकरण क्षेत्रसम्बन्धी त्रिवर्षीय खर्च तथा स्रोत अनुमान**

यस शीर्षकअन्तर्गत हुने खर्चको अनुमान **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**अन्तर्गत समावेश गरिएको छ।

## ८.२ गरिबी निवारण

### १. पृष्ठभूमि

मानविय जीवनका न्यूनतम आवश्यकतासमेत पूर्ति गर्न नसक्ने अवस्था गरिबी हो, जसलाई नेपालको संविधानले तिनै तहका सरकारको साझा अधिकारको रूपमा व्यवस्था गरेको छ। नेपालले सन् २०३० सम्म गरिबी दर ४.९% र बहुआयामिक गरिबी ६.४८% मा झार्ने महत्वाकांक्षी लक्ष्य लिएको छ। यद्यपि विगतका विभिन्न योजनाहरूले गरिबी निवारणलाई प्राथमिकता दिए पनि अपेक्षित सफलताको अनुपस्थितिले यस क्षेत्रमा चुनौती देखाएको छ। चौथो जीवनस्तर सर्वेक्षणअनुसार मुलुकको गरिबी दर २०.२७% रहेको छ भने लुम्बिनी प्रदेशको गरिबी दर अझ उच्च, २४.३५% छ। गरिबी पहिचानका लागि तथ्यांक संकलन गरिएको भए पनि गरिब परिचयपत्र वितरण सबै जिल्लामा अझै पूरा हुन सकेको छैन। लुम्बिनी प्रदेशलाई गरिबीमुक्त बनाउने दीर्घकालीन सोचसँगै, प्रदेशको निरपेक्ष र बहुआयामिक गरिबीलाई शून्यमा झार्ने लक्ष्य राखिएको छ। यसका लागि रोजगार र आयआर्जनका माध्यमबाट गरिबी रेखामुनि रहेका जनताको जीवनस्तर उकास्नुपर्ने र बहुआयामिक गरिबी न्यूनीकरणमा विशेष जोड दिनुपर्ने आवश्यकता छ। यो लक्ष्य पूरा गर्न प्रभावकारी सामाजिक सुरक्षा कार्यक्रम, लक्षित राहत र क्षमता विकासका उपायहरू अवलम्बन गर्ने कार्ययोजना र रणनीति तय गरिएको छ जसले गरिबी निवारणमा दीर्घकालीन प्रभाव अपेक्षा छ।

### २. प्रमुख समस्या

गरिबी निवारणका प्रमुख समस्याहरूमा कार्यक्रमहरू एकीकृत नभई छरिएर सञ्चालन हुनु, लक्षित गरिब वर्गसम्म कार्यक्रम र सेवाहरू पुग्न नसक्नु, रोजगारीका पर्याप्त अवसरहरू नहुनु र कृषिजन्य तथा पेसागत गतिविधिहरू निर्वाहमुखी सीमित रहनु पर्दछन्। साथै, उच्च मूल्यवृद्धि नियन्त्रणमा कठिनाइ हुनु, प्राकृतिक विपद्का कारण गरिबीमा वृद्धि हुनु, तीव्र बसाइँसराइका कारण ग्रामीण उत्पादनमा गिरावट आउनु र सहरी-ग्रामीण क्षेत्रबीच गरिबी बढ्नु पनि चुनौतीका रूपमा रहेका छन्। त्यसैगरी, सीप अभाव, परम्परागत सोच, अन्धविश्वास र सामाजिक कुरीतिहरूले पनि गरिबी निवारणका प्रयासहरूमा बाधा पुऱ्याइरहेका छन्। यी समस्याहरूले समग्रमा गरिबी निवारणको प्रभावकारितामा नकारात्मक असर पुऱ्याएको छ।

## ३. अवसर र चुनौती

प्रदेशमा कृषि, पर्यटन, उद्योग र वनजस्ता सम्भावनायुक्त क्षेत्रहरू तथा स्रोत साधनहरूको उपलब्धता गरिबी निवारणका लागि महत्त्वपूर्ण अवसरहरू हुन्। नीति तथा योजनामा गरिबी न्यूनीकरणलाई प्राथमिकतामा राखिएको छ भने पूर्वाधारहरूको राम्रो अन्तरआबद्धताले विकासका गति थप्ने सम्भावना छ। वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूको सीप उपयोग गर्ने अवसर बढेको छ भने सामाजिक सुरक्षा कार्यक्रमहरूको विस्तार र विकास साझेदारहरूको लगानीले पनि योगदान पुऱ्याउनेछन्। यद्यपि, वास्तविक गरिब परिवारहरूको पहिचान गर्ने, लक्षित कार्यक्रमहरूलाई एकीकृत गर्ने, कृषिमा निर्भर परिवारहरूलाई उत्पादनशील क्षेत्रमा श्रम स्थानान्तरण गर्ने, सामाजिक विभेद र कुरीतिहरू हटाउने, पर्याप्त रोजगारी सिर्जना गर्ने, आधारभूत सेवाहरू सबैसम्म पुऱ्याउने र गरिबीको गहिराइअनुसार लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने चुनौतीहरू अझै बाँकी रहेका छन्।

**४. दीर्घकालीन सोचः** गरिबीमुक्त प्रदेश

**५. लक्ष्यः** प्रदेशको निरपेक्ष तथा बहुआयामिक गरिबीलाई शून्यमा झार्ने ।

**६. उद्देश्यः**

(१) रोजगारी र आयआर्जनसहित निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसंख्याको जीवनस्तर उकास्ने ।

(२) प्रदेशको बहुआयामिक गरिबी न्यूनीकरण गर्ने।

## ७. गरिबी निवारणसम्बन्धी नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | निरपेक्ष गरिबी | प्रतिशत | २४.३५ | २२.५ | २१ | १९ | १७ |
| २ | सम्पत्तिमा आधारित जिनी गुणक | गुणक | ०.२४ | ०.२४ | ०.२३ | ०.२३ | ०.२२ |
| ३ | उपभोगमा आधारित जिनी गुणक | गुणक | ०.३०० | ०.२९७ | ०.२९५ | ०.२८७ | ०.२८४ |
| ४ | गरिबीको अन्त्य र शून्य भोकमारी | प्रतिशत | ७.६१ | ७.६१* | ८.२ | ८.८ | ९.३ |
| ५ | कृषि उत्पादनबाट वर्षभरि खान नपुग्ने परिवार | प्रतिशत | ५१ | ५० | ४८ | ४७ | ४६ |

### ८. प्रमुख कार्यक्रम तथा क्रियाकलापगत विवरण

**गरिबी निवारण**अन्तर्गत सञ्चालन हुने प्रमुख कार्यक्रम तथा क्रियाकलापहरूको विवरण **अनुसूची १** मा प्रस्तुत गरिएको छ।

### ९. गरिबी निवारण क्षेत्रसम्बन्धी समग्र त्रिवर्षीय खर्च तथा स्रोत अनुमान

यस शीर्षकअन्तर्गत हुने खर्चको अनुमान **सहकारी तथा गरिबी निवारण**अन्तर्गत समावेश गरिएको छ।

## ८.३ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन

### १. पृष्ठभूमि

लुम्बिनी प्रदेश भौगोलिक विशेषता, भूकम्पीय दरार, वर्षा र जलवायु परिवर्तनका कारण विपद् जोखिम उच्च हुने क्षेत्र हो। यहाँ भूकम्प, बाढी, पहिरो, आगलागी, चट्याङ, शीतलहर र तातो हावा जस्ता प्राकृतिक विपद् बारम्बार देखिन्छन् जसले जनधनमा ठूलो क्षति पुऱ्याउँछन्। संविधानले विपद् व्यवस्थापनलाई सङ्घीय, प्रदेश र स्थानीय तहहरूको साझा जिम्मेवारी ठहर गरेको छ। यसअनुसार लुम्बिनी प्रदेशले विपद् जोखिम न्यूनीकरण नीति, ऐन, कार्यसञ्चालन निर्देशिका, हवाई उद्धार कार्यविधि, मनसुन पूर्वतयारी योजना, र विपद् प्रतिकार्य कार्यढाँचा तयार गरी लागू गर्दै आएको छ। तर, प्रभावकारी जोखिम न्यूनीकरण र व्यवस्थापन गर्ने चुनौती अउत्तिकै छ। दीर्घकालीन सोचमा विपद् जोखिम सुरक्षित क्षेत्र निर्माण गरी उत्थानशीलता अभिवृद्धि गर्ने लक्ष्य राखिएको छ। यसले मानवीय तथा भौतिक क्षतिहरू कम गर्दै योजना निर्माण र कार्यान्वयनमा जलवायु परिवर्तन अनुकूलनलाई मुख्यता दिनेछ। साथै सार्वजनिक, निजी र सामुदायिक सहभागिता अभिवृद्धि गरी बहुप्रकोप जोखिमको आकलन, नक्साङ्कन र विश्लेषणमार्फत एकीकृत डिजिटल प्रोफाइल तयार गर्ने कार्यनीति अपनाइनेछ। यसले प्रदेशलाई दिगो विकास र विपद् जोखिम व्यवस्थापनमा सक्षम बनाउनेछ। साथै, स्थानीयस्तरमा विपद् पूर्वतयारी, जोखिम सचेतना अभिवृद्धि र आपत्कालीन उद्धार क्षमतामा सुधार गरी जनधनको सुरक्षा र दिदिगो विकास सुनिश्चितता गरिनेछ।

### २. प्रमुख समस्या

लुम्बिनी प्रदेशमा विपद् व्यवस्थापन कमजोर हुनुका धेरै कारणहरू रहेका छन्। पहिलो, पूर्वाधार निर्माण गर्दा विपद् जोखिमलाई पर्याप्त ध्यान नदिनु र जलउत्पन्न प्रकोप नियन्त्रण कार्यक्रमहरू प्रभावकारी

नहुनु प्रमुख समस्या हो। दोस्रो, उद्धार, राहत र पुनर्स्थापनामा ढिलाइ हुनु र जनसामान्यमा विपद्सम्बन्धी चेतना कमी हुनुले तयारी र प्रतिक्रिया क्षमतामा कमी ल्याएको छ। थप रूपमा, विपद् सूचना प्रणाली कमजोर रहेको र आवश्यक दक्ष जनशक्ति, उपकरण तथा राहत सामग्रीको अभावले संकटको समयमा तत्काल र प्रभावकारी काम गर्न समस्या पैदा गरेको छ। एकद्वार प्रणालीको प्रभावकारी कार्यान्वयन नहुनु र आयोजना व्यवस्थापनमा विपद् जोखिम मूल्याङ्कनको उपेक्षा हुनुले पनि समग्र विपद् प्रतिकार्य कमजोर भएको देखिन्छ। यी समस्याहरूले लुम्बिनी प्रदेशमा विपद् जोखिम न्यूनिकरण र व्यवस्थापनमा चुनौती थपेका छन् र तत्काल सुधारका उपायहरू आवश्यक छन्।

## ३. अवसर र चुनौती

लुम्बिनी प्रदेशमा विपद् जोखिम व्यवस्थापन क्षेत्रमा महत्त्वपूर्ण अवसर र चुनौतीहरू दुवै छन्। अवसरका रूपमा, यहाँ सरकारी र गैरसरकारी संस्था सक्रिय रूपमा संलग्न छन् भने विपद् व्यवस्थापन कोषको व्यवस्था गरिएको छ। प्रविधिको विकास र दक्ष जनशक्तिको वृद्धि भईरहेको छ, साथै अध्ययन-अनुसन्धान र समन्वयको संस्कृति पनि विस्तार हुँदै छ, जसले समग्र क्षमतामा वृद्धि गरिरहेको छ। पूर्वसूचना प्रणालीलाई प्रभावकारी बनाउनुपर्ने, जोखिमयुक्त क्षेत्रहरूको स्पष्ट नक्साङ्कन गर्नुपर्ने, विपद् प्रतिरोधी पूर्वाधार निर्माण गर्ने र जोखिमयुक्त बस्तीको स्थानान्तरण गर्ने आवश्यक छ। यसका साथै स्रोत साधन साझा गरेर छिटो र समन्वित प्रतिकार्य सुनिश्चित गर्ने, विपद् क्षतिको बिमा व्यवस्थापन गर्ने र पुनर्निर्माण तथा पुनर्स्थापनालाई थप प्रभावकारी बनाउनुपर्ने चुनौतीहरू अझै कायमै छन्।

**४. दीर्घकालीन सोचः** विपद् उत्थानशील विकासः विपद् जोखिम सुरक्षित प्रदेश ।

**५. लक्ष्यः** विषयगत क्षेत्रहरूबाट हुने विकासका प्रयासहरूमा विपद् जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गरी उत्थानशीलता अभिवृद्धि गर्ने ।

**६. उद्देश्यः**

(१) विपद्बाट हुने मानवीय तथा भौतिक क्षति कम गर्नु ।

(२) योजना तर्जुमा तथा कार्यान्वयन गर्दा विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलनलाई मूलप्रवाहीकरण गर्नु ।

(३) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि सार्वजनिक, निजी तथा सामुदायिक सहभागिता अभिवृद्धि गर्नु ।

## ७. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | विपद् (सडक दुर्घटनाबाहेक) बाट हुने मानवीय मृत्यु (वार्षिक) | संख्या | २८४ | २७० | २५५ | २४० | २२० |
| २ | सडक दूर्घटनाबाट हुने मृत्यु | संख्या | ४०८ | ३९० | ३७० | ३५० | ३३० |
| ३ | सडक दुर्घटनाबाट हुने घाइतेको संख्या | संख्या | ७५७२ | ७००० | ६५०० | ६००० | ५५०० |
| ४ | विपद्बाट प्रभावित हुने परिवार (भौतिक संरचनामा भएको क्षति) (वार्षिक) | संख्या | १२९० | १२०० | ११०० | १००० | ९०० |
| ५ | विपद्बाट हुने आर्थिक क्षति (करोडमा) | रु. | ३० | २८ | २६ | २४ | २२ |

## ८. प्रमुख कार्यक्रम तथा क्रियाकलापगत विवरण

**विपद् जोखिम न्यूनीकरण**अन्तर्गत सञ्चालन हुने प्रमुख कार्यक्रम तथा क्रियाकलापहरूको विवरण **अनुसूची १** मा प्रस्तुत गरिएको छ।

## ९. विपद् जोखिम न्यूनीकरणसम्बन्धी समग्र त्रिवर्षीय खर्च तथा स्रोत अनुमान

| | बजेट अनुमान (रु. करोडमा) | | | | (रु. करोडमा) | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आ.व. | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | प्रदेश सरकार | नेपाल सरकार-समानीकरण अनुदान | नेपाल सरकार - ससर्त अनुदान | नेपाल सरकार — समपूरक अनुदान | नेपाल सरकार-विशेष अनुदान | आन्तरिक ऋण | वैदेशिक विकास/ साझेदारको सहयोग | कुल |
| २०८०/८१ यथार्थ | १२.३६ | ०.०० | - | १२.३६ | १२.३६ | - | - | - | - | - | - | १२.३६ |
| २०८१/८२ संशोधित अनुमान | ८.५१ | २.६० | - | ११.११ | ११.११ | - | - | - | - | - | - | ११.११ |
| २०८२/८३ | ७.३६ | १.६० | - | ८.९६ | ८.९६ | - | - | - | - | - | - | ८.९६ |
| २०८३/८४ | ८.१९ | १.६८ | - | ९.८७ | ९.८७ | - | - | - | - | - | - | ९.८७ |
| २०८४/८५ | ९.८६ | २.०५ | - | ११.९१ | ११.९१ | - | - | - | - | - | - | ११.९१ |

**१०. सम्भावित जोखिम पक्षः** विपद् व्यवस्थापन प्रायः आपत्कालीन प्रतिक्रियाको रूपमा लिइएको हुँदा पूर्वतयारीको दृष्टिकोणले पुँजीगत खर्चतर्फ समेत केन्द्रित हुन आवश्यक देखिन्छ। अन्यथा, यसअन्तर्गत लिइएका मध्यमकालीन लक्ष्यहरू हासिल नहुने जोखिम रहन्छ।

## ८.४ श्रम तथा रोजगार

### १. पृष्ठभूमि

नेपालको संविधानले श्रम र रोजगारको हकलाई मौलिक अधिकारका रूपमा स्थापित गर्दै सबै नागरिकको गुणस्तरीय जीवन सुनिश्चित गर्न सामाजिक सुरक्षा र कमजोर वर्गको संरक्षण गर्ने नीति अवलम्बन गरेको छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले मर्यादित श्रम व्यवस्थापन, व्यवसायजन्य स्वास्थ्य र सुरक्षा प्रवर्द्धन, बाल श्रम निवारण, रोजगारी सिर्जना, व्यावसायिक तालिम र सामाजिक सुरक्षा योजनाको कार्यान्वयन गर्दै सकारात्मक औद्योगिक सम्बन्ध स्थापना र आन्तरिक रोजगारी विस्तारमा केन्द्रित छ। राष्ट्रिय नीतिअनुसार दक्ष र व्यावसायिक जनशक्तिको विकास, वैदेशिक रोजगारीबाट प्राप्त सीप र पुँजीको स्वदेशमा उपयोग, र सबैका लागि सुरक्षित तथा मर्यादित कामको अवसर सुनिश्चित गर्न प्रयास भइरहेकामा लुम्बिनी प्रदेशमा करिब ६३ प्रतिशत जनसंख्या आर्थिक रूपमा सक्रिय रहेको तथ्यले श्रमशक्तिको सदुपयोग र रोजगारी सिर्जनाको आवश्यकतालाई पुष्टि गर्छ। दीर्घकालीन सोचअन्तर्गत मर्यादित श्रम र उत्पादनशील रोजगारीको प्रवर्द्धन गरी समृद्ध प्रदेश निर्माण गर्ने लक्ष्यसहित स्थानीय तहसँग समन्वय गरी बेरोजगारी तथ्यांक संकलन, रोजगार सूचना प्रणाली सुदृढीकरण, प्रादेशिक रोजगारमूलक विकास कार्यक्रम सञ्चालन, रोजगार मेलाको आयोजना तथा अन्तरनिकाय समन्वयमार्फत रोजगारका अवसरहरू विस्तार गर्ने रणनीति अवलम्बन गरिएको छ।

### २. प्रमुख समस्या

लुम्बिनी प्रदेशमा बेरोजगार जनशक्तिको यथार्थ तथ्यांकको अभाव, मागअनुसार दक्ष र सीपयुक्त जनशक्ति उत्पादन नहुनु, र श्रम सूचना प्रणाली कमजोर हुनु प्रमुख समस्या हुन्। साथै, औद्योगिक विवाद समाधान, श्रम सम्बन्ध सुधार र श्रम व्यवस्थापनका अधिकार तथा जिम्मेवारी प्रदेशलाई पूर्ण रूपमा हस्तान्तरण हुन सकेको छैन। सबै श्रम प्रतिष्ठानलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्न नसकिएको, वैदेशिक रोजगार बढ्दा आन्तरिक श्रम बजारमा जनशक्तिको कमी देखिनु र श्रम सम्मानको वातावरण नबन्नु जस्ता चुनौतीहरू पनि रहेका छन्। यसैगरी, श्रम प्रशासनमा सरकार र सम्बन्धित निकायबीच समन्वयको कमी र व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षामा जनचेतनाको अभावले पनि समस्या थपेको छ।

## ३. अवसर र चुनौती

प्रदेशमा युवा जनसंख्या धेरै हुनु, श्रम बजारको मागअनुसार दक्षता विकास गर्ने क्षमता, प्राविधिक शिक्षा र व्यावसायिक तालिमका संरचनागत व्यवस्था यस क्षेत्रमा महत्त्वपूर्ण अवसरहरू हुन्। रोजगारी सिर्जना प्रदेशको प्राथमिकतामा परेकाले वैदेशिक रोजगारीबाट फर्किएका युवाहरू स्वरोजगारमूलक उद्यमशीलतामा सक्रिय भइरहेका छन् भने महिला उद्यमीहरूको संख्या पनि बढ्दै गएको छ। तर, प्रदेशभित्र आकर्षक रोजगारी र स्वरोजगारीका अवसर सिर्जना गर्नु, दक्ष र सीपयुक्त जनशक्ति उत्पादन गर्नु, युवालाई परम्परागत व्यवसायतर्फ आकर्षित गर्नु, असंगठित क्षेत्रमा श्रम व्यवस्थापन र कार्यस्थल सुरक्षाको सुनिश्चितता गर्नु, बालश्रम तथा बाध्यकारी श्रम उन्मूलन गर्नु, वैदेशिक रोजगारीलाई आन्तरिक रोजगारीले प्रतिस्थापन गर्नु र फर्किएका युवाहरूको ज्ञान तथा सीपलाई उत्पादनशील क्षेत्रमा प्रभावकारी रूपमा उपयोग गर्नुजस्ता चुनौतीहरू पनि कायम छन्।

**४. दीर्घकालीन सोचः** मर्यादित श्रम, उत्पादनशील रोजगारी: समृद्ध प्रदेश

**५. लक्ष्यः** उत्पादनशील रोजगारीको विस्तार र लगानीमैत्री वातावरण सिर्जना गर्दै श्रमको अधिकतम उपयोग गर्ने ।

## ६. उद्देश्य

(१) उत्पादनशील, मर्यादित र सुरक्षित रोजगारीका अवसर सिर्जना गर्नु ।
(२) श्रम बजारका मागअनुसार दक्ष, सीपयुक्त र प्रतिस्पर्धी जनशक्तिको विकास गर्नु ।

## ४. श्रम तथा रोजगारसम्बन्धी नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | श्रम सहभागिता दर | प्रतिशत | ३८.५ | ४० | ४३ | ४६ | ४८ |
| २ | औपचारिक क्षेत्रमा रोजगारी | प्रतिशत | ३६ | ३९ | ४२ | ४५ | ४८ |
| ३ | रोजगारी सिर्जना | संख्या हजारमा | २०० | ३५० | ५०० | ६५० | ७५० |
| ४ | बेरोजगारी दर | प्रतिशत | ८ | ७.५ | ७ | ६.५ | ६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | श्रमको उत्पादकत्व | रू.हजारमा | २४५ | २७५ | ३०० | ३२५ | ३५० |
| ५ | वैदेशिक रोजगारीमा जाने सीपयुक्त जनसंख्या हिस्सा | प्रतिशत | ७३.७३ | ७५ | ७७ | ७८ | ७९ |
| ६ | सीप तालिम सिकेर मात्र वैदेशिक रोजगारमा जानेहरू | प्रतिशत | १७ | २० | २५ | ३० | ३५ |
| ७ | आप्रवासी स्रोत केन्द्र | संख्या | १३ | १४ | १५ | १६ | १६ |
| ८ | सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन | संख्या | ९ | १२ | १२ | १२ | १२ |
| ९ | सामाजिक सुरक्षा कोषमा सहभागिता | प्रतिष्ठान प्रतिशत | १.१ | ५ | १० | १५ | २५ |
| | | श्रमिक प्रतिशत | ३.५७ | ७ | १२ | २० | २५ |
| १० | बालश्रमको दर | प्रतिशत | १५.८ | १४ | १३ | १२ | ११ |
| | सूचीकृत बेरोजगारलाई रोजगार सहायता कार्यक्रमबाट रोजगारीको उपलब्धता | प्रतिशत | ११.९ | १५ | २० | ३० | ४० |

## ८. प्रमुख कार्यक्रम तथा क्रियाकलापगत विवरण

**श्रम तथा रोजगार**अन्तर्गत सञ्चालन हुने प्रमुख कार्यक्रम तथा क्रियाकलापहरूको विवरण सामाजिक मन्त्रालयअन्तर्गत **अनुसूची १** मा प्रस्तुत गरिएको छ।

## ९. श्रम तथा रोजगारसम्बन्धी समग्र त्रिवर्षीय खर्च तथा स्रोत अनुमान

| | बजेट अनुमान (रु. करोडमा) | | | | (रु. करोडमा) | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आ.व. | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | प्रदेश सरकार | नेपाल सरकार- समानीकरण अनुदान | नेपाल सरकार - ससर्त अनुदान | नेपाल सरकार — समपूरक अनुदान | नेपाल सरकार- विशेष अनुदान | आन्तरिक ऋण | वैदेशिक विकास/ साझेदारको सहयोग | कुल |
| २०८०/८१ यथार्थ | २.६९ | ०.०० | - | २.६९ | २.६९ | - | - | - | - | - | - | २.६९ |
| २०८१/८२ संशोधित अनुमान | २.६२ | ०.०० | - | २.६२ | २.६२ | - | - | - | - | - | - | २.६२ |
| २०८२/८३ | ५.३४ | ०.०० | - | ५.३४ | ५.३४ | - | - | - | - | - | - | ५.३४ |
| २०८३/८४ | ५.९४ | ०.०० | - | ५.९४ | ५.९४ | - | - | - | - | - | - | ५.९४ |
| २०८४/८५ | ७.१५ | ०.०० | - | ७.१५ | ७.१५ | - | - | - | - | - | - | ७.१५ |

## ८.५ जनसंख्या तथा बसाइँसराइ व्यवस्थापन

### १. पृष्ठभूमि

लुम्बिनी प्रदेशको जनसंख्या संरचनामा युवा वर्गको बाहुल्यता रहेको सन्दर्भमा यसलाई विकासका लागि उपयुक्त रूपमा परिचालन र व्यवस्थापन गर्नु अत्यावश्यक छ। नेपालको संविधानअनुसार परिवार योजना र जनसंख्या व्यवस्थापन संघ र प्रदेशको साझा अधिकारभित्र पर्दछ भने विकास योजनाहरूमा जनसंख्या तथा मानव विकास सूचकांकलाई वित्तीय हस्तान्तरणको आधार मानिन्छ। प्रदेशको करिब ५१ लाख जनसंख्यामा महिला ५२.१% र पुरुष ४७.९% छन् भने वार्षिक जनसंख्या वृद्धिदर १.२४% रहेको छ। लगभग ६२% जनसंख्या १५-५९ वर्षको सक्रिय श्रमशक्तिमा पर्नुले जनसांख्यिक लाभ उठाउने अवसर प्रस्तुत गरेको छ। प्रदेश सरकारले जनसांख्यिक सन्तुलन र सुव्यवस्थित बसोबासलाई दीर्घकालीन विकास सोचका रूपमा लिएको छ। जनसंख्याको सन्तुलित वितरणसहित पूर्वाधार, सेवा र अवसरमा समान पहुँच सुनिश्चित गर्दै जनसंख्या व्यवस्थापन गर्ने लक्ष्य पनि तय गरेको छ। यसका लागि पूर्वाधारको सन्तुलित विस्तार, सेवा प्रवाहलाई सहज बनाउने, जनचेतना अभिवृद्धि गर्ने र रोजगारी तथा आयआर्जनका अवसर सिर्जना गर्दै बसाइँसराइको व्यवस्थापन र जनसांख्यिक सन्तुलनलाई कायम राख्ने उद्देश्य लिइएको छ। यसले प्रदेशको समग्र आर्थिक, सामाजिक तथा सांस्कृतिक समृद्धिमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ। प्रदेश सरकारले दुर्गम तथा ग्रामीण क्षेत्रमा आधारभूत पूर्वाधार जस्तै यातायात, खानेपानी, शिक्षा, स्वास्थ्य र वित्तीय सेवाको पहुँच विस्तार, एकीकृत बस्ती विकास, ग्रामीण पर्यटन प्रवर्द्धन, ससाना बजार केन्द्रको विकास र बसाइँसराइ तीव्र भएका क्षेत्रमा पूर्वाधार सुदृढीकरणलाई नीति तथा कार्यनीतिको रूपमा अघि सारेको छ।

### २ प्रमुख समस्या

प्रदेशको जनसंख्या व्यवस्थापनमा अव्यवस्थित बसाइँसराइ सबैभन्दा गम्भीर समस्या बनेको छ। पहाडी भेगबाट तराईतर्फ र ग्रामीण क्षेत्रबाट सहरी केन्द्रमा तीव्र बसाइँसराइ भएसँगै पाल्पा, गुल्मी, अर्घाखाँचीजस्ता जिल्लाका धेरै स्थानीय तहमा जनसंख्या वृद्धिदर ऋणात्मक बनेको छ। दुर्गम तथा ग्रामीण क्षेत्रमा पूर्वाधार विकास न्यून र सेवा सुविधा पहुँच कमजोर हुँदा जनसंख्या सहरी तथा तराई क्षेत्रमा केन्द्रीकरण हुँदै गएको छ। यसले सहरी क्षेत्रमा स्वास्थ्य, शिक्षा, खानेपानी र यातायातजस्ता पूर्वाधारमा अत्यधिक दबाब सिर्जना गरिरहेको छ। साथै, पहाडी क्षेत्रका जमिन बाँझो रहनु र तराईका उब्जाउ खेतियोग्य जमिन आवासीय घडेरीमा परिणत हुँदा उत्पादनशील क्षेत्रमा प्रतिकूल असर परेको

छ। अर्कोतर्फ, दिगो जनसंख्या व्यवस्थापन योजना निर्माण र कार्यान्वयनमा कमजोरी रहनु पनि गम्भीर चुनौतीका रूपमा देखिएको छ।

## ३. अवसर र चुनौती

प्रदेशमा जनसांख्यिक लाभको अवस्था रहँदै ग्रामीण भेगमा सडक सञ्जालको विस्तार, साना बजार केन्द्रहरूको विकास, मुख्य सहरसम्म पहुँच सजिलो हुनु र आधारभूत शिक्षा तथा स्वास्थ्य सेवा ग्रामीण क्षेत्रमा विस्तार हुनु जनसंख्या व्यवस्थापनका महत्त्वपूर्ण अवसरहरू हुन्। यी अवसरहरूले ग्रामीण अर्थतन्त्रमा रोजगारी र आयआर्जनका अवसर सृजना गर्न सक्ने सम्भावना बढाएका छन्। यद्यपि, प्राकृतिक प्रकोप र द्वन्द्वका कारण भएको बाध्यकारी बसाइँसराइ व्यवस्थापन गर्नु, पहाडी भेगबाट तराईतर्फको बसाइँसराइलाई सुव्यवस्थित बनाउँदै सामाजिक, आर्थिक र सांस्कृतिक क्षतिलाई न्यून पार्नु, जनसंख्या चाप बढेका तराईका जिल्लामा व्यवस्थित बस्ती विकास गर्नु, र ग्रामीण बस्तीहरूमा पूर्वाधार पुनर्निर्माण गर्नु जस्ता चुनौतीहरू पनि गम्भीर छन्। त्यस्तै, मातृ तथा शिशु मृत्युदर घटाउने, किशोर-किशोरीको पोषण सुधार गर्ने, जनसंख्या व्यवस्थापनसम्बन्धी सचेतना अभिवृद्धि गर्ने, लैङ्गिक असन्तुलन हटाउने र शिक्षित युवाशक्ति स्वदेशमै रोक्न सक्ने वातावरण बनाउनु प्रदेशको समृद्धिपथका लागि चुनौती बनेका छन ।

**४. दीर्घकालीन सोचः** जनसंख्याको सन्तुलित वितरण; सुव्यवस्थित बसोबास र उचित आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास ।

**५. लक्ष्यः** पूर्वाधार, सेवा र अवसरमा सन्तुलन कायम गरी जनसंख्या व्यवस्थापन गर्ने ।

**६. उद्देश्यः** पूर्वाधारको सन्तुलित विकास, सहज सेवा प्रवाह, सचेतना अभिवृद्धि र रोजगारी तथा आयआर्जनका अवसर सिर्जना गर्दै बसाइँसराइ तथा जनसांख्यिक व्यवस्थापन गरी प्रदेशमा समृद्धि हासिल गर्नु ।

## ७. जनसंख्या तथा बसाइँसराइ व्यवस्थापनसम्बन्धी नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | जनसंख्या वृद्धि दर | प्रतिशत | १.२४ | १.२९ | १.३५ | १.४१ | १.४७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | कुल प्रजनन दर (प्रतिमहिला जीवित जन्म हुने बच्चा) | प्रतिशत | १.९३ | १.९३ | १.९६ | १.९८ | २ |
| ३ | खुद बसाइँसराइ दर | प्रतिलाख | ११३१ | ९०० | ५०० | २०० | १०० |
| ४ | अनुपस्थित जनसंख्या (आन्तरिक र बाह्य जम्मा) | तिशत | १४.५३ | १४ | १३ | १२ | १०.५ |
| ५ | नकारात्मक जनसंख्या वृद्धि भएका स्थानीय तहको संख्या | संख्या | ३१ | ३० | २५ | १० | ५ |

## ८. प्रमुख कार्यक्रम तथा क्रियाकलापगत विवरण

**जनसंख्या तथा बसाइँसराइ**अन्तर्गत सञ्चालन हुने प्रमुख कार्यक्रम तथा क्रियाकलापहरूको विवरण सामाजिक मन्त्रालयअन्तर्गत **अनुसूची १** मा प्रस्तुत गरिएको छ।

## ९. जनसंख्या तथा बसाइँसराइ समग्र त्रिवर्षीय खर्च तथा स्रोत अनुमान

**जनसंख्या तथा बसाइँसराइ**सम्बन्धी छुट्टै कार्यक्रम नभएको र रहेका कार्यक्रमहरू सामाजिक मन्त्रालयअन्तर्गत रहेका कारण यस क्षेत्रको अनुमान सामाजिक क्षेत्रअन्तर्गत समावेश गरिएको छ।

# परिच्छेद ९ः  संवैधानिक तथा अन्य निकायहरू

## ९.१ प्रदेशसभा

### १. पृष्ठभूमि

प्रदेशसभा शक्ति पृथकीकरण र सन्तुलनको सिद्धान्तअनुसार प्रदेश सरकार सञ्चालन गर्न आवश्यक कानुनी संरचना निर्माण गर्ने संवैधानिक सर्वोच्च निकाय हो'। यसले जनमैत्री तथा लोककल्याणकारी कानून निर्माणमार्फत प्रदेश सरकारलाई जनउत्तरदायी बनाउने, कानुनको प्रभावकारी कार्यान्वयन भए/नभएको संसदीय निगरानी गर्ने, र सरकारलाई सार्वभौम जनताप्रति जवाफदेही बनाउने महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ। साथै, जनताको जनजीविकासँग सम्बन्धित मुद्दाहरू उठाई समस्याको सम्बोधन गर्न पनि प्रदेशसभा अग्रसर रहन्छ। प्रदेशसभासँगै, समितिहरूले ऐन निर्माणमा का साथै विषयगत मन्त्रालयका कार्यहरूको अध्ययन, अनुगमन र मूल्याङ्कन गरी शासनलाई गुणस्तरीय र पारदर्शी र जनमैत्री बनाउन महत्त्वपूर्ण भूमिका खेल्दछन्। साथै, प्रदेशसभा सचिवालयले सचिवालयले प्रदेशसभालाई ऐन, कानून र नीति कार्यक्रमसम्बन्धी निर्णयमा सहयोग पुऱ्याउने, जनसरोकारका विषयमा छलफल गराउने, बैठकको सुव्यवस्था कायम राख्ने तथा विधायिकी कार्यलाई प्रभावकारी बनाउने जिम्मेवारी वहन गर्छ।

### २. प्रमुख समस्या

सङ्घीय कानुनहरू पूर्ण रूपमा निर्माण नहुनुका कारण प्रदेशसभाले आवश्यक कानुनहरू समयमा बनाउन कठिनाइ भएको छ। संघ, प्रदेश र स्थानीय तहबीच समन्वयको अभावले कानुनमा दोहोरोपना र अन्योलता उत्पन्न भइरहेको छ। विषयगत समितिहरू गठनमा कठिनाइ हुनु वा नेतृत्वविहीन रहनुका कारण कानुन निर्माणमा पर्याप्त छलफल हुन कठिनाइ भएको छ, साथै सम्बन्धित मन्त्रालयहरूको काममा आवश्यक संसदीय अनुगमन र निर्देशन प्रभावकारी रूपमा दिन कठिन भएको छ। सङ्घीय निजामती सेवा ऐन निर्माण नहुनुका कारण कर्मचारी व्यवस्थापन कमजोर हुँदा सचिवालयको कार्यसम्पादनमा असर परेको छ। साथै, प्रदेश राजधानीको नयाँ संरचना विकासमा आवश्यक स्रोत तथा समन्वयको ढिलाइ हुँदा कार्यान्वयनमा समस्या देखिएको छ।

## ३. अवसर र चुनौती

राजधानी दाङमा व्यवस्थित पूर्वाधार हुने भएसँगै प्रदेशसभा र समितिहरूलाई आवश्यक कार्य सम्पादन गर्न सहज र सजिलो हुनेछ। यसले नीतिगत निर्णय प्रक्रिया प्रभावकारी बनाउन, समयमै बैठक सञ्चालन गर्न तथा विधेयक र नीति निर्माणलाई सुदृढ गर्न सहयोग पुग्नेछ। लामो समयदेखि अवरुद्ध रहेको प्रदेशसभा बैठक पुनः सुचारु हुनु, समितिहरूमा सभापति चयन हुनु र नियमित रूपमा बैठक सञ्चालन हुनु प्रदेश संसदको सशक्तिकरणतर्फको सकारात्मक प्रगति हो। साथै, ई-लेजिस्लेसन, ई-लाइब्रेरी र ई-पोलजस्ता डिजिटल प्रणालीहरूको सुरुवातसँगै सूचना प्रवाहमा पारदर्शिता र पहुँच विस्तार भएको छ। डिजिटल प्रविधिको प्रयोगले कार्य सञ्चालनमा छरितोता ल्याउनुका साथै विधायन प्रक्रियामा नागरिक संलग्नता पनि बढाएको छ। सूचना तथा सञ्चार प्रविधिको विस्तारले अधिकांश नागरिकलाई प्रदेशसभा र समितिका गतिविधिमा प्रत्यक्ष अवलोकन गर्ने र आफ्ना प्रतिनिधिहरूसँग संलग्न भई सुझाव दिन सक्ने वातावरण निर्माण अवसरको रूपमा रहेको छ।

तथापि, सङ्घीयताको मूल मर्मअनुसार संघ, प्रदेश र स्थानीय तहबीचको कानुनी दोहोरोपना र असमञ्जस्यतालाई न्यून गर्दै तीन तहका सरकारहरूबीच स्पष्टता र समन्वय कायम गर्नु चुनौती रहँदै आएको छ। सङ्घीय निजामती सेवा ऐन अझै नबनेकाले, सक्षम जनशक्तिलाई प्रदेशसभामा आकर्षित गरी यसको भूमिकालाई प्रभावकारी बनाउने चुनौती रहँदै आएको छ। साथै, प्रदेशसभाले समयमै आवश्यक कानुनी निर्माण गर्नुपर्ने चुनौती विद्यमान नै छ। संसदीय सचिवालयको संस्थागत क्षमता अभिवृद्धि, डिजिटल उपकरणको प्रयोग, दस्तावेज व्यवस्थापन प्रणालीको सुधारजस्ता चुनौतीसमेत रहेका छन्।

**४. दीर्घकालीन सोचः** जनमैत्री, जिम्मेवार, प्रभावशाली र मर्यादित प्रदेशसभा

**५. लक्ष्यः**

१. प्रदेशसभा सचिवालयको क्षमतालाई उच्चतम उपयोग गरी संविधान कार्यान्वयन गर्न आवश्यक कानून निर्माण गरी जनप्रतिनिधिको भूमिकालाई उच्च बनाउने,
२. प्रदेशसभा सचिवालयलाई पूर्ण स्वायत्त निकायको रूपमा स्थापित गर्दै अत्याधुनिक, सुविधा सम्पन्न, सक्षम र आकर्षक बनाउने,
३. प्रदेशसभाको संसदीय निगरानीसम्बन्धी कामलाई प्रभावकारी, पारदर्शी र जिम्मेवारीपूर्ण बनाउने,

६. **उद्देश्यः** प्रदेशसभालाई जनमैत्री, जिम्मेवार, प्रभावशाली र मर्यादित बनाई कानून निर्माण तथा संसदीय निगरानी प्रक्रियालाई प्रभावकारी बनाउने

## ७. विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| सूचक | एकाइ | आ.व. २०८०/८१ को यथार्थ | आ.व. २०८०/८१ | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| प्रदेशका लागि नयाँ कानुन निर्माण | संख्या | ४५ | ८ | १५ | १८ | २० |

## ८. प्रमुख कार्यक्रम तथा क्रियाकलापगत विवरण

प्रदेशसभाअन्तर्गत सञ्चालन हुने प्रमुख कार्यक्रम तथा क्रियाकलापहरूको विवरण **अनुसूची १** मा प्रस्तुत गरिएको छ।

## ९. प्रदेशसभाको त्रिवर्षीय खर्च तथा स्रोत अनुमान

| | बजेट अनुमान (रु. करोडमा) | | | | स्रोत (रु. करोडमा) | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आ.व. | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | प्रदेश सरकार | नेपाल सरकार-समानीकरण अनुदान | नेपाल सरकार - ससर्त अनुदान | नेपाल सरकार — समपूरक अनुदान | नेपाल सरकार-विशेष अनुदान | आन्तरिक ऋण | वैदेशिक विकास साझेदारको सहयोग / ऋण | कुल |
| २०८०/८१ को यथार्थ | १८.८७ | ३.५९ | - | २२.४७ | २२.४७ | - | - | - | - | - | - | २२.४७ |
| २०८१/८२ को संशोधित अनुमान | १८.५४ | ३.९१ | - | २२.४५ | २२.४५ | - | - | - | - | - | - | २२.४५ |
| २०८२/८३ | २३.२० | ३.०० | - | २६.२० | २६.२० | - | - | - | - | - | - | २६.२० |
| २०८३/८४ | २५.८१ | ३.१५ | - | २८.९६ | २८.९६ | - | - | - | - | - | - | २८.९६ |
| २०८४/८५ | ३१.०७ | ३.८४ | - | ३४.९२ | ३४.९२ | - | - | - | - | - | - | ३४.९२ |

## १०. सम्भावित जोखिम पक्ष

प्रदेशसभा सचिवालयको आवश्यकताबमोजिमको कर्मचारी दरबन्दी बनाई कर्मचारीको व्यवस्थापन समयमै नहुँदा, आवश्यक भौतिक पूर्वाधार समयमै निर्माण नहुँदा, प्रदेशसभाबाट आवश्यक कानून समयमै नबन्दा मध्यमकालीन लक्ष्य पूरा नहुने जोखिम रहन्छ।

# ९.२ प्रदेश लोक सेवा आयोग

## १. पृष्ठभूमि

नेपालको संविधानको भाग २३ को धारा २४४ अनुसार लुम्बिनी प्रदेशमा "प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धी ऐन, २०७६" को दफा ३ बमोजिम प्रदेश लोक सेवा आयोग गठन गरिएको हो। आयोगले प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, अन्य प्रदेश तथा स्थानीय सरकारी सेवाहरू र संगठित संस्थाहरूमा उपयुक्त उम्मेदवारहरूको निष्पक्ष र पारदर्शी छनोट गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्ने कार्य गर्दै आएको छ।

सार्वजनिक प्रशासनलाई समयानुकुल, सक्षम, जवाफदेही, र सेवामुखी बनाउने उद्देश्यले आयोग प्रतिबद्ध छ। दिगो विकास लक्ष्यसँग सम्बन्धित सामाजिक, आर्थिक तथा समावेशी उद्देश्यहरूलाई मध्यनजर राखी आयोगका आगामी तीन वर्षका कार्यक्रमहरू यस दस्तावेजमा समावेश गरिएका छन्। आयोग आफ्नो कार्यक्षेत्रभित्र रही सबै कार्यहरू नियमसम्मत, प्रभावकारी र पारदर्शी तरिकाले सञ्चालन गर्न कटिबद्ध छ।

प्रदेश लोक सेवा आयोगको प्रमुख उद्देश्य आयोगलाई पूर्ण रूपमा सञ्चालनमा ल्याउन आवश्यक नीतिगत व्यवस्था, भौतिक पूर्वाधार तथा संस्थागत क्षमता सुदृढ गर्नु हो। साथै, प्रदेश तथा स्थानीय तहबाट माग भएका पदहरूमा योग्य जनशक्तिको छनौट गरी पारदर्शी, परिणाममुखी सेवा प्रवाह कायम राख्ने र सुशासनमा योगदान पुऱ्याउने उद्देश्य रहेको छ। आयोगको उद्देश्य कर्मचारीहरूको अभिभावकको रूपमा भूमिका सशक्त बनाउने, प्रदेश तथा स्थानीय तहबाट परामर्श माग भएमा समयसापेक्ष र

कानूनसम्मत परामर्श प्रदान गर्ने तथा सरकारी सेवाको प्रभावकारिता अभिवृद्धिका लागि रचनात्मक तथा प्रवर्द्धनात्मक कार्यहरूमा संलग्न रहने रहेको छ।

## २. प्रमुख समस्या

प्रदेश लोकसेवा आयोगमा आवश्यक स्रोत साधनको अभावका कारण आयोगका कार्यक्रम, अनुसन्धान, परीक्षासम्बन्धी प्रक्रिया र प्रशासनिक कार्यहरू प्रभावकारी रूपमा सञ्चालन गर्न कठिनाइ उत्पन्न भइरहेको छ। त्यसैगरी, दरबन्दीअनुसार आवश्यक जनशक्ति अझै पूर्ण रूपमा पदपूर्ति हुन नसकेकोले आयोगको नियमित कार्य सञ्चालनमा दीर्घकालीन चुनौती देखिएको छ। आयोगको कार्यक्षमता अभिवृद्धि गर्नका लागि दरबन्दीअनुसारको जनशक्ति यथाशीघ्र नियुक्त गर्नु, कर्मचारीहरूको सीप अभिवृद्धिका लागि नियमित तालिम तथा उत्प्रेरणा कार्यक्रम सञ्चालन गर्नु र आवश्यक भौतिक तथा प्रविधिमैत्री स्रोत साधनको सुनिश्चितता गर्नु अत्यावश्यक रहेको छ।

## ३. अवसर तथा चुनौती

आयोगको छोटो सञ्चालन अवधिमा नै प्रदेश तथा स्थानीय सरकारबाट माग भएका विभिन्न पदहरूमा योग्य जनशक्ति छनोट गरी सिफारिस गर्ने कार्य सम्पन्न गरिनु सकारात्मक पक्ष हो। वैज्ञानिक र व्यावहारिक पाठ्यक्रम विकास गर्दै प्रदेश तथा स्थानीय तहमा जनशक्ति पदपूर्तिमा सहयोग पुर्‍याउनु आयोगका लागि महत्त्वपूर्ण अवसरका रूपमा रहेको छ।

यद्यपि, सङ्घीय र स्थानीय तहका कर्मचारी व्यवस्थापनसम्बन्धी ऐन तथा नियमहरूको अभाव, वार्षिक कार्यतालिकाअनुसार रिक्त पदहरूमा विज्ञापन प्रकाशन तथा नियुक्ति प्रक्रिया सम्पन्न गर्नुपर्ने जिम्मेवारी, आयोगको आफ्नै भवन निर्माण गरी परीक्षा सञ्चालन गर्ने योजना, सूचना प्रविधिको प्रयोग वृद्धि गर्दै कार्यदक्षता अभिवृद्धि गर्ने आवश्यकताजस्ता चुनौतीहरू रहेका छन्।

**४. दीर्घकालीन सोचः** लुम्बिनी प्रदेशमा गुणस्तरीय सेवा प्रवाहका लागि सक्षम र उच्च नैतिक चरित्र भएका जनशक्ति छनौट गरी प्रदेश सरकार र स्थानीय तहलाई सिफारिस गर्ने साथै प्रदेशमा सुशासन प्रवर्द्धनमा सहयोग गर्ने ।

**५. लक्ष्यः** निष्पक्ष, पारदर्शी र प्रभावकारी परीक्षा तथा गुणस्तरीय जनशक्ति भर्ना ।

## ६. उद्देश्य

१. प्रदेश निजामती सेवा, स्थानीय सरकारी सेवा र अन्य सरकारी सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षाहरू सञ्चालन गर्नु।
२. परीक्षा पद्धतिमा सुधार गरी समसामयिक एवम् वैज्ञानिक प्रणाली अवलम्बन गर्नु।
३. सेवा प्रवाहसँग सम्बन्धित समय सापेक्ष पाठ्यक्रम तर्जुमा गरी दक्ष उम्मेदवार छनोट गर्नु ।
४. लोक सेवाका मूलभूत मान्यता, योग्यता प्रणाली, निष्पक्षता र स्वच्छतालाई सुदृढ र विश्वसनीय बनाउनु ।
५. प्रदेश, स्थानीय तह र अन्य तोकिएको क्षेत्रमा जनशक्ति व्यवस्थापनमा अध्ययन/अनुसन्धान गर्नु ।
६. तोकिएका विषयमा सम्बन्धित निकायलाई परामर्श दिनु ।

## ७. विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| सूचक | एकाइ | आ.व. २०८०/८१ को यथार्थ | आ.व. २०८०/८१ | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| नियमावली, निर्देशिका, तथा आचारसंहिता | संख्या | २ | १ | - | - | - |
| पाठ्यक्रम निर्माण (वार्षिक) | संख्या | ४१ | ३१ | ५ | १० | १५ |
| नीतिसम्बन्धी अनुसन्धान | वटा | - | - | २ | २ | २ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| उम्मेदवार सिफारिस संख्या | जना | १०९७ | ५४७ | मागअनुसार | मागअनुसार | मागअनुसार |

**८. प्रमुख कार्यक्रम तथा क्रियाकलापगत विवरण**

प्रदेश लोक सेवा आयोगअन्तर्गत सञ्चालन हुने प्रमुख कार्यक्रम तथा क्रियाकलापहरूको विवरण **अनुसूची १** मा प्रस्तुत गरिएको छ।

## ९.४.५ प्रदेश लोक सेवा आयोगको त्रिवर्षीय खर्च तथा स्रोत अनुमान

| | बजेट अनुमान (रु. करोडमा) | | | | स्रोत (रु. करोडमा) | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आ.व. | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | प्रदेश सरकार | नेपाल सरकार- समानीकरण अनुदान | नेपाल सरकार - ससर्त अनुदान | नेपाल सरकार — समपूरक अनुदान | नेपाल सरकार- विशेष अनुदान | आन्तरिक ऋण | वैदेशिक विकास साझेदारको सहयोग / ऋण | कुल |
| २०८०/८१ को यथार्थ | ६.२५ | ०.६७ | - | ६.९३ | ६.९३ | - | - | - | - | - | - | ६.९३ |
| २०८१/८२ को संशोधित अनुमान | ६.८३ | ०.५२ | - | ७.३५ | ७.३५ | - | - | - | - | - | - | ७.३५ |
| २०८२/८३ | ९.३८ | ०.६३ | - | १०.०० | १०.०० | - | - | - | - | - | - | १०.०० |
| २०८३/८४ | १०.४३ | ०.६६ | - | ११.०९ | ११.०९ | - | - | - | - | - | - | ११.०९ |
| २०८४/८५ | १२.५६ | ०.८० | - | १३.३६ | १३.३६ | - | - | - | - | - | - | १३.३६ |

## १०. जोखिम पक्ष तथा अनुमान

आवश्यक नीति तथा कानुनी व्यवस्था, सम्बन्धित निकायबाट पदपूर्तिको लागि माग प्राप्ति, सङ्घीय लोकसेवा आयोगसँगको समन्वय तथा सहकार्यता, भौतिक साधनको उचित व्यवस्थापन, संस्थागत सुदृढीकरणलगायत कर्मचारीको क्षमता अभिवृद्धि तथा व्यावहारिक र वैज्ञानिक पाठ्यक्रमको निर्माण सुनिश्चित भएको हुनेछ। उल्लेखित अनुसारको व्यवस्था हुन नसकेमा अपेक्षित नतिजा हासिल गर्ने विषय जोखिमपूर्ण रहने देखिन्छ।

# ९.३ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सो सम्बद्ध निकायहरू

### क) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## १. पृष्ठभूमि

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश सरकारलाई कार्यकारिणी अधिकार प्रयोगमा सहयोग गर्दै प्रदेशको शासन व्यवस्था समग्र रूपमा निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने प्रमुख निकाय हो। प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७८ अनुसार यो कार्यालय प्रदेशस्तरिय सार्वजनिक प्रशासन संचालन गर्ने जिम्मेवारी बोकेको छ। मन्त्रालय र अन्य निकायहरूले गर्ने कार्यहरूको अनुगमन, समन्वय, निरीक्षण, मूल्याङ्कन, सुशासन प्रवर्द्धन, शासकीय सुधार, भ्रष्टाचार नियन्त्रण, मानव अधिकार संरक्षण र प्रवर्द्धन, साथै प्रशासनिक, आर्थिक, सामाजिक, राजनीतिक, पूर्वाधार विकास तथा शान्ति व्यवस्थाको निगरानी यस कार्यालयका मुख्य जिम्मेवारी हुन्। यस कार्यालयले कार्यकारिणी निर्णयलाई प्रभावकारी रूपमा लागू गर्ने, तथ्यपरक तथा नतिजामुखी नीति निर्माण प्रक्रिया सुनिश्चित गर्ने, विश्वसनीय र उत्तरदायी प्रशासन प्रणाली विकास गर्ने, सदाचारिता प्रवर्द्धन गर्ने र भ्रष्टाचारमाथि शून्य सहिष्णुता कायम गर्ने लक्ष्य राखेको छ।

## २. प्रमुख समस्या

अधिकार क्षेत्र र काम कर्तव्यमा संघ, प्रदेश र स्थानीय तहबीच स्पष्ट विभाजन नहुनु, प्रदेशका जिम्मेवारीहरू कार्यान्वयन गर्न आवश्यक कानुन निर्माण हुन नसक्नु, विकास निर्माणका काममा विभिन्न तह र निकायबीच समन्वयको कमी हुनु, सार्वजनिक प्रशासन र विकास व्यवस्थापनमा इमान्दारिता तथा सदाचारिता वृद्धि गर्न भएका प्रयासहरू पर्याप्त नहुनु, भ्रष्टाचारका कारण पहिचान गरी त्यसलाई घटाउन रणनीति तयार पारेर कार्यान्वयन गर्न नसक्नु, भ्रष्टाचारविरुद्ध शून्य सहिष्णुता नीतिलाई प्रभावकारी रूपमा लागू गर्न समन्वय अभाव हुनु, समाजमा सदाचारको संस्कार र मूल्य मान्यतालाई स्थापित गर्न नसक्नु, साथै पिछडापन र गरिबी न्यूनीकरण अपेक्षित स्तरमा पुग्न नसक्नु प्रमुख समस्याका रूपमा देखिएका छन्।

## ३. अवसर र चुनौती

प्रदेश राजधानीको पूर्वाधार विकास निर्धारित समयमै सकिने देखिएकाले नियमित कार्यसम्पादन सहज रूपमा गर्न सकिने अवसर रहेको छ। सबै मन्त्रालय तथा निकायहरू सँगसँगै रहने भएकाले आवश्यक समन्वय अझ सहज हुने देखिन्छ। भौतिक पूर्वाधारका साथसाथै डिजिटल पूर्वाधार र प्रविधिको प्रयोगबाट सरकारको काम कारबाही अझ छिटो र प्रभावकारी रूपमा गर्न सकिने अवसर रहेको छ।

तथापि, अधिकार क्षेत्र र काम कर्तव्यमा संघ, प्रदेश र स्थानीय तहबीच स्पष्ट विभाजनको अभावले प्रशासनिक र कानुनी जटिलता निम्त्याएको छ। सार्वजनिक प्रशासन र विकास व्यवस्थापनमा पारदर्शिता, इमान्दारिता र सदाचारिता प्रवर्द्धन गर्न गरिएको प्रयासहरू पर्याप्त नभएर भ्रष्टाचार नियन्त्रणमा चुनौती देखिएको छ। अन्तर मन्त्रालय समन्वयमा कमजोरी रहँदा अपेक्षित प्रतिफल दिन तहगत कार्यान्वयन चुनौतीपूर्ण देखिएको छ। समाजमा सदाचार र नैतिक मूल्यहरूको संस्कार विकास गर्न ठोस कदम चाल्न नसक्दा सामाजिक उत्तरदायित्वमा बढोत्तरी गराउने चुनौती देखिएको छ।

**४. दीर्घकालीन सोचः** संविधानबमोजिम प्रदेशको कार्यकारिणी अधिकारको प्रयोग र प्रदेशको समृद्धि तथा प्रदेशवासीको खुसीका निमित्त अनुकूल वातावरण तयार गर्ने उत्कृष्ट निकाय ।

## ५. लक्ष्य

१. प्रदेश सरकार (मन्त्रिपरिषद्) का निर्णयहरूलाई तथ्यपरक एवम् कानूनसम्मत गराउन व्यवस्थित तरिकाले तथ्य तथा सूचनामा आधारित प्रस्तावहरू तयार गर्नु, गराउनु,
२. प्रदेशअन्तर्गतका निकायहरूको कार्य प्रक्रिया तथा सेवा प्रवाहमा पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्दै सुशासन प्रवर्द्धन गर्नु,
३. प्रदेशको समृद्धिका लागि विकास योजना, कार्यक्रम तथा आयोजनाको तर्जुमा तथा कार्यान्वयन हुने वातावरण सृजना गर्नु र विकास नतिजा हासिल गर्न समन्वय, अनुगमन तथा मूल्याङ्कन गर्नु ।

## ६. उद्देश्य

१. प्रदेश सरकार (मन्त्रिपरिषद्) का निर्णयहरूलाई तथ्यपरक एवम् नतिजामूलक बनाउनु,
२. प्रदेश सरकारका निर्णयहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्नु, गराउनु,
३. प्रदेशको प्रशासनयन्त्रलाई विश्वसनीय, परिणाममुखी, उत्तरदायी र सक्षम बनाउनुका साथै प्रदेशका संरचना र जनशक्तिको व्यवस्थित परिचालन गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनु,
४. सदाचारिताको प्रवर्द्धन, प्रभावकारी कानूनी व्यवस्था एवम् शून्य सहनशीलतामार्फत भ्रष्टाचार नियन्त्रण गर्नु,
५. प्रदेशको समृद्धिका निमित्त बढी प्रतिफलदायी विकास नीति, योजना, कार्यक्रम र आयोजना तर्जुमा हुने वातावरण सिर्जना गर्नु,
६. विकास निर्माण कार्यलाई समन्वयात्मक रूपमा र अनुगमन तथा मूल्याङ्कन प्रणालीको प्रभावकारीतामार्फत नतिजामूलक बनाउनु ।

## ७. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| सूचक | एकाइ | आ.व. २०८०/८१ को यथार्थ | आ.व. २०८०/८१ | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| १. ऐन निर्माण | संख्या | १ | १ | २ | २ | २ |
| २.प्रदेशस्तरीय प्रशिक्षण केन्द्रबाट तालिम | संख्या | १४४ | १५० | १६० | १७० | १८० |
| ३. प्राप्त जनगुनासो | संख्या | २५३ | २७३ | २५० | २३० | २१० |
| ४. सम्बोधन गरिएको जनगुनासो | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५. मूल्याङ्कन भएका आयोजना/कार्यक्रम | संख्या | २५ | ३४ | ३५ | ३५ | ४० |

## ८. प्रमुख कार्यक्रम तथा क्रियाकलापगत विवरण

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत सञ्चालन हुने प्रमुख कार्यक्रम तथा क्रियाकलापहरूको विवरण **अनुसूची १** मा प्रस्तुत गरिएको छ।

## ख) मुख्य न्यायाधिवक्ताको कार्यालय

## १. पृष्ठभूमि

नेपालको संविधानको भाग १२, धारा १६० अनुसार प्रत्येक प्रदेशमा एक मुख्य न्यायाधिवक्ता रहने व्यवस्था गरिएको छ। मुख्य न्यायाधिवक्ताको प्रमुख भूमिका प्रदेश सरकारका तर्फबाट सार्वजनिक सरोकारका संवैधानिक वा कानुनी मुद्दामा वकालत गर्नु तथा आवश्यक कानुनी राय प्रदान गर्नु हो। प्रदेश सरकार र मातहतका निकायहरूलाई आवश्यक कानुनी राय प्रदान गर्नु, नियम, ऐन र कार्यविधि निर्माणमा सल्लाह दिनु, प्रदेश सरकारलाई विपक्षी बनाएर दायर गरिएका मुद्दाहरूको प्रभावकारी प्रतिरक्षा गर्नु तथा आवश्यक परेमा नयाँ मुद्दा दायर गर्ने, फैसलाको कार्यान्वयन सुनिश्चित गर्ने, मानव अधिकारको संरक्षणमा सक्रिय रूपमा कार्य गर्नु, साथै हिरासत र कारागारहरूको अनुगमन तथा निरीक्षण गर्नुजस्ता कार्यहरूमा पनि यस कार्यालयको भूमिका रहन्छ। यसका साथै, प्रचलित कानून कार्यान्वयनका क्रममा समस्या देखिएमा वा कुनै नयाँ कानून आवश्यक परेमा, त्यसको कारणसहित प्रदेश सरकारलाई सिफारिस गर्ने भूमिका मुख्य न्यायाधिवक्ताको रहेको छ ।

## २. प्रमुख समस्या

यस कार्यालयमा दरबन्दीअनुसार आवश्यक कर्मचारीको पदपूर्ति अझै हुन बाँकी रहनु प्रमुख समस्याका रूपमा रहेको छ। सीमित स्रोत साधनको अभावले कार्यालयका कार्यक्रम, अनुसन्धान, कानुनी सल्लाह तथा प्रशासनिक कार्यहरू प्रभावकारी रूपमा सञ्चालन गर्न कठिनाइ भएको छ। साथै, सीमित प्रविधि,

आर्थिक स्रोत तथा प्रशिक्षण सुविधाको अभावले आधुनिक कानुनी प्रक्रियाहरू ढिलो हुने समस्या कायम छ।

## ३. अवसर र चुनौती

प्रदेशका मुख्यमन्त्री, मन्त्रिपरिषद्का सदस्यहरू, सरकारी निकाय र अधिकारीहरूले सहज रूपमा कानुनी राय तथा सल्लाह प्राप्त गर्न सक्ने वातावरणको सिर्जना हुनु, कानुनी शासनलाई प्रदेशमा मजबुत बनाउने कार्यमा मुख्य न्यायाधिवक्ता तथा उनका मातहतका सरकारी वकिलहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नु, सरकारी वकिलहरूको समावेशी कार्यालय स्थापना हुनु तथा न्यायिक तथा अर्ध-न्यायिक निकायहरूमा प्रदेश सरकारको प्रतिनिधित्व सुनिश्चित हुनु यस कार्यालयका प्रमुख अवसरहरूको रूपमा रहेका छन्।

तथापि, सीमित जनशक्ति, प्रविधिको न्यूनतम प्रयोग, तथा केही अवस्थामा स्पष्ट कार्यक्षेत्रको अभावले छिटो र प्रभावकारी कार्यसम्पादनमा चुनौती देखिएको छ।

## ४. दीर्घकालीन सोचः कानुनी राज्यसहितको स्वच्छ, निष्पक्ष, न्यायपूर्ण समाजको निर्माण

## ५. लक्ष्यः

१. व्यावसायिक कानुनी राय प्रदान गरी प्रदेश सरकारप्रतिको जनविश्वास बढाउनु।
२. प्रदेश सरकारका तर्फबाट मुद्दा दायर गरी प्रभावकारी रूपमा प्रदेश सरकारको प्रतिरक्षा गर्नु ।
३. लोकतान्त्रिक शासन प्रणालीको दिगो आधारका रूपमा रहेको न्याय व्यवस्थाको सुनिश्चितता गर्नु।
४. व्यावसायिक, प्रभावकारी र जनविश्वास प्राप्त संस्थाका रूपमा स्थापित गर्नु।

## ६. उद्देश्य

१. प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक, हित वा सरोकार रहेको, संविधान वा कानूनको व्याख्यासम्बन्धी कुनै जटिल संवैधानिक वा कानूनी प्रश्न समावेश

भएको वा सम्बन्धित प्रदेशको सन्दर्भमा सार्वजनिक महत्त्व वा सार्वजनिक सरोकारको विचाराधीन मुद्दामा प्रदेश सरकारका तर्फबाट बहस पैरवी गर्ने गराउने,

२. प्रदेश सरकार र मातहतका निकायहरूका नाममा अदालतबाट भएका आदेश वा फैसलाहरूको प्रभावकारी कार्यान्वयन गर्ने गराउने,

३. प्रदेशको मन्त्रालय, सचिवालय, विभाग वा कार्यालयलाई पत्राचार गरी कार्यान्वयनको अनुगमन गर्ने गराउने,

४. प्रचलित प्रदेश कानूनको कार्यान्वयनको क्रममा कुनै कठिनाइ आइपरेमा वा प्रदेशको कार्यक्षेत्रको कुनै विषयमा तत्काल कानून बनाउनुपर्ने वा भइरहेको कानून संशोधन गर्न वा बनिरहेको कानून लागू गर्नुपर्ने देखिएमा कारण खुलाई प्रदेश सरकारसमक्ष सिफारिस गर्ने,

५. प्रदेश सरकार मातहत रहेका हिरासत तथा थुनुवा कक्षमा रहेका कैदीबन्दीहरूउपर मानवोचित व्यवहार भए नभएको सम्बन्धमा अनुगमन गर्ने ।

## ७. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| सूचक | एकाइ | आ.व. २०८०/८१ को यथार्थ | आ.व. २०८०/८१ | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| रिटको प्रतिरक्षा | संख्या | १४४ | १६० | २०० | २३० | २५० |
| कानुनी राय प्रदान | संख्या | ५ | ५ | २० | २५ | ३० |
| कारागार तथा हिरासत अनुगमन | कारागार संख्या | ३ | ३ | १५ | १८ | २२ |
| लिखित जवाफमा स्तरीयता र कानुनी राय | संख्या | ३ | ३ | ३ | ४ | ५ |
| कानुनी शिक्षाबाट लाभान्वित | | १२० | १३० | १३५ | १४० | १५० |

## ८. प्रमुख कार्यक्रम तथा क्रियाकलापगत विवरण

मुख्य न्यायाधिवक्ताको कार्यालयअन्तर्गत सञ्चालन हुने प्रमुख कार्यक्रम तथा क्रियाकलापहरूको विवरण **अनुसूची १** मा प्रस्तुत गरिएको छ।

## ग) प्रदेश पूर्वाधार विकास प्राधिकरण

## १. पृष्ठभूमि

प्रदेशको समृद्धिमा टेवा पुऱ्याउने पूर्वाधार विकास योजनाहरूको तर्जुमा र प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न, ती योजनाहरूलाई समयमै र परिणाममुखी रूपमा सम्पन्न गर्न, साथै सार्वजनिक–निजी साझेदारी र वैदेशिक लगानीलाई पूर्वाधार क्षेत्रमा आकर्षित गरी आधुनिक प्रविधिमा आधारित, उच्च प्रतिफल दिने आयोजना सञ्चालनमार्फत रोजगारी र आयआर्जनका अवसर विस्तार गर्ने उद्देश्यले "प्रदेश पूर्वाधार विकास प्राधिकरण" एक स्वायत्त र सक्षम संस्थाका रूपमा गठन गरिएको हो।

प्रदेशको समग्र समृद्धिमा योगदान पुऱ्याउने पूर्वाधार विकास योजनाहरूको तर्जुमा र प्रभावकारी कार्यान्वयनमार्फत दिगो विकास सुनिश्चित गर्नु यस प्राधिकरणको मुख्य उद्देश्य हो। यसअन्तर्गत योजना छिटो, छरितो र प्रभावकारी रूपमा सम्पन्न गर्न, सार्वजनिक—निजी साझेदारी तथा वैदेशिक लगानीलाई पूर्वाधार क्षेत्रमा परिचालन गर्न र आधुनिक प्रविधियुक्त, उच्च प्रतिफल दिन सक्ने आयोजनाहरूको निर्माण र सञ्चालनबाट रोजगारी तथा आम्दानीका अवसर सिर्जना गर्नु प्राधिकरणको दायित्व हो।

## २. प्रमुख समस्या

सीमित स्रोतका कारण लुम्बिनी प्रदेशका गुरुयोजनाअनुसार भौतिक पूर्वाधारका कार्यहरू अगाडि बढ्न नसक्नु प्रमुख समस्याका रूपमा रहेको छ। प्रदेश पूर्वाधार विकास प्राधिकरणले कार्यविधिहरू निर्माण गरी कार्य प्राथमिकता निर्धारणमा केही स्पष्टता हासिल गरे पनि यसको प्रभावकारी कार्यान्वयनमा उल्लेखनीय समस्याहरू देखिएका छन्।

## ३. अवसर तथा चुनौती

प्राधिकरणको स्थापना र सञ्चालनसम्बन्धी कानुन निर्माण भई यसको कार्यक्षेत्र निर्धारण हुनु एक महत्त्वपूर्ण अवसरका रूपमा रहेको छ। लुम्बिनी प्रदेशको राजधानी गुरुयोजना अध्ययन सम्पन्न भई भौतिक पूर्वाधारको सम्भावना रहेको छ। यस प्रदेशभित्र निजी साझेदारी, सार्वजनिक—निजी लगानीमार्फत आर्थिक र पर्यटन क्षेत्रको सम्भावना बोकेको भौतिक पूर्वाधार तथा ठूला परियोजनाहरूको सम्भावना हुनु पनि एक महत्त्वपूर्ण अवसरका रूपमा रहेको छ। धार्मिक तथा सांस्कृतिक पर्यटन प्रवर्द्धन, कृषिको

आधुनिकीकरण, औद्योगिक पूर्वाधारको विकास र लगानीमैत्री वातावरणको निर्माणमार्फत रोजगारी र आर्थिक वृद्धि हासिल गर्ने अवसर रहेको छ।

प्रदेश पूर्वाधार विकास प्राधिकरणले लुम्बिनी प्रदेशको दिगो र समावेशी विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने उद्देश्य राखे पनि यसले केही प्रमुख चुनौतीहरूको सामना गरिरहेको छ। गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलजस्ता ठूला पूर्वाधार आयोजनाहरू अपेक्षित रूपमा सञ्चालनमा आउन नसक्दा लगानीको प्रभावकारिता कमजोर देखिएको छ। अपर्याप्त बजेट विनियोजन, नीतिको निरन्तरता नहुनु, दक्ष प्राविधिक जनशक्तिको कमी तथा सार्वजनिक—निजी साझेदारी (PPP) सम्बन्धी अस्पष्ट कार्यविधिले पूर्वाधार विकासमा चुनौती थपिएका छन्।

**४. दीर्घकालीन सोचः** पूर्वाधार विकास: प्रदेश र जनताको समृद्धि

**५. लक्ष्यः** प्रदेशको विकासमा महत्त्वपूर्ण योगदान गर्न सक्ने पूर्वाधार विकास

**६. उद्देश्यः**

१. प्रदेशको समग्र विकासमा योगदान पुऱ्याउन पूर्वाधार विकाससम्बन्धी योजनाहरूको तर्जुमा र कार्यान्वयन गर्नु,
२. योजना निर्माण, कार्यान्वयन तथा अनुगमन प्रक्रियालाई छिटो, छरितो र प्रभावकारी बनाउनु,
३. सार्वजनिक—निजी साझेदारी तथा वैदेशिक लगानीलाई पूर्वाधार विकासमा परिचालन गर्नु,
४. आधुनिक प्रविधि र उच्च प्रतिफलयुक्त आयोजना निर्माण तथा सञ्चालनमार्फत रोजगारी र आयआर्जनका अवसर सिर्जना गर्नु,
५. प्रदेश र जनताको समृद्धिमा अभिवृद्धि पुऱ्याउनु ।

**७. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य**

| सूचक | एकाइ | आ.व. २०८०/८१ को यथार्थ | आ.व. २०८०/८१ | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| प्रदेश राजधानी भवन निर्माण | संख्या | ० | ० | ९ | १० | १० |
| भवन संहिता लागू भएका स्थानीय तह | संख्या | ४० | ४५ | ५० | ६० | ७५ |

## ८. प्रमुख कार्यक्रम तथा क्रियाकलापगत विवरण

प्रदेश पूर्वाधार विकास प्राधिकरणअन्तर्गत सञ्चालन हुने प्रमुख कार्यक्रम तथा क्रियाकलापहरूको विवरण **अनुसूची १** मा प्रस्तुत गरिएको छ।

## ९. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सो सम्बद्ध निकायहरूको त्रिवर्षीय खर्च तथा स्रोत अनुमान

| | बजेट अनुमान (रु. करोडमा) | | | | स्रोत (रु. करोडमा) | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आ.व. | चालु | पुंजीगत | वित्तीय व्यवस्था | कुल | प्रदेश सरकार | नेपाल सरकार-समानीकरण अनुदान | नेपाल सरकार - ससर्त अनुदान | नेपाल सरकार — समपूरक अनुदान | नेपाल सरकार-विशेष अनुदान | आन्तरिक ऋण | वैदेशिक विकास साझेदारको सहयोग / ऋण | कुल |
| २०८०/८१ को यथार्थ | २५.३९ | ०.५५ | - | २५.९४ | २५.९४ | - | - | - | - | - | - | २५.९४ |
| २०८१/८२ को संशोधित अनुमान | ३४.५३ | ५.२७ | - | ३९.८० | ३९.८० | - | - | - | - | - | - | ३९.८० |
| २०८२/८३ | ४७.२१ | २.९७ | - | ५०.१८ | ५०.१८ | - | - | - | - | - | - | ५०.१८ |
| २०८३/८४ | ५२.५३ | ४६०.१२ | - | ५१२.६५ | ५१२.६५ | - | - | - | - | - | - | ५१२.६५ |
| २०८४/८५ | ६३.२३ | ७६६.८१ | - | ८३०.०३ | ८३०.०३ | - | - | - | - | - | - | ८३०.०३ |

**द्रष्टव्यः** आ.व. २०८३/८४ र २०८४/८५ मा प्रवेश पूर्वाधार विकास प्राधिकरणअन्तर्गत परिचालन गरिने आन्तरिक तथा बाह्य ऋण लेखामान नियमअनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयअन्तर्गत राखिएको ।

## १०. सम्भावित जोखिम पक्ष

मुख्यमन्त्री तथा अन्य निकायहरूबीच आवश्यक सहयोग र समन्वय नभएमा मध्यमकालीन लक्ष्य प्राप्तिको जोखिम रहन्छ।

## ९.४ प्रदेश योजना आयोग

### ९.५.१ पृष्ठभूमि

प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०८० अनुसार आयोगको मूल उद्देश्य दीर्घकालीन सोचमा आधारित नीति निर्माण, तथ्यमा आधारित योजना तर्जुमा र त्यसको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नु हो। आयोगले प्रदेशको समग्र समृद्धिका लागि रणनीतिक दृष्टिकोणसहित दीर्घकालीन नीति, योजना र मार्गचित्र तयार गर्ने, लाभ-लागत विश्लेषणका आधारमा आयोजना बैंक निर्माण गर्ने तथा विविध क्षेत्रगत नीतिहरूको तयारी र समन्वयमा कार्य गर्ने जिम्मेवारी पाएको छ। अर्थतन्त्र, पूर्वाधार, वातावरण, सुशासनलगायतका क्षेत्रमा अध्ययन तथा अनुसन्धानमा आधारित नीति सिफारिस गर्ने कार्य गर्दै आएको छ। नीति तथा योजना कार्यान्वयनलाई प्रभावकारी बनाउन आयोगले अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास, सुधार सिफारिस, मापदण्ड निर्माण तथा विषयगत संघसंस्थाहरूसँग समन्वय तथा अनुभव आदानप्रदानको संयन्त्र स्थापना गर्ने कार्य गर्दै आएको छ।

लुम्बिनी प्रदेश सरकारले अगाडि सारेको “समृद्ध प्रदेश, सुखी जनता” भन्ने दीर्घकालीन सोचलाई मूर्तरूप दिन दोस्रो आवधिक योजना हाल कार्यान्वयनमा रहेको छ। यस योजनाको सफल कार्यान्वयनमा आयोगले नीति, कार्यक्रम र प्राथमिकता निर्धारणमार्फत सघन भूमिका निर्वाह गर्दै आएको छ। दीर्घकालीन विकास अवधारणाअनुसार उद्देश्य र लक्ष्य तय गर्दै नीति, रणनीति र योजनाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न आयोग सक्रिय रूपमा कार्यरत छ। प्राप्त तथ्य र विश्लेषणका आधारमा प्रदेश सरकारलाई नीतिगत सल्लाह, सुझाव र सहयोग प्रदान गर्दै आयोग एक विज्ञ, प्रभावकारी र सन्दर्भगत संस्था बन्ने दिशामा अघि बढिरहेको छ।

## २ प्रमुख समस्या

जनशक्ति अभाव, आवश्यक प्राविधिक तथा विषयगत विज्ञहरूको अपर्याप्तता, तथ्यांक व्यवस्थापन प्रणालीको सीमितता र अद्यावधिक तथा विश्वसनीय तथ्यांकको अभाव प्रमुख समस्याका रूपमा रहेका छन् । साथै, अनुगमन र मूल्याङ्कन प्रणालीको अपर्याप्तता र संस्थागत संयन्त्रको अभावले कार्यक्रम तथा आयोजनाको प्रभावकारी समीक्षा र परिणाममुखी सुधार गर्न चुनौती उत्पन्न भएको छ।

## ३. अवसर तथा चुनौती

हालै कार्यान्वयनमा ल्याइएको आर्थिक कार्यविधि तथा उत्तरदायित्व ऐन, परियोजना छनोटसम्बन्धी दुई कार्यविधिहरूको प्रमाणीकरण तथा प्रादेशिकस्तरको तथ्यांक संकलनको पूर्वाधार निर्माणसम्बन्धी पहलहरू लुम्बिनी प्रदेश योजना आयोगको नीति निर्माण, योजना तर्जुमा र कार्यान्वयन प्रक्रियामा थप प्रभावकारिता हासिल गर्नका लागि महत्त्वपूर्ण आधारका रूपमा रहेका छन्। यस्ता संरचनागत तथा कानुनी विकासहरू आयोगका कार्यहरूलाई थप संस्थागत बनाउँदै दीर्घकालीन सोचअनुरूपको समृद्ध प्रदेश निर्माणमा योगदान पुऱ्याउने अवसरका रूपमा रहेका छन्।

यद्यपि, यस्ता सकारात्मक प्रगतिहरूका बाबजुद आयोग केही महत्त्वपूर्ण चुनौतीहरूको सामना गरिरहेछ। पर्याप्त तथा दक्ष प्राविधिक जनशक्तिको अभावका कारण योजना तर्जुमा, परियोजना मूल्यांकन तथा तथ्यमा आधारित नीति निर्माणका कार्यहरूमा अपेक्षित प्रभावकारिता हासिल हुन सकेको छैन। त्यसैगरी, तथ्यांक संकलन, व्यवस्थापन तथा विश्लेषण प्रणाली अझै प्रारम्भिक चरणमा रहेकाले योजनाको प्रभावकारी अनुगमन तथा मूल्यांकनमा कठिनाइ देखिन्छ। साथै, प्रदेश र स्थानीय तहका सम्बन्धित निकायहरूबीच समन्वयको अभावले परियोजना छनोट र कार्यान्वयन प्रक्रियामा दोहोरोपना र अस्पष्टता सिर्जना गर्ने अवस्था रहँदै आएको छ।

**४. दीर्घकालीन सोचः** समृद्ध प्रदेश, सुखी जनता

## ५. लक्ष्य

प्रदेशमा उपलब्ध प्राकृतिक सम्पदा र भौगोलिक विविधताको अधिकतम प्रयोग गर्नका लागि आवश्यक अध्ययन, अनुसन्धान र मार्गनिर्देशन गर्ने। प्रदेशको आवश्यकताअनुसार नीति निर्माण गर्ने र कार्यान्वयन गर्ने गराउने।

## ६. उद्देश्य

१. आर्थिक विकासको निमित्त स्रोत र साधनहरूको पहिचान तथा व्यवस्थापन गर्नु।
२. प्रदेश विकासका सम्भाव्य क्षेत्रहरूको अध्ययन अनुसन्धान गर्नु।
३. नीति आयोजना तथा कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन गर्नु।
४. सरकारका विभिन्न तहहरूसँगको समन्वयबाट प्रभावकारी ढंगले कार्यक्रम सञ्चालन हुने वातावरणको सिर्जना गर्नु।

## ७. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| सूचक | एकाइ | आ.व. २०८०/८१ को यथार्थ | आ.व. २०८०/८१ | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| परियोजना बैंक (परियोजनाहरूको पूर्व सम्भाव्यता अध्ययन र प्रविष्टि | संख्या | ० | १० | १२०० | १२०० | १२०० |
| प्रादेशिक महत्त्वका विषयहरूमा अध्ययन (वार्षिक) | संख्या | ३ | ४ | ५ | ५ | ५ |
| प्रदेश गौरवका र बहुवर्षीय आयोजनाहरूको समीक्षा (वार्षिक) | पटक | ० | १ | १ | १ | १ |
| सञ्चालित आयोजना तथा कार्यक्रमहरूको नियमित अनुगमन (वार्षिक) | पटक | २० | ३० | ३० | ३५ | ३५ |
| प्रदेश विकास समस्या समाधान समितिको बैठक (वार्षिक) | पटक | १ | ४ | ४ | ४ | ४ |
| स्थानीयतहको आवधिक योजना निर्माण कार्यान्वयन सम्बन्धी क्षमता विकास। | संख्या | ० | १२ | १२ | १२ | १२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| साझेदार तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा समन्वय । | पटक | १५ | २० | २५ | ३५ | ३५ |
| प्रदेश योजना व्यवस्थापन तथा अनुगमन प्रणाली स्थापना र कार्यान्वयन | संख्या | १ | १ | १ | १ | १ |
| स्थानीय तह/अन्तरतह एवं सरोकारवालासँग अन्तरक्रिया, गोष्ठी, कार्यशाला | संख्या | ७ | १० | १२ | १२ | १२ |
| नीति संवाद कार्यक्रम | संख्या | १ | ४ | ५ | ६ | ६ |
| दिगो विकासको आन्तरिकीकरण र स्थानीयकरण कार्यशाला | संख्या | १ | १२ | १२ | १२ | १२ |

## ८. प्रमुख कार्यक्रम तथा क्रियाकलापगत विवरण

**प्रदेश योजना आयोग**अन्तर्गत सञ्चालन हुने प्रमुख कार्यक्रम तथा क्रियाकलापहरूको विवरण **अनुसूची १** मा प्रस्तुत गरिएको छ।

## १०. प्रदेश योजना आयोगको त्रिवर्षीय खर्च तथा स्रोत अनुमान

| | बजेट अनुमान (रु. करोडमा) | | | | (रु. करोडमा) | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आ.व. | चालु | पुंजीगत | वित्तीय व्यवस्था | कुल | प्रदेश सरकार | नेपाल सरकार- समानीकरण अनुदान | नेपाल सरकार - ससर्त अनुदान | नेपाल सरकार — समपूरक अनुदान | नेपाल सरकार- विशेष अनुदान | आन्तरिक ऋण | वैदेशिक विकास/ साझेदारको सहयोग | कुल |
| २०८०/८१ यथार्थ | १.५१ | ०.५६ | - | २.०७ | २.०७ | - | - | - | - | - | - | २.०७ |
| २०८१/८२ संशोधित अनुमान | १.७८ | ०.०९ | - | १.८७ | १.८७ | - | - | - | - | - | - | १.८७ |
| २०८२/८३ | २.६५ | ०.४० | - | ३.०५ | ३.०५ | - | - | - | - | - | - | ३.०५ |
| २०८३/८४ | २.९५ | ०.४२ | - | ३.३७ | ३.३७ | - | - | - | - | - | - | ३.३७ |
| २०८४/८५ | ३.५५ | ०.५१ | - | ४.०६ | ४.०६ | - | - | - | - | - | - | ४.०६ |

## १०. जोखिम पक्ष तथा अनुमान

प्रदेशभित्रका सम्बन्धित सम्पूर्ण सरकारी निकायसँगको सौहार्दपूर्ण सक्रिय सहकार्य र समन्वय, कार्यालयमा आवश्यक जनशक्तिको आपूर्ति तथा क्षमता विकास र समयमा नै विषयगत जनशक्तिको प्रबन्ध गरी अनुसन्धनात्मक अध्ययन सुचारु हुने अनुमान गरिएको छ। अन्यथा लक्ष्य हासिल गर्न जोखिम रहनेछ।

# अनुसूची १ः विषयगत तथा निकायगत प्रमुख कार्यक्रम तथा क्रियाकलापगत विवरण

| संस्था केड | संस्था | ब.उ.शि.न. | कार्यक्रम | प्रमुख वार्षिक क्रियाकलापहरू | प्रमुख प्रतिफलहरू |
|---|---|---|---|---|---|
| 202 | प्रदेशसभा | 20200011, 20200012 | प्रदेशसभा, प्रदेशसभा सचिवालय | • प्रदेशसभासँग स्थानीय सभाको कानुन निर्माणसम्बन्धी सहकार्य कार्यक्रम<br>• विद्यार्थीसँग प्रदेशसभा पहुँच कार्यक्रम<br>• शैक्षिक संस्थामा अभ्यास संसद् कार्यक्रम<br>• प्रदेशसभाको रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन तथा प्रसारण मानननीय महिला सदस्यहरूको संसदीय समूहका लागि सशक्तीकरण कार्यक्रम<br>• प्रदेशसभा स्थापना दिवस विशेष कार्यक्रम<br>• प्रदेश र स्थानीय तहले निर्माण गरेका कानुनहरूको तुलनात्मक अध्ययन<br>• संसदीय मामिला पत्रकार समाजलाई संसदीय रिपोर्टिङसम्बन्धी अभिमुखीकरण कार्यक्रम<br>• कानुन कार्यान्वयनमा मिडियाको भूमिका अन्तरसंवाद कार्यक्रम | • कानुन निर्माणमा सहकार्य र समन्वय बढ्ने।<br>• जनसहभागिता र पहुँच विस्तार हुने।<br>• महिला सांसद, पत्रकार तथा सरोकारवालाको क्षमता अभिवृद्धि हुने।<br>• संस्थागत विकास र नागरिक विश्वास अभिवृद्धि हुने। |
| 210 | प्रदेश लोक सेवा आयोग | 21000011 | प्रदेश लोक सेवा आयोग | • सेवा र परामर्शका कार्यहरू<br>• मेसिनरी औजार, फर्निचर तथा फिक्चर्स, सवारी साधन खरिद पत्रपत्रिका, छपाइ तथा सूचना प्रकाशनसम्बन्धी क्रियाकलाप पाठ्यक्रम निर्माण एवम् परिमार्जनका कार्यहरू<br>• नियम कानुन तर्जुमा तथा अद्यावधिकसम्बन्धी कार्यहरू प्रदेश तथा स्थानीय तहका कर्मचारीहरूको सक्षमता अभिवृद्धि साथै<br>• आयोगबाट गरिने पदपूर्ति तथा नीति विश्लेषण सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अन्तरक्रियात्मक कार्यक्रम<br>• अनुगमन तथा मूल्याङ्कन कार्यक्रम | • आयोगको नीति सम्बन्धमा विज्ञहरूको सहयोगमा अनुसन्धानका कार्य गर्ने ।<br>• आवश्यक विभिन्न सेवा समूहका पाठ्यक्रमहरू निर्माण गरी सकिएको हुने । आयोगलाई आवश्यक नियम, मापदण्ड तथा निर्देशिका तयार भएको हुने ।<br>• प्रदेश तथा स्थानीय तहका कर्मचारीको सक्षमता अभिवृद्धि हुनुका साथै आयोगबाट गरिने पदपूर्तिका काममा प्रभावकारिता हुने एवम् आगामी दिनमा आयोगले निर्माण गर्ने नीति निर्माणका काममा प्रभावकारिता कायम भएको हुने । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | • पदपूर्ति तथा जनशक्ति व्यवस्थापको कार्यमा थप प्रभावकारिता भएको हुने । |
| 30<br>1 | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | 30100011 | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | • सेवाग्राही सन्तुष्टि सर्वेक्षण<br>• भ्रष्टाचारसम्बन्धी जनचेतना अभिवृद्धि<br>• हेलो मुख्यमन्त्री कार्यक्रम<br>• भ्रष्टाचार न्यूनीकरणका लागि निरोधात्मक र प्रवर्द्धनात्मक उपायसहितको पाँच वर्षे रणनीति तयार भई कार्यान्वयन<br>• प्रदेश नतिजा सूचक<br>• प्रदेशस्तरका निकायहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण<br>• नेतृत्व मूल्याङ्कन प्रणालीको विकास<br>• पूर्वीय दर्शन, योग तथा ध्यानमार्फत राष्ट्रसेवक कर्मचारीमा आत्मानुशासन र सकारात्मक सोचको विकास गर्ने<br>• सूचकमा आधारित कार्य सम्पादन सम्झौता लागू गरिनेछ।<br>• सेवा निवृत्त पूर्वकर्मचारी वा विषय विज्ञको ज्ञान, सीप र अनुभवको सदुपयोग गर्न रणनीति तयार<br>• गुनासो व्यवस्थापन<br>• प्रदेश सरकारबाट सञ्चालित आयोजना तथा कार्यक्रमको प्रभाव मूल्याङ्कन<br>• व्यवस्थापन परीक्षण<br>• तेस्रो पक्षबाट हुने अनुगमनलाई जोड<br>• प्रदेश सेवाका कर्मचारीहरूको अभिलेख व्यवस्थापन<br>• कर्मचारीको वैयक्तित विवरण (सिटरोल) र सम्पत्ति विवरणको अभिलेख व्यवस्थापन<br>• प्रदेश समन्वय परिषद्को बैठक<br>• प्रदेश र स्थानीय तहबीच अन्तरक्रिया<br>• सेवाकालीनलगायत अन्य तालिमहरू कार्यालय र प्रदेश सुशासन केन्द्रमार्फत सञ्चालन<br>• गाउँसभा/नगरसभा सञ्चालन/ कानुन निर्माण न्यायिक समितिको क्षमता विकास<br>• स्थानीय तह, न्यायिक समिति र कानुन निर्माण प्रक्रिया सहयोग कार्यक्रम<br>• कर्मचारी अध्ययन छात्रवृत्ति | • सदाचारिता अभिवृद्धि भएको हुने । भ्रष्टाचारमा न्यूनीकरण भएको हुने ।<br>• नागरिकका गुनासोहरू सम्बोधन भएको हुने ।सेवा प्रवाहमा सुधार भएको हुने<br>• कार्यक्रम कार्यान्वयन चरणमा आइपर्ने समस्या समाधान भएको हुने ।<br>• सफ्टवेयर जडान भई कार्यसम्पादनमा सहजता आएको हुने ।<br>• तहगत समस्याहरूको समाधान भई कार्य वातावरण सहज हुने ।<br>• कर्मचारी तथा पदाधिकारीहरूको क्षमता अभिवृद्धि भई सेवा प्रवाहमा शीघ्रता र गुणस्तरीयता अभिवृद्धि हुने ।<br>• प्रदेश कानुनहरूको तर्जुमा भई कार्यक्रमहरू सञ्चालन गर्न सहज हुने ।<br>• मानव अधिकार प्रवर्द्धन भएको हुने । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | • मुख्यमन्त्री सञ्चार सबलीकरण कार्यक्रम<br>• कानुन मस्यौदा, मस्यौदामा अन्तरक्रिया, छलफल, मस्यौदा परिमार्जन,<br>• प्रदेश सरकारका ऐन, नियम संग्रह अद्यावधिक गरी प्रकाशन<br>मानव अधिकार संरक्षण र सांवर्द्धनसम्बन्धी कार्यक्रम | |
| 301 | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | 30101011 | मुख्य न्यायाधिवक्ताको कार्यालय | • स्थानीय तहका जनप्रतिनिधि एवं न्यायिक समितिका पदाधिकारीको क्षमता अभिवृद्धि कार्यक्रम<br>• कानून निर्माण तथा अन्तरनिकाय समन्वय कार्यक्रम<br>• अन्तरप्रदेश बैठक मुख्य न्यायाधिवक्ताहरूको राष्ट्रिय सम्मेलन/महान्याधिवक्ता कार्यालयसँगको सम्मेलन/सरकारी वकिलहरूको सम्मेलन<br>• लुम्बिनी प्रदेशमा रहेका हिरासत तथा कारागार व्यवस्थापनको अवस्था र कैदीहरूको मानव अधिकार संरक्षणको सम्बन्धमा अनुगमन निरीक्षण<br>• मुख्य न्यायाधिवक्ताको सहजताका लागि प्रदेशअन्तर्गतका विभाग/कार्यालयहरूको कानुनी क्षमता अभिवृद्धि कार्यक्रम<br>• प्रदेश प्यारोल तथा प्रोबेसन समिति गठन तथा सञ्चालन<br>• लिखित जवाफ र कानुनी रायको स्तरीयता अभिवृद्धिको लागि आवश्यक कार्यक्रम<br>• कानुनी शिक्षा तथा सचेतना कार्यक्रम | • स्थानीय तह, विभाग र पदाधिकारीहरूको कानुनी क्षमता अभिवृद्धि हुने।<br>• अन्तरनिकाय समन्वय र न्यायिक सहकार्य सुदृढ हुने।<br>• कारागार व्यवस्थापन र कैदी मानव अधिकार संरक्षणमा सुधार हुने।<br>• कानुनी शिक्षा, सचेतना र रायको गुणस्तर वृद्धि हुने। |
| 301 | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | 30125011 | प्रदेश पूर्वाधार विकास प्राधिकरण | • कर्मचारी क्षमता विकास तथा तालिम सञ्चालन खर्च<br>• संस्थाको प्रवर्द्धनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लगानी सम्मेलनहरूमा संस्थाको तर्फबाट प्रस्तावहरू तयार गर्ने, प्रस्तुति गर्ने र संस्थागत सहभागिता<br>• सुन्दर बस्ती जग्गा एकीकरण आयोजना | • कर्मचारीहरूको क्षमता विकास र कार्य दक्षता वृद्धि हुने।<br>• राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा संस्थाको पहिचान र विश्वास बढ्ने।<br>• लगानी आकर्षणमा सहयोग पुग्ने।<br>• जग्गा एकीकरणमार्फत सुन्दर र योजनाबद्ध बस्ती निर्माण हुने। |

| | | | | | |
|---|---|---|---|---|---|
| 305 | आर्थिक मामिला तथा योजना मन्त्रालय | 30500011 | आर्थिक मामिला तथा योजना मन्त्रालय | • लगानीमैत्री वातावरणका लागि कानुनको तर्जुमा<br>• प्रदेशका अनुभव आदानप्रदान गरी राम्रा अभ्यासहरूको अनुकरण<br>• प्रदेश स्तरका कर स्रोतहरूको अध्ययन अनुसन्धान<br>• लुम्बिनी प्रदेश बैंक स्थापना<br>• प्रदेश सरकारको बजेट कार्यान्वयन गर्ने विभिन्न निकायहरूसँग बजेट तर्जुमा र कार्यान्वयन सम्बन्धमा अन्तरक्रिया सञ्चालन<br>• कर्मचारी क्षमता विकासका लागि तालिम तथा कार्यशाला गोष्ठि पालिकाहरूलाई प्रदान गरिएको आयोजना/अनुदानको प्रभावकारी कार्यान्वयन तथा राजश्व संकलनमा देखिएका समस्या तथा चुनौतीहरू समाधान गर्न अनुगमन<br>• वजेट, राजश्व र अनुदान सम्बन्धी अन्तरक्रिया कार्यक्रम (स्थानीय तहहरूसँगको) सञ्चालन<br>• बजेट तर्जुमा/MTEF तर्जुमा /PLMBIS तालिम | • लगानीमैत्री वातावरण तयार भई लगानी आवश्यकता र पुँजीको उपलब्धता बीचको फरक कम भएको हुने ।लगानीमैत्री कानुन निर्माण भएको हुने।<br>अनुभव आदान-प्रदानद्वारा संघीयताको सफल कार्यान्वयनमा सहयोगी हुने।<br>• प्रदेश सरकारको अधिकारभित्र रहेको कर राजश्वसम्बन्धी विस्तृत विवरण आएको हुने।<br>• यथार्थ वजेट निर्माण र निर्मित वजेटको सफल कार्यान्वयन गरिएको हुने ।<br>कर्मचारीको क्षमता अभिवृद्धि भई कार्यसम्पादनमा प्रभावकारिता आएको हुने । |
| 305 | आर्थिक मामिला तथा योजना मन्त्रालय | 30501011 | प्रदेश लेखा नियन्त्रणक कार्यालय | • आर्थिक प्रशासन शाखा प्रमुखहरूसँग अन्तरक्रिया कार्यक्रम सञ्चालन<br>• अन्तरप्रदेश अध्ययन अवलोकन भ्रमण<br>• अन्तरप्रदेशको अनुभव आदानप्रदान गरी राम्रा प्रयासहरूलाई अनुकरण<br>• कर्मचारी क्षमता विकासका लागि तालिम तथा कार्यशाला गोष्ठी | • आर्थिक सुशासन, वित्तीय साक्षरता वृद्धि भएको हुने ।<br>• अनुभव आदान-प्रदान र सफल अभ्यासको अनुकरण भएको हुने ।<br>• कर्मचारीको क्षमता अभिवृद्धि भई कार्यसम्पादनमा प्रभावकारिता आएको हुने । |
| 307 | उद्योग पर्यटन तथा यातायात मन्त्रालय | 30700011 | उद्योग पर्यटन तथा यातायात मन्त्रालय | • यातायात क्षेत्रमा सूचना प्रविधिबिनाको कार्यक्रम | • यातायात क्षेत्रमा सूचना प्रविधिको उपयोग बढ्ने।<br>• श्रमदानमार्फत पूर्वाधार र सेवामा सुधार हुने।<br>• सहभागीहरूमा सहकार्य र जिम्मेवारीको भावना बढ्ने।<br>• सामाजिक जागरण र सचेतना स्तर उकासिने। |

| | | | | | |
|---|---|---|---|---|---|
| 30<br>7 | उद्योग पर्यटन तथा यातायात मन्त्रालय | 30700013 | भाषा संस्कृति तथा पर्यटन प्रवर्द्धन कार्यक्रम | • मन्दिर, मस्जिद, गुफा र अन्य धार्मिक स्थलहरूको निर्माण, मर्मत सम्भार र स्तरोन्नति<br>• ऐतिहासिक मठ, प्राचीन संरचना, सांस्कृतिक स्थलहरू र संग्रहालयहरूको संरक्षण र सुधार<br>• बाल उद्यान, पार्क, वाटिका, पर्यटन मार्ग, पार्किङ स्थल र अन्य पूर्वाधार निर्माण<br>• सामुदायिक वन, पोखरी, सार्वजनिक क्षेत्र र मनोरञ्जन स्थलहरूको विकास र सौन्दर्यीकरण<br>• स्थानीय तह, समुदाय र राष्ट्रिय—अन्तर्राष्ट्रिय लगानी सम्मेलनमार्फत कार्यक्रम सञ्चालन र सहभागिता सुनिश्चित गर्नु | • धार्मिक, सांस्कृतिक र ऐतिहासिक स्थलहरूको संरचना र पूर्वाधार सुधार हुने<br>पर्यटन पूर्वाधार विकास र आकर्षण वृद्धि हुने<br>• समुदाय र सार्वजनिक स्थलहरूको उपयोगिता र सौन्दर्यीकरण सुधारिने<br>• स्थानिय तह र समुदायबीच समन्वय र सहभागिता सुदृढ हुने |
| 30<br>7 | उद्योग पर्यटन तथा यातायात मन्त्रालय | 30700016 | वाणिज्य तथा आपूर्ति प्रवर्द्धन कार्यक्रम | • खाद्य वस्तुको गुणस्तर मापन प्रयोगशाला सञ्चालन<br>• खाद्य वस्तुको आपूर्ति व्यवस्थापन<br>• उपभोक्ता जागरण तथा जनचेतनामूलक कार्यक्रम र अन्य<br>• बजार अनुगमन तथा व्यवस्थापन | • प्रदेशस्तरको खाद्यवस्तु गुणस्तर मापन प्रयोगशालामा आधारभूत उपकरणहरू जडान भई सेवा सञ्चालन सुरु भएको हुने ।<br>• प्रदेशस्तरमा आपूर्ति संयन्त्रको सञ्चालन र संस्थागत मजबुद भई न्यूनतम आवश्यकताका वस्तु र सेवाको आपूर्तिमा प्रभावकारिता आएको हुने ।<br>• उपभोक्ता जागरणका लागि विद्यालय तथा समुदायमा जनचेतना अभिवृद्धि भएको हुने ।<br>• प्रदेशका रेडियो तथा स्थानीय टेलिभिजन एवम् बुलेटिन, ब्रोसर, पम्प्लेलेट मार्फत प्रदेशका आधाभन्दा बढी जनसंख्यामा उद्योग तथा वाणिज्यसम्बन्धी जनचेतना अभिवृद्धि भएको हुने ।<br>• प्रदेशका सबै जिल्लामा वजार अनुगमन भई खाद्य तथा आधारभूत आवश्यकताका वस्तुहरूको गुणस्तरमा सुधार र बजार मूल्य नियन्त्रण भएको हुने। |

| | | | | | |
|---|---|---|---|---|---|
| 30 7 | उद्योग पर्यटन तथा यातायात मन्त्रालय | 30700017 | औद्योगिक प्रवर्द्धन कार्यक्रम | • औद्योगिक ग्राम पूर्वाधार निर्माणमा सहयोग<br>• सीप विकास तथा प्रविधि हस्तान्तरण कार्यक्रम<br>• प्रदेश चिनारी विशेष उत्पादन उद्यमलाई सहयोग<br>• लघु तथा घरेलु उत्पादनलाई व्यवस्थापन/प्रवर्द्धन | • नेपाल सरकारबाट घोषणा भएका प्रदेशका १० वटा औद्योगिक ग्राममा पूर्वाधार निर्माणको लागि पालिकालाई सहयोग भई निर्माण प्रक्रिया अगाडि बढेको हुने ।<br>• प्रदेशका सबै जिल्लामा १० किसिमका परम्परागत, प्राचिन तथा आधुनिक सीप र प्रविधिको विषयमा उद्यमीलाई तालिम सञ्चालन र आवश्यक मेसिन औजार सहयोग भई उद्योग र उद्यम विकासमार्फत उत्पादन र रोजगारीमा वृद्धि भएको हुने ।<br>• प्रदेशको पहिचान झल्काउने अल्लो, कफी, ढाका, करुवा, खुकुरी, ऊनी कम्बल, गलैंचा, बेतबाँसलगायतका १ जिल्ला १ उद्योग प्याकेज कार्यक्रममा सहयोग भई उत्पादन र रोजगारीमा वृद्धि भएको हुने ।<br>• प्रदेशका सबै जिल्लामा कोसेली घर सञ्चालन भई स्थानीय उत्पादनको बजारीकरणबाट उद्यमीको आम्दानीमा वृद्धि भएको हुने ।<br>• अन्तर्राष्ट्रिय विमानस्थल भैरहवा, पर्यटकिय स्थल लुम्बिनी र नेपालगन्जविमानस्थलमा कोसेली घर सञ्चालन गरी प्रदेशको चिनारी राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा भएको हुने। |
| 30 7 | उद्योग पर्यटन तथा यातायात मन्त्रालय | 30700022 | श्रम तथा रोजगार व्यवस्थापन कार्यक्रम | • वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकको क्षमता अभिवृद्धि र सीप परीक्षण।<br>• खाना, पर्यटन र व्यावसायिक तालिम<br>• हस्तकलाका उत्पादन र घरेलु उद्योग तालिम (फर्निचर, वस्त्र, गलैचा, मौरीघर, अचार)।<br>• निर्माण, मर्मत र प्राविधिक तालिम<br>• श्रम र रोजगार नीति, स्थानीय रोजगार संयोजक र आप्रवासी श्रमिक सञ्जालको क्षमता विकास। | • श्रमिकहरूको सीप र क्षमता अभिवृद्धि भएर रोजगारी योग्यताको सुधार।<br>• स्थानीय उद्योग, हस्तकला र व्यावसायिक तालिमबाट आय र उद्यमशीलता बढ्ने।<br>• आप्रवासी श्रमिक र स्थानीय रोजगार संयोजकहरूको दक्षता र सचेतना बढ्ने।<br>• रोजगार नीति र कार्यक्रमहरू कार्यान्वयनमा प्रभावकारिता र स्थायित्व सुधारिने। |

| | | | | | |
|---|---|---|---|---|---|
| 30<br>7 | उद्योग पर्यटन तथा यातायात मन्त्रालय | 30700023 | यातायात व्यवस्थापन तथा सुदृढीकरण कार्यक्रम | • यातायात सम्बन्धी कानूनको कार्यान्वयन।<br>• सार्वजनिक यातायातमा QR/कार्ड प्रणाली पाइलटिङ।<br>• सवारी चालक र विद्यार्थी सचेतना तथा दुर्घटना न्यूनीकरण कार्यक्रम।<br>• जोखिम क्षेत्रमा संकेत र सूचना पाटी स्थापना। | • यातायात नियमको प्रभावकारी कार्यान्वयन सडकमा नियम पालना बढ्नु र दुर्घटना घट्नु<br>• सार्वजनिक यातायातको आधुनिक र पारदर्शी सञ्चालन QR/कार्ड प्रणालीबाट सेवा सरल र ट्र्याक योग्य बनाउनु<br>• सवारी चालक र विद्यार्थीको ट्राफिक सचेतना वृद्धि सुरक्षा चेतना बढेर दुर्घटना जोखिम घट्नु<br>• जोखिम व्यवस्थापन र प्रशासन सुधार जोखिम क्षेत्रमा संकेत/सूचना पाटी र कर्मचारी दक्षता/डिजिटल अभिलेखीकरणबाट व्यवस्थित व्यवस्थापन |
| 30<br>7 | उद्योग पर्यटन तथा यातायात मन्त्रालय | 30701012 | घरेलु तथा साना उद्योग कार्यालयहरू | • उचटावा जितपुर बस्ती विकास कार्यक्रम<br>• आवास व्यवस्था तथा बस्ती विकास कार्यक्रमअन्तर्गत सम्भाव्य आयोजनाहरूको मन्त्रालयबाट स्वीकृति लिएर कार्य गर्ने<br>• लुम्बिनी सांस्कृतिक नपा–६ पारसकम्प बस्ती विकास<br>• बर्दघाट नपा–१६ सूर्यनगर रंगशालाको पूर्वाधार विकास्रबंगला चौतारा आफ्रा धुर्कोट टोल बस्ती विकास, मालिका–७ गुल्मी<br>• पहेलपार, हरिपौरी गणारी बस्ती विकास, तुलसीपुर–१५ दाङ | • सुरक्षित र व्यवस्थित बस्ती विकासको प्रवर्द्धन<br>• आवास सुविधामा पहुँचको वृद्धि<br>• स्थानीय पूर्वाधार र जीवनस्तरमा सुधार |
| 30<br>7 | उद्योग पर्यटन तथा यातायात मन्त्रालय | 30405011 | यातायात व्यवस्था कार्यालयहरू | • पार्किङ भवन निर्माण<br>• कार्यालय परिसरमा ट्रस निर्माण<br>• ट्रायल सेन्टर निर्माण | • यातायात व्यवस्थापनका लागि आधारभूत पूर्वाधार उपलब्ध हुनु<br>• कार्यालय र प्रयोगकर्ताका लागि सुविधा र पहुँच सुधार हुनु<br>• चालक प्रशिक्षण र परीक्षण प्रणाली प्रभावकारी हुनु<br>• कार्यालय सञ्चालन क्षमता र सुरक्षा सुनिश्चित हुनु |
| 30<br>7 | उद्योग पर्यटन तथा यातायात मन्त्रालय | 30741011 | पर्यटन विकास परिषद् | • पर्यटन पूर्वाधार निर्माण, पर्यटन सम्भावित क्षेत्रको अध्ययन तथा अनुसन्धान, प्रचार प्रसार, पर्यटन सेवा प्रवाह<br>• सांस्कृतिक ग्रामको सम्भाव्यता र विस्तृत अध्ययन<br>• र्‍याफ्टिङको सम्भाव्यता र विस्तृत अध्ययन | • पर्यटन क्षेत्रको समष्टिगत विकास र सबलीकरण भएको हुने<br>• सांस्कृतिक ग्रामको सम्भाव्यता र विस्तृत अध्ययन सम्पन्न भएको हुने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | • राफ्टिंगको सम्भाव्यता र विस्तृत अध्ययन सम्पन्न भएको हुने |
| 307 | उद्योग पर्यटन तथा यातायात मन्त्रालय | 30791128 | रोजगार प्रवर्द्धन कार्यक्रम (ससर्त अनुदान)) | • प्रदेश तहमा रोजगार सेवा केन्द्रका कर्मचारीहरूलाई सुरक्षित वैदेशिक रोजगारीसम्बन्धी तालिम।<br>• वित्तीय साक्षरता सहजकर्ताहरूको क्षमता विकास तालिम कार्यक्रम।<br>• प्रदेश तहमा आप्रवासी कामदार सञ्जालको क्षमता विकास तालिम कार्यक्रम।<br>• सामी कार्यक्रमअन्तर्गतका प्रदेश कार्यक्रम संयोजकको लागि मस्यन्द, सञ्चार, प्रिन्टिङ, स्टेसनरी र नियुक्ति प्रक्रिया खर्च आदि। | • रोजगार सेवा केन्द्रका कर्मचारीहरूको सुरक्षित वैदेशिक रोजगारीसम्बन्धी ज्ञान बढ्ने<br>• वित्तीय साक्षरता सहजकर्ताहरूको क्षमता बढ्ने<br>• आप्रवासी कामदार सञ्जालको सञ्चालन र समन्वय क्षमता बढ्ने<br>• प्रदेश कार्यक्रम संयोजकहरूको प्रशासनिक र व्यवस्थापन दक्षता बढ्ने |
| 308 | ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय | 30800012 | जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालयहरू | • इन्जिनियरिङ अध्ययन, सर्वेक्षण, र ट्युबवेल/बोरिङ अन्वेषण।<br>• कर्मचारी क्षमता अभिवृद्धि र तालिम (GIS, MIS, नेतृत्व, उद्यमशीलता)।<br>• योजना व्यवस्थापन, गुणस्तर नियमन, र सार्वजनिकीकरण।<br>• सिंचाइ पूर्वाधार निर्माण, मर्मत, लिफ्ट सिंचाइ आयोजना, नदी नियन्त्रण र तटबन्धन। | • सिंचाइ प्रणालीको क्षमता र दक्षता बढ्ने।<br>• कर्मचारी र स्थानीय समुदायको सीप र क्षमता बढ्ने।<br>• योजना कार्यान्वयन र गुणस्तर सुधारिने। प्राकृतिक प्रकोपबाट हुने क्षति कम हुने र पानी व्यवस्थापन सुदृढ हुने। |

| | | | | | |
|---|---|---|---|---|---|
